# प्रभा


## संरक्षक

प्राचार्य

उपप्राध्यापक काशीनाथ पौडेल

## प्रधान सम्पादक

डा रमेश घिमिरे

सहप्राध्यापक

## सम्पादक

सहप्राध्यापक टेकनाथ घिमिरे

उपप्राध्यापक जङ्गबहादुर भट्टराई

उपप्रशासक सुरजकुमार लामा

हेड असिस्टेन्ट भेषबहादुर निरौला



## प्रकाशक

पिण्डेश्वर विद्यापीठ, धरान

नाम : प्रभा

विधा : समालोचना

प्रकाशक : पिण्डेश्वर विद्यापीठ

ठेगाना : धरान, सुनसरी

वर्ष : २९

अङ्क : १६

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन वर्ष : २०७८, श्रीपञ्चमी

प्रकाशित प्रति : ३००

मुद्रण : उज्ज्वल प्रिन्टर्स, धारन - ७

(यस पत्रिकामा प्रकाशित लेखरचनाहरू लेखकरचनाकारका मौलिक हुन् । यससम्बन्धी जबाफदेही निजहरूमै रहेको छ ।)

नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
बेलझुण्डी, दाङ
Beljhundi, Dang

उपकुलपतिको कार्यालय
Office of the Vice-Chancellor

Reference No.
पत्रसङ्ख्या : (फा.नं. )
चलानी नम्बर :

मिति/Date : २०७८।०४।११

विषय (Subject) :- **शुभकामना**

नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत प्रदेश नं. १ स्थित पिण्डेश्वर विद्यापीठले आफ्नो स्थापना कालदेखि आज सम्म गरेको शैक्षिक योगदान ज्यादै महत्वपूर्ण रहेको छ ।यस विद्यापीठको उत्पादनले देशको चौतर्फी विकासमा टेवा पुऱ्याएको छ । यस विद्यापीठले आफ्नो वार्षिक मुखपत्र **"प्रभा"** नामक १६औं अंक प्रकाशित गर्न लागेको सुन्दा ज्यादै खुशीको अनुभव भएको छ । यस किसिमका साहित्य र प्राज्ञिक गतिविधिले साहित्य प्रेमीका जिज्ञासालाई पूर्णता प्रदान गर्न सफल हुनेछ भन्ने विश्वास लिएको छु । जागरणशील चिन्तनले ओतप्रोत यस पत्रिकाले संस्कृत वाङ्मय र विद्यापीठको गरिमालाई अझ सुदृढ र सबल बनाउने काममा सफलता एवम् निरन्तरता पाओस भन्दै यस महत्त्वपूर्ण काममा संलग्न रहनु भएका सम्पादक, लेखक, साहित्यकारहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रा.डा. यादवप्रकाश लामिछाने
उपकुलपति
नेपाल संस्कृत विश्वविद्यालय
बेलझुण्डी,दाङ

उपकुलपति
नेपाल संस्कृत विश्वविद्यालय

फोनः ०८२-५२०९६४, ०८२-५२०९६५, फ्याक्सः ०८२-५२०९६४, पोस्ट बक्स नं.: ५००३
Tel. No.: 082-520964, 082-520965, Fax 082-520964, P.O. Box.No.: 5003, Website: www.nsu.edu.np

# नेपाल संस्कृत विश्वविद्यालय
## Nepal Sanskrit University

बेलझुण्डी, दाङ
Beljhundi, Dang

शिक्षाध्यक्षको कार्यालय — Office of the Rector

*Reference No.*
पत्र संख्या :- १३९ (फा.नं. )
चलानी नम्बर :- २३६

दिनाङ्क/Date २०७८/०३/२५

*विषय* **(Subject) :-** शुभाशंसा

पिण्डेश्वर विद्यापीठ, धरानबाट निरन्तर प्रकाशनमा आइरहेको प्रभाको १६ औं अङ्क पाठकसमक्ष आउन लागेको सुखद खबरले मलाई उत्साहित बनाएको छ । प्रभा मेरालागि लेखनको स्तरीकरणमा प्रेरणाको जरुवा बनेको छ । प्रभामा ०४८ सालमा कथा र ०५१ सालमा समालोचना छापिएपछि आफूले सृजना र समालोचनाको मूलबाटो फेला पारेको कुरा बिर्सन सक्दिनँ । मलाई मात्र होइन, प्रभाबाट नै हजारौं कलमहरूलाई सृजना र प्राज्ञिक अनुशीलनमा उत्प्रेरणा मिलेको छ ।

धरानको प्राज्ञिक धरातलका जब्बरु आधार बन्न पुगेका अमर नामहरू पं. छविलाल, प्रा.टीकाप्रसाद तथा वर्तमानमा क्रियाशील प्रा.डा.माधवप्रसाद, प्रा.डा.टङ्कप्रसादजस्ता गुरुकलमका विधागत विशिष्टताको प्रथम आरोहणको शिविर पिण्डेश्वर महाविद्यालय नै हो । यस लहरमा कलमी कीर्तिको उज्यालामा हाँसिरहेका डा. नरेन्द्र चापागाईं, पं.नेत्रप्रसाद काफ्ले, उपेन्द्र पागलहरूको औपचारिक शैक्षिक जीवनको प्रेरक शीतल चौतारी पिण्डेश्वर महाविद्यालय नै हो ।

नेपालको पूर्वी क्षितिजबाट शिक्षाको उज्यालो सञ्चरणमा २००८ देखि अविरत लागिरहेको तत्कालीन पिण्डेश्वर महाविद्यालय, हाल पिण्डेश्वर विद्यापीठका रूपमा सत्तरी वसन्तको परिपक्व अवस्थामा विषय र विधागत बहुआयामका साथ क्रियाशील छ । हो, यही शैक्षिक संस्थाका आँगनबाट अक्षरका सारथि भाषा, कला, साहित्य, न्यायजस्ता अनेक क्षेत्रमा स्थापित बनेर प्रा.डा देवी गौतम, प्रा.डा बद्रीविशाल, अन्वेषक स्रष्टा अच्युतरमण, कानुनविद् हरिहर दाहालहुँदै डा.देवी नेपाल र डा.लेखप्रसादजस्ता सशक्त प्रतिभाको निर्माण भएको हो ।

यस विद्यापीठले काठमाडौंमा अग्रजहरूले चलाएको जयतु संस्कृतम् -को जागरण अभियानकै लयमा तत्कालीन विषम राजनैतिकसामाजिक परिवेशसँग भिड्दै संस्कृत छात्र पुस्तकालय स्थापना र नेपाल पत्रिका प्रकाशनका माध्यमले पूर्वी भेगमा संस्कृतको शास्त्रीय ज्ञानको प्रवर्धनसँगै आधुनिक भाषा र विधाका साथमा सामाजिक, साहित्यिक र राजनैतिक सञ्चेतनाको लहर चलाएको इतिहास निकै गर्व लाग्दो छ ।

पं.छविलाल पोखेल र अन्य धेरै शिक्षासेवीका समर्पणभावबाट फुलेको आजको पिण्डेश्वर विद्यापीठ संस्कृत, नेपाली र अङ्ग्रेजी भाषाका माध्यमले प्राज्ञिक अनुशीलनमा दत्तचित्त प्राज्ञहरूको योगदानबाट सर्वत्र आफ्नो सबल पहिचान कायम राख्न सफल बनेको छ । प्रभासँगै पीपल, मर्यादा, प्रज्ञाज्योति, निष्ठा, गवेषणा, प्रगति, लालिगुराँस, नेपालजस्ता प्रकाशनले यस क्षेत्रकै अनुसन्धानमूलक प्राज्ञिक कर्मको प्रभावी जग बन्न पुगेको छ ।

प्रत्येक वर्ष प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूका स्तरीय सृजना तथा समालोचनाका सुन्दर फूल मगमगाउने प्रभा साँच्चै हामी सबैका लागि कलमी कर्मको सुवासी पारिजात बन्दै आएको छ ।

प्रभा आफ्नो १६ औं अवतारमा बहुभाषा र बहुविधाको समष्टि बनेर अझ खँदिला विधागत अनुन्धानमूलक आलेखका साथ विद्यार्थीवर्गका सुन्दर सृजनाकुसुमका महक बोकेर पाठकवर्गसम्म आइपुगेको छ । म यस प्राज्ञिक कर्मका अभियन्ता मित्रहरूलाई हार्दिकताका साथ आभार व्यक्त गर्दछु ।

नेपाल संस्कृत विश्वविद्यालयले प्राज्ञिक अनुशीलनलाई प्रोत्साहन दिँदै आएको छ । हाम्रो बहुभाषिक तथा बहुसांस्कृतिक मुलुकको उन्नयनमा भाषा, कला, साहित्य र संस्कृतिसम्बद्ध क्षेत्रहरूको खोजमूलक कर्मले प्रेरित सद्भावभरि सेवाले नै सफलता मिल्न सक्दछ । अतः यस्ता महत्त्वपूर्ण प्राज्ञिक कर्मको दृष्टान्त बनेको प्रभाको सफलता र निरन्तरताको कामना गर्दछु ।

२५/०३/०७८

(प्रा.डा.भीमप्रसाद खतिवडा)
शिक्षाध्यक्ष
ने.सं.वि.बेलझुण्डी, दाङ ।

शिक्षाध्यक्ष
नेपाल संस्कृत विश्वविद्यालय

फोन नं.: ०८२-४०००३४, फ्याक्स नं.०८२-४०००४ इमेल आईडी nsurectoroffice@gemal.com

# नेपाल संस्कृत विश्वविद्यालय
## Nepal Sanskrit University

बेलझुण्डी, दाङ
Beljhundi, Dang

कुलसचिवको कार्यालय Office of the Registrar


Reference No.
पत्र संख्या :- (फा.नं. )
चलानी नम्बर :- 2022

दिनाङ्क/Date २०७९।०१।०८

*विषय* **(Subject) :-** शुभाशंसा ।

पिण्डेश्वर विद्यापीठबाट प्रभा सामयिकीको सोह्रौं अङ्क प्रकाशित हुन लागेको थाहा पाउँदा हर्ष लागेको छ । यो विद्यापीठ प्रदेश - १ को एक प्राज्ञिक धरोहर हो, प्राच्य वाङ्मयको अध्ययन- केन्द्र हो साथै नेपाल संस्कृत विश्वविद्यालयको एउटा गर्विलो अङ्ग हो । यस संस्थाका प्रत्येक प्राज्ञिक तथा शैक्षिक गतिविधिहरू मार्गदर्शक, आदर्श र उदाहरणीय बनून् भन्ने विश्वविद्यालयीय चाहनालाई प्रभाका यस अङ्कले पनि अनुसरण गर्ला भन्ने मैले सोचेको छु ।

अधीति, बोध, आचरण र प्रचारण प्राच्य विद्यापरम्पराका वस्तुगत चरणहरू हुन् । यसभित्र ज्ञानको प्राप्तिमा मात्र होइन, ज्ञानको वितरणमा पनि उत्तिकै ध्यान देऊ; बोध गरेका विषयलाई आचरणमा पनि उतार भन्ने व्यवहारमूलक रहस्य लुकेको देखिन्छ । वास्तवमा यस मान्यताअनुसार ज्ञानलाई व्यवहारमा उतार्न सकिएन भने, आचरणमा आत्मसात् गर्न सकिएन भने एवम् उपयोगी ज्ञानलाई प्रचार गर्न सकिएन भने त्यसको उपयोगितामा ह्रास आउँछ साथै विलोप हुनेतर्फ पनि लाग्दछ । यस तथ्यलाई दृष्टिगत गरी यस्ता प्रकाशनहरूले हाम्रा प्राच्य ज्ञानपरम्पराका अत्यन्त उपयोगी रहस्यको उद्घाटनमा केन्द्रित हुनुपर्छ, अधुनातन ज्ञानसन्दर्भहरूको संयोजन गर्नुपर्दछ र हाम्रा शिक्षाप्रणालीभित्र चलेका अध्ययन-अध्यापनलाई सघाउ पुऱ्याउनुपर्दछ ।

अबको युग अलिक फरक खालको छ । सूचना र सञ्चारका विकासले संसारलाई साँगुरो बनाएको छ । हामीले बुझेका र जानेका वस्तुहरू विश्वसामु कत्तिको खरो उत्रिन्छन् भनेर गहिरो गरी सोच्नुपर्ने भएको छ । विश्वका मानिसले अब एउटै मैदानमा कुदेर दौडकौशल देखाउनुपर्ने भएको छ । हामी दौडिने मैदान पनि त्यही हो । त्यसैले आजभन्दा भोलि र भोलिभन्दा पर्सि हामी अझ तिखारिँदै जानुपर्ने आवश्यकता छ । यस्ता शैक्षिक संस्थाहरूबाट प्रकाशित सामयिक मुखपत्र वा जर्नलहरू र तिनमा प्रकाशित लेखहरू हामीलाई यसै दिशामा अग्रेसर बन्ने आधार बन्न सकून् एवम् हाम्रा बौद्धिक, शैक्षिक तथा प्राज्ञिक कौशलका कसौटी बनून् भनेर हामी सचेष्ट रहनुपर्दछ ।

पिण्डेश्वर विद्यापीठबाट प्रकाशित हुने गरेको प्रभा यही आवश्यकतालाई परिपूर्ति गर्न सधैं कटिबद्ध हुनेछ, प्रतिवर्ष अझ स्तरीकृत स्वरूपका साथ उदाउनेछ, प्राज्ञिक सौन्दर्यतर्फ सधैँ अभिमुख हुनेछ एवम् हाम्रा ज्ञानवाटिकाका विद्यार्थी-प्रतिभारूप आँकुराका गोडमेलमा समेत सहयोगी बन्नेछ भन्ने विश्वासका साथ यसनिम्ति हार्दिक शुभकामनासमेत व्यक्त गर्दछु ।

माधव अधिकारी
(कुलसचिव)
कुलसचिव (रजिष्ट्रार)
नेपाल संस्कृत विश्वविद्यालय

फोन नं.: ०८२-४००००४ Tel. No.: 082-400004

नेपाल संस्कृत विश्वविद्यालय
NEPAL SANSKRIT UNIVERSITY
पिण्डेश्वर विद्यापीठ
PINDESHWOR CAMPUS
धरान-१४, (सुनसरी)
Dharan-14 (Sunsari)

पत्र संख्या / Ref No: ७८६ ०७८/०७९
चलानी नं / Dispatch No: १६४

मिति: २०७८।१२।२२

## शुभकामना

संस्कृत वाङ्मय ज्ञानविज्ञानको वैभवले सम्पन्न संसारकै प्राचीन र समृद्ध मानिन्छ । ज्ञानविज्ञान, कलासंस्कृति, भाषासाहित्य, योगदर्शन आदि विभिन्न क्षेत्रमा भएको विशिष्ट ज्ञानभण्डारका कारणले संसारभरि संस्कृत वाङ्मयप्रति सबैको ध्यान आकर्षित भएको पाइन्छ। संस्कृत वाङ्मय भित्रको यही सम्पन्नताले गर्दा नै आज विश्वका धेरै विश्वविद्यालयहरूमा यसको अध्ययन अध्यापन हुनु खुसीको विषय हो। संस्कृत वाङ्मयमा निहित रहेको समाजोपयोगी ज्ञानराशि आधुनिक वैज्ञानिक समाजमा पनि जीवनको महत्त्पूर्ण अङ्ग बनेको पाइन्छ ।

पिण्डेश्वर विद्यापीठ पूर्वी नेपालको प्रसिद्ध संस्कृत अध्ययनको केन्द्र हो । यहाँ संस्कृतका वेद, व्याकरण, न्याय, साहित्य, ज्योतिष र धर्मशास्त्र विषयका साथै आधुनिक विधातर्फका नेपाली, अङ्ग्रेजी, अर्थशास्त्र, राजनीतिशास्त्र विषयको समेत अध्ययन अध्यापन गरी दक्ष जनशक्तिको उत्पादन हुँदै आएको छ । विद्यापीठले संस्कृत र आधुनिक विद्यासँग सम्बन्धित विज्ञजन, प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा अभिभावकहरूका समाजोपयोगी विचारलाई मुखरित र सम्प्रेषित गर्न वहाँहरूका लेखरचनाहरूलाई समेटेर विगत तीन दशकदेखि निरन्तर 'प्रभा' पत्रिका प्रकाशन गर्दै आएको छ। भाषा, साहित्य, कला, संस्कृति र अध्यात्मविज्ञानका विविध क्षेत्रलाई समेटेर पिण्डेश्वर विद्यापीठको वार्षिक मुखपत्रका रूपमा 'प्रभा' निरन्तर प्रकाशित हुन पाउनु खुसीको विषय हो।

प्रभा पत्रिकाको यस अङ्कको प्रकाशनका लागि निरन्तर काम गर्नुहुने सम्पादक मण्डल, आफ्ना अमूल्य लेखरचना उपलब्ध गराएर सहयोग गर्नुहुने प्राध्यापक, कर्मचारी र विद्यार्थी वर्ग तथा प्रकाशनलाई निरन्तरता प्रदान गर्न हर्दम सहयोग गरिरहने नेपाल संस्कृत विश्वविद्यालय एवं विश्वविद्यालयका वर्तमान पदाधिकारीज्यूहरू साथै सम्पूर्ण सहयोगी महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। 'प्रभा' पत्रिकाले आफ्नो प्रभालाई निरन्तर बढाउँदै लैजाने विश्वासका साथ हर्दिक शुभकामना व्यक्त गर्दछु ।

२०७८।१२।२२
काशीनाथ पौडेल
प्राचार्य
प्राचार्य

Phone No : 025-570285 Email: infopindeshwor@nsu.edu.np

# सम्पादकीय

हामी गर्वान्वित छौँ । अब प्राज्ञिक धरातल फराक हुन थालेको छ, शैक्षिक क्षितिज उघ्रिन लागेको छ साथै बौद्धिक गतिविधिको आयाम विस्तृत बन्दै गएको छ । हाम्रा पूर्वजहरू, अग्रजहरूले निष्ठामय अभियान एवम् आस्थावान् प्रज्ञासन्धानका अनेक आरोहावरोह गर्दै पार गरेका यात्राहरू असाध्यै मननीय छन् । हामी तिनैका पृष्ठभूमिमा उभिएका छौँ । तिनै यात्राका अनुभव र ज्ञानशिल्पबाट हामी अनुस्यूत छौँ, अनुप्राणित छौँ । हामी भन्ने दिशातर्फ लाग्दै छौँ - "अग्रजहरू १ हाम्रा ऊर्जाहरू तिनै तपाईंहरूले रोपेका प्रज्ञावल्लरीलाई पल्लवित र पुष्पित गराउन तन्मय छन् र तिनबाट हामी राष्ट्र र समाजलाई सुरभित तुल्याउन तल्लीन छौँ ।"

विद्यार्थीहरूमा शैक्षिक गुणस्तरको भोक छ, शिक्षकप्राध्यापकहरू प्रज्ञासेवामा तल्लीन हुँदै अध्ययन र अनुसन्धानका दिशामा सदैव निष्ठावान् हुनुहुन्छ साथै विश्वविद्यालय प्राज्ञिक र शैक्षिक समुन्नयनका दिशामा सधैँ जागरुक र प्रतिबद्ध छ साथै हामीलाई स्नेहसाथ सधैँ हेरिरहने बौद्धिक वर्ग हामीप्रति विश्वस्त छ भने हामीमा ऊर्जाको बीजारोपण हुने नै भयो । हाम्रा प्राज्ञिक र शैक्षिक यात्राका क्रममा यही ऊर्जाको सञ्चय गरिरहेका छौँ । त्यही प्रज्ञास्थाका पाइलाको एक दृष्टान्त हो यो 'प्रभा - १६' ।

यो निरन्तरता हो । निरन्तरतामात्र हैन, विद्यानिष्ठाका यात्राको विश्वविद्यालयको तथा विद्यापीठको पनि एक अग्रगामी पाइलो पनि हो । पाइलाहरू बिसिने छैनन् । प्रज्ञाचरी नथाक्ने उडानमा हुनुपर्छ, हुन्छ नै । अनुभवहरूले हामीलाई पनि खार्दै लैजालान् र प्रज्ञापक्षीका उडानको सौन्दर्यस्वादका विनिमयमा हामी सधैँ तत्पर छौँ ।

यसमा शुभकामना दिएर प्रेरणालाई जागृत गराउने ने.सं.वि.का समादरणीय पदाधिकारीहरू उपकुलपतिज्यू, शिक्षाध्यक्षज्यू तथा कुलसचिवज्यूप्रति हामी कृतज्ञ छौँ । पिण्डेश्वर विद्यापीठका प्राचार्यज्यू यस विद्याप्रभा 'प्रभा'का संरक्षकका रूपमा रहेर मनसा विद्यापीठीय गौरवसमृद्धिमा लागेकैले यसले निरन्तरता पाएको हो । लेखरचना दिई यसलाई प्रभाको दैहिक तथा आत्मिक सौन्दर्यमृद्धिमा योगदान गर्नुहुने लेखक(रचनाकारप्रति आभार व्यक्त गर्दछौँ । प्रेरणास्रोतहरू सबै सबै हाम्रा लागि नमस्करणीय छन् । सम्पादनसन्दर्भमा अनुस्यूत बन्न पुगेका त्रुटिले जन्माएका नराम्राजति हामी सम्पादकहरूका टाउकामा, यसभित्रका सौन्दर्यको श्रेय यहाँहरूका शिरमा । जयतु संस्कृतम् !

# विषयसूची

पदचतुष्टयको समीक्षात्मक अध्ययन, उपप्रा. काशीनाथपौडेल १
पृथ्वीनारायण शाह : एक कुशल आर्थिक चिन्तक - उपप्रा. कृष्णगोपाल अधिकारी ६
काव्यहेतुको स्वरूप : एक दृष्टि - खेमनाथ पौड्याल १३
भाषा, व्याकरण र पत्रकारिता - सहप्रा. डा. खेमराज खनाल १९
किमिदं काव्यसौन्दर्यम् - सहप्रा. डा. गुरूप्रसादकोइराला ४४
ऐतिहासिक पृष्ठभूमिमा 'बसन्ती' उपन्यासको प्राप्ति - सहप्रा. डा. घनश्याम दाहाल ५९
को आउन्न नेपालमा - टीका अधिकारी सुजन ७८
श्रीमद्भागवतमहापुराणको अष्टमस्कन्धमा पाइने केही वनस्पतिहरू - उपप्रा. टीकाराम दहाल ७९
आचार्यगौतमोक्तप्रमेयविवेचनम् - उपप्रा. तुलसीपौडेलः ८८
परिभाषासूत्रविमर्शः - नवराजढुङ्गाना ९२
पूर्वीय दर्शन र विजय मल्लको कोसँग जुधौं नाटक - डा. नित्यानन्द खतिवडा १०१
फलितज्योतिषशास्त्रे कुष्ठरोगस्य निरूपणम् - नरोज-आचार्यः ११८
नेपाल घुम्ने गरे - नेत्र रिजाल १३२
व्याकरणशास्त्रे पाणिनि - सहप्रा. पुरुषोत्तम खतिवडा १३३
संस्कृतस्य धातोः समीक्षणात्मकमध्ययनम् - पुष्पन्यौपानेः १३७
साहित्यमा ध्वनि - उपप्रा. पुष्पराज न्यौपाने १४८
रामानुज दर्शन एक विवेचना - प्राध्यापक, भरत भट्टराई १५४
English Literature or Literature in English: A Debate - Ass. Lec. Man Kumar Rai १६३
व्यजनावृत्तिको स्वरूप - उपप्रा. डा.महानन्द तिमिल्सिना १७०
अमूर्त आवाज - महेश दाहाल १७७
प्रतिमानाटके प्रयुक्ता अर्थालङ्काराः - उपप्रा. डा. रत्नावलीशर्मा १८१
कादम्बरीकथाकाव्यस्य परिचयात्मकं समीक्षणम् - सहप्रा. डा. रमेशघिमिरे १८७
Nature and Nostalgia: An Ecocritical Study of Selected Poems - Dr. Ramesh Kumar Limbu १९९
हिमाद्रिमहिमकाव्यस्य समीक्षणम् - उपप्रा. डा. रीताज्ञवाली २०९
तोदा उपन्यासको विश्लेषण - रोमनाथ ढुङ्गेल २१४
व्याकरणप्रयोजनं मुनित्रयं धातूपसर्गप्रत्ययाश्च - विमलचन्द्रदाहालः २३२
पाणिनेरष्टाध्याय्यां सूत्ररचनायाः वैशिष्टचम् - उपप्रा. सुमनखतिवडा २४२
ग्रहणपरिचय तथा फलनिरूपण : एक समीक्षा - उपप्रा. हरिनारायण बास्कोटा २४७
विद्यापीठको वार्षिक प्रतिवेदन - (प्राचार्यका लेखनीबाट) २५२

# पदचतुष्टयको समीक्षात्मक अध्ययन

काशीनाथपौडेल
उपप्राध्यापक
पिण्डेश्वर विद्यापीठ, धरान

## पृष्ठभूमि

भाषा मानव जातिको बहुमूल्य सम्पत्ति हो । यसले सभ्यता, इतिहास र जीवनशैली समेत झल्काउने गर्दछ । संस्कृत भाषा संसारकै प्राचीनतम भाषा हो । संसारका हरेक भाषालाई मानवभाषा बनाउन त्यस भाषाको व्याकरणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । संस्कृत भाषालाई पनि मानकीकरण गर्न हाम्रा ऋषि-महर्षिहरूले व्याकरण शास्त्रको रचना गरेका थिए । हरेक भाषा समयअनुसार परिमार्जित र परिष्कृत हुँदै जान्छन् । संस्कृत भाषापनि वैदिक संस्कृत र लौकिक संस्कृत गरी दुई थरीका रहेका थिए । दुवै कालमा पछिल्लो पुस्ताको अवस्थालाई हेरेर भाषविद्हरूले व्याकरणको रचना गरे । वैदिक कालको भाषालाई परिमार्जित भाषा बनाउन महर्षि यास्कले निरूक्त नामक व्याकरणको रचना गरेर यस भाषालाई अक्षुण्ण राखेका छन् । लौकिक संस्कृतलाई सुरक्षित राख्न पनि ब्रह्मा, इन्द्र, पाणिनि जस्ता आचार्यहरूले आ–आफ्नै तरिकाले व्याकरणहरू रचना गरेका थिए । प्राचीन समयमा वैदिक व्याकरणको शब्द सङ्ग्रहरूप कोशग्रन्थलाई 'निघण्टु' भनिन्थ्यो । त्यसै गरी निरुक्तग्रन्थमा वेदका शब्दहरूको व्युत्पत्तिमूलक अर्थ गरिएको छ । निरूक्तमा प्रतिपादित पदचतुष्टयको समीक्षात्मक अध्ययन गर्नु नै यस आलेखको उद्देश्य हो ।

## आचार्य पाणिनि र यास्कको पद व्यवस्था

व्याकरण शास्त्रले "अपदं न प्रयुञ्जीत" (पा. महाभाष्य पृ.२०) अर्थात् पद नमानिएका, पदत्वसिद्धि नभएका शब्दहरूको प्रयोग गर्नुहुँदैन । जुनशब्दहरू सार्थक छन्, ती शब्दहरूमात्र प्रयोग गर्नुपर्दछ । निरर्थक शब्दहरू प्रयोग गर्दा पाप हुन्छ भन्दै "सुष्ठुशब्दप्रयोगे धर्मः" (पा.महाभाष्य, पृ.२०) शुद्ध शब्द प्रयोग गर्दा धर्म हुन्छ भनी पदत्व मानिएका शब्दमात्र प्रयोग गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । महर्षि पाणिनिले "सुप्तिङ्गन्तं पदम्" (अष्टाध्यायी पृ. ५०) सुप् प्रत्यय लागेका रामः, हरिणा र तिङ् प्रत्यय लागेका भवन्ति, बभूव आदि शब्दहरू लाई पद मान्दै ती पदहरूलाई सुबन्त र तिङन्त गरी दुई भागमा

बाँडेको पाइन्छ । महर्षि यास्कले निरूक्त शास्त्रमा 'नामाख्यातोपसर्गनिपातानि चत्वारि पदजातानि' (निरूक्त पृ. ४) भनेर अर्थात् नाम, आख्यात, उपसर्ग र निपात गरेर चार प्रकारका पदहरूको व्यवस्था गरेका छन् ।

**आचार्य यास्क र पाणिनिको पदविभाग**

आचार्य यास्क वैदिक व्याकरणशास्त्रका अनुयायी हुन् भने आचार्य पाणिनि लौकिक व्याकरणका सफल प्रयोग कर्ता हुन् भनेर विद्वान्हरूले बताएका छन् । अष्टाध्यायी पाणिनिको व्याकरण जगत्कै प्रामाणिक र सुप्रसिद्ध रचनाहो । त्यसैगरी निरूक्तशास्त्र वैदिक व्याकरणशास्त्रको सर्वमान्य रचना हो । आचार्य पाणिनिले अष्टाध्यायीमा यास्कको नामउल्लेख गरेका छन्,अतःआचार्य यास्क पाणिनिभन्दा पूर्व रहेको कुरा स्वतः प्रमाणित हुन्छ । पश्चवर्ती आचार्य पाणिनिले यास्क जस्ता पूर्ववर्ती आचार्यलाई प्रमाण मानेर आफ्नो अतुलनीय व्याकरण शास्त्रको रचना गरेको पाइन्छ । यास्कले नाम, आख्यात, उपसर्ग र निपात गरी पदलाई चार भागमा बाँडेका छन् । पाणिनिले सुबन्त र तिङन्त गरी पदलाई दुईभागमा विभाजन गरेका छन् । व्युत्पादनका आधारमा भने धातुद्वारा निर्माण गरिएका पदलाई तिङन्त(क्रियापद) र कृदन्त (सुबन्तकै कोटिमा) समावेश गरेका छन् । सुबन्तमा भने निपात, उपसर्गसमेत समेटिएको पाइन्छ । जे भए पनि पदहरूको विभाजन गरी संस्कृत भाषालाई आ-आफ्ना समयमा सबल बनाई मानवसभ्यताको विकासमा योगदान दिनु दुवैको उद्देश्य रहेको देखिन्छ ।

**आचार्य यास्कका मतानुसार पदका प्रकार**

याष्काचार्यले निरूक्तको निघण्टु भाष्यमा 'तान्येतानि चत्वारि पदजातानि नामाख्याते चोपसर्गनिपाताश्च भवन्ति' (निरूक्त पृ.३) भनी उल्लेख गरेका छन् । अर्थात् उनले नाम, आख्यात, उपसर्ग र निपातलाई समेटेर चार प्रकारका पदजात स्वीकार गरेका छन् । यी सबै कुरालाई उनले 'पदचतुष्टयोद्देश्यकथनम्' शीर्षक दिएका छन् ।

**नाम**

यास्काचार्यले नामको लक्षण यस प्रकार गरेका छन् 'सत्त्वप्रधानानि नामानि' (निरूक्त पृ.४) अर्थात् जुनपदमा सत्त्व (द्रव्य तथा सिद्धभावलाई) प्रधान मानिन्छ । त्यसैलाई नाम भनिन्छ । यसको प्रतीति लिङ्ग, सङ्ख्याद्वारा युक्त हुन्छ । देवदत्तः रामः आदि प्रातिपदिक जति सबै नामअन्तर्गत पर्दछन् ।

यसलाई संज्ञा पनि भनिन्छ । 'सम्यग्ज्ञायते अनया' यस व्युत्पत्तिद्वारा जुन शब्दको उच्चारण गर्दा उसको शरीररूपी द्रव्यको उपस्थिति भई त्यस विषयको सम्पूर्ण ज्ञान हुन्छ, त्यस नामलाई संज्ञाको पर्यायवाची शब्द मानिएको हो । आचार्य औदुम्बरायण आदिका मतमा चाहिँ शब्द उच्चारण गर्दा हाम्रा इन्द्रियद्वारा जीवको उपस्थिति हुन्छ भन्ने विचार पाइन्छ । त्यस समय शब्द नित्य जस्तो प्रतीत हुन्छ । हामीले शब्द उच्चारण गरी आवाजका रूपमा बााहिर निकालेपछि त्यही शब्द अनित्य भएर आउँछ । इन्द्रियको सन्निकर्ष हुँदा त्यो शब्द नित्य हुने र वक्ताको मुखबाट निःसृत भई अर्काको श्रुतिगोचर भएपछि शब्द अनित्य हुन्छ ।

यसरी शब्द अनित्य मान्दा पदहरूलाई चार भागमा विभाजन गर्नु अनुपयुक्त मानिन्छ । शब्द अनित्य भए पनि विभिन्न नाम दिएर बोलाउनु व्यवहारिक मानिने र सरलता महसुर हुनाले लोकव्यवहारका लागि हरेकको नामाकरण गरिएको हो । लौकिक भाषामा नामपदले विभिन्न अर्थ प्रकट गर्दछ । वैदिक भाषामा नामशब्दका उच्चारणले देवताको विभिन्न अर्थ प्रकट हुन्छ । समयअनुसार नामशब्दले तत् तत् देवता र मानव तथा उपयोगी वस्तुको ज्ञान हुन्छ ।

**आख्यात**

'भावप्रधानम् आख्यातम्' (निरूक्त, पृ.४) अर्थात् भाव भनेको क्रिया हो । जुन पदमा क्रियाको प्रधानता हुन्छ, त्यसलाई आख्यात भनिन्छ । जस्तै व्रजति ( जान्छ), पठति(पढ्छ), जुन ठाउँमा नाम र आख्यात एकैपटक आउँछन् त्यहाँ नाम अप्रधान भई भावको नै प्रधानता हुन्छ । गच्छति र पक्ति नामक आख्यातले जानेर पकाउने क्रियाको ज्ञान हुन्छ । क्रियाद्वारा नै सुरुदेखि अन्त्यसम्मका सम्पूर्ण कार्यहरूको ज्ञान हुन्छ । अदस् (यो) आदि गरिएका सर्वनामद्वारा नामको सामान्य कथन पुष्टि हुन्छ भने गौः, अश्वः, पुरूषः आदिद्वारा नामको विशेष कथन पुष्टि हुन्छ । भवति आदि क्रियाले आख्यातको सामान्यकथन हुन्छ । आस्ते, शेते, व्रजति, तिष्ठति आदिद्वारा आख्यातको विशेष कथन रहने स्पष्ट देखिन्छ । यसरी नामका साथमा आएका क्रियाहरू अवस्थानुसार सामान्य र विशेष अवस्थामा प्रतीत हुन्छन् ।

## उपसर्ग

उपसर्ग पदको तेस्रो भेद हो । उपसर्गहरू शब्दसँग जोडिएर आएका हुन्छन् । उपसर्ग नाम र आख्यातसँग जोडिएर आएपछि मात्र अर्थ निस्कन्छ । स्वतन्त्र रूपमा यिनीहरूको अर्थ हुँदैन । यही कुरा बुझाउन आचार्य यास्कले भनेका छन् - 'ननिर्बद्धा उपसर्गा अर्थान्निराहुः' 'नामाख्यातयोस्तु कर्मोपसंयोग-द्योतकाः भवन्ति' (निरूक्त, पृ. ११) । उपसर्गलाई द्योतक र वाचक गरी दुई प्रकारमा बाँडिएको छ । शाकटायन आचार्य उपसर्गले शब्दको अर्थ द्योतन गर्ने भएकाले यसलाई द्योतक मान्दछन् । अरू शब्दहरू निपातका वाचक हुन् भन्ने उनको मत रहेको पाइन्छ । नैयायिक र मीमांसकहरू उपसर्गलाई द्योतक मान्दछन् । वैयाकरणहरूले उपसर्ग र निपात दुवैको अर्थ द्योतक हुन्छ भन्ने मानेका छन् । यही कुरा भतृहरिले स्वीकार गर्दै उपसर्ग र निपात द्योतक र वाचक दुवै हुन् भनी आफ्नो ग्रन्थ "वाक्यपदीयम्"मा उल्लेख गरेका छन् । आचार्य शाकटायनले उपसर्गको आफ्नो अर्थ नहुने तर नाम र आख्यातसँग जोडिएर अनेक अर्थ हुन्छ भन्ने विचार प्रकट गरेका छन् । यसका अतिरिक्त उपसर्गले शब्दको अर्थ पनि गरिदिन्छन् । अभि (आभिमुख्य), प्रति (प्रातिलोम्यम्) अति/सु (अभिपूजितार्थे), नि/अव (अनुगर्हार्थ्यौ) आदि ।

## निपात

'उच्चावचेषु अर्थेषु निपतन्ति' (निरूक्त, पृ. १३) यो विग्रहद्वारा निपातको लक्षण गरिएको छ । यसबाट जो अनेक अर्थमा उपस्थित हुन्छ, त्यो नै निपात हो भन्ने पुष्टि हुन्छ । लौकिक व्याकरणअनुसार 'निश्शेषेण पतन्ति इति निपातः' भन्ने विग्रह हुन्छ । जस्तै अपि यो निपात उपमा अर्थ, पादपूर्ति र अर्थायिकका रूपमा प्रयोग हुन्छ । इव, न, चित्, नु, यी चारओटा उपसर्ग पनि उपमा अर्थमा प्रयोग हुन्छन् । वेदमा यसको उदाहरण 'अग्निरिवेन्द्र इवेति' रहेको देखिन्छ । न, यो निपात प्रतिषेध अर्थमा प्रयोग हुन्छ । चित्, यसको कर्म शब्दार्थको पर्यायवाची शब्दका रूपमा प्रयोग हुन्छ । नु यो निपात अनेक कर्ममा प्रयोग हुन्छ । च यसको प्रयोग समुच्चय अर्थमा प्रयोग हुन्छ । यसरी निपातको लक्षण र त्यसका विभिन्न अर्थहरूको प्रयोग निरूक्तमा गरिएको छ । पाणिनीय व्याकरण र वैदिक वाङ्मयको उपजीव्य ग्रन्थ निरूक्तमा निपातलाई आ-आफ्नै शैलीमा वर्णन गरिएको छ । जे भए पनि निपातका अर्थको आवश्यकताअनुसार प्रयोग गर्न सकिने कुरा यसबाट पुष्टि हुन्छ ।

## निष्कर्ष

लौकिक र वैदिक दुवै संस्कृत व्याकरणमा पद व्यवस्थाका अलग अलग नियमहरू बताइएको छ । वैयाकरण पाणिनिले पदव्यवस्था प्रत्यय लागेपछि मात्र हुने कुरा उल्लेख गरिएको पाइन्छ । निरूक्तमा पदव्यवस्थालाई भाष्यात्मक दृष्टिले पुष्टि गरिएको छ । निरुक्त सामान्य व्यक्तिको लागि दुरूह छ । पाणिनिले सूत्रात्मक शैली अपनाएकाले सुबोध्य छ । पाणिनिले सुबन्त, तिङन्त र कृदन्त गरी तीन पदको व्यवस्था गरेका छन् । अव्यय, निपात र कृदन्तलाई समेत सुबन्तमा गाभेका छन् । निरूक्तमा भने नाम, आख्यात, उपसर्ग र निपात गरी चार भागमा बाँडेको पाइन्छ । 'स्वरादिनिपातमव्ययम्' सूत्रद्वारा अ, आ, आदि गरिएका स्वर उपसर्ग सबैलाई निपात मानेका छन् । यसमा निरूक्तकारको मत नै उपयुक्त भएको र चार प्रकारकै पदहरू रहेको कुरा स्वीकार्य रहेको छ ।

## सन्दर्भगन्दर्भ सूची


उपाध्याय, बलदेव (वि.सं.२०५३), (सम्पा. ओमप्रकाश पाण्डे), **संस्कृत वाङ्मयका बृहद् इतिहास,** (द्वि.सं.), लखनऊ : उत्तरप्रदेश संस्कृत संस्थान ।

दीक्षित, भट्टोजी, (सं.१९९७), (सम्पा. रामचन्द्राचार्य), **वैयाकरण सिद्धान्तकौमुदी,** वाराणसी : चौखम्बा सुरभारती ।

दीक्षित, भट्टोजी, (सं.१९४५), **वैयाकरण सिद्धान्तकौमुदी,** वाराणसी : चौखम्बा सुरभारती ।

पतञ्जलि, (सं.१९९५), **वैयाकरण महाभाष्यम्,** सातौं संस्करण, नयादिल्ली : मोतीलालवनारसी दास ।

पाणिनि, (सं. १९४५), सम्पा. गोपालदत्त पाण्डेय, **अष्टाध्यायी**, वाराणसी : चौखम्बाविद्याभवन ।

मिश्र, जगदीशचन्द्र (१९९८), **वैदिकबाङ्मयस्येतिहासः,** (द्वितीयसंस्करण) वाराणसी : चौखम्बा सुरभारतीप्रकाशन ।

यास्क, (सं २००२), **निरूक्तम्,** दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।


*

# पृथ्वीनारायण शाह : एक कुशल आर्थिक चिन्तक

कृष्णगोपाल अधिकारी
उपप्राध्यापक
ने.सं.वि., पिण्डेश्वरविद्यापीठ

## सार

पृथ्वीनारायण शाह (सन् १७२३-१७७५) आधुनिक नेपाल निर्माण गर्ने पहिलो राजा हुन् । यस लेखमा शाहका समयमा नेपालको अर्थव्यवस्थाका मुख्य आयामहरूका विषयमा चर्चा परिचर्चा गरिएको छ । विभिन्न आलेखहरू, नेपालको अर्थव्यवस्था परिचय सम्बन्धी पुस्तकहरूको अध्ययन गरेर आलेखलाई तयार गरिएको छ । तसर्थ यो लेख द्वितीयक स्रोतका सामग्रीमा आधारित रहेको छ । पृथ्वीनारायण शाह आधुनिक नेपालका निर्माता त हुन् नै यसबाहेक पनि उनीएक कुशल अर्थिक विचारक हुन् । उनको सोच र आर्थिक दृष्टिकोण समकालीन अन्य व्यक्तित्वहरूको भन्दा अग्रगामी, परिर्तनशील, दृढ र दूरदर्शी रहेको पाइन्छ । पृथ्वीनारायण शाह एक कुशल आर्थिक  विचारक थिए भन्ने कुरा त्यसबेलाका उनले गरेका आर्थिक व्यवस्था, लिएका नीति र दिएका उपदेशलाई अध्ययन गरेर निष्कर्षमा पुग्न सकिन्छ ।

**मुख्य शब्दहरू :** राजस्व, आयात, निर्यात, एकीकरण, राजनीतिज्ञ ।

## १. विषय परिचय

आधुनिक तथा एकीकृत नेपालका जन्मदाता पृथ्वीनारायण शाह हुन् । उनले पचासभन्दा बढी ससाना राज्यहरूलाई एकीकरण गरी समृद्ध र विशाल मुलुक बनाउने कामको थालनी गरेका थिए । पिता नरभूपाल शाहको देहान्तपछि केवल कीस वर्षको कलिलो उमेरमा राज्यको वागडोर यिनका हातमा आइपुगेको थियो । पृथ्वीनारायण शाहका पालामा भारतमा विस्तारवादी तथा साम्राज्यवादी अंग्रेजहरू ससाना कमजोर राज्यमा बाँडिएको नेपाललाई आफ्नो उपनिवेश बनाउन चाहन्थे । यस्तो परिस्थितिमा मुलकका टुक्रिएका ससाना राज्यलाई एकीकृत गरी विशाल र शक्ति शाली राज्य खडा गरेर मुलुकलाई बचाउने उनको अभियान एक विस्तारवादी सामन्ती चिन्तनबाट मात्र प्रेरित थियो भन्ने मान्न सकिन्न । बरु आर्थिक रूपमा समृद्ध राज्य निर्माण

गर्ने नेपाललाई बलियो र सम्पन्न मुलुकका रूपमा स्थापित गर्ने दृष्टिकोण थियो भन्न सकिन्छ ।

पृथ्वीनारायण शाह गोर्खाका राजा भएको समयमा पश्चिमी मुलुकहरूमा औद्योगिक क्रान्तिको लहर आएको थियो । आर्थिक चिन्तनमा ........ अर्थशास्त्रीहरूको दबदबा थियो । उनीहरूको विचारमा आफ्नो आफ्नो मुलुकमा व्यापार विस्तार तथा मुलुकलाई सम्पन्न बनाउनुपर्छ भन्ने धारणा रहेको थियो । पृथ्वीनारायण शाहनेपाललाई आर्थिक, सामाजिक रूपमा सम्पन्नशाली बनाउनु पर्ने तथा सांस्कृतिक रूपमा आर्थिक योजना विस्तार पनि गर्नुपर्छ भन्ने तर्क सधैं अगाडि राख्तथे । उनी एक आर्थिक क्रान्तिका नायक थिए भन्न सकिन्छ । साथै, उनका चिन्तन र सुझावहरू पनि वर्तमान समयमा सान्दर्भिक र प्रासङ्गिक रहेको पाइन्छ ।

## २. पृथ्वीनारायण शाह र उनको उपदेश

पृथ्वीनारायण शाह एक कुशल नेतृत्वकर्ता एवं अनुसन्धान कर्ताका रूपमा रहेको कुरा इतिहासका घटनाहरूको अध्ययन गर्दा बुझ्न सकिन्छ । राज्य सञ्चालन गर्न उनका उपदेश तथा सुझावहरू महत्वपूर्ण थिए । जसलाई नेपालको आर्थिक इतिहासमा दिव्योपदेशका नामले बुझिन्छ साथै यो दिव्योपदेशलाई आर्थिक विचारको आधारशीलाको रूपमा रहेको बुझिन्छ ।

## ३. चार जात र छत्तीस वर्णको सन्दर्भ

'नेपाल चार जात र छत्तीस वर्णको साझा फूलबारी हो' भन्ने पृथ्वीनारायण शाहको भनाइबाट उनले नेपालको विकासका लागि केवल एउटा जात वा समुदाय, वर्णको मात्र योगदान नभएर यहाँका सम्पूर्ण जातजातिहरूको महत्वपूर्ण भूमिका रहेको, सबैको उत्तिकै योगदान रहेको र आगामी दिनमा पनि यी सबैको भूमिका महत्वपूर्ण हुने तर्क गरेका छन् । राष्टलाई एकीकृत गर्ने र राज्यको आर्थिक समुन्नति गर्ने सबै पक्ष, पेसा, धर्म,वर्ण, लिङ्ग, जात जातिहरूको समान सम्बन्ध रहेको हुन्छ । त्यसै गरी उनले देशमा समृद्धिको लागि सबैले आआफ्नो ठाउँबाट योगदान पुर्याउनु पर्ने तथा आफ्नो योग्यता, क्षमता र दक्षतालाई बढाउँदै लैजानु पर्ने र त्यसलाई विधिन्न आधारमा लगाउन सकेमा मात्र राष्टको समृद्धि सम्भव हुने आधार पृथ्वीनारायण शाहले स्पष्ट पारेको छन् ।

## ४. जनतासमृद्धशाली बनाउनुपर्ने

पृथ्वीनारायण शाहको दिव्योपदेशमा 'प्रजा मोटा भया दरबार बलियो हुन्छ ।' भनिएको पाइन्छ । दिव्योपदेशमा रहेको यस प्रसङ्गबाटके स्पष्ट हुन्छ भने देश समृद्धिको मुख्य आधार भनेको देशका जनता नै हुन् । जनतालाई आर्थिक रूपमा समृद्ध बनाउन सकेमा मात्र मुलुकको समृद्धिहुन सक्छ, राष्ट पनि समृद्ध बन्न सक्छ । जनतालाई आर्थिक रूपमा समृद्ध बनाउँदै लगेमा मात्र मुलुकको समृद्धिको कामना गर्न सकिन्छ । तर, आजभोलिको सन्दर्भमा जनतालाई आर्थिक तथा सामाजिक रूपमा सक्षम बनाउनु पर्ने आधार स्तम्भहरू आर्थिक पाटोमा उल्लेख गरिएको पाइँदैन । केवल नेता तथा प्रशासनिक निकायहरू मात्र समृद्धशाली बन्ने क्रमले उनको उपदेशमा भएको आर्थिक नीति वर्तमान समयमा लागु नभएको जस्तो आभाष पाइन्छ ।

## ५. न्याय सम्पादन तथा आर्थिक  सुशासन

न्याय सम्पादन गर्दा आफ्ना जनतालाई न्याय निसाफ दिने न्यायशालाहरूमा आर्थिक कारोबार हुनुहुँदैन । न्यानिसाफ दिँदा केही राजस्व प्राप्त हुन्छ तर त्यसलाई दरबारमा खर्च नगर्नु भन्ने उपदेश गरेबाट न्याय क्षेत्रको सुशासनर स्वच्छताका लागि आर्थिक सुशासन कायम हुनुपर्ने उनको विचार रहेको बुझ्न सकिन्छ । न्यायशालाबाट प्रापत राजस्व दरबारमा खर्च गर्ने गरे न्यायमा विचलन आउन सक्ने उनको दूरदर्शी सूक्ष्म आर्थिक स्वच्छताको ध्येय झल्कन्छ । राजतन्त्रात्मक शासनमा नेपालको त्यतिबेलाको शासन प्रणालीमा न्याय सम्पादनमा दरबारको भूमिका महत्वपूर्ण हुन्थ्यो ।

## ५. स्वदेशी सामानको उपयोग

पृथ्वीनारायण शाहले स्वदेशी सामानको प्रयोगमा जोड दिएका छन् । स्वदेशी कपडाको प्रयोग गर्नु पर्ने, स्वदेशमा नै कारीगरी सिकाएर, कपडा बुन्न सिकाएर कपडा, भाँडाकुँडा उत्पादन गर्नु पर्ने र विदेशी कपडा तथा सामानको प्रयोग गर्न मनाही गर्नुपर्ने विषय उनका उपदेशमा उल्लेख भएको पाइन्छ । उनले देशमा जनताहरूलाई स्वरोजगार बनाउनु पर्ने, आत्मनिर्भर बनाउनु पर्ने धारणा यहाँ व्यक्त गरेको पाइन्छ । उनले स्वदेशका वस्तुहरूको उपभोगलाई जोड दिएर भारत तथा चीनमा सामानहरू निर्यात गर्नु पर्ने कुराको उल्लेख गरेका छन् । वर्तमान समयमा देशमा सम्पूर्ण कुराहरू आयात भएर आर्थिक क्षेत्रमा व्यापार घाटाको  स्थिति बढ्दै गएको सन्दर्भमा पृथ्वीनारायण शाहले

निर्यातमा जोड दिएको तथा आयातलाई पूर्ण रूपमा निषेष गर्नुपर्ने प्रसङ्गको उल्लेख गरेबाट पनि उनी दूरदर्शी आर्थिक चिन्तक भएको स्पष्ट हुन्छ ।

**६. निर्यातजन्य व्यापारमा जोड**

पृथ्वीनारायण शाहले आफ्नो निर्यात व्यापारबाट मात्र मुलुकको समृद्धि हुनुसक्ने पक्षलाई जोड दिएका छन् । उनले 'आफ्नो देशमा जिनिस तथा जडीबुटीहरू विदेश निर्यात गरी नगद खैंचनु' भन्ने भनाइबाट देशमा निर्यातजन्य वस्तुको पहिचान गरी निर्यात बढाएर विदेशी आम्दानीलाई स्वदेशमा भित्राउनु पर्छ भन्ने उनको धारणा रहेको स्पष्ट हुन आउँछ । यसबाट उनले आयातलाई घटाएर निर्यातलाई जोड दिएको स्पष्ट हुन्छ । वर्तमान समयमा संसारका सबै विकसित देशहरूको आर्थिक विकास बढी निर्यातजन्य व्यापारबाट सम्भव भएको देखिन्छ । निर्यातजन्य व्यापारमा कमजोर भएका राष्टहरू अहिले पनि गरिब र पछौटे नै रहेका छन् । तसर्थ, पृथ्वीनारायण शाहले व्यापार वृद्धि गरेर मात्र मुलुकको आर्थिक समृद्धि गर्न सकिने धारणा व्यक्त गरेको पाइनछ ।

**७. प्राकृतिक साधनको उपयोग**

पृथ्वीनारायण शाहले देशको प्रकृतिक स्रोत र साधन मुख्य गरी खनिज सम्पदाको प्रयोगलाई जोड दिएका छन् । प्राकृतिक सम्पदा प्राकृतिक सम्पदा , खानी, सम्पदा भएको क्षेत्रमा गाउँ बसाउनु हुँदैन । कहीँ कतै बसोवास गरेको भए त्यस वस्तीलाई अन्यत्र सारेर त्यहाँ खानी सञ्चालन गर्नुपर्ने सुझाव दिएका छन् । देशको आर्थिक क्षेत्रको सुधारमा प्राकृतिक संसाधनको भूमिका महत्वपूर्ण हुन्छ । अन्य आर्थिक उत्पादनका साधनहरू भूमि, पूँजी, श्रम तथा संगठन पनि परिचालित हुनुपर्छ । उनले प्राकृतिक साधनको उपयोगलाई अत्यन्त महत्व दिएको पाइन्छ । यसले पनि उनको आर्थिक चिन्तन सर्वतोमुखी, देशलाई समृद्धि दिन सक्ने र दूरगामी रहेको स्पष्ट हुनु आउँछ ।

वर्तमान समयमा संसारका देशहरू प्राकृतिक संसाधनको प्रयोगबाट आर्थिक विकास र समृद्धिलाई हासिल गर्न सफल बनेका देखिन्छन् । पृथ्वीनारायण शाहको दृष्टिकोणमा पनि प्राकृतिक साधनस्रोतको उपयोगबाट मुलुकलाई समृद्ध बनाउन सकिने उल्लेख भएबाट उनको आर्थिक दूरदर्शिता झल्किन्छ ।

## ८. युवाशक्ति र आर्थिक विकास

पृथ्वीनारायण शाहको उपदेशको प्रसङ्गमा देशको युवाशक्ति छिमेकी मुलुकमा रमाउन थाले अर्थात् सुरा सुन्दरीमा आफूलाई भुलाउन थाले भने देशको आर्थिक उन्नतिमा नकारातमक असर पर्छ । कुनै पनि दृशको आर्थिक समृद्धिको आधार सक्षम र सबल जनशक्ति नै हो । युवाशक्तिको सहयोगबाट देशमा आर्थिक समृद्धिका आधारका रूपमा रहेका कृषि, उद्योग, पर्यटन,पर्यटन आदिको सफल विकास गर्न सकिन्छ । तर वर्तमान समयमा यवा जोस जाँगर र मस्ष्किको गलत प्रयोगले गर्दा समाज तथा अर्थ व्यवस्थामा नकारात्मक प्रभाव परेको देख्न सकिन्छ । युवाहरू विदेशिने क्रमले गर्दा देशको उत्पादनशील क्षेत्रमा नकारात्मक प्रभाव परेको देखिन्छ ।

## ९. ठेक्का प्रथाको विरोध

पृथ्वीनारायण शाहले आर्थिक विकास तथा अन्य विकास निर्माणका काम ठेक्कापट्टामा गराउने प्रथामा गराउन नहुने सुझाव दिएका छन् । विकास निर्माणका काम ठेक्कामा दिँदा कामको गुणस्तर घट्ने र , कमिसन बढ्ने र राज्यको सम्पत्ति एकलौटी कब्जामा जाने सम्भावना रहन्छ । तसर्थ, उनले ठेक्कामा काम नलगाई सामूहिक सहभागितामा काम गराएर आर्थिक हिसाब किताब चुस्त, दुरुस्त तथा पारदर्शी राख्नुपर्ने उल्लेख गरेका छन् । वर्तमान समयमा समाजसँग प्रत्यक्ष सम्बन्ध राख्ने संघसंस्था, राजनैतिक पार्टी, कार्यकर्ता, नेता तथा सरकारी कर्मचारी, मन्त्रीहरू आदि सबै प्रशासनिक तथा सामाजिक कार्यकर्ताहरू भ्रष्टाचार, कमिसन तथा ठेक्कापट्टामा समावेश भएको पाइन्छ । जसले मुलुकलाई आर्थिक दृष्टिले भ्रष्ट र कमजोर बनाउँदै लगेको पाइन्छ ।

## १०. दुई ढुङ्गाका बीचको तरुल

पृथ्वीनारायण शाहको दिव्योपदेशकै प्रसङ्गमा उनले नेपाललाई दुई ढुंगाका बीचको तरुल भनेर उल्लेख गरेका छन् । उनले नेपाललाई दुई ठूला शक्तिहरू भारत र चीनको बीचमा रहेको एक गरिब र संवेदनशील अवस्थामा रहेको मुलुक भएको तर आर्थिक सम्पन्नताको सम्भावनाले भरिएको मुलुकको रूपमा चित्रण गरेको तथा त्यस्तै परिकल्पना गरेको पाइन्छ । संसारका दुई उदीयमान शक्तिहरूले नेपाललाई आफ्नो उपनिवेश बनाउन चाहेर पनि सम्भव भएको

छैन । पृथ्वीनारायण शाहले नेपाल एक तरुल जस्तै नरम भएर पनि आफ्नो सामाजिक तथा आर्थिक पक्षलाई दरिलो बनाउनु पर्ने तर्क अघि सारेका छन् ।

**११. मौद्रिक अवस्था र मुद्रा**

आर्थिक क्रियाकलापलाई व्यवस्थित बनाउन पृथ्वीनारायण शाहले मुद्राको प्रचलनलाई विकास गरेको देखिन्छ । उनले अर्थव्यवस्थामा चाँदीको मुद्रा प्रचलनमा ल्याएका थिए । शाहले मौद्रिक प्रचलनलाई सुधार गर्ने र प्रचलनलाई बढाएका र दिव्यापदेशमा पनि त्यसलाई बढाउनु पर्ने तर्क राखेको पाइन्छ ।

**१२. आर्थिक रणनीति**

पृथ्वीनारायण शाहलाई एक आर्थिक रणनीतिज्ञका रूपमा लिन र विश्लेषण गर्न सकिन्छ । उनले नेपाल एकीकरणको अभियानमा नेपालको कुती नाकाबाट तिब्बतसँग हुने व्यापार वन्द गर्न सफल भएका थिए । काठमाडौं र र भारत बीचको व्यापारलाई पनि बन्द गराई आर्थिक नाकाबन्दी गर्न सफल भएका थिए । उनले आर्थिक दृष्टिबाट प्रभावकारी मानिएका पूर्वको चौदण्डीगढी, विजयपुर गढीलाई पनि कब्जामा लिन सफल भएका थिए । यी सबै सन्र्भहरूको अध्ययन र विश्लेषणबाट उनी दूरदर्शी र चतुर आर्थिक विचारक भएको पुष्टि हुन्छ ।

**१३. वर्तमान समयमा पृथ्वीनारायण शाहको मूल्याङ्कन**

पृथ्वीनारायण शाहको भनाइमा जनता बलिया भए भने दरबार बलियो हुन्छ । उनको यस भनाईबाट पनि उनको आर्थिक दृष्टिकोण स्पष्ट थाहा पाउन सकिन्छ । यस भनाइले नै पनि उनी दूरदर्शी आर्थिक विचारक थिए भन्न सकिन्छ । देशको आर्थिक उन्नतिमा धेरै ध्यान दिन नसके पनि विदेशी व्यापारलाई प्रतिबन्ध लगाउनु पर्ने, विदेशी मुद्रा प्राप्त गर्न देशमा उत्पादन बढाउनु पर्ने आदि उनका नीति र विचारबाट उनी एक कुशल आर्थिक योजनाकार र दूरदर्शी र विचारक भएको स्पष्ट हुन्छ । वर्तमान समयमा उनका उपदेशहरू, उनका भनाइहरू तथा नीतिहरूलाई ज्यादै सान्दर्भिक मान्न सकिन्छ । आजको वर्तमान समयमा उनलाई कुशल आर्थिक विचारकका रूपमा मात्र नभएर परम्परागत संस्कृतिका संरक्षक, असंलग्न परराष्ट्र नीतिका जन्मदाता, विद्वान्को कदर गर्ने व्यक्ति, न्यायप्रेमी राजा, वीर सेनानायक तथा महान् राजनीतिज्ञका रूपमा उनलाई परिभाषित गर्न सकिन्छ ।

## १४. निष्कर्ष

पृथ्वीनारायण शाहले वि.सं.१७४२ देखि १७७५ सम्मको ३१ वर्षको सम्पूर्ण समयदेशसेवामा बिताएर आफ्नो नाम इतिहासमा स्वर्णाक्षरले लेखाउन सफल भए । उनी नेपाल राष्टका एकीकरण कर्ता, राष्ट्रनिर्माता, राजनीतिज्ञ, न्यायप्रेमी राजा, वीर सेनानयक हुनुका साथै एक कुशल अर्थनीतिका ज्ञाताका रूपमा पनि देखा परेका छन् । उनले त्यस समयमा दिएका दिव्योपदेशहरू आजको सन्दर्भमा समेत महत्वपूर्ण उपलब्धिका रूपमा देखा परेका छन् । आजको समयले पनि ती आर्थिक विचारलाई सामयिक विचारका रूपमा मूल्याङ्कन गर्दा सही र उत्कृष्ट सावित भएका छन् । उनले देशलाई एकीकृत गर्न नेपाललाई चार जात र छत्तीस वर्णको साझा फुलबारीका रूपमा स्वीकार गरी न्यायनिसाफ हेर्नु, असमञ्जसको अवस्था हुन नदिनु, राजाले सिपाही र दुनियाँलाई हातमा लिनु, विदेशीलाई देशभित्र प्रवेश नदिनु, देशको खनिज संसाधन र जडीबुटी प्रयोग गरी नगद खैंचनु, विदेशी कपडा नलगाउनु, राजस्व चुहावट हुन नदिनु, योग्य कर्मचारी भर्ती गर्नु, आम्दानी तथा खर्चको फाँटबारी तयार गर्नु, कृषि उत्पादन बढाउनु, आदि जस्ता भनाइ र गराइबाट पृथ्वीनारायण शाह एक कुशल आर्थिक नीतिका विज्ञ थिए भन्ने सिद्ध हुन्छ । आजको वर्तमान समयमा नेपालको वर्तमान आर्थिक अवस्थालाई विश्लेषण गर्दा पृथ्वीनारायण शाह एक कुशल आर्थिक चिन्तक भएको स्पष्ट हुन्छ ।

## सन्दर्भ सामग्री सूची


आचार्य, बाबुराम (२०२५), श्री ५ बडामहाराजधिराजको संक्षिप्त जीवनी, ( पहिलो भाग), काठमाण्डौं ।

ज्ञवाली, सूर्यविक्रम (२०३३), पृथ्वीनारायण शाह, दार्जिलिङ : नेपाली साहित्य सम्मेलन ।

दाहाल, पेशल (२०४८), नेपालको इतिहास : सुरुदेखि सुगौली सन्धिसम्म, काठमाडौं : एम के पब्लिसर्स एन्ड डिस्ट्रव्युटर्स ।

मानन्धर, त्रिरत्न (२०३२), नेपाल परिचय, कीर्तिपुर : त्रिभुवन शिवविद्यालय ।

शर्मा, देवीप्रसाद (२०४७), आधुनिक नेपालको इतिहास, काठमाडौं : रत्नपुस्तक भण्डार ।


*

# काव्यहेतुको स्वरूप : एक दृष्टि

खेमनाथ पौड्याल
साहित्याचार्य
शिवशताक्षी - ११, झापा

**सारवस्तु**

संस्कृत साहित्यशास्त्रको निरन्तर परम्परामा काव्यहेतु महत्वपूर्ण विषय हो । काव्यहेतुको मूख्य अर्थ काव्य निर्माणको कारण हो । कारणबिना कार्य उत्पत्ति असम्भव छ । अतः काव्य सिर्जना गर्ने कारण पनि अवश्य रहेको छ । काव्य सिर्जनाको सामर्थ्य उत्पन्न गर्ने विभिन्न कारणलाई नै काव्यहेतु भनिन्छ । संस्कृत काव्य सिर्जन परम्परामा विभिन्न विद्वानहरुले काव्यहेतुका सन्दर्भमा आफ्ना मत प्रस्तुत गरेका छन् । यहाँ संस्कृत काव्य सिर्जन परम्पराका विभिन्न कालखण्डका विभिन्न विद्वानहरुका काव्यहेतुका स्वरूपको चर्चा गरी स्पष्ट रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

**शब्दकुञ्जिका** : काव्यहेतु, प्रतिभा, व्युत्पत्ति, अभ्यास, काव्यशास्त्र ।

**विषय परिचय**

काव्यको रचना गर्ने व्यक्तिलाई कवि वा काव्यकार भनिन्छ । कवि शब्दको निष्पत्ति, कवृवर्णने धातुमा ई प्रत्यय लागेर बन्दछ । कविको अर्थ वर्णनकर्ता वा काव्य विमर्शकर्ता हुन्छ । लोकोत्तर वर्णनमा निपुर्ण कविको कर्मलाई काव्य भनिन्छ । यही काव्योत्पत्तिको कारण नै काव्यहेतु हो । यहाँ काव्यका हेतुहरुका चर्चा गर्दै काव्यहेतुका स्वरूपका सन्दर्भमा विवेचना गर्नु सान्दर्भिक देखिन्छ । अतः संस्कृत काव्यशास्त्रका प्रमुख आचार्यहरुको काव्यहेतु सम्बन्धी धारणा सहित प्रमुख काव्यहेतुका स्वरूप यहाँ प्रस्तुत गरिएको छ ।

**समस्या कथन, उद्देश्य र शोधविधि**

संस्कृत काव्य परम्परामा विभिन्न आचार्यहरुले काव्यहेतुको विषयमा आफ्ना धारणा प्रस्तुत गरेका छन् । विभिन्न कालखण्डमा प्रस्तुत भएका काव्यहेतुका धारणाहरुमा मतमतान्तर रहेका छन् ।  ती मतमतान्तरमा नाम भिन्न भएपनि सारवस्तुमा भने एकमत नै रहेको पाइन्छ ।  अतः वस्तु प्रस्तुत गर्ने नाम भिन्न भए पनि काव्यहेतुका सन्दर्भमा प्रतिभा, व्युत्पत्ति र अभ्यास नै काव्यको सन्तुलित र समन्वित रुपमा हेतु हुन भन्ने भनाइमा सबै विद्धान एक मत देखिन्छन् । यिनै काव्यहेतुको स्वरूपलाई समष्टिमा प्रस्तुत गर्नु यस लेखको उपलब्धि रहेको छ । यहाँ विभिन्न आचार्यहरुको मतसहित प्रतिमा, व्युत्पत्ति र

अभ्यासको चर्चा गर्ने र प्रष्ट पार्ने उद्देश्य राखिएको छ । विभिन्न आचार्यहरुको काव्यहेतु सम्बन्धि धारणाको व्याख्या र विवेचना गर्दै काव्यहेतुको स्वरूप प्रस्तुत गरिएको छ ।

**विषय विवेचन**

संस्कृत साहित्याचार्यहरुले सर्वमान्य रुपमा स्वीकार गरेका काव्यहेतुका तीन भेद प्रतिभा , व्युत्पत्ति र अभ्यासका विषयमा विभिन्न आचार्यका धारणा सहित निम्न चर्चा गरिएको छ ।

**(क) प्रतिभा :** कुनै पनि व्यक्तिलाई काव्य रचना गर्न समर्थ बनाउने शक्तिलाई नै प्रतिभा भनिन्छ । राजशेखरले प्रतिमाको स्वरूप स्पष्ट पार्ने क्रममा "सा शक्तिः केवल काव्य हेतुः"[१] भनेका छन् । भट्टतौतका विचारमा नित्यनवीन रसानुकूल विचार उत्पन्न गर्न समर्थ प्रज्ञाको नाम नै प्रतिभा हो । उनी भन्छन् - प्रज्ञानवोन्मेषशालिनी प्रतिभा मताः ।[२] आचार्य वामनले प्रतिभालाई जन्मबाटै प्राप्त हुने संस्कार रुप स्वीकारेका छन् । उनी प्रतिभाको अभावमा काव्य रचना नै सम्भव हुदैन भन्ने मान्दछन् ।[३] यसै सन्दर्भमा अभिनव गुप्तले प्रतिभाको परिभाषा गर्दै भनेका छन् - प्रतिभा अपूर्व वस्तु निर्माण क्षमा प्रज्ञा :[४] । अर्थात प्रतिभारुपी प्रज्ञा त्यस्तो रुप हो, जसले अपूर्व सृष्टि गर्ने क्षमता राख्छ । कवि वा काव्यकार यसैका बलमा काव्य सृजना गर्न समर्थ हुन्छन् ।

विभिन्न आचार्यहरुले प्रतिभाको भेद गरेका छन् । उनीहरुको मतलाई निम्न प्रस्तुत गरिएको छ ।

रुद्रटले प्रतिभालाई सहजा र उत्पाद्या गरी दुई भेद गरेका छन्[५] । उनको सहजा भेदबाट पूर्वजन्मको संस्कारहरुबाट प्राप्त प्रतिभा भन्ने बुझिन्छ भने उत्पाद्याको तात्पर्य यसै जन्ममा आर्जन गरिएको अर्जित प्रतिभा हो । राजशेखरले प्रतिभालाई कारयित्री प्रतिभा र भावयित्री प्रतिभा भनेर दुई भेद गरेका छन् । कारयित्री प्रतिभाको सम्बन्ध कवि वा काव्यकारसँग रहेको छ भने भावयित्री प्रतिभाको सम्बन्ध सहृदय (पाठक) सँग रहेको छ ।[६]

---

१ नगेन्द्र (सम्पा.), भारतीय काव्यशास्त्रकी परम्परा, पृ. १९८ ।
२ भगीरथ मिश्र, काव्यशास्त्र, पृ. २३ ।
३ नगेन्द्र, पूर्ववत्, पृ. ८० ।
४ ऐ., पूर्ववत्, पृ. ३७९ ।
५ ऐ., पूर्ववत्, पृ. ९६ ।
६ ऐ., पूर्ववत्, पृ. १७३ ।

हेमचन्द्रले प्रतिभालाई दुई भेद गरी सहजा र औषधीकी नाम दिएका छन् । यो रुद्रटद्धारा गरिएको भेद कै रुप हो । हेमचन्द्रको सहजा भेद जन्मजात प्रतिभासँग सम्बन्धित छ भने औषधिकी प्रतिभाको सम्बन्ध व्यक्तिको श्रम आदि विषयसँग सम्बन्धित छ ।[७]

वक्रोक्ति सम्प्रदायका प्रवर्तक आचार्य क्न्तकले प्रतिभा सम्बन्धि फरक दुष्टिकोण राखेका छन् । उनले शब्द र अर्थमा अपूर्व सौन्दर्य सृष्टि गर्न समर्थ तथा नाना प्रकारका अलङ्कारहरु, उक्ति वैचिञ्य आदिको विधान गर्न समर्थ शक्तिलाई प्रतिभा मानेका छन् ।[८] उनका विचारमा -

प्रतिभा प्रथमोद्‌भेद समये यत्र वक्रता ।
शब्दभिधेय योरन्त : स्फूरतीव विभाव्यते ॥ (व.जी)

आचार्य मम्मटले प्रतिभालाई नयाँ नामले पुकारेका छन् । उनी प्रतिभालाई शक्ति नामले स्वीकार्दछन् । उनी शक्तिलाई नै काव्यको बीज मानेर शक्ति विना काव्यो रचना असम्भव हुने मत प्रस्तुत गर्दछन् ।उनका विचारमाः- शक्तिः कवित्वको बीजरुप संस्कार विशेष हो[९]। शक्तिविना काव्य सृजन सम्भव हुँदैन । आचार्य अभिनव गुप्तका विचारमा प्रतिभा भनेको अपूर्ववस्तुको निर्माणमा सक्षम प्रज्ञा नै प्रतिभा हो । उनी भन्छन् - “प्रतिभा अपूर्ववस्तु निर्माण क्षमा प्रज्ञा ।”[१०] जयदेवले प्रतिभालाई मात्र काव्यको हेत मानेका छन् । उनले चन्द्रालोकमा हेत सम्बन्धी विचार व्यक्त गर्दै “प्रतिभैव श्रताभ्याससहिता कवितां प्रति हेतुः” भनेका छन् । साथै उनी प्रतिभाको सहकारी कारण शास्त्रानशीलन र अभ्यासलाई मान्दछन् ।[११]

संस्कृत साहित्यका आचार्यहरुले प्रतिभाको जुन प्रकारको स्वरूप स्पष्ट पारेका छन् ,त्यसलाई निम्न ढ्गले निष्कर्षको रुपमा प्रस्तुत गर्न सकिन्छ ।

१. प्रतिभा काव्यको मूल हेतु हो,
२. प्रतिभा ईश्वर प्रदत्त शक्ति हो,
३. प्रतिभा नवनवोन्मेषशालिनी प्रज्ञा हो,

---

७ भगीरथ मीश्र, पूर्ववत्, पृ. २३ ।
८ वकोक्तिकाव्यजीवितम् ।
९ थनेशचन्द्र उप्रैती (व्या.), काव्यप्रकाश, पृ. ६२ ।
१० ईश्वरकमार श्रेष्ठ, पूर्वीय तथा पाश्चात्य........, पृ. १६
११ श्रीनारायण मिश्र (व्या.), रसगङ्गाधर, पृ. १०

४.प्रतिभाको बलमा कविकाव्यकारहरु अपूर्व शब्दहरु, अपूर्व भावहरु, अलङ्कारहरु, उक्ति वैचित्र्य आदिको विधान गर्न समर्थ हुन्छन् ।

साहित्यशास्त्रमा काव्यहेतका सन्दर्भमा चर्चा गरिएका शक्ति र प्रतिभा एउटै वस्त हन् । राजशेखरले 'या शब्दग्रामर्थसार्थमलङ्कारतन्त्रमुक्तिमार्ग-मन्यदपि तथाविधं हृदयं प्रतिभासयति सा प्रतिभा'[१२] भनेर प्रतिभालाई प्रस्तुत गरेका छन् । यसलाई नै भामह, दण्डी, वामन, अभिनव गप्त, जयदेव र जगन्नाथले प्रतिभा भनेका छन् । यही प्रतिभालाई रुद्रट, आनन्दवर्धन र मम्मटले शक्ति नामले चर्चा गरेका छन् । अतः दुवै एउटै तत्व हन् । यसैलाई पष्टि गर्दै अभिनव गप्तले अव्युत्पत्ति कृतो दोषः शक्त्यासंवृयते कवेः[१३] भनेर आनन्दवर्धनको यस भनाइको व्याख्यामा शक्तिलाई प्रतिभा भनेका छन् । यस दृष्टिले प्रतिभा कारयित्री प्रतिभा र भावयित्री गरी दुई प्रकारको हुन्छ ।

कारयित्री प्रतिभाको बलमा कवि काव्यकारहरु कविता वा काव्य रचना गर्न समर्थ हुन्छन् । भावयित्री प्रतिभाको बलमा कुनै पनि पाठक वा सहदयहरु कविता वा काव्य बुझ्न समर्थ हुन्छन् ।सबै काव्यशास्त्री आचार्यहरुले प्रतिभाको महत्वलाई स्वीकार गरेका छन् र यसलाई नै काव्योत्पत्तिको मूल हेतु मानेका छन् ।

**(ख) व्युत्पत्ति**

व्युत्पत्तिको अर्थ निपुणता, पाण्डित्य वा विद्धता हुन्छ । ज्ञानको उपलब्धीलाई पनि व्युत्पत्ति भनिएको छ । व्युत्पत्तिजन्य ज्ञानको उपलब्धि शास्त्रहरुको अध्ययन र लोक व्यवहारको अवेक्षणबाट हुन्छ । विद्धानहरुको मत अनुसार साहित्यको गहन चिन्तन मननबाट कविको उक्तिमा सौन्दर्य समावेश हुन्छ र उनीहरुको रचना सुव्यवस्थित हुन पुग्छ, यसलाई नै व्युत्पत्ति भनिन्छ । राजशेखरका विचारमा उचित अनुचितको सम्यक ज्ञान नै व्युत्पत्ति हो । उनी भन्छन् - उचितानुचित विवेकौ व्युत्पत्ति[१४] । रुद्रटका अनुसार छन्द्र, व्याकरण, कला, पद र पदार्थको उचित अनुचितको ज्ञान गर्नुलाई व्युत्पत्ति भनिन्छ[१५] । यसै सर्न्दभमा आचार्य मम्मटले व्युत्पत्तिलाई नयाँ नामकरण गरेर निपुणता भनेका छन् । यो निपुणता चराचर जगतको निरीक्षण र काव्य आदिको

१२ ऐ., पूर्ववत्, पृ. ११ ।
१३ ऐ., पूर्ववत्, पृ. ११
१४ नगेन्द्र, पूर्ववत्, पृ. ९१
१५ ऐ., पूर्ववत्, पृ. १३३

अध्ययनबाट प्राप्त गर्न सकिन्छ[१६] । काव्यशास्त्रका आचार्यहरुले व्युपत्तिलाई काव्य हेतुमा दोश्रो स्थान दिएका छन् ।

व्युत्पत्तिका बलबाट कुनै पनि कवि वा काव्यकारले कुन ठाउँमा कुन शब्दको प्रयोग उचित हुन्छ भन्ने निर्णय गर्न सक्छ । साँच्चै भन्ने हो भने प्रतिभा र व्युत्पत्तिको समवेत रुप नै काव्य रचनाको हेतु हो । जसरी लावण्य बिना रुप फीका लाग्छ , त्यसरी नै रुप बिना लावण्य पनि आकर्षक लाग्दैन । लोक व्यवहारको ज्ञान र शास्त्र अध्ययनलाई कविलाई निर्माणमा त्रुटिहरुबाट बचाउँछ ।

व्युत्पत्तिको अर्थ नै विशिष्ट प्रकारले उत्पत्ति भएको वा बहुज्ञता भन्ने हुन्छ । यसर्थ कविकाव्यकारमा वर्ण्य विषयको ज्ञान, ऋतु ज्ञान, देश ज्ञान, भौगोलिक जानकारी आदिले पुर्णता भए कविता काव्यमा त्रुटि आउने सम्भावना रहँदैन, अन्यथा अल्पज्ञ काव्यकारले मरुभूमिमा मकै खेतीको वर्णन गर्न सक्छन् । शब्दशिल्प र भाषामा अधिकार बहुज्ञताबाट मात्र प्राप्त गर्न सकिन्छ । अत : कविकाव्यकारले निरन्तर सजग रहन आवश्यक हुन्छ । बहुज्ञताबाट मात्र काव्यकारले उत्तम काव्य रचना गर्न समर्थ हुन्छन् ।

**(ग) अभ्यास**

काव्य निर्माणको तेस्रो हेतु अभ्यास हो । आचार्य भामहका विचारमा शब्दार्थको स्वरूप ज्ञान गरेर सतत अभ्यासबाट काव्यको उपासना गर्नु पर्दछ, साथै अन्य कविहरुको कृतित्वको अध्ययन पनि गर्नु पर्दछ । यस कार्यबाट अभ्यास नित्यप्रति दृढ बन्दै जान्छ[१७] । यसै क्रममा आचार्य बामनले पनि अभ्यासलाई महत्व दिएर आफ्नो मत प्रस्तुत गरेका छन् । उनी भन्दछन - अभ्यासोहि कर्मसु कौशलं भावहिति"[१८] । अथार्थ अभ्यासबाट नै कवि कर्ममा कुशलता प्राप्त गर्न सकिन्छ । आचायृ दाण्डीले त अभ्यासलाई नै काव्यको प्रमुख हेतु मानेका छन् । उनका अनुसार प्रतिभा र व्युत्पत्तिको अभावमा अभ्यासबाट मात्र पनि काव्य रचनामा कोही पनि कुशल काव्यकार हुन सक्छ । सरस्वतीको साधनाबाट र शास्त्रहरुको श्रवणबाट कोही पनि व्यक्ति सफल कवि वा काव्यकार बन्न सक्छ[१९] । आचार्यदण्डीको यो धारणा अन्य आचार्यहरुले स्वीकार गरेका छैनन् ।

---

१६ थानेशचन्द्र उप्रैती, पूर्ववत्, पृ. ६२
१७ नगेन्द्र, ऐ., पूर्ववत्, पृ. ३८
१८ ऐ., पूर्ववत्, पृ. ९५
१९ ऐ., पूर्ववत्, पृ. ५२।

प्रतिभाको अभावमा काव्य रचना सम्भव नै हुँदैन । पुनः कोरा अभ्यासले व्यक्ति कसरी कवि वा काव्यकार बन्न सक्छ ? अर्थात अभ्यास मात्रले व्यक्तिलाई काव्यकार बनाउन सक्दैन । तथापि अभ्यासको महत्वलाई अस्वीकार गर्न सकिदैन । प्रारम्भमा प्रतिमा सम्पन्न कविकाव्यकारहरुले पनि राम्रा कविता काव्य लेख्न सक्दैनन् । निरन्तर अभ्यासबाट मात्र उनीहरुको कविता काव्यमा निखार आएको हुन्छ । यसै तथ्यलाई पुष्टि गर्न राजशेखरले स्पष्ट परिभाषित गरेका छन् - "निरन्तर प्रयास गरिरहनु नै अभ्यास हो ।" कीर्ति चाहने कविकाव्यकारले आलस्य त्यागेर प्रतिदिन सरस्वतीको उपासना गर्नुपर्दछ साथै निरन्तर कविकर्मको अभ्यास गरिरहनु पर्दछ[२०] । यस सन्दर्भमा काव्य निर्माणमा अभ्यासको महत्व पनि अपरिहार्य नै रहेको छ ।

### निष्कर्ष

उपयुक्त काव्यहेतुका विवेचनका आधारमा हेर्दा प्रतिभा, व्युत्पत्ति र अभ्यास नै काव्य निर्माणका प्रमुख हेतु हुन्। तथापि प्रतिभालाई नै सर्वप्रमुख काव्य हेतु मानिन्छ । यसलाई व्युत्पत्ति र अभ्यासबाट निरन्तर निखार्न सकिन्छ । वस्तुत : यी तीनवटै काव्यहेतुको समन्वित रुप नै कव्यको हेतु हो । यी तीन हेतुलाई अलग अलग दृष्टि दिएर काव्य हेतु पूर्ण हुन सक्दैन । पानीलाई बारबार छानेर विशुद्ध र निर्दोष बनाइन्छ । जसरी काँस र तामाका भाँडालाई बारबार माझेर चकाइन्छ, सुन्दर बनाइन्छ, त्यसरी नै काव्यहेतुका रुपमा रहेका व्युत्पत्ति र अभ्यासले निखारेर प्रतिभालाई निर्दोष र आकर्षक बनाउन सकिन्छ ।

### सन्दर्भसामग्रीसूची

नगेन्द्र(सम्पा.), भारतीय काव्यशास्त्र की परम्परा, नेशनल पब्लिसिड हाउस, दिल्ली, २०१३
नारायण मिश्र, व्याख्या, रसगडगाधर, कृष्णदास अकादमी, वाराणसी, २०५३
भगीरथ मिश्र, काव्यशास्त्र, विश्वविद्यालय प्रकाशन, वाराणसी, वि सं २०२९
विनायक गणेश आप्टे, व्याख्या, काव्यप्रकाश, आनन्दाश्रम, २०२९
राधावल्लभ त्रिपाठी, संस्कृत काव्यशास्त्र और काव्य परम्परा, प्रतिभा प्रकाशन, दिल्ली, २००४
हजारीप्रसाद द्विवेदी, काव्यशास्त्र,भारतीय साहित्य मन्दिर, दिल्ली, १९६६

*

२० ऐ., पूर्ववत्, पृ.१९० ।

# भाषा, व्याकरण र पत्रकारिता

डा. खेमराज खनाल
सहप्राध्यापक
ने.सं.वि., पिण्डेश्वरविद्यापीठ

## भाषाको अर्थ र परिभाषा

भाष्यते इति यो विग्रहमा संस्कृतको भाष् (भाष व्यक्तायां वाचि) धातुबाट **गुरोश्च हलः** (पा.सू. ३।३।१०३) सूत्रले अ प्रत्यय र स्त्रीत्वविवक्षामा **अजाद्यतष्टाप्** (पा.सू. ४।१।४) सूत्रले टाप् (आ) प्रत्यय भएर स्त्रीलिङ्गमा 'भाषा' शब्दको निर्माण हुन्छ । यसको सामान्य अर्थ हुन्छ बोली, वाणी । भाषावैज्ञानिकहरूले यसको व्यापक परिभाषा गरेका छन् । भाषावैज्ञानिकद्वय मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले आफ्नो किताब *आधुनिक भाषाविज्ञान*मा विभिन्न विद्वान्हरूका परिभाषा पर्गेलेर यसको यस प्रकार परिभाषा गरेका छन्, "मानव समुदायमा सम्प्रेषणको कार्य गर्ने यादृच्छिक र परम्परित वाक्प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ ।" सामान्य रूपमा मानवमात्रले विचार आदानप्रदान गर्नका लागि प्रमुख माध्यम बनेको सार्थक ध्वनिसमूह भाषा हो । *नेपाली बृहत् शब्दकोश*मा यसै कुरालाई पुष्टि गर्दै भनिएको छ, "मनका भाव वा विचार अरूछेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समूह; आशय वा भाव व्यक्त गर्ने सार्थक ध्वनिसमूह ।" शिक्षापदाधिकारीले कथ्य र लेख्य दुबै भाषालाई समेटेर यस प्रकार परिभाषा गरेका छन्, "मनको भाव व्यक्त गर्ने सार्थक ध्वनि तथा लिखित अक्षरलाई भाषा भनिन्छ ।" सङ्केतबाट पनि विचारको आदानप्रदान हुन्छ । मानवले प्रयोग गर्ने साङ्केतिक भाषा पनि छ । साङ्केतिक भाषा भनिए पनि भाषा शब्दबाट मात्र त्यो बुझिँदैन । साङ्केतिक विशेषण लगाउनै पर्दछ । सङ्केत भनेको इसारा हो । यसबाट विचारको आदानप्रदान भए पनि यो भाषाजस्तो सहज र व्यवस्थित हुदैन । त्यसैले सङ्केत विचार विनिमय गर्ने सार्थक ध्वनियुक्त माध्यम मानिदैन । सङ्केत मानवमा मात्र नभएर मानवेतर प्राणीमा पनि पाइन्छ । पशुपन्छीहरू सङ्केतका सहायताले मात्र मनका भावना साट्तछन् । त्यसलाई पशुको भाषा पनि भनिन्छ तैपनि त्यो मान्छेको बोलीजस्तो व्यवस्थित, सहज र सरल हुदैन ।

### व्याकरणको अर्थ र परिभाषा

व्याक्रियन्ते व्युत्पाद्यन्ते शब्दा अनेन यो व्युत्पत्तिबाट संस्कृतमा वि र आ उपसर्ग रहेको कृ (डुकृञ् करणे) धातुबाट **करणाधिकरणयोश्च** (पा.सू. ३।३।११७) यो सूत्रले ल्युट् (अन) प्रत्यय भएर व्याकरण शब्दको निष्पत्ति हुन्छ । यसअनुसार व्युत्पादन गरिन्छन् शब्दहरू जसबाट त्यो व्याकरण हो । व्युत्पादनको शाब्दिक अर्थ ज्ञान हो । व्याकरणका सवालमा भने प्रकृति-प्रत्यय, उपसर्ग-आधारपद, द्वित्व, सन्धि, समास आदिबाट नयाँनयाँ शब्दहरूको निर्माणलाई व्युत्पादन भनिन्छ । व्युत्पादनको मूल आधार नै व्याकरण हो । वस्तुतः व्याकरण भाषाको अनुशासनशास्त्र हो, नियम हो र विधि हो । भाषालाई व्यवस्थित गर्न, एकरूपता दिन र मानकता प्रदान गर्न व्याकरणले ठूलो सहयोग पुऱ्याएको हुन्छ । व्याकरणको यही व्यापकतालाई स्वीकार गर्दै *नेपाली बृहत् शब्दकोश*मा यसको यसप्रकार अर्थ गरिएको छ, "कुनै भाषाका शब्द, शब्दका विभिन्न रूप, तिनको संरचनाविधि, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्परिक सम्बन्ध खुट्याउनुका साथै शब्द, वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमको निरूपण गर्ने शास्त्र; शब्द तथा वाक्यसम्बन्धी नियम र उदाहरणको सङ्कलन गर्ने शास्त्र ।" शिक्षापदाधिकारीले व्याकरणलाई भाषालाई शुद्ध गरी बोल्न वा लेख्न सिकाउने ग्रन्थ भनेका छन् । नेपाली वैयाकारण दीपक लुइँटेलले व्याकरणलाई भाषाको व्यवस्थित अध्ययन गर्ने शास्त्र मानेका छन् । यी परिभाषाले पनि व्याकरणलाई भाषाको नियमशास्त्रका रूपमै लिएको देखिन्छ । हरेक सामाजिक कामकुराको नियम हुन्छ । नियमविपरीत काम गर्ने मानिसलाई सभ्य समाजले स्वीकार गर्दैन । भाषा पनि सामाजिक वस्तु हो । यसका पनि निश्चित नियम छन् । भाषाको नियमलाई व्याकरण वा व्याकरणशास्त्र भनिन्छ ।

### पत्रकारितामा भाषा र व्याकरणको महत्त्व

पत्रं करोति यो विग्रहमा संस्कृतको पत्र उपपदमा रहेको कृ (डुकृञ् करणे) धातुबाट **कर्मण्यण्** (पा.सू. ३।२।१) सूत्रले अण् (अ) प्रत्यय र **उपपदमतिङ्** (पा.सू. २।२।१९) सूत्रले उपपद समास भएर पत्रकार शब्द बन्छ । यसको शाब्दिक अर्थ हुन्छ पत्र लेख्ने, पत्र कोर्ने वा पत्रको काम गर्ने मानिस । वर्तमान अवस्थामा पत्रकार भन्नाले समाचार सङ्कलन, सम्पादन र प्रकाशन गर्ने व्यक्ति भन्ने बुझिन्छ । एउटा पत्रकार स्वतन्त्र लेखक पनि हो । उसले

समाचारसम्बन्धी काममात्रै गर्दैन । अन्य साहित्यिक, राजनीतिक, साँस्कृतिक, आर्थिक लगायत विषयका लेखरचना लेख्ने, अरूका रचना, विभिन्न विषय र घटनाको टीकाटिप्पणी गर्ने कामसमेत गर्दछ । अरूका विभिन्न विषयका लेखरचना र टीकाटिप्पणी सङ्कलन गर्ने र प्रकाशन गर्ने काम पनि पत्रकारले गर्दै आएकै छन् । यसबाट पत्रकारिता भनेको पत्रकारको पेसागत कर्म हो भन्ने बुझिन्छ । पत्रकारको पेसा लेखनकर्मसँगै गाँसिएको र त्यो मुख्यरूपमा भाषासँगै सम्बन्धित छ भन्ने कुरा पनि यसबाट स्पष्ट हुन्छ । अभिव्यक्तिका हिसाबले भाषा दुई प्रकारको हुन्छ कथ्य र लेख्य । कथ्य भनेको बोलिने र लेख्य भनेको लेखिने हो । समाचार टिपोट गर्न, सम्पादन गर्न र प्रकाशन गर्न लेख्य भाषाकै प्रयोग गरिन्छ । लेख्य भाषा व्याकरणसम्मत हुन्छ ।

एउटा पत्रकारले भाषाको राम्रो ज्ञान गरेकै हुनुपर्दछ । उसको सर्वस्व भाषामा लुकेको हुन्छ । उसले सर्वस्व भाषाबाटै लुटाउँदछ । भाषा उसले दिने सन्देशहरू बोक्ने माध्यम हो । भाषा जति स्पष्ट, सरल, सरस, प्रभावकारी र सम्प्रेष्य हुन्छ, उसको सन्देश त्यति नै बलवान् र जनप्रिय हुन्छ । पत्रपत्रिका, लेखक/पत्रकारको विचार, सन्देश, रचना र स्वयं लेखक/पत्रकारलाई जनतामाझ चिनाउने प्रमुख माध्यम भाषा नै हो । यसकारण भाषा पत्रकारको पहिलो धन बन्न जान्छ । पाठकले पनि पत्रपत्रिकाबाट भाषा सिक्दछ । सामान्य पाठकहरू जो व्याकरणको ज्ञानबाट ठगिएका हुन्छन्, उनीहरू अखबार पढेर भाषा सिक्दछन् । त्यसलाई अनुकरण र अनुसरण गर्दछन् । पत्रपत्रिका लेख्य भाषाको प्रयोग स्थल पनि हो । पत्रपत्रिकाले भाषिक/व्याकरणिक मान्यतालाई स्थापित गर्न सहयोग पुऱ्याउँछन् । भाषा र व्याकरणमा ध्यान नपुऱ्याउने लेखक/पत्रकारहरू बौद्धिक वर्गका अगाडि आलोचनाका विषय पनि बन्छन् । यसकारण पत्रकारले भाषाको सही प्रयोग गर्न जानेकै हुनुपर्दछ । यहाँ पत्रकारले ध्यान दिनुपर्ने भाषिक पक्षलाई बुँदागत रूपमा राखिएको छ-

१. साधारण रूपमा जनभाषाको प्रयोग गर्नु राम्रो हुन्छ । २. छोटा र सरल वाक्यको प्रयोग गर्नुपर्दछ । ३. कर्तृवाच्यको बढी प्रयोग गर्नुपर्दछ । ४. ठोस ( अभिधा) अर्थ जनाउने भाषाको प्रयोग गर्नुपर्दछ । ५. विषय, सन्दर्भ, वर्ग, उद्देश्य र क्षेत्र अनुसार झर्रा, तद्भव, साँस्कृतिक, स्थानीय शब्दहरू र उखानटुक्काको प्रयोग गर्नु राम्रो मानिन्छ । ६. वर्णविन्यास, हिज्जे, शुद्धाशुद्धिलाई ख्याल गर्नुपर्दछ ।७. पदसङ्गति र पदक्रममा उचित ध्यान पुऱ्याउनु पर्दछ । ८.

आफूले प्रयोग गरेका शब्दको अर्थ राम्ररी बुझेको हुनुपर्दछ । ९. एकार्थी, प्रासङ्गिक र सन्देहरहित शब्दहरू प्रयोग गर्नुपर्दछ । १०. पूर्णविराम, अर्धविराम, अल्पविराम जस्ता भाषिक चिह्नहरूको समुचित प्रयोग गर्नुपर्दछ । ११. व्याकरण सम्मत, मानक र जनप्रिय भाषाको प्रयोग गर्नुपर्दछ ।

पत्रकारले ध्यान पुऱ्याउनुपर्ने मुख्य व्याकरणिक पक्ष :

भाषालाई व्याकरणले शिष्ट र मर्यादित बनाउँछ । पत्रकारले सर्वसम्मत भाषिक नियमको पालना गर्नुपर्दछ । भाषा गतिशील वस्तु भएकाले यसका नियम पनि समयसमयमा बद्लिँदै जान्छन् । भाषाविद्हरूले भाषामा आएको परिवर्तनलाई हेरी व्याकरणलाई खुकुलो र समयसम्मत बनाउन पहल गर्छन् । त्यसलाई सर्वसाधारण जनसमक्ष पुऱ्याउने काम लेखक/पत्रकारकै हो । यसैले भाषा र व्याकरणमा आएको परिवर्तनलाई पनि एउटा जिम्मेवार पत्रकारले आत्मसात गर्दै जानुपर्ने हुन्छ । एउटा सिकारु पत्रकारका लागि एकैचोटि व्याकरणका सारा नियमहरूमा पहुँच पुऱ्याउन सम्भव छैन । पहिले आधारभूत कुराहरू सिक्नुपर्दछ । त्यसका लागि एउटा नेपाली पत्रकारले तत्काल सिक्नुपर्ने केही आधारभूत व्याकरणिक नियमहरूको यहाँ सामान्य चर्चा गरिन्छ ।

**१. वर्णविन्यास**

वर्णविन्यास पूर्णरूपमा लेख्य भाषासँग सम्बन्धित छ । शब्दमा आएका वर्णहरूको शुद्ध, व्यवस्थित र क्रमिक रखाइ नै वर्णविन्यास हो । यसलाई हिज्जे वा शुद्धाशुद्धि पनि भनिन्छ । वर्ण भनेको भाषाको अर्थमा प्रभाव पार्ने ध्वनि हो । नेपाली भाषामा वर्ण दुई प्रकारका छन् स्वर (अच्) र व्यञ्जन (हल्) । अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ओ, ऐ, औ, अं, अः= यिनीहरू स्वर वर्ण हुन् । स्वर वर्णलाई अच् पनि भनिन्छ । क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, श, ष, स, ह, क्ष, त्र, ज्ञ= यिनीहरू व्यञ्जन वर्ण हुन् । व्यञ्जनलाई हल पनि भनिन्छ । हरेक शब्द यिनै वर्णहरूको क्रमिक र व्यवस्थित मेलबाट बनेको हुन्छ । शब्द लेख्ता कुन वर्णपछि अर्को कुन वर्ण लेख्ने ? ह्रस्व वा दीर्घ लेख्ने ? श-ष-स मध्ये कुन राख्ने ? ब-व मध्ये कुन लेख्ने ? आदिकुरासँग वर्णविन्यासको सम्बन्ध हुन्छ । यिनै कुरालाई मिलाएर लेख्नु वर्णविन्यास हो । वर्णविन्यास मिलेन भने शब्दको अर्थमा फरक पर्न जान्छ । लेखकको आशय स्पष्ट हुदैन । वर्णविन्याससँग सम्बन्धित केही प्रमुख नियमहरू तल दिइएका छन् ।

## १. ह्रस्व - दीर्घ (इ - ि, ई - ी, उ - ु , ऊ - ू ) सम्बन्धी नियम

क) ह्रस्वसम्बन्धी नियम-

ह्रस्व भनेका माथि फुर्को नभएको 'इ' र पिछाडि फुर्को नभएको 'उ' हुन् । यी दुबै स्वर वर्ण हुन् । यी स्वतन्त्र हुँदा 'इ' र 'उ' का रूपमा आउँछन् । व्यञ्जन वर्णसँग मिले र आउँदा ' ि ' (इ) र ' ु ' (उ) का रूपमा आउँछन् । जस्तै स्वतन्त्र 'इ' को प्रयोग इलाम, काँइली, बसाइ आदि । व्यञ्जनसँग मिलेर आउँदा किताब, गरिमा, पनाति आदि । स्वतन्त्र 'उ' को प्रयोग उकालो, भाउजू, दाउ आदि । व्यञ्जनसँग मिलेर आउँदा कुमारी, कसुर, घरेलु आदि ।

(अ) शब्दका सुरुमा ह्रस्व हुने नियम- शब्दको सुरुका निम्न ठाउँका 'इ' र 'उ' ह्रस्व हुन्छन्-

- वि, बि, नि, निर्, निस्, दुर्, दुस्, सु, उप, उत्, कु यी उपसर्गमा- वि- विकास, बि- बिसन्चो, नि- निवेदन, निर्- निर्णय, निस्- निश्चय, दुर्- दुर्गम, दुस्- दुष्परिणाम, सु- सुरक्षा, उप- उपस्थित, उत्- उत्पत्ति, कु- कुकर्म आदि ।
- सम्पूर्ण तद्भव र आगन्तुक नाम शब्दमा- नुन, कित्ली, पुलिस, घुँडो, कुकुर, इन्जिन, धितो, चिन्तन, उजुर, मुजुर, गुन, किरो, रिस, रिन, बुढ्याइँ, उल्लु, मितेरी, लेखाइ, पढाइ, पिरती, झुप्पो, पिप्ला, मिलाप, इमान, खुर्मी आदि ।
- केही तत्सम शब्दमा- मिलन, किताब, निद्रा, सिंह, विश्व, विष्णु, चिन्ता, किरण, क्रिया, चिकित्सा, जिज्ञासा, जिजीविषा, चित्रण, जित, तिरस्कार, पिण्ड, हिमालय, विद्यार्थी, विद्वान् आदि । विकल्प (नियमभित्र नपर्ने)- गीत, चूर्ण, नीति, प्रीति, पूर्णिमा, रीति, जीव, जीवन, दूषित, मूर्ख, मूर्च्छा, मूर्ति, मूल्य, कीर्ति, भूत, पूजा, धूप, जून, पीडा, भूमि आदि ।
- दीर्घ सुरुमा हुने शब्ददेखि प्रत्यय लागेमा- पूजा- पुजारी, मूर्ख- मुर्ख्याइँ, धूप- धुपौरो, जून- जुनेली, भूत- भुताहा, पूर्व- पुर्बेली, चीन- चिनियाँ, पीर- पिराहा, भूटान- भुटाने, मूल- मूल्याहा, धूर्त- धुर्त्याइँ, दूर- दुरी, गीत- गिताङ्गे, स्वीकार- स्विकार्नु आदि । विकल्प- कीर्तिमान्, जीवनी, नीलिमा, मूर्च्छित, पीडित, मूल्यवान् आदि ।
- सम्पूर्ण तद्भव र आगन्तुक विशेषणमा- दुब्लो, पिरो, ठुलो, मिठो, दुधालु, जुम्सो, उल्टो, घुस्याहा, रित्तो, गुलियो, सुस्त, तितो, चिप्लो, चिसो, निलो, मिजासिलो, बुलन्द आदि ।

- उमेर र साइनो बुझाउने शब्दमा- बुढो, बुढी, युवा, युवती, किशोर, किशोरी, फुपू, फुपाजु, बुबा, दिदी, भिनाजु, ठुलेमा, बुहारी आदि । विकल्प- श्रीमान्, श्रीमती आदि ।
- 'द्वि' र 'त्रि' बाट सुरु हुने शब्दमा- द्विविधा, द्वित्व, द्विवचन, त्रियासी, त्रिभुज, त्रिकाल, त्रियहत्तर, त्रिचालीस, त्रिसठ्ठी, त्रिपन्न, त्रिफला, त्रिवेणी, त्रिशूल, त्रिवर्षीय, त्रिभुवन आदि ।
- एउटा अक्षरभन्दा बढीको सर्वनाममा- तिमी, उनी, यिनी, तिनी, उहाँ, कुन, जुन ।
- सम्पूर्ण अव्ययमा- मुनि, सित, तिर, भित्र, हिजो, विना, निम्ति, बिच ( बीच पनि लेखिन्छ), किन, छिः, पिछाडी, निर, उँभो, उँधो, धिक्कार, कि, लु, नि, दिउँसो, बिस्तारै, छिट्टै, बिछट्टै, सितिमिति, मुताबिक, उता, बिहान, निक्कै, उप्रान्त, सिबाय, उहाँ, यहाँ आदि ।
- सम्पूर्ण अनुकरणात्मक शब्दमा- झुलुक्क, लुपुलुपु, झिलिमिली, टुप्लुक्क, किक्लिक्क, रिमिझिमी, सिमसिम, निथ्रुक्क, सुटुक्क, पिलिक्क, पिटिक्क, झिसमिस, मिरमिर, रिमरिम, चुर्लुम्म, गुटुमुटु आदि ।
- सम्पूर्ण धातु र धातुबाट बनेका शब्दमा- हिँड्- हिँड्छ, हिँडाइ दि- दियो, दिएर हु- हुनेछ, हुन, लि- लिएछ, लिँदै, चिन्- चिन्ला, चिनेको, भुक्- भुकोस्, भुक्नु धु- धुँदै छ, थुक्- थुकी छे, कुट्- कुट्ली आदि ।
- सम्पूर्ण थर, जाति, धर्म र पेसा बुझाउने शब्दमा- धिमाल, घिमिरे, दुलाल, जिमी, कुलुङ, लिम्बू, सुनुवार, गुर्वाचार्य, गुरुङ, कुम्हाले, सिबाकोटी, सुवेदी, उद्योगी, इलमी, इन्जिनियर, शिक्षक, उकिल, पियन, शुद्र, हिन्दू, मुस्लिम, क्रिश्चियन, बुद्ध, कुरान, पुराण, त्रिपिटक, आदि ।

(आ) शब्दका बिचमा ह्रस्व हुने नियम- शब्दको बिचका निम्न ठाउँका 'इ' र 'उ' ह्रस्व हुन्छन् -

- दुई अक्षर भएका उपसर्गबाट निर्मित शब्दमा- अति- अतिचार, अधि अधिकार, अनु- अनुवाद, प्रति- प्रतिकार, परि- परिवार, अभि- अभिनय आदि । विकल्प- परीक्षा, प्रतीक्षा, परीक्षण, अभीष्ट, अतीत आदि ।

- इक, इका, इम, इमा, इत, इष्ठ, उक, ता, त्व, इय प्रत्यय लागेका शब्दमा- इक- सामाजिक, नैतिक इका- शिक्षिका, गायिका, इम- स्वर्णिम, रक्तिम, इमा- लालिमा, गरिमा, इत- पतित, सम्बन्धित, इष्ठ- घनिष्ठ, बलिष्ठ, उक- भावुक, इच्छुक ता- इमानदारिता, आशावादिता, त्व- दायित्व, स्थायित्व, इय- राष्ट्रिय, इन्द्रिय आदि । विकल्प- नारीत्व, कुमारीत्व, स्त्रीत्व आदि ।
- इया, इयाँ, इलो, इयार, उवा प्रत्यय लागेका शब्दमा- इया- भरिया, हटिया, इयाँ- जहानियाँ, घरानियाँ, इलो- रसिलो, मलिलो, इयार- हतियार, होसियार, उवा- भँडुवा, सरुवा आदि ।
- सम्पूर्ण आगन्तुक, झर्रा र तद्भव शब्दमा- मानिस, कम्प्युटर, हाजिर, कानुन, हजुर, मौसुफ, इन्जिन, लालटिन, लसुन, गुन्द्रुक, बुथुर्की, भुकुले, रेडियो, हरियो, अमिलो, खुकुलो, बलियो, सिकिस्त, अपिस, बाटुलो, सहिद, गरिब, भानिज, भतिज, नतिजा, अमेरिका, पाकिस्तान आदि ।
- पुलिङ्गी शब्दलाई स्त्रीलिङ्गी बनाउँदा- राई- रइनी, कार्की- कर्किनी, लिम्बू- लिम्बुनी, थारू- थरुनी, छेत्री- छेत्रिनी, धामी- धमिनी, सम्धी- सम्धिनी, कामी- कमिनी, सार्की- सर्किनी, दमाई- दमिनी आदि ।
- धातु र क्रियापदमा- दिनु छ, नुहाउनुपर्छ, खाइन्छ, हिँडिने छ, बसिन्, आइन, उठ्नुपर्छ, अघाइसकेछ, गरिसक्यो, मिलिएछ आदि । विकल्प- इच्छार्थक क्रियाका 'ऊ' आऊन्, बसून्, कुटिऊन् आदि ।
- सम्पूर्ण अव्यय पदमा- बाहिर, मुन्तिर, वरिपरि, दिउँसो, अहिले, उहिले, पहिले, जहिले, कहिले, माथिल्लो, नजिक, बित्तिकै, सामुन्ने, बमोजिम, खातिर, चाइन्जो, करिब आदि ।
- अनुकरणात्मक शब्दमा- झुलुक्क, मिलिक्क, घुटुक्क, लुटुपुटु, सिमसिम, रिमझिम, कुहुकुहु, मुसुक्क, टिलपिल, झिलमिल, किक्लिक्क, थुचुक्क, पुक्लुक्क, पिलिक्क आदि ।
- सङ्ख्यावाचक शब्दमा- बाइस, पच्चिस, उन्तिस, पैँतिस, चालिस, सत्ताइस, अड्तिस, सैँतालिस, एकाउन्न, बाउन्न आदि । विकल्प- पच्चीस, चालीस, उन्तीस लेख्ने चलन पनि ।

(इ) शब्दका अन्त्यमा ह्रस्व हुने नियम- शब्दको अन्त्यका निम्न ठाउँका 'इ' र 'उ' ह्रस्व हुन्छन् -

- अन्त्यमा 'ति' (टि) प्रत्यय आउने शब्दमा- पङ्क्ति, पति, मिति, कृति, गति, स्थिति, मति, शान्ति, भक्ति, वृष्टि दृष्टि, सृष्टि, पुष्टि, त्रुटि, जाति, सम्पत्ति, मूर्ति, व्यक्ति, नियुक्ति, क्षति, कीर्ति, मूर्ति, विसङ्गति, संस्कृति, प्रकृति, सभापति, राष्ट्रपति, विकृति, वृत्ति, रति आदि ।
- अन्त्यमा 'धि' आउने शब्दमा- व्याधि, विधि, निधि, वृद्धि, सन्धि, बुद्धि, परिधि, औषधि (औषधी पनि हुन्छ), समृद्धि, शुद्धि, सिद्धि, अवधि, समाधि, प्रविधि, प्रतिनिधि आदि । विकल्प- सम्धी, आँधी, सम्बन्धी आदि ।
- अन्त्यमा नि आउने शब्दमा- मुनि, ध्वनि, अग्नि, हानि, ग्लानि, शनि, योनि, शकुनि आदि । विकल्प- (ईकारान्त शब्द) जुनी, ज्ञानी, गुनी, धुनी आदि । स्त्रीलिङ्गी शब्द- बहिनी, धमिनी, लिम्बुनी, लम्जेल्नी आदि ।
- अन्त्यमा आलु, आरु, एलु, आउ, उ प्रत्यय आउने शब्दमा- आलु- पिँडालु, लयालु, दयालु, आरु- सिकारु, जुझारु, एलु- वनेलु, घरेलु, आउ- चुनाउ, बचाउ, उ- जिज्ञासु, मित्रु, शत्रु, पत्रु, मुमुक्षु आदि ।
- अन्त्यमा रु, भु, वि, षि, णि आउने शब्दमा- रु- चरु, गुरु, तरु, सुचारु, भु- प्रभु विभु, शम्भु, वि- रवि, कवि, हवि, छवि, षि- कृषि, ऋषि, णि- मणि, पाणि आदि ।
- पुलिङ्ग नाता बुझाउने शब्दमा- ज्वाइँ, भाइ, दाइ, पोइ, नाति, पनाति, पति, जेठाजु, बराजु, बाबु, भिनाजु, फुपाजु, दाजु, गोरु, साढु आदि । विकल्प- सम्धी, हात्ती, खसी, स्वामी आदि ।
- अव्ययमा- यद्यपि, तथापि, तैपनि, पनि, अनि, निम्ति, चाहिँ, मुनि, माथि, यति, उति, जति, त्यति, कति, वारि, पारि, वरिपरि, पछाडि, अगाडि, भोलि, पर्सि, निकोर्सि, अघि, पछि, लागि, फेरि, चोटि, स्वस्ति, अस्ति, राति, देखि, कुन्नि, कोनि, बाजि, खालि, एक्कासि, हगि, बरु, खोइ, फेरि, नाइँ, किनकि, पालि, किन्तु, परन्तु, घरि, दिनहुँ, हुबहु, सामु आदि । विकल्प- अरी प्रत्यय लागेका शब्द- यसरी, उसरी, जसरी, कसरी, त्यसरी, राम्ररी, बेसरी आदि ।

- आइ, आइँ, याइँ र नु प्रत्यय लागेर बनेका भाववाचक नाममा- आइ- हिँडाइ, लवाइ, पढाइ, चौथाइ, एकाइ, आइँ- रोपाइँ, शुद्धाइँ, याइँ- कपट्याइँ, दुष्ट्याइँ, बुढ्याइँ, नु- खानु, जानु, बस्नु, उठ्नु, रमाउनु आदि ।
- मानवेतर उकारान्त नाममा- आलु, भालु, भानु, दानु, दाउ, छानु, लिस्नु, हुस्सु, सिस्नु, गहुँ, हिउँ, किम्बु, घिउ, मासु, ज्वानु, तुनु, केराउ, गाउँ, बिउ, कट्टु, साहु आदि ।
- सम्पूर्ण उकारान्त ठाउँ बुझाउने शब्दमा- कपिलवस्तु, बालाजु, मलेखु, मुगु, साँखु, टेकु, उलुघुट्टु, लखनउ, सोलुखुम्बु, मकालु, दुल्लु आदि । विकल्प- काठमाण्डू ।
- सम्पूर्ण उकारान्त अनुकरणात्मक शब्दमा- कुटुकुटु, गुटुटु, गुटुमुटु, लुटुपुटु, हुनुनु, लुरुलुरु, सुरुसुरु, छुनुमुनु, घुटुघुटु, कुलुकुलु, खुरुखुरु आदि ।

ख) दीर्घसम्बन्धी नियम-

दीर्घ भनेका माथि फुर्को भएका ‘ई’ र पिछाडि फुर्को भएको ‘ऊ’ हो । यी दुबै स्वर वर्ण हुन् । यी दुई शब्दमा स्वतन्त्र आउँदा ‘ई’ र ‘ऊ’ का रूपमा आउँछन् भने व्यञ्जन वर्णसँग मिलेर आउँदा ‘ ी ’ (ई) र ‘ ू ’(ऊ) बनेर आउँछन् । जस्तै स्वतन्त्र ‘ई’को प्रयोग- ईश्वर, तराई आदि व्यञ्जनसँग मिलेर आउँदा- स्वीकार, वर्गीकरण, अधिकारी आदि । स्वतन्त्र ‘ऊ’ को प्रयोग- ऊर्जा, खाऊन्, रमाऊ आदि । व्यञ्जनसँग मिलेर आउँदा- धूर्त, हिँडून्, खानू ( आज्ञार्थक) आदि ।

(अ) शब्दका सुरुमा दीर्घ हुने नियम- शब्दका सुरुमा निम्न ठाउँका ‘ई’ र ‘ऊ’ दीर्घ हुन्छन्-

- पर रेफ भएका तत्सम शब्दमा- चूर्ण, कीर्ति, पूर्ण, कीर्तन, पूर्व, धूर्त, मूर्ति, जीर्ण, मूर्ख, शीर्षक, ऊर्जा, दीर्घ, सूर्य, ऊर्ध्व, स्फूर्ति, पूर्ति, मूर्च्छा, मूर्च्छित, तीर्थ, वीर्य, ईर्ष्या आदि । विकल्प- दुर् र निर् उपसर्ग लागेका शब्दहरू दुर्गा, दुर्जय, दुर्गम, निर्माण, निर्णय, निर्वाण आदि ।
- दीर्घसन्धि भएका उपसर्गमा- सूक्ति, नीरव, वीतराग, सूक्त, नीरस, नीराजन आदि ।

- तत्सम ईश्, दीप्, भू, भूष्, प्री, ईक्ष्, जीव्, गी (गै), पीड्, सूच्, पूज्, रूप्, दूष्, री धातुबाट बनेका शब्दमा- ईश्- ईश, ईश्वर, ईश्वरी, दीप्- दीप, दीपा, दीपक, दीपिका, दीप्ति, भू- भूप, भूत, भूमि, भूमिका, भूकम्प, भूखण्ड, भूगोल, भूतपूर्व, भूमिगत, भूष्- भूषण, भूषित, प्री- प्रीति, प्रीत, ईक्ष्- ईक्षण, ईक्षा, जीव्- जीव, जीवन, जीविका, जीवनी, जीवित, गी- गीत, गीता, गीति, पीड्- पीडा, पीडक, पीडन, पीडित, सूच्- सूचना, सूचित, सूचक, सूची, पूज्- पूजा, पूजन, पूजित, पूजक, पूजारी, रूप्- रूपक, रूपियाँ, रूप, निरूपण, रूपा, दूष्- दूषक, दूषित, दूषण, री- रीत, रीति, रीता आदि । विकल्प- प्रिय, प्रियतम, प्रिया, भुवन आदि ।
- सुरुमा दूर, मूल, धीर, स्वी, सीमा आउने शब्दमा- दूर, दूरदर्शन, दूरसञ्चार, दूरभाष, मूल, मूलक, (उन्)मूलन, मूल्य, मूल्याङ्कन, धीर, धीरता, धीरोदात्त, स्वीकार, स्वीकृत, स्वीकृति, सीमा, सीमाना, सीमित, सीमाङ्कन आदि ।
- केही तत्सम शब्दमा- टीका, नीच, दीन, शीत, शीतल, धूप, पूरक, स्थूल, न्यून, क्रूर, सूक्ष्म, शून्य, मूल, मूल्य, वीज, हीन, लीन, दीक्षा, पीर, चीज, लीला, तीव्र, तीक्ष्ण, शीघ्र, नीति, वीणा, वीर, शूर, क्रीडा, पीठ, दूत, सूत्र आदि ।
- केही सङ्ख्यावाचक शब्दमा- बीस, तीस, तीन (आजभोलि ह्रस्व पनि लेख्न थालिएको छ) ।

(आ) शब्दका बिचमा दीर्घ हुने नियम- शब्दका बिचमा निम्न ठाउँमा 'ई' र 'ऊ' दीर्घ हुन्छन् -

- ईय, ईन, ईण, अनीय, तीय प्रत्यय लागेका शब्दमा- ईय- केन्द्रीय, मानवीय, स्थानीय, क्षेत्रीय, ईन- नवीन, प्राचीन, समकालीन, कुलीन, युगीन, ईण- सर्वाङ्गीण, ग्रामीण, अनीय- अनुकरणीय, आदरणीय, माननीय, तीय- द्वितीय, तृतीय आदि । विकल्प- राष्ट्रिय, इन्द्रिय आदि ।
- भवन, भूत, करण, कृत, कार जोडिएका शब्दमा- भवन- एकीभवन, समीभवन, भूत- केन्द्रीभूत, ऊष्मीभूत, करण- मानवीकरण, साक्षरीकरण, कृत- वाष्पीकृत, एकीकृत, भाव- अङ्गीकार, स्वीकार

आदि । विकल्प- अधिकृत, अधिकरण, राजनीतिकरण, मूर्तिकार, परिकार, अधिकार आदि ।

- ई, ऊ देखि रेफ पर भएका तत्सम शब्दमा- सङ्कीर्ण, विकीर्ण, सम्पूर्ण, अपूर्ण, प्रतिमूर्ति, सङ्कीर्तन, उत्तीर्ण, अनुत्तीर्ण, अपूर्व आदि ।
- दीर्घ सन्धि भएका उपसर्गमा- प्रतीक्षा, परीक्षा, परीक्षण, अभीष्ट, अतीत, समीक्षा, सूक्ति, अनूदित, विपरीत, अधीन, व्यतीत आदि ।
- इच्छार्थक क्रियापदका ऊकारमा- जाऊन्, खाऊन्, आऊन्, हिँडून्, बसून्, कुदून्, उडून्, पढून्, बाँचून् आदि ।
- केही सङ्ख्यावाचक शब्दमा विकल्पले- चौबीस, पच्चीस, छब्बीस र उन्तीसदेखि अठ्चालीससम्मका शब्दमा । (यिनीहरूका बिचमा ह्रस्वदीर्घ दुबै लेख्ने चलन चलेको छ ।)
- केही तत्सम शब्दमा- शरीर, त्रिशूल, समीर, अनुकूल, प्रतिकूल, आमूल, अमूल्य, प्रतीक, परजीवी, सुशील, मनोनीत, अनुभूति, प्रत्याभूति, प्रसूति आदि ।

(इ) शब्दका अन्त्यमा दीर्घ सम्बन्धी नियम- शब्दका अन्त्यमा निम्न ठाउँमा 'ई' र 'ऊ' दीर्घ हुन्छन् -

- मती र वती प्रत्यय लागेका स्त्रीलिङगी शब्दमा- मायावती, विद्यावती, गर्भवती, पुत्रवती, सौभाग्यवती, लज्जावती, चनमती, श्रीमती, रूपमती आदि ।
- वी, ई प्रत्यय लागेका शब्दमा- तपस्वी, यशस्वी, मायावी, तेजस्वी, पदवी, ओजस्वी, दानवी, मानवी, नेपाली, धनी, सुखी, विद्रोही, स्थायी, रोगी, संयमी, सम्बन्धी,
- सर्वनामका अन्त्यमा- केही, यही, उही, त्यही, सोही, कोही, कहीँ, जहीँ, ती, यी, ऊ, तिनी, उनी, यिनी, आफू, हामी, तिमी, तपाईं आदि ।
- ईकारान्त स्त्रीलिङ्गी नाममा- देवी, गौरी, पार्वती, लक्ष्मी, कौशिकी, गायत्री, गोदाबरी, सावित्री, ईश्वरी, इन्द्राणी, नारी, स्त्री, रानी आदि ।
- भाषा, नदी र ठाउँका नाममा- हिन्दी, नेपाली, उर्दू, अङ्ग्रेजी, मैथिली, भोजपुरी, थारू, तेलगू, फारसी, अवधी, कौशिकी, गण्डकी, राप्ती,

मेची, महाकाली, सर्दू, कन्काई, कर्णाली, जर्मनी, काठमाण्डू, इटली, दिल्ली, जिरी, डोटी, गुल्मी आदि ।

- विशेषणबाट बनेका भाववाचक नाममा- गरिबी, अमिरी, इमानदारी, गुण्डागर्दी, चोरी, बेइमानी, बदमासी, ठगी, मस्ती, किसानी, खेती आदि ।
- स्त्रीलिङ्गी नाता, उमेर र श्रेणी बुझाउने शब्दमा- फुपू, दिदी, बहिनी, जेठानी, देउरानी, भान्जी, भतिजी, साली, भदैनी, सासू, छोरी, नातिनी, युवती (युवति पनि), किशोरी, बुढी, केटी, ठिटी, कान्छी, माइली, साइँली, काइँली, जेठी, अन्तरी, मन्तरी आदि ।
- स्त्रीलिङ्गी मानवेतर प्राणीमा- बाखी, गाई, भैंसी, पाठी, भेडी, बाछी, चरी, घोडी, ढोई, बघेनी आदि ।
- स्थानवाची विशेषण शब्दमा- पाल्पाली, रोल्पाली, झापाली, हिमाली, गुल्मेली, काठमाण्डौली, अमेरिकी, पाकिस्तानी, मधेसी आदि ।
- अनुकरणात्मक शब्दका अन्त्य ईकार- खराखरी, रिमिझिमी, झिलिमिली, तिरिमिरी, सरासरी, फटाफटी, चुरीफुरी आदि ।
- अरी प्रत्यय लागेका अव्यय शब्दमा- कसरी, यसरी, उसरी, जसरी, त्यसरी, कस्तरी, राम्ररी, बेसरी ।
- सर्वनामबाट ती प्रत्यय लागेका स्त्रीलिङ्ग विशेषणमा- कस्ती, यस्ती, उस्ती, जस्ती, त्यस्ती ।
- आज्ञार्थक र इच्छार्थक क्रियाका अन्त्यमा- आऊ, जाऊ, लेऊ, देऊ, समाऊ, हँसाउ, हिँडू, जाऊँ, भनूँ, बाचूँ, मरूँ आदि ।
- ईकारान्त असमापिका क्रिया र स्त्रीलिङ्गी क्रियापदमा- गई, खाई, हिँडी, बसी, पढाई, लेखाई, देखी, समाती, बिगारी, बगी, समाई आदि ।
- नपुंसकलिङ्गी नामका ईकारमा- टोपी, धोती, मोती, मिठाई, रोटी, फुली, बत्ती, सिन्की, मोही, दही, कैँची, घडी आदि । विकल्प- मणि,
- सानो जनाउने शब्दमा- कोदाली, चिम्टी, ठेकी, गाग्री, गेडी, टुप्पी, कचौरी, चम्ची, थाली, पत्ती आदि ।

- जात, थर र पेसा बुझाउने शब्दमा- अधिकारी, राई, थारू, चौधरी, लिम्बू, भट्टराई, छेत्री, थामी, सिकर्मी, डकर्मी, नकर्मी, व्यापारी, पुजारी, खेती, किसानी, उद्योगी, व्यवसायी आदि ।
- जात, थर र पेसा बुझाउने स्त्रीलिङ्गी शब्दमा- धमिनी, दमिनी, थरुनी, रइनी, लिम्बुनी, ढकाल्नी, नेवार्नी, मधेसिनी, पुजार्नी, डाक्टर्नी, लेक्चर्नी, गुरुङ्सेनी, दोकान्नी आदि ।

**२. ब, व, ओ सम्बन्धी नियम-**

(अ) 'ब' सम्बन्धी नियम- निम्न ठाउँमा 'ब' लेखिन्छ-

- तत्सम बन्ध्, बुध्, बाध् धातुबाट बनेका शब्दमा- बन्ध्- बन्ध, बन्धक, बन्ध्याकरण, प्रतिबन्धित, बन्धन, बुध्- बुध, बोधक, बुद्धि, बुद्ध, प्रतिबद्ध, बोध्य, उद्बोधन, बोधार्थ, बाध्- बाध्य, बाधा, बाधक, बाधित, बाधन आदि ।
- ब्रह्म, बहि, बहु, बाल जोडिएका शब्दमा- ब्रह्म, ब्रह्मा, ब्राह्मण, ब्राह्मणी, ब्रह्मकुमारी, ब्राह्मी, बहिष्कार, बहिष्कृत, बहिर्गमन, बहिरङ, बहुप्रतिष्ठित, बहुविध, बहुमत, बहुरङ्गी, बहुव्रीहि, बहुपति, बहुभाषिक, बहुसाँस्कृतिक, बाल, बालक, बालख, बाल्य, बालिका, बालिग, बालविवाह, बालअधिकार आदि ।
- शब्दमा म भन्दा पछि र द, ध भन्दा पहिले- अम्बा, अम्बिका, अम्बर, चुम्बक, सम्बन्ध, आडम्बर, विडम्बना, जम्बो, शताब्दी, लब्ध, स्तब्ध, उपलब्ध, क्षुब्ध आदि ।
- तद्भव, आगन्तुक र झर्रा शब्दमा- बिखालु, विधुवा, बिजुली, बिच्छी, बित्पात, बिन्ती, बिदा, बन्दुक, बख्खु, बग्गी, बाकस, बुर्जुवा, बिमारी, बगली, बुइँगल, बगैँचा, बुख्याँचा, बुरुक्क, बल्याङ्ङ, बकबक, बरर, बुरुरु, बल्लबल्ल आदि ।
- नेपाली धातु र क्रियापदमा- बन्- बन्छ, बुन्- बुन्यो, बोल्- बोल्ने छ, बँच्- बँचाऊ, बुझ्- बुझ्ला, बस्- बसेछ, बिक्- बिकाउँला, बाँध्- बाँध्नुहुन्छ आदि ।
- बि, बे, बद उपसर्ग लागेका शब्दमा- बि- बिलायक, बिकाम, बिसन्चो, बिखर्ची, बे- बेदाग, बेनाम, बेसहारा, बेवारिस, बेताल, बेकार, बद्- बदनियत, बदमास, बदख्वाइँ, बदचलन, बदनाम आदि ।

(आ) 'व' सम्बन्धी  नियम- निम्न ठाउँमा 'व' आउँछ-

- वद्, वञ्च्, वृत्, वच्, विद्, वृ, विश्, वह्, जीव्, वृध् यी तत्सम धातुबाट बनेका शब्दमा- वद्- वाद, वदन, वादक, वादन, वाद्य, वञ्च्- वञ्चक, वञ्चित, वञ्चन, वृत्- वृत्ति, वर्तमान, प्रवर्तक, प्रवर्तन, वच्- वाचक, वाचन, वाच्य, वाक्य, वक्ता, वक्तव्य, विद्- विद्वान्, विद्यालय, वेद, संवेदना, संवेदक, निवेदक, निवेदन, प्रतिवेदन, विद्वत्ता, वृ (वर्, वार्)- वरण, परिवार, वर, निवारक, अनिवार्य, विश्- विश्व, प्रवेश, आवेश, परिवेश, प्रवेशक, वह्- वाहन, परिवहन, वाहक, प्रवाह, मालवाहक, जीव्- जीवन, जीवित, जीविका, परजीवी, बुद्धिजीवी, जिजीविषा, वृध्- वृद्ध, वृद्धि, संवर्धन, संवर्धक आदि ।
- अव र वि यी तत्सम उपसर्गमा- अवरोधक, अवतार, अवनति, अवसर, अवकास, अवमूल्यन, अवस्था, अवरोध, विनाश, विकास, विशाल, विनोद, विवेक, विवाह, विकल्प, विपुल, विशेष, विधि, विधायक, विधाता आदि ।
- तव्य, त्व, वत्, वान्, वती, वी प्रत्यय लागेका शब्दमा- तव्य- कर्तव्य, मन्तव्य, भवितव्य, गन्तव्य, त्व- मातृत्व, भ्रातृत्व, कुमारीत्व, तत्त्व, महत्त्व, स्त्रीत्व, नारीत्व, वत्- संवत्, पूर्ववत्, पशुवत्, आत्मवत्, वान्- बलवान्, धनवान्, दयावान्, विद्वान्, वती- सौभाग्यवती, पुत्रवती, गर्भवती, भगवती, वी- यशस्वी, तपस्वी, मायावी, मेधावी, पदवी आदि ।
- आवट, उवा, वाला (वाल), वाली प्रत्यय लागेका शब्दमा- आवट- बोलावट, बनावट, मिसावट, उवा- भँडुवा, हगुवा, सडुवा, सेकुवा, सरुवा, कुरुवा, वाल- गाडीवाला, रिक्सावाला, पैसावाला, दारीवाला, वाली- दहीवाली, चुरावाली, चिउरावाली, होटलवाली आदि ।
- व उच्चारण हुने शब्दमा- वकिल, बालुवा, विश्व, वारि, वाक्क, वारिस, पावर आदि ।

(इ) ओसम्बन्धी नियम- निम्न ठाउँमा 'ओ' आउँछ-

- स्वरान्त धातुबाट बनेका आज्ञार्थक बहुवचन क्रियापदका अन्त्यमा- ल्याओ, खाओ, जाओ, देओ, हराओ, ख्वाओ, बिसाओ, लगाओ आदि ।

- स्वरान्त धातुबाट बनेका इच्छार्थक तृतीय पुरुष एकवचन क्रियापदका बिचमा- आओस्, खाओस्, देओस्, बजाओस्, सजाओस्, हिँडाओस् आदि ।
- 'ओ' उच्चारण हुने केही शब्दका सुरुमा- ओसिलो, ओखर, ओडारी, ओभ्रेल, ओठ, ओदान, ओडार, ओत, ओखल, ओभ्रेल, ओछ्यान, ओइरो, ओखती आदि ।

**३. य, ए सम्बन्धी नियम-**

(य) सम्बन्धी नियम- निम्न ठाउँमा 'य' आउँछ-

- सर्वनामका सुरुमा- यसरी, यसो, यो, यी, यिनी, यस्तो, यहाँ, यहीँ, यसले, यस्ती, यही आदि ।
- सामान्य भूत काल तृतीय पुरुष एकवचनमा- खायो, आयो, गयो, हिँड्यो, बस्यो, भन्यो, रमायो आदि ।
- सामान्य भूत काल प्रथम पुरुष बहुवचनमा- खायौँ, आयौँ, बस्यौँ, रमायौँ, खस्यौँ, उन्यौँ, उड्यौँ आदि ।
- सामान्य भूत काल द्वितीय पुरुषमा- आयौ, गयौ, रोयौ, उठ्यौ, सुत्यौ, रमायौ, खेल्यो, बढ्यौ आदि ।
- तत्सम यज्, यम्, युज्, याच्, ध्या, यत् धातुबाट बनेका शब्दमा- यज्- याजक, यजमान, यज्ञ, यम्- यम, यमराज, यन्त्र, नियन्त्रक, नियन्त्रण, यान्त्रिक, युज्- योग, योग्य, योजक, योजना, संयोजन, प्रयोजक, याच्- याचक, याचित, याचना, ध्या- ध्यान, ध्येय, यत्- यत्न, प्रयत्न आदि ।
- अनीय, ईय, तीय, इया, इयार, यौली, याइँ, मय, तव्य, य प्रत्यय लागेका शब्दमा- अनीय- मननीय, निन्दनीय, आदरणीय, अनुकरणीय, ईय- सम्पादकीय, मानवीय, क्षेत्रीय, दलीय, तीय- द्वितीय, तृतीय, अद्वितीय, इया- भरिया, हटिया, झगडिया, बुढिया, इयार- होसियार, मतियार, सँधियार, हतियार, यौली- कलस्यौली, हँस्यौली, बढ्यौली, पुर्ख्यौली, याइँ- गुण्डयाइँ, धुर्त्याइँ, चतुर्याइँ, लुच्याइँ, मय- जलमय, स्थलमय, गौरवमय, सङ्गीतमय, तव्य- कर्तव्य, मन्तव्य, प्रष्टव्य, द्रष्टव्य, वक्तव्य, य- धैर्य, सौन्दर्य, सभ्य, स्वास्थ्य आदि ।

- अक, इका र अन प्रत्यय लागेका केही शब्दमा- अक- विधायक, गायक, नायक, लायक, पायक, इका- नायिका, विधायिका, गायिका, अन- गायन, विधायन आदि ।
- यण् (य्) सन्धि भएका शब्दमा- प्रत्येक, अध्यादेश, अत्याचार, पर्यावरण, अत्यन्त, प्रत्यक्ष, पर्यन्त आदि ।

(आ) ए सम्बन्धी नियम- निम्न ठाउँमा 'ए' आउँछ-

- स्वरान्त धातुबाट बनेको सामान्य भूत काल प्रथम पुरुष एकवचनमा- खाएँ, गएँ, दिएँ, समाएँ, रमाएँ, हिडाएँ, आएँ, रोएँ आदि ।
- स्वरान्त धातुबाट बनेको सामान्य भूत काल तृतीय पुरुष बहुवचनमा- खाए, गए, उडाए, दिलाए, हँसाए, गलाए, फँसाए आदि ।
- स्वरान्त धातुबाट बनेको एको र एर प्रत्यय लागेको कृदन्त क्रियापदमा- एको- गएको, खाएको, हराएको, आएको, एर- बढाएर, बुझाएर, सघाएर, फँसाएर, उठाएर, दिएर आदि ।
- एक जोडिएको शब्दमा- एक, एकान्त, एकाकी, एकलव्य, एक्कासी, एकाएक, एकता, एकलौटी, एउटा, एघार, एक्काइस, एकतीस, एकचालीस, एकाउन्न, एकसठ्ठी, एकहत्तर, एकासी, एकानब्बे, एकसय एक आदि ।
- सम्बोधन अर्थ बुझाउने निपातमा- ए भाइ, ए कान्छा, ए नानी, ए गुइँठे आदि ।

**(४) श, ष, स सम्बन्धी नियम-**

(अ) श सम्बन्धी नियम- (ताल्व्य, ताल्बे, मोटो श) निम्न ठाउँमा 'श' आउँछ-

- शस्, शास्, शुच्, शुष्, श्रु, शुभ्, श्वस्, शंस्, शिष, श्लिष्, श्रम्, शिक्ष्, शक्, दिश्, शम् यी तत्सम धातुबाट बनेका शब्दका सुरुमा- शस्- शस्य, शस्त्र, शस्त्री, शास्- शास्त्र, शास्त्री, शासन, शासक, शास्ति, शुच्- शुचि, शोक, शोचनीय, शुष्- शोषक, शोषण, शोषित, शुष्क, श्रु- श्रुति, श्रवण, श्रोता, श्राव, शुभ्- शुभ, शोभा, शुभम, शोभनीय, श्वस्- श्वास, विश्वस्त, विश्वास, आश्वासन, शंस्- प्रशंसा, प्रशंसक, प्रशस्ति, शिष्- शिष्ट, शिष्य, शेष, आशिष, श्लिष्- श्लेष, श्लिष्ट, विश्लेषण, विश्लेषक, श्रम्- श्रम, श्रमिक, विश्राम, विश्रान्ति, शिक्ष्- शिक्षा, शिक्षक, शिक्षिका, शिक्षण, शक्- शक्ति, शाक्त, शाक्य, शाक, दिश्- देश, दिशा, निर्देशक, निर्देशन, शम्- शान्त, शान्ति, शमन आदि ।

- ईश्, दृश्, काश् यी तत्सम धातुबाट बनेका शब्दका बिच वा अन्त्यमा- ईश्- ईश्वर, ईश, ईश्वरी, ऐश्वर्य, दृश्- दृश्य, दर्शन, दर्शक, दर्शनीय, काश्- आकाश, प्रकाश, प्रकाशक, प्रकाशन आदि । विकल्प- दृष्टि, द्रष्टा, दृष्ट, विकास आदि ।
- च, छ, र, ऋ यी वर्णभन्दा पहिले- निश्चय, आश्चर्य, पाश्चात्त्य, पश्चिम, निश्छल, शृङ्गार, आश्रय, अश्रु आदि । विकल्प- सृजना, स्रष्टा, सृष्टि आदि ।
- शाला जोडिएका शब्दमा- धर्मशाला, पाठशाला, प्रयोगशाला, वेधशाला, पाकशाला, नाट्यशाला, रङ्गशाला, कार्यशाला, गौशाला आदि ।
- 'श' आउने अन्य केही शब्द- आशा, शशी, आशुकवि, शव, शरण, शाश्वत, शङ्ख, शब्द, शत्रु, शरीर, शाखा, शारदा, शिर, राशि, शीत, केश, शिव, शीघ्र, शुल्क, शून्य आदि ।

(आ) 'ष' सम्बन्धी नियम- (मूर्धन्य, मुर्धने, पेटफारे, भुँडी काटिएको ष) निम्न ठाउँमा 'ष' आउँछ-

- कृष्, पुष्, शुष्, भाष्, भूष्, शिष्, वृष्, प्रेष्, श्लिष् यी तत्सम धातुबाट बनेका शब्दका बिचमा- कृष्- कृषि, कृषक, आकर्षक, आकर्षण, आकृष्ट, पुष्- पोषक, पोषण, पुष्टि, पुष्ट, शुष्- शोषण, शोषक, शोषित, भाष्- भाषा, भाषण, भाषिका, भाष्य, भूष्- विभूषण, विभूषक, विभूषित, शिष्- शिष्य, शेष, विशेषण, विशेषक, विशेष्य, विशिष्ट, वृष्- वृषराशि, वृष्टि, वर्षा, बमवर्षक, प्रेष्- प्रेषक, प्रेष, प्रेषित, सम्प्रेषण, श्लिष्- श्लेष, श्लिष्ट, विश्लेषक, विश्लेषण आदि ।
- इष्ठन् प्रत्यय लागेका शब्दमा- वरिष्ठ, कनिष्ठ, स्वादिष्ठ, ज्येष्ठ, लघिष्ठ, घनिष्ठ, बलिष्ठ, गरिष्ठ आदि ।
- तत्सम शब्दमा ट, ठ, ण भन्दा पहिले- जस्तै दृष्टि, दुष्ट, नष्ट, हृष्टपुष्ट, स्पष्ट, कष्ट, निर्दिष्ट, धनुष्टङ्कार, पृष्ठ, निष्ठा, ओष्ठ, विष्णु, कृष्ण, तृष्णा आदि ।
- तत्सम शब्दमा इ, उ भन्दा पर प, क भन्दा पहिले- पुष्प, पुष्पा, पुष्पित, पुष्पक, निष्पाप, निष्कर्म, निष्क्रिय, बहिष्कार, परिष्कार आदि ।
- 'ष' आउने केही तत्सम शब्द- ऊष्म, हर्ष, गृष्म, ऋषि, कोष, ईर्ष्या, भेष, विष, निमेष, आषाढ, विषय आदि ।

(इ) 'स' सम्बन्धी नियम- (तालव्य, ताल्बे, पातलो स) निम्न ठाउँमा 'स' आउँछ-

- स, सम्, सु (उपसर्ग), सत्, सह, स्व, स्वयं (रुपिम) जोडिएका शब्दमा- स- सपरिवार, सबल, सफल, सशस्त्र, सकुशल, सम्- संहार, समृद्ध, समास, सम्पूर्ण, समस्त, संसार, सन्तोष, सम्पर्क, सु- सुशासन, सुनाम, सुकाम, सुबुद्धि, सत्- सत्कार्य, सज्जन, सत्पात्र, सत्ता, सह- सहप्राध्यापक, सहचालक, सहायक, सहकार्य, सहयोग, स्व- स्वचालित, स्वदेश, स्वशासित, स्वतन्त्र, स्वेच्छा, स्वयं- स्वयंसेवक, स्वयंसेविका, स्वयंवर, स्वयंपाके, स्वयम्भू आदि ।
- स्था, स्मृ, स्तु, स्फुर्, स्ना यी तत्सम धातुबाट बनेका शब्दका सुरुमा- स्था- स्थान, स्थानीय, स्थिति, उपस्थित, स्मृ- स्मृति, स्मारक, स्मरण, स्तु- स्तुति, स्तुत्य, प्रस्ताव, प्रस्तावक, स्फुर्- स्फुर्ति, स्फुरण, स्ना- स्नान, स्नायु, स्नातक आदि ।
- शस्, शंस्, शास्, श्वस्, हस्, त्रस्, हिंस् यी तत्सम धातुबाट बनेका शब्दका बिचमा- शस्- शस्त्र, शस्य, शस्त्री, शंस्- प्रशंसा, प्रशंसक, प्रशस्ति, शास्- शास्त्र, शास्त्री, शासक, शासन, श्वस्- श्वास, आश्वासन, हस्- हास्य, प्रहसन, हाँसो, त्रस्- त्रास, त्रस्त, सन्त्रास, हिंस्- हिंसा, हिंसक, अहिंसा आदि ।
- 'स' आउने केही तत्सम शब्द- मास, रहस्य, नमस्कार, सीमा, रस, प्रयास, स्त्री, साधु, पुस्तक, साक्षी, उत्सुक, आसन आदि ।
- सम्पूर्ण आगन्तुक, तद्भव र झर्रा शब्दमा- आगन्तुक- सहर, सहिद, सफर, सवारी, सलाम, सिकार, साइत, सुरु, तद्भव- विकास, बिस, तिस, सय, सासू, ससुरो, सराप, झर्रा- खासखुस, झल्याँस्स, मुसुक्क, मसक्क, भुसुक्क आदि ।
- नेपाली र तद्भव क्रियामा- खस्छ, पिस्यो, बिदेसिन्छ, आकासियो, खुस्के छ, सहनुहुन्छ, सुन्दै छ आदि ।

### ५. क्ष, छ सम्बन्धी नियम-

(अ) 'क्ष' सम्बन्धी नियम- निम्न ठाउँमा 'क्ष' आउँछ -

- रक्ष्, शिक्ष, ईक्ष्, लक्ष्, क्षिप्, भिक्ष् यी तत्सम धातुबाट बनेका शब्दमा- रक्ष्- रक्षक, रक्षा, रक्षित, संरक्षण, शिक्ष्- शिक्षा, शिक्षक, शिक्षिका, शिक्षण, ईक्ष्- प्रतीक्षा, परीक्षा, परीक्षित, परीक्षक, सर्वेक्षण, लक्ष्- लक्ष्य, लक्षण, लक्षित, क्षिप्- आक्षेप, प्रक्षेपण, विक्षिप्त, क्षेप्यास्त्र, भिक्ष्- भिक्षा, भिक्षु, भिक्षुक आदि ।
- 'क्ष' आउने अन्य केही शब्द- क्षार, अक्षर, कक्षा, मोक्ष, चक्षु, क्षेत्र, क्षय, क्षण, अक्षता, क्षितिज, पक्ष, पक्षी, क्षुद्र आदि ।

(आ) 'छ' सम्बन्धी नियम- निम्न ठाउँमा 'छ' आउँछ-

- छिद् धातुबाट बनेका शब्दमा- विच्छेद, विच्छिन्न, छेदन, छेद, अविच्छिन्न, विच्छेदक आदि ।
- छसँग सम्बन्धित अङ्कमा- छ, छब्बीस, छत्तीस, छयालीस, छपन्न, छैँसठ्ठी, छयाहत्तर, छयासी, छयानब्बे, एकसय छ, छैठौं, छैठी आदि ।
- 'छ' आउने अन्य केही तत्सम शब्दमा- छन्द, छाया, छत्र, छात्रछात्रा, छल, छद्म, छवि, छली, छाग, आच्छादित आदि ।
- सम्पूर्ण तद्भव, आगन्तुक र झर्रा शब्दमा- तद्भव- छाता, छाल, छाला, छाप्रो, छेत्री, आगन्तुक- छिँडी, छगडा, छुर्पी, छोला, छ्यान, झर्रा- छिसिमिस, छासछुस, छिसिक्क, छ्याङ्ङ, छिन्न, छरर आदि ।
- सम्पूर्ण नेपाली क्रियापदमा- छिन्यो, छिमल्छ, छक्यायो, छिन्किन्छ, छुन्छ, छिप्पिएछ, छर्केला आदि ।

### २. पद र पदक्रम-

भाषाको सानो र सार्थक एकाइ पद हो । वाक्यभित्र पदको निजी र स्वतन्त्र ठाउँ हुन्छ । वाक्यभित्र पदहरूलाई क्रमअनुसार मिलाएर राख्नु पदक्रम हो । कुन पद पहिले र कुन पछि राख्ने भन्ने प्रत्येक भाषाव्याकरणका निजी मान्यता हुन्छन् । पदक्रमले अर्थमा प्रभाव पार्दछ । सामान्यतया दुई खालमा पदक्रम प्रचलित छन् सामान्य पदक्रम र साहित्यिक पदक्रम । एउटा पत्रकारले सामान्य पदक्रमलाई नै अप्नाउनु पर्ने हुन्छ । साहित्यिक पदक्रम अप्ठ्यारो, भावपरक र

अव्याकरणिक हुन्छ । सामान्य पदक्रम सजिलो र व्याकरणको मान्यता अनुसारको हुन्छ । यहाँ यसै अनुसार प्रचलित पदक्रमको चर्चा गरिएको छ :

**क. विशेषण र विशेष्यको पदक्रम :**

जसको विशेषता बुझाइन्छ, त्यो विशेष्य हो । नाम वा विशेष्यको विशेषता, धर्म, गुण, परिमाण आदि बुझाउन आउने पद विशेषण हो । वाक्यमा विशेष्यभन्दा विशेषण पहिले लेख्नुपर्छ । जस्तै 'इमानदार कर्मचारी' यहाँ 'इमानदार' विशेषण हो र 'कर्मचारी' विशेष्य (नाम) हो । 'न्यायाधीशकी श्रीमती' यहाँ 'न्यायाधीशकी' भेदक विशेषण हो र 'श्रीमती' विशेष्य (नाम) हो । 'राम्ररी लेख्छ' यहाँ 'राम्ररी' क्रियाविशेषण हो र 'लेख्छ' विशेष्य (क्रिया) हो । उक्त वाक्यका हरेक विशेषणहरू विशेष्यभन्दा पहिले नै आएका छन् ।

**ख. कर्ता, कर्म र क्रियाको पदक्रम :**

वाक्यभित्र क्रियाको काम पुरा गर्ने पद कर्ता हो । वाक्यभित्र क्रियाको कामको असर पर्ने पद कर्म हो । धातुबाट बनेको वाक्य टुङ्ग्याउने पद क्रिया हो । 'मन्त्रीले शिलान्यास गरे' यहाँ 'मन्त्री' कर्ता, 'शिलान्यास' कर्म र 'गरे' क्रिया हुन् । 'कोसीले बाँध भत्कायो', 'किसानहरूले रोपाइँ सके', 'अधिकृतले घुस खाए' यी सारा वाक्यहरूमा पहिले कर्ता, त्यसपछि कर्म र अन्त्यमा क्रिया आएका छन् ।

**३. पदसङ्गति -**

सङ्गति भनेको मेल हो । वाक्यमा आएका शब्दहरूको एकआपसी मेलमिलाप वा समानतालाई पदसङ्गति भनिन्छ । नेपाली भाषामा लिङ्ग, वचन, पुरुष र आदरका आधारमा पदहरूलाई मिलाएर राख्नुलाई पदसङ्गति भनिन्छ । सङ्गति नमिलेको वाक्यलाई गलत वा अशुद्ध भनिन्छ । त्यसैले वाक्यमा सङ्गति मिलाउन आवश्यक छ ।

**क. लिङ्गका आधारमा पदसङ्गति :**

नेपाली भाषामा दुईवटा लिङ्ग छन् पुलिङ्ग र स्त्रीलिङ्ग । भाले जति बुझाउने पुलिङ्ग र पोथी जाति बुझाउने स्त्रीलिङ्ग हुन् । नेपाली भाषामा कर्तृवाच्यको कर्ता र क्रियाको एउटै लिङ्ग हुनुपर्छ । जस्तै 'बाघले टोक्यो' यहाँ 'बाघ' र 'टोक्यो' दुबै पुलिङ्ग छन् । 'विद्या भण्डारी आइन्' यहाँ 'विद्या भण्डारी' र 'आइन्' दुबै स्त्रीलिङ्ग छन् । उक्त दुई वाक्यमा सङ्गति मिलेको छ । विशेष्य र विशेषण पनि एउटै लिङ्गको हुनुपर्दछ । 'राम्रो शिक्षक' यहाँ 'राम्रो' पुलिङ्ग छ

र 'शिक्षक' पनि पुलिङ्ग छ । 'हिमालकी छोरी' यहाँ 'हिमालकी' स्त्रीलिङ्ग छ र 'छोरी' पनि स्त्रीलिङ्ग छ । उक्त वाक्यमा सङ्गति मिलेको छ ।

**ख. वचनका आधारमा पदसङ्गति :**

नेपाली भाषामा दुईवटा वचन छन् एकवचन र बहुवचन । एउटा सङ्ख्या जनाउने एक वचन र एकभन्दा बढी सङ्ख्या जनाउने बहुवचन हो । नेपाली भाषामा कर्तृवाच्यको कर्ता र क्रियाको एउटै वचन हुनुपर्दछ । 'चोर भाग्यो' यहाँ 'चोर' र 'भाग्यो' दुबै एकवचनमा छन् । 'सांसदहरू आए' यहाँ 'सांसदहरू' र 'आए' दुबै बहुवचनमा छन् । विशेषण र विशेष्यमा पनि वचनसङ्गति मिल्नुपर्दछ । 'कालो जाति' यहाँ 'कालो' र 'जाति' दुबै एकवचनमा छन् । 'राता मान्छेहरू' यहाँ 'राता' र 'मान्छेहरू' दुबै बहुवचनमा छन् । यी वाक्यमा सङ्गति मिलेको छ ।

**ग. पुरुषका आधारमा पदसङ्गति :**

व्यक्तिलाई बुझाउने व्याकरणिक कोटिलाई पुरुष भनिन्छ । पुरुष सर्वनाम र क्रियासँग सम्बन्धित हुन्छन् । नेपाली भाषामा तिनवटा पुरुष छन् प्रथम, द्वितीय र तृतीय । कर्तृवाच्यमा जुन पुरुषको कर्ता छ त्यही पुरुषको क्रिया हुनुपर्दछ । प्रथम पुरुष : (म, हामी) 'म उठेँ' यहाँ 'म' र 'उठेँ' दुबै प्रथम पुरुषका छन् । 'हामी जुर्मुरायौँ' यहाँ 'हामी' र 'जुर्मुरायौँ' दुबै प्रथम पुरुषमा छन् । द्वितीय पुरुष : (तँ, तिमी) 'तँ बिलाइस्' यहाँ 'तँ' र 'बिलाइस्' दुबै द्वितीय पुरुषमा छन् । 'तिमी खेल्छौ' यहाँ 'तिमी' र 'खेल्छौ' दुबै द्वितीय पुरुषमा छन् । तृतीय पुरुष : (त्यो, यो, ऊ, ती, यी, उनी, तिनी, यिनी) 'त्यो बढ्यो' यहाँ 'त्यो' र 'बढ्यो' दुबै तृतीय पुरुष छन् । 'उनी रमाइन्' यहाँ 'उनी' र 'रमाइन्' दुबै तृतीय पुरुष छन् । यी वाक्यमा सङ्गति मिलेको छ ।

घ. आदरका आधारमा पदसङ्गति :

आदर भनेको सम्मान हो । नेपाली भाषामा तिनवटा आदर छन् अनादर, सामान्य आदर र उच्च आदर । कर्तृवाच्यमा जुन आदरको कर्ता छ त्यही आदरको क्रिया हुनुपर्दछ । अनादर : (तँ, ऊ, त्यो, यो) 'तँ रिसाइस्' यहाँ 'तँ' र 'रिसाइस्' दुबै अनादर छन् । 'ऊ रोयो' यहाँ 'ऊ' र 'रोयो' दुबै अनादर छन् । सामान्य आदर : (तिमी, यिनी, उनी, तिनी) 'तिमी मुस्कुरायौ' यहाँ 'तिमी' र 'मुस्कुरायौ' दुबै सामान्य आदर हुन् । 'तिनी हाँसिन्' यहाँ 'तिनी' र 'हाँसिन्' दुबै सामान्य आदर छन् । उच्च आदर : (तपाईं, उहाँ, यहाँ, हजुर) 'उहाँले

सम्झाउनुभयो' यहाँ 'उहाँले' र 'सम्झाउनुभयो' दुबै उच्च आदर छन् । 'तपाईं पढाउनुहोस्' यहाँ 'तपाईं' र 'पढाउनुहोस्' दुबै उच्च आदर छन् । यी वाक्यहरूमा सङ्गति मिलेको छ । पत्रकारितामा अधिकतम सामान्य आदरको प्रयोग गर्ने गरेको देखिन्छ । सामान्य आदरलाई कतिपय वैयाकरणले मध्यम आदर भनेको पनि पाइन्छ ।

**४. वाक्य र यसका प्रकार-**

कर्ता र क्रिया भएको स्वतन्त्र, पूर्ण र सार्थक व्याकरणिक संरचना वाक्य हो । संरचनाका आधारमा वाक्य तिन किसिमका छन् सरल, संयुक्त र मिश्र ।

**क. सरल वाक्य :**

एउटामात्र समापिका क्रिया भएको सरल वाक्य हो । जस्तै 'बस दुर्घटना भएछ' । 'प्रधानमन्त्रीले भाषण गरे' । 'हत्यारा पक्डाउ पऱ्यो' । यहाँ 'भएछ', 'गरे' र 'पऱ्यो' यी एउटा एउटामात्र क्रियापद आएकाले सरल वाक्य हुन् ।

**ख. संयुक्त वाक्य :**

एकभन्दा बढी उपवाक्यहरू निरपेक्ष संयोजकले जोडेर बनेको संयुक्त वाक्य हो । र, अनि, पनि, वा, अथवा, तथा, किन्तु, परन्तु, तर, कि, न, त्यसैले, नत्र, तथापि, किनकि, तैपनि आदि निरपेक्ष संयोजक हुन् । जस्तै 'पीडितले अपराधीलाई पुलिसको जिम्मा लगाए तर ऊ कार्बाहीको दायरामा परेन ।' 'सरकार महँगी घटाउनै चाहँदैन किनकि चुनावका बेला राजनीतिक पार्टीले व्यापारीबाट अकुत धनराशि लिएका हुन्छन् ।' यहाँ पहिलो वाक्यलाई 'तर' र दोस्रो वाक्यलाई 'किनकि' ले जोडेका छन् । यी दुबै निरपेक्ष संयोजक हुन् । दुबै संयुक्त वाक्य हुन् ।

**ग. मिश्र वाक्य :**

एउटा मुख्य उपवाक्य र एउटा आश्रित उपवाक्यलाई सापेक्ष संयोजकले जोडेर बनेको मिश्र वाक्य हो । जब-तब, जहिले-तहिले, जो-त्यो, भने, भन्ने, जहाँ-त्यहाँ, जसले-त्यसले, जति-त्यति, यदि आदि सापेक्ष संयोजक हुन् । जस्तै 'जब आकाशमा कालो बादल छाउँछ तब नेपाली किसानहरू मानो छरेर मुरी फलाउने सपना देख्तछन् ।' 'अविश्वासको प्रस्ताव पास भयो भने वर्तमान सरकार ढल्ने निश्चित छ ।' यहाँ पहिलो वाक्लाई 'जब-तब' र दोस्रो वाक्यलाई 'भने' ले जोडेका छन् । यी दुबै सापेक्ष संयोजक हुन् । दुबै मिश्र वाक्य हुन् ।

पत्रकारले धेरैजसो सरल वाक्यकै प्रयोग गर्नुपर्दछ । सरल वाक्यमा भनेको कुरा स्पष्ट बुझिन्छ, गल्ती कम हुन्छ र पढ्न पनि स्वादिलो हुन्छ । संयुक्त र मिश्र वाक्य कहीँकहीँ बाध्यताका अवस्थामा मात्र प्रयोग गर्नुपर्दछ ।

**५. वाच्य र वाच्यपरिवर्तन -**

वाक्यमा क्रियाको सम्बन्ध परिवर्तन गराइलाई वाच्य भनिन्छ । वाच्य तिन प्रकारका छन् कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य ।

**क. कर्तृवाच्य :**

वाक्यमा कर्ता प्रधान भएमा कर्तृवाच्य हुन्छ । कर्तृवाच्यको कर्तामा 'द्वारा' र 'बाट' जोडिँदैनन्, कहीँकहीँ 'ले' विभक्ति आउँछ । कर्ममा कहीँकहीँ लाई विभक्ति आउँछ । कर्ता र क्रियाको लिङ्ग, पुरुष, वचन र आदर एउटै हुन्छन् । जस्तै 'अग्निपीडितले राहत पाए ।' 'प्रहरीले पत्रकारलाई पिटे ।' 'प्रधानमन्त्रीले भारतको भ्रमण सम्पन्न गरेका छन् ।' पत्रकारहरूले कर्तृवाच्यको वाक्य प्रयोग गर्नु राम्रो मानिन्छ । कर्तृवाच्यका वाक्यहरू सजिला र स्पष्ट अर्थ दिने हुन्छन् ।

**ख. कर्मवाच्य :**

वाक्यमा कर्म प्रधान भएमा कर्मवाच्य हुन्छ । कर्मवाच्यमा कर्म अनिवार्य हुनुपर्छ । कर्मवाच्यको कर्तामा 'द्वारा' वा 'बाट' जोडिन्छन् । क्रियामा 'इ' प्रत्यय थपिन्छ । कर्ममा 'लाई' विभक्ति हुदैन । कर्म र क्रियाको लिङ्ग, वचन, पुरुष र आदर एउटै हुन्छन् । जस्तै 'प्रहरीद्वारा जाली नोट पक्राउ गरियो ।' 'भारतीय व्यापारीद्वारा नेपाली ग्राहकहरू ठगिए ।' 'उनी आफ्नै दाजुबाट बेचिइन् ।' पत्रपत्रिकामा शीर्षक राख्ता कर्मवाच्यको प्रयोग गरिएको देख्न पाइन्छ । जस्तै 'प्रहरीबाटै ठगी', 'मधेसवादीद्वारा आन्दोलनको घोषणा' 'प्रमबाट भारतभ्रमण सम्पन्न' आदि ।

**ग. भाववाच्य :**

वाक्यमा क्रिया प्रधान रहेमा भाववाच्य हुन्छ । भाववाच्यमा कहिले पनि कर्मको अपेक्षा हुदैन । भाववाच्यको कर्तामा 'द्वारा' वा 'बाट' जोडिन्छन् । 'आफू' शब्द कर्ता छ भने कुनै विभक्ति लाग्दैन । भाववाच्यमा कर्ताको प्रयोग नगर्ने चलन पनि छ । क्रियामा 'इ' प्रत्यय थपिन्छ । भाववाच्यको क्रिया सधैँ एकवचन, पुलिङ्ग, प्रथम पुरुष र अनादरको हुन्छ । 'आफू त चुनावमा उठिन्छ ।' 'पर्यटकद्वारा सगरमाथा चढियो ।' 'लौ मरिए छ ।' आदि ।

६. कथन -

कथन भन्नाले भनाइ, कुरा, उक्ति वा अभिव्यक्ति भन्ने बुझिन्छ । कसैको भनाइ नै कथन हो । कथन दुई किसिमका छन् प्रत्यक्ष कथन र अप्रत्यक्ष कथन ।

**क. प्रत्यक्ष कथन :**

कसैको भनाइलाई उसैका शब्दमा जस्ताको त्यस्तै प्रस्तुत गर्नु प्रत्यक्ष कथन हो । प्रत्यक्ष कथनमा आएको शब्द वा वाक्यलाई उद्धरण चिह्नभित्र राखिन्छ । प्रत्यक्ष कथन वाक्यका सुरु, बिच वा अन्त्यमा आउन सक्छ । जस्तै भारतीय प्रधानमन्त्रीले भने, “हामी नेपालसँग असल छिमेकीको व्यवहार गर्न चाहान्छौँ ।” “वाम गठबन्धन संविधानको कार्यान्वयनका लागि हो” ओलीले भने । मैले प्रहरीलाई “हल्लार साप, चोर यही हो” भनेँ आदि । कतैकतै महत्त्वपूर्ण प्रत्यक्ष कथनबाट लामो शीर्षक राख्ने गरेको देखिन्छ । जस्तै ‘लोकतान्त्रिक एकता अधिनायकवादको विरोधमा’ देउवा ।

**ख. अप्रत्यक्ष कथन :**

कसैको भनाइलाई आशयका रूपमा प्रस्तुत गर्नु अप्रत्यक्ष कथन हो । अप्रत्यक्ष कथनमा उद्धरण चिह्न हुदैन । यसमा आवश्यकता अनुसार असमापिका क्रिया र अन्य शब्दहरू थपिन्छन् । जस्तै कैदीले थानामा अपराध कबुल गऱ्यो । वैज्ञानिकका अनुसार पृथ्वीको सबैभन्दा नजिकको ग्रह मङ्गल हो । विद्युतमन्त्रीले आजको पाँच वर्षभित्र नेपाल लोडसेडिङ मुक्त हुने विचार राखे । आदि ।

महत्त्वपूर्ण व्यक्तिका केही महत्त्वपूर्ण भनाइमात्र प्रत्यक्ष कथनभित्र राख्नुपर्दछ । सबै कुरा जस्ताको त्यस्तै टिप्न, सम्पादन गर्न र प्रकाशन गर्न सकिँदैन । त्यसैले पत्रपत्रिकामा धेरैजसो अप्रत्यक्ष कथनकै प्रयोग गर्नुपर्दछ ।

**उपसंहार-**

भाषामा व्याकरणको सर्वोपरि स्थान हुन्छ । यसले व्यक्तिविशेषलाई भाषा बुझ्न, बुझाउन र अभिव्यक्त गर्न सहयोग गर्दछ । व्याकरणले भाषामा स्तरीयता, मानकता र एकरूपता कायम गर्दछ । यसबाट जुनसुकै विषय उपकृत हुन्छन् । यसकारण संस्कृतका विद्वान्हरूले व्याकरणलाई ज्ञानको मुख मानेका छन् । व्याकरणका नियमहरू दिमागमा राखिराख्न सजिलो हुदैन । बिस्तारै निरन्तरको अभ्यासले यसमा दक्ष हुनुपर्ने हुन्छ । पत्रकार लेखनकर्मसँग प्रत्यक्ष संलग्न हुने भएकाले विस्तारै उसले यसमा दक्षता हासिल गर्न सक्छ ।

पत्रकार बन्नका लागि केही न केही शिक्षित हुनै पर्दछ । अलिकति रचनात्मक र सिर्जनात्मक क्षमता पनि चाहिन्छ । त्यसलाई फलाउने, फुलाउने र मौलाउने अवसर पत्रकारिता वा लेखनकर्मले दिन्छ । व्याकरण धेरै लामो छ । यहाँ चर्चा गरिएका व्याकरणिक कुराहरू थोरै छन् । यिनीहरूले सिकारु पत्रकारहरूलाई बाटो देखाउन सहयोग गर्ने छन् । थप जानकारीका लागि अन्य व्याकरणका ग्रन्थहरूको अध्ययन र अभ्यास आवश्यक पर्दछ ।

**सन्दर्भ ग्रन्थ**

आचार्य, तुलसीप्रसाद (वि. २०६४) *आमसञ्चार र पत्रकारिता,* काठमाण्डौ : भुँडीपुराणप्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (वि. २०६२) *नेपाली मानक व्याकरण तथा कार्यमूलक लेखन,* विराटनगर : श्यामपुस्तक भण्डार ।

पाणिनि (ई. १९८१) *अष्टाध्यायी,* वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

लुइँटेल, दीपक (वि. २०७०) *गुडबिल नयाँ माध्यमिक नेपाली व्याकरण तथा अभिव्यक्ति,* काठमाण्डौ : गुडबिल पब्लिकेसन प्रा. लि. ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्र (२०६०) *आधुनिक भाषाविज्ञान,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

शिक्षापदाधिकारी (ई. १९९१) *माध्यमिक नेपाली व्याकरण र रचना,* दार्जिलिङ्ग : साझा पुस्तक प्रकाशन ।

............... (वि. २०४०) *नेपाली बृहत् शब्दकोश,* काठमाण्डौ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

*

# किमिदं काव्यसौन्दर्यम्

डा. गुरूप्रसादकोइराला
सहप्राध्यापकः
ने.सं.वि., पिण्डेश्वरविद्यापीठम्

**सारः**

सुन्दरशब्दस्य भावार्थप्रकाशकः सौन्दर्यशब्दः सर्वजनसंवेद्यः प्रसिद्धश्च । मानव एव न, अन्ये प्राणिनोऽपि सौन्दर्यमेवोद्दिश्यानन्दमनुभवन्ति । सर्वत्र स्वप्रभुत्वविस्तारकं किमिदं सौन्दर्यमिति जिज्ञासायामस्य पाश्चात्त्यवाङ्मये सुविस्तृता चर्चा प्राप्यते । तत्रस्था समालोचकाः सौन्दर्यशास्त्रमिति नाम्ना समालोचनाशास्त्रमेव संस्थाप्य लोके सर्वत्र व्याप्तं सौन्दर्यं विवेचयन्ति, परं पौरस्त्यवाङ्मये काव्यमेवोद्दिश्य सौन्दर्यस्य चर्चां कुर्वन्ति विद्वांसः । काव्य-सौन्दर्यविषये पाश्चात्त्यपौरस्त्यविदुषां विचारसाम्यं प्राप्यते । पौरस्त्यविद्वद्भिः सौन्दर्यमिति शब्दमेवोल्लिख्य तु नैव परं सौन्दर्यस्य भावार्थप्रकाशकान् शब्दान्नुल्लिख्य वैदिकाकालादेवास्य विषये स्वकीया अवधारणा पुरस्कृता । पौरस्त्यसमालोचका बाह्यमाभ्यन्तरञ्चेति सौन्दर्यस्य स्वरूपद्वयं स्वीकुर्वन्ति । काव्यश्रवणपठनसमकाल एव सौन्दर्यचमत्काराभिव्यक्तिर्भवति चेद् तत्र बाह्य-सौन्दर्यस्यावस्थितिर्भवति, परं यत्र काव्यस्याध्ययनमननचिन्तनपश्चात् लोकाति-क्रान्तगोचरं सच्चिदानन्दस्वरूपम्, सहृदयहृदयसंवेद्यं चमत्कारमनुभूयते तत्राभ्यन्तरसौन्दर्यमिति पौरस्त्यसमालोचकानामभिमतः । अत्र अस्यैव विषये सामान्या चर्चा विहिता विद्यते ।

**शब्दकुञ्जी** : पाश्चात्त्यम्, सौन्दर्यशास्त्रम्, पौरस्त्य, बाह्यसौन्दर्यम्, आभ्यन्तर-सौन्दर्यम्, अलङ्कारः, रसः, ध्वनिः ।

## १. विषयप्रवेशः

सुन्दरशब्दात् भावार्थकेन ष्यञ्प्रत्ययेन व्युत्पन्नः सौन्दर्यशब्दः लोकव्यवहारे काव्यपरम्परायां च प्रसिद्धोऽस्ति । लोके सौन्दर्यस्य महत्त्वं स्थावरजङ्गमादिषु सर्वेषु वस्तुषु दृश्यते। परं साहित्यसंसारे काव्यस्य कमनीयत्वविस्तार-कतत्त्वरूपेण शब्दोऽयं प्रयुज्यते। सहृदयजनमनाह्लादजनकत्वं काव्यत्वमिति काव्यस्य प्रथमं प्रयोजनम् । अर्थात् काव्यात् तत्सामीप्यजनमनोरञ्जनं भवतीति फलितोऽर्थः । भावकजनस्यान्तस्करणस्य रञ्जनार्थं तु सौन्दर्यमेव भवितुमर्हति ।

तस्मात् काव्ये सौन्दर्यमपरिहार्यम् । अतोऽत्र काव्यप्रयोजनप्रवर्द्धकं कीदृशं सौन्दर्यमिति विषये किञ्चित् परिचर्चा क्रियते ।

## २. समस्याकथनमुद्देश्यं शोधविधिश्च

काव्यस्य प्रयोजनप्रतिपादने सौन्दर्यमेव मूलमस्ति । अस्य विषये पाश्चात्त्यकाव्यशास्त्रे सौन्दर्यशास्त्रमिति नाम्ना बाङ्मयस्थितानि सर्वाण्येव वस्तूनि सौन्दर्यदृष्ट्या विविच्यन्ते, परं पौरस्त्यकाव्यशास्त्रपरम्परायां सौन्दर्य-शब्दस्य भावार्थप्रकाशकान् शब्दान् प्रयुज्य सौन्दर्यतत्त्वविषये चर्चा प्राप्यते । अत्र पौरस्त्यकाव्यशास्त्रे किं किं तत्त्वं काव्यसौन्दर्यत्वेन व्यवह्रियन्ते, इत्यस्य समस्या विद्यते । काव्यसौन्दर्यमिति नाम्ना व्यवहर्तुं शक्यं पौरस्त्यकाव्यशास्त्रे प्रसिद्धं काव्यतत्त्वमन्विष्य सप्रभेदं प्रकाशनमस्याध्ययनस्योद्देश्यमस्ति । प्रस्तुताध्ययने पुस्तकालयतः सामग्र्यः सङ्कलय्य वर्णन-व्याख्यान-विश्लेषणात्मिकाः पद्धतयोऽ-ङ्गीकृता विद्यन्ते ।

## ३. पूर्वकार्यसमीक्षा

सौन्दर्यतत्त्वविषये पाश्चात्त्ये पौरस्त्ये च काव्यशास्त्रे सर्वत्र चर्चा प्राप्यते । पाश्चात्त्यकाव्यशास्त्रे भाषावाङ्मयस्य सर्वा उपलब्धयः सौन्दर्यतत्त्वदृष्ट्या समीक्षन्ते । पौरस्त्ये तु केवलं काव्यमेव लक्ष्यीकृत्य सौन्दर्यतत्त्वस्य चर्चा प्राप्यते । अत्र पौरस्त्यकाव्यशास्त्रानुसारेण काव्यसौन्दर्यस्य चर्चा क्रियते । अतोऽत्र पूर्वसमीक्षायां पौरस्त्यकाव्यसौन्दर्यस्य विषये सञ्जाता समीक्षा उल्लिख्यते ।

१. पौरस्त्यसमालोचकः निर्मलाजैनमहोदयः पौरस्त्यकाव्यशास्त्रे सर्वोत्कृष्टत्वेन विराजितः रससिद्धान्त एव पाश्चात्त्यवाङ्मये प्रसिद्धः सौन्दर्यसिद्धान्त ( रससिद्धान्त और सौन्दर्यशास्त्र, १९९७ : क) इति उल्लिखति ।
२. पौरस्त्यसमालोचकः वीणामाथुर समुल्लिखति यत्- पाश्चात्त्यवाङ्मये विश्लेषितस्य सौन्दर्यतत्त्वस्याध्ययनेन तत्र वस्तुवादिनः, आत्मवादिनः, समन्वयवादिनश्चेति सौन्दर्यविश्लेषकाः प्राप्यन्ते । तेषु प्रथमा वस्तुन आवरण एव सौन्दर्यं मानन्ति, अपरे आत्मानुभूतावेव सौन्दर्यं प्राप्नुवन्ति, अन्ये च एतयो मध्यमार्गिणः सन्ति, रूपस्य आत्मनश्च समन्वयेनैव सौन्दर्यानुभूतिर्जायते इति स्वीकुर्वन्ति । पौरस्त्यकाव्यशास्त्रे च वस्तुवादिन आलङ्कारिकाः, आत्मवादिन रससम्प्रदायवर्तिनः, समन्वयवादिनश्च रसध्वनिवादसमर्थकाः सन्तीति (प्रसादका सौन्दर्यदर्शन, १९७१ : ९) ।

३. समालोचकः सोमनाथसिग्द्यालः सौन्दर्यं काव्यादरिरिक्तेषु सर्वेषु वस्तुषु भवति परं तेषां सौन्दर्यं बहिरङ्गत्वेनावस्थितं भवति परं काव्यसौन्दर्यं तु आभ्यन्तरत्वेन समुल्लसतीति प्राह (साहित्यप्रदीप, २०२८ : १५) ।

४. काव्यसमालोचको बाबुरामाचार्यः सौन्दर्यानुभूति मूर्त अमूर्तेति प्रकारद्वयेन भवति । तत्र दर्शनेन्द्रियेण मूर्तसौन्दर्यम्, श्रवणेन्द्रियेण अमूर्तसौन्दर्यं गृह्यते । तयोः काव्यसौन्दर्यममूर्तसौन्दर्यपरिधौ समायाति (नेपालको साँस्कृतिक परम्परा, २०५४ : ८८) ।

५. पौरस्त्यकाव्यशास्त्रमर्मज्ञः केशवप्रसादोपाध्याय रीतिगुणालङ्कारेषु काव्यस्य बाह्यसौन्दर्यम्, रसध्वनौ आभ्यन्तरसौन्दर्यं भवतीति (साहित्यप्रकाश, २०६७ : २३५) समुल्लिखति ।

६. मार्क्सवादीसमालोचकः चैतन्य स्वकीये मार्क्सवादी सौन्दर्यचिन्तन इति ग्रन्थे समुल्लिखति यत्- पौरस्त्यवाङ्मये सौन्दर्यशास्त्रस्य समगुणत्वेन नाट्यशास्त्रमस्तीति मन्तुं युज्यते । तत्र काव्यस्य बाह्यसौन्दर्य-त्वेनालङ्कारादयः, आभ्यन्तरसौन्दर्यत्वेन रसः इति मन्यते । केचित्तु काव्याङ्गसमुचितसन्निवेशत्वेनापि सौन्दर्यं स्वीकुर्वन्ति । (चैतन्य, २०६९ : ३)

## ४. शोधसीमा

पाश्चात्त्यवाङ्मये सौन्दर्यतत्त्वस्य विषये सौन्दर्यशास्त्रमिति समालोचना-शास्त्रमेव प्रकल्प्य समालोचकैः सुविस्तृता चर्चा विहिता । तत्र काव्यमेव नापितु वास्तुमूर्तिचित्रादिकलाभेदा अपि समाविशन्ति । पौरस्त्य-काव्यशास्त्रे तु केवलं काव्यमेव लक्ष्यीकृत्य सौन्दर्यतत्त्वविश्लेषणं प्राप्यते । पाश्चात्त्यपौरस्त्यशास्त्रयोः मतानुसारं सौन्दर्यतत्त्वं सङ्क्षेपेणोल्लिख्य तयोः समन्वयसूत्रं च समावेश्य पौरस्त्यकाव्यशास्त्रानुरूपं काव्यसौन्दर्यं दिङ्मात्रेण विवेचनमेव अस्य लेखस्य सीमा विद्यते ।

## ५. काव्यसौन्दर्यम्

मानवविकासस्य मूलमेव सौन्दर्यं मन्यते । यस्मिन् समये मानवमनसि सौन्दर्यचेतनाया बीजमुप्तं तस्मादेव कालात् मानवः प्रगतिपथगामी अभूदिति मन्तुं युज्यते । किमिति चेत् प्राणीषु मानव एव सौन्दर्यानुभूतये नुत्नं कार्यं सम्पादयितुमुत्सहते । इह लोके सौन्दर्यतत्त्वस्य प्रकारबाहूल्यं विद्यते । सुन्दर-शब्दात् भावार्थप्रकाशकेन ष्यञ्प्रत्ययेन विनिर्मितः सौन्दर्यशब्दः लोकव्यवहारे काव्यपरम्परायां च प्रयुज्यते । सामान्यतया लोकव्यवहारे दर्शनेन्द्रियप्रत्यक्षं

वस्तुसौन्दर्यमेव उपयुज्यते परं साहित्यजगति काव्यस्य कमनीयत्वविस्तारक-तत्त्वरूपेण सौन्दर्यं ज्ञायते । सहृदयजनमनाह्लादकत्वं काव्यत्वमिति काव्य-प्रयोजनम् । कवेर्भावकस्य चान्तस्करणे लोकोत्तरमाह्लादमाविष्करोति तदेव काव्यं सुकाव्यत्वेन आद्रियते । काव्यात् तादृशं लोकोत्तरमाह्लादं काव्य-सौन्दर्यमेवाविष्कर्तुं शक्नोति । अतः काव्ये सौन्दर्यमपरिहार्यम् । साहित्यसौन्दर्ययो अन्योन्याश्रयविषये कैश्चित् साहित्यमर्मज्ञैरुक्तं यत्–

साहित्यं किञ्च सौन्दर्यं द्वयमन्योन्यपूरकम् ।
एकमन्यं विना नैव प्रतिष्ठां लभतेतराम् ॥

समुचितशब्दार्थसहभावभावितं साहित्यम्, सुन्दरत्वगुणयुतं सौन्दर्यञ्च परस्परोपकारकत्वेन सहायकमिति । सौन्दर्यस्य सर्वोत्कर्षं साहित्य एव सम्भवतीति निष्कर्षः ।

प्रियत्वं मनोज्ञत्वं लावण्यत्वं लालित्यञ्चेमे शब्दाः नितरां सौन्दर्यापर-पर्यायभूताः चमत्कारजनकत्वञ्चाभिव्यञ्जयन्ति । अद्यत्वे सौन्दर्यस्य चर्चा सर्वत्रैव श्रूयते । पाश्चात्त्ये पौरस्त्ये चालोचकैः सौन्दर्यशास्त्रमधिकृत्यानेके विचाराः प्रस्तुतीकृताः । तथाप्यस्य स्वरूपं किमिति विषये पूर्णतां नावलोक्यते । कथ्यते यत्-

किमप्यस्ति स्वभावेन सुन्दरं वाप्यसुन्दरम् ।
यदेव रोचते यस्मै भवेत्तत्तस्य सुन्दरम् ॥

पद्यस्यास्य भावमेव सौन्दर्यतत्त्वस्य सारं मन्यते । परं सौन्दर्यतत्त्वस्य विषये समालोचकैः कृता सुविस्तृता चर्चा समुज्ज्वलां ज्ञानगङ्गामाविष्करोति । अतः काव्यसौन्दर्यविषयेऽत्र सामान्या चर्चा क्रियते ।

पौरस्त्ये पाश्चात्त्ये च काव्यपरम्परायाः प्रारम्भे सत्यं शिवं सुन्दरमिति भावमधिकृत्य साहित्यरचना क्रियते स्म । अधुनाऽपि सत्यं शिवं च संवलितं सुन्दरमेव सौन्दर्यस्य बीजं मन्यते । (माथुर, १९७१ : २३)

**५.१ पाश्चात्त्ये सौन्दर्यम्**

पाश्चात्त्ये प्लेटोमहोदयस्य कालादेवं पौरस्त्ये च वैदिककालादेव सौन्दर्यस्य विषये चर्चा प्रारब्धा । प्लेटोमहोदयस्य नैतिकसंस्कारविहीनमनि- यन्त्रितसाहित्यं गणराज्याद् बहिष्करणीयमिति विचारोऽस्मिन्नेव भावे निबद्धोऽस्ति (चतुर्वेदी, १९५४ : १६७) । पाश्चात्ये अष्टादशशताब्द्यां बाउमगार्टेनमहोदयः सर्वप्रथमं एस्थेटिका इति ग्रन्थे व्यापकार्थमयं सौन्दर्यमिति शब्दमुल्लिखति (चैतन्य, २०६९ :

१) एषः कलात्मकाभिव्यक्तिरेव सौन्दर्यमिति स्वीकरोति । अयमेव काव्य-समीक्षणक्षेत्रे सौन्दर्यशास्त्रमिति समीक्षाशास्त्रत्वेन स्थापयति । पश्चात् हेगेलमहोदयः सौन्दर्यशास्त्रस्य क्षेत्रं वास्तुमूर्तिसङ्गीतादिकलाभेदपर्यन्तं विस्तारयति । पाश्चात्त्यसमालोचकाः सौन्दर्यशास्त्रमिति नाम्ना सौन्दर्यं विवेचयन्ति । तत्र वस्तुगतम्, आत्मगतम्, उभयगतञ्च सौन्दर्यं भवतीति मत-वैभिन्यं प्राप्यते ।

### ५.१.१ वस्तुगतंसौन्दर्यम्

पाश्चात्त्यकाव्यशास्त्रे सौन्दर्यं वस्तुगतमिति मन्यमानानां परम्परा सुदीर्घतरा विद्यते । भौतिकवादिनः सौन्दर्यमात्मनिष्ठमस्वीकृत्य सुन्दरवस्तुनः केवलं भौतिकगुणमेव मन्यते । एते विद्वांसः सुन्दरवस्तुनो बाह्यरूपसङ्घटन-सुकुमारादिदृश्यविषये स्थितं सौन्दर्यमिन्द्रियसुखप्रदायकं स्वीकुर्वन्ति । बाह्यपदार्थे सौन्दर्यमन्वेषमाणाः सुकरात-अरस्तु-लेसिङ्-डार्विनप्रभृतयः समालोचकाः प्रमुखाः सन्ति । एतेषां मते कलाकारः कविर्वा लोके स्थितं वस्तुसौन्दर्यं गृहीत्वा स्वप्रतिभा-बलेन विलक्षणानन्दं जनयति (माथुर, १९७१ : १०) । वस्तुनः सौन्दर्यं प्रतिभा-समूलकमेव । प्रतिभासितसौन्दर्यार्थं वस्तुरूपमावश्यकम् । वस्तुनः सौन्दर्यस्य कृते वस्तुनि विद्यमाना विशिष्टगुणावस्थितिरेव हेतुः । वस्तुनो विशिष्टगुणेषु मानवमनः प्रसृतं भवति । इत्थं वस्तुरूपेण सह भावस्य समन्वयो भवति । अतो भावसमन्वितं वस्तु एव सौन्दर्याधारो भवतीति सारः ।

### ५.१.२ आत्मगतम्

आत्मवादिनस्तु सौन्दर्यमात्मस्थानीयं स्वीकृत्य अध्यात्मसम्बन्धेन विना सौन्दर्यानुभूतिरेव न जायते इति मतमुपस्थापयन्ति । पाश्चात्त्ये सौन्दर्यमात्म-स्थानीयमिति मन्यमानाः प्लेटो-प्लेटिनस-सेलिङ्-कान्ट-हेगेल-किट्सप्रभृतयः समालोचकाः सन्ति । प्लेटोमहोदयस्य निरपेक्षसिद्धान्ताधृतं सौन्दर्यम्, हेगेलस्य निरपेक्षचिन्तनाभिव्यक्तिरूपं सौन्दर्यम्, मध्ययुगे जातानां रहस्यवादिनामीश्वरीय-सत्तायामाधृतं सौन्दर्यं चात्मनिष्ठं परिपोषयन्ति । क्रोचेमहोदयः स्वकीयाभि-व्यञ्जनावादाख्यसिद्धान्ते स्वानुभूतिसौदर्यमेवाभिव्यक्तेः स्वरूपं स्वीकरोति (माथुर, १९७१ : १२) । एतेषां मते कवेर्भावकस्य च हृदयानुभूतिजन्यमेव सौन्दर्यमिति सारत्वेन ज्ञायते ।

### ५.१.३ उभयगतम् (समन्वयात्मकम्) सौन्दर्यम्

सौन्दर्यस्यावस्थितिर्वस्तुगता स्याद् आत्मगता वा, मानवसमन्वयोऽपेक्ष्यते । मार्क्सवादानुसारमात्मवस्तुनोः समाजेन सह सम्बन्धे सत्येव सौन्दर्यमुल्लसति । सौन्दर्याविष्कृतौ मानवश्रमस्योल्लेख्या भूमिका भवति । तस्माद् मार्क्सवाद अध्यात्मभौतिकवादयोरेकपक्षीयतां निरस्य द्वयोरेव वादयोः समन्वये सौन्दर्याभि-व्यक्तिं प्रतिपादयति । एवमेव पाश्चात्त्ये प्लेटो-बोसांके-हिगेल-टाल्सटाय-प्रभृतयो समालोचकाः सौन्दर्यं भौतिकवस्तुनो मनसश्च समन्वयात्मकं तत्त्वं स्वीकुर्वन्ति (माथुर पृ. १६) । अस्य मध्यममार्गस्य प्रवर्तकः कार्लमार्क्स एवास्ति । अस्य विचारे सौन्दर्यस्य कृते वस्तुगतात्मगतपक्षयोर्मध्ये द्वन्द्वात्मकमेकत्व-मत्यावश्यकं भवति । तन्मते सौन्दर्यस्योत्पत्तिः सामाजिकश्रमकार्यस्योपलब्धि-र्वर्तते । तस्माद् मानवश्रम एव वस्तुगतात्मगतयोः सौन्दर्यप्रकारयोर्मध्ये ऐक्यं स्थापयति (चैतन्य किरण पृ. २२८) । पाश्चात्त्यसौन्दर्यविश्लेषणे मतमिदं व्यावहारिकत्वेन स्वीकारयोग्यं विद्यते ।

### ५.२ पौरस्त्ये सौन्दर्यम्

पौरस्त्यकाव्यशास्त्रेतिहासे सौन्दर्यतत्त्वविषये स्पष्टरूपेण पृथक् विवेचनं स्वल्पमेव प्राप्यते । अत्र केवलं काव्यमेव लक्ष्यीकृत्य सौन्दर्यस्य पर्यायभूता रमणीयशोभाकान्तकमनीयादयः शब्दाः प्रयुज्यन्ते । पौरस्त्ये सौन्दर्यशब्द-प्रयोगस्येतिहासेऽन्विष्टे नाट्यशास्त्रादेव सङ्केतः प्राप्यते । तत्र नायिकानायकयोः सौन्दर्यचर्चा एव विद्यते न तु काव्यसिद्धान्तरूपेण । नाट्शास्त्रेऽपि काव्यसौन्दर्य-तत्त्वत्वेन त्वलङ्कारा एव प्रयुक्ता विद्यन्ते । काव्यशास्त्रेषु प्रयुक्तोऽलङ्कारशब्दः सौन्दर्यबोधको विद्यते । अत एव वामनः प्राहसौन्दर्यमलङ्कारः । अन्येऽप्याचार्याः काव्यस्य सौन्दर्याधायकं तत्त्वमलङ्कारशब्देनाहुः (सहाय, १९७० : ४६) । तदा काव्यशास्त्रकारैः स्वकीयलक्षणग्रन्स्य नामान्यपि काव्यालङ्कारः, काव्यालङ्कार-सारसङ्ग्रहः, काव्यालङ्कारसूत्रवृत्तिः, अलङ्कारकौस्तुभ इत्यादीनि विहितानि । दण्डिनोऽपि काव्यशोभाकरान् धर्मानलङ्कारान् प्रचक्षते इति कथनम्, अग्नि-पुराणकारस्य अर्थालङ्काररहिता विधवेव सरस्वतीत्याभाणकं तथ्यमिदं द्रढयति । अतोऽलङ्कारशब्दः काव्यसौन्दर्यबोधक एव । एवमेव 'न कान्तमपि निर्भूषं विभाति वनिताननम्' इति भामहवाक्यं तु द्विविधं काव्यसौन्दर्यं सूचयति (भामह, १९८५ : ७) । कान्तं वनिताननं भूषणेन विभाति इत्यस्याशयो भवति यत्-लावण्यान्वितं वनिताननमिव काव्यमपि रसाद्यान्तरिकतत्त्वैः सुन्दरं भवति परं

तस्य सौन्दर्यस्य प्रवर्धनार्थं कटककुण्डलाद्यलङ्कारवदुपमाप्रभृत्यलङ्कारादि-बााह्यसौन्दर्यतत्त्वमप्यावश्यकं भवतीति भामहस्य धारणा काव्ये बाह्याभ्यन्तर-रूपं द्विविधं सौन्दर्यतत्त्वं भवतीति द्रढयति । वामनोऽपि रीतिरात्मा काव्यस्य, काव्यं ग्राह्यमलङ्कारादिति कथनमपि बाह्याभ्यन्तरं सौन्दर्यतत्त्वं सूचयति ( वामन, २०१० : १६) । आचार्यो मम्मटोऽपि रसादिनिष्ठं स्वाभाविकमाभ्यन्तरिक-मलङ्कारनिष्ठं कृत्रिमञ्चेति काव्यस्य द्विविधं सौन्दर्यतत्त्वं सङ्केतयति । (मम्मटः १९९० : २५४) ध्वन्यालोककारोऽपि शरीरे प्रसिद्धावयवातिरिक्तं लावण्यमिव काव्येऽपि प्रतीयमानार्थरूपं पृथक् सौन्दर्यं भवतीति कथयन् द्विविधं सौन्दर्यतत्त्वमुल्लिखति (आनन्दवर्धन, २००६, १७) । एवमेव पण्डितराजो जगन्नाथोऽपि वाच्यप्रतीयमानाख्यमिति द्विविधमर्थं काव्यसौन्दर्यवर्धकं स्वीकरोति । एतैरुदाहरणैः पौरस्त्यकाव्यशास्त्रे बाह्याभ्यन्तररूपं सौन्दर्यद्वयं सिद्धान्तत्वेन स्थिरीभवति ।

### ५.२.१ पौरस्त्यसिद्धान्तनुसारमाभ्यन्तरसौन्दर्यम्

काव्यस्य श्रवणपठनानन्तरं काव्यरसिकानां मनसि शनैः शनैरानन्दात्मिकी अनुभूतिर्जायते, सैवानुभूतिः काव्यस्याभ्यन्तरसौन्दर्यत्वेन स्वीक्रियते । अङ्गनासु लावण्यमिव प्रतिभावतां कवीनां वाणीषु सामान्येतरमनिर्वचनीयं दिव्यं सौन्दर्यं चकास्ति । (आनन्दवर्धनः, २००६ : १७) अर्थात् लोके यथा नायिकासु सर्वाङ्गसमन्वयाविष्कृतं सौन्दर्यातिरिक्तं रसिकहृदयमुल्लासकमाभ्यन्तरसौन्दर्यं सहृदयैः प्रत्यक्षीक्रियते । यस्य कस्यापि वस्तुनः सौन्दर्यविस्तारार्थं स्वयं वस्तुनः सुन्दरताया आवश्यकता भवति । अथात् सुन्दरस्यैव वस्तुनः सौन्दर्यप्रकर्षो जायते । असुन्दरस्य कृते सौन्दर्यसामाग्र्यो निष्प्रयोजना भवन्ति । चन्द्रः सुन्दरोऽस्ति अत एव चन्द्रिका तस्य सौन्दर्यं विस्तारयति । वनिता सुन्दरी अस्ति चेत् कटक-कुण्डलादयस्तस्याः सौन्दर्यं प्रवर्धयन्ति । गृहनिर्माणं सुन्दरं चेद् वण-संस्कारैस्तत् सज्जयितुं शक्यते । एवमेव रसादिभावान्वितस्यैव काव्यस्य उपमाद्यलङ्कारैः, वैदर्भ्यादिरीतिभिश्च सौन्दर्यविस्तारः क्रियते । काव्यं रसाद्यान्तरिकतत्त्वैः सुसम्पन्नं रमणीयञ्चास्ति चेद् अलङ्कारादि-सौन्दर्यप्रसाधनतत्त्वानामुपयोगित्वं सिद्ध्यति । तस्मात् पौरस्त्यसमालोचकाः काव्यस्याभ्यन्तरसौन्दर्यभूता रसध्वनि-गुणाः काव्यस्यात्मस्थानित्वेन स्वीकुर्वन्ति ।

## ५.२.१.१ रससौन्दर्यम्

रससौन्दर्यं कविकर्मत्वेन प्रथिते काव्ये सर्वाधिकं महत्त्वमावहति । पौरस्त्यसमालोचकानां विचारे काव्ये आत्मरूपेण रससौन्दर्यमवस्थितं भवति । अनुभूतिजन्यत्वेन रससौन्दर्यमाभ्यन्तररूपेण काव्यशोभां प्रकाशयति । इह लोके जनाः स्वजीवनयापनक्रमे विविधसमस्याभिर्ग्रस्ता भवन्ति । कदाचिदत्यधि-कमानसिकपीडया पीड्यमानाः सन्तः स्वजीवनेऽनास्थां प्रकटयन्ति । तदा तादृशानां जनानामन्तर्व्यथां शमयितुं लौकिकाः षड्रसाः क्षणमात्रमेव समर्था भवन्ति । परं कस्यापि सरसकाव्यस्याध्ययनदर्शनादिभिश्च तादृशा विक्षिप्ता जनाः पूर्णतयैव आत्मपीडां विस्मृत्य रसप्रतीतिजन्यं विलक्षणानन्दमनुभवन्तो नवजीवनञ्च प्राप्नुवन्ति । अतो मानवजीवने रससौन्दर्यस्य महन्महत्त्वं दृश्यते । व्रह्मनिर्मितौ षड्रसा भवन्ति । ते च रसनया आस्वाद्यन्ते, परं तेभ्यः सर्वेभ्यः आनन्दानुभूतिरपि न जायते । कतिपये रसास्तु पीडाप्रदायकाश्च भवन्ति । एताननतिरिच्य कविसंसारे स्थिताः शृङ्गारादयः सर्वेऽपि रसाः पूर्णानन्दपरका एव ( विश्वनाथ, १९९५ : १२६) । भयानककरुणादिरसान्वितानां चलचित्राणां दर्शनार्थं रङ्गशालां प्रति रसिकजनानामहमहमिकया गमनमेवास्य प्रमाणम् । रससौन्दर्यस्योत्कर्षयुतं पद्यं यथा-

मम न किञ्चन वस्तु निजं क्वचित् सततकिङ्करभावमये यतः ।
किमपि मन्निकटेऽस्ति तदाशिषा तदखिलं जगतीपतिवैभवम् ॥

(भट्टराई, २०६१ : २७२)

सत्यसाईचरितस्य पद्यमिदमत्र कवि स्वकीयमकिञ्चनत्वं वर्णयति । पद्ये-ऽस्मिन् कवेः परमेश्वरवैभवज्ञानात् सांसारिकवस्तूनि निर्मोहत्वमालम्बनम्, पुट्पर्तिपुण्यक्षेत्रभ्रमणम्, सत्यसाईसङ्गमनञ्चोद्दीपनम्, आक्षिप्तदिव्यज्ञानजन्य-रोमाञ्चादयोऽनुभावाः, निर्वेदहर्षमत्यादयो व्यभिचारिणश्च सन्ति । एतैर्व्यक्तः शमः स्थायीभावः शान्तरसत्वेन भावका आस्वादयन्ति ।

यथा वा-

शयिता सविधेऽप्यनीश्वरा सफलीकर्तुमहो मनोरथान् ।
दयिता दयिताननाम्बुजं दरमीलन्नयना निरीक्षते ॥

(रसगङ्गाधर)

अत्र नायिकानिष्ठा नायकविषयिणी रतिः । रह एकान्तम्, तथा च यदि स्थानमेकान्तं न स्यात् तदा सा पित्रपारवश्यात् तत्र नायकस्य समीपे कथमपि

न शयितेति नायकसमीपशयनान्यथाऽनुपपत्त्या तत्थानस्यैकान्तत्त्वं कल्प्यते । निरीक्षणे तादृशत्वमीषन्मुकुलीकृतनेत्रकत्वम् । नयनयोरीषन्मीलनेन लज्जा, निरीक्षणेन चौत्सुक्यं सूच्यते । संभोग-आलम्बनादिभिः सह स्थायिभावस्य रत्यादेः सम्बन्धः । रतिश्चात्र नायकालम्बना नायिकाश्रया, तस्याश्चेह परिपोषणेन निरीक्षणस्य च प्रवृत्तत्वेन सम्भोगशृङ्गाररसरूपतामभिव्यक्तिः ।

अत्र नायिकानिष्ठरत्यादेः स्थायिभावस्य नायकरूपालम्बनविभावेन, एकान्तस्थानरूपोद्दीपनविभावेन, मुकुलीकृतनयननिरीक्षणलक्षणानुभावेन, लज्जौत्सुक्यरूपाभ्यां व्यभिचारिभावाभ्यां च सम्बन्धात् प्राधान्येन सम्भोग-शृङ्गाररसास्वादः सुतरां सामाजिकेषु व्यज्यते । एष्वुदाहरणेष्वाभ्यन्तर-सौन्दर्याधायकत्वं परिज्ञानायानुभव एव प्रमाणं तत्र केवलं सचेतसां, सामाजिका-नाञ्चेति ।

### ५.२.१.२ ध्वनिसौन्दर्यम्

कविप्रतिभाप्रणीतासु काव्यरचनासु शब्दश्रवणानन्तरं जायमानादभि-धेयार्थादतिरिक्तोऽप्यर्थो भवति । स एवार्थः काव्यसंसारे ध्वनिनाम्ना व्यपदेश्यते । पौरस्त्यसमालोचनापरम्परायां ध्वनितत्त्वं काव्यस्यात्मात्वेन स्वीक्रियते । एतादृशो ध्वनिः विलक्षणप्रतिभासम्पन्नानां कवीनां वाणीषु वाच्यात् पृथगेव प्रतीयमानाभिधेयोऽर्थोऽस्ति, यदङ्गनासु प्रत्यक्षाननयनादिभ्योऽवयवेभ्योऽति-रिक्तमनुभूयमानं विलक्षणं लावण्यमिव शोभते । यत्र काव्ये शब्दः स्वार्थम्, अर्थश्चात्मानं गुणीकृत्य प्रधानभूतमाभ्यन्तरसौन्दर्यजनकमर्थं व्यञ्जनया प्रतीति-विषयं कुरुतः, स एव काव्यविशेषो ध्वनिरिति ध्वनेः स्वरूपम् । यत्र ध्वनेः सौन्दर्यं विलसति तदेव काव्यमुत्तममिति काव्यशास्त्रमर्मज्ञाः स्वीकुर्वन्ति । ध्वनेः सौन्दर्यप्रकाशकं पद्यं यथा-

वर्ण्याः सन्ति सहस्रशो हि विषया भूमण्डले शोभना
नैके भारतवर्षके च विविधा आभान्ति सम्मोहना ।
सिद्धाश्चापि लसन्ति सौम्यचरिता अन्ये विभिन्नाः परं
साईजीवनमेव जीवनमिति प्रारभ्यते तत्कथा ॥

(भट्टराई, १९६१ : २५)

सत्यसाईचरितमहाकाव्यस्य प्रारम्भे कवि वर्ण्यविषयस्य महत्त्वं प्रकाशयति । भूमण्डले वर्णनीया नैके विषयाः प्राप्यन्ते, वर्णनीयचरिता महात्मनोऽपि विद्यन्त

एव तथापि सत्यसाईजीवनमेव जीवनमिति विभाव्य तदीयं चरितं वर्ण्यते इति कवेराशयः । पद्यस्यास्य चतुर्थे पादे प्रथमं जीवनमिह लोके प्राणिभिः प्राप्यमाणं सुखदुःखसमन्वयात्मकं जीवनं सूचयति परं द्वितीयो जीवनशब्दः सांसारिकमायाबन्धनैर्मुक्तं दिव्यगुणयुतं वर्णनीयं जीवनमिति विशिष्टार्थं बोधयति । अतोऽत्रार्थान्तरसङ्क्रमितध्वनेः सौन्दर्यं भावकैरास्वाद्यते । यथा वा–

वक्तृवैशिष्ट्यात् व्यञ्जकत्वरूपध्वनिसौन्दर्यस्य प्रतीतिः, यथा–

श्वश्रुरत्र निमज्जत्यत्राहं दिवसकं प्रलोकयः ।
मा पथिक रात्र्यन्धक शय्यायामावयोर्निमङ्क्षसि ॥

(विश्वनाथः १९९५ : २८)

अत्रोपनायकसङ्गमार्थिन्याः कस्याश्चित् नायिकाया उक्तिरियम् । अनेन गृहे तृतीयजनाभावोऽत एव निःशङ्कं सुरतव्यापारावसर इति पथिकं प्रति कियत् सुन्दरमुक्तिरियम् । अत्र व्यभिचारिण्या उक्तिभिः स्वैरविहारार्थनीयमिति सुन्दरार्थस्य प्रतीतिर्भवति । व्यभिचारिणी सुन्दरयुक्तिरूपवक्तृसम्बन्धा-त्स्वैरविहारार्थिनी एष इति सामाजिकैर्व्यञ्जनया बुध्यते ।

### ५.२.१.३ गुणसौन्दर्यम्

काव्यस्यात्मभूतस्य रससौन्दर्यस्य स्थायिधर्मत्वेनावस्थिततत्वाद् माधुर्यादि-गुणा अपि काव्यस्याभ्यन्तरसौन्दर्यत्वेनैव गृह्यन्ते । कतिपये वर्णप्रकाश्यत्वात् बाह्यसौन्दर्यप्रकाशकत्वेन स्वीकुर्वन्ति, परं वर्णप्रकाश्यं तु 'आकार एवास्य शूरः' इति लोकव्यवहारवदेव (काव्यप्रकाशः, १९९० : २५४) । कस्या अपि रचनायाः श्रवणे चिन्तने च सहृदयस्य हृदि कुत्रचिद् मधुरधारया इवानन्दमयता, कुत्रचिद् उद्दीप्तत्वेन प्रज्जलितता, कुत्रचित् सुस्पष्टतया विकसितता च जायते, एता एव चित्तवृत्तयो गुणा कथ्यन्ते । अतः गुणा काव्यस्याभ्यन्तरसौन्दर्यतत्त्वत्वेन स्वीक्रियते । गुणसौन्दर्यप्रकाशकं पद्यं यथा-

मान्याः पराहितकरा अभवन् समाजे विद्वज्जनाः स्मृतिपराङ्मुखतामवाप्ताः ।
एवं शनैः क्षयपथं सुकृते प्रयाते सद्धर्मशास्त्रशरणं भव लोकनाथ ! ॥

(भट्टराई, २०६१ : ४१)

अधुना माननीयाः शासकजनाः परोपकारभावरहिताः स्वार्थपराः सन्ति । विद्वज्जना अपि शास्त्रीयज्ञानवितरणकार्यं परित्यज्य अर्थपराः सञ्जाताः । एवं

प्रकारेण क्षयपथप्रवृत्तस्य समाजस्य कृतेः सद्धर्मोपदेशकत्वेन लोकशरणं भव इति भगवतः स्तुतिपरकं पद्यं श्रवणसमकालमेव सुस्पष्टतया हृदयविकासं जनयति । अतोऽत्र प्रसादगुणसौन्दर्यं शोभते । यथा वा-

परिम्लानं पीनस्तनजघनसङ्गादुभयत-
स्तनोर्मध्यस्यान्तः परिमिलनमप्राप्य हरितम् ।
इदं व्यस्तन्यासं श्लथभुजलताक्षेपवलनै
कृशाङ्ग्यासन्तापं वदति विसिनीपत्रशयनम् ।

(मम्मट, १९९० : २६८)

रत्नावल्यां सागरिकामुद्दीश्य वत्सराजस्योक्तिरियम् । स्वल्पसमाससरलवर्णपदसङ्घटनाजन्यं प्रसादगुणयुतं पद्यमिदं शुष्केन्धनाग्निवत् वत्सराजस्य स्वप्रेमिकायाः शयनस्थलमवेक्ष्य परिपुष्टं विप्रलम्भशृङ्गारसौन्दर्यं पद्यश्रवणसमकालमेव जनयति । तथा च -

मन्थायस्तार्णवाम्भः प्लुतकुहरचलन्मन्दरध्वानधीरः
कोणाघातेषु गर्जत्प्रलयघनघटाऽन्योनसङ्घट्टचण्डः ।
कृष्णाक्रोधाग्रदूतः कुरुकुलनिधनोत्पातनिर्घातवातः
केनास्मत्सिंहनादप्रतिरसितसखो दुन्दुभिस्ताडितोऽसौ ॥

(मम्मट, १९९० : २६९)

वेणीसंहारनाटकस्य धीरोद्धतनायकभीमसेनस्योक्तिरियम् । अत्र ओजगुणः परिलसति । कौरवं प्रति भीमसेनस्य क्रोधस्थायिभावयुतं रौद्ररससौन्दर्यं पद्यश्रवणसमकालमेवानुभूयते ।

### ५.२.२ बाह्यसौन्दर्यम्

मूलतो वस्तुनो भौतिकसौन्दर्यमेव बाह्यसौन्दर्यमिति ज्ञायते, परं काव्यसन्दर्भे प्रत्यक्षरूपेण काव्यश्रवणपठनसमकाल एव काव्यसौन्दर्यप्रकर्षकाः शब्दार्थाश्रिता अलङ्काररीतिवक्रोक्तिप्रभृतयो बाह्यसौन्दर्यत्वेन परिगृह्यन्ते । पौरस्त्यकाव्यशास्त्रे ध्वनिसम्प्रदायस्योदयात् प्राक् अलङ्काररीतिप्रभृतयः काव्यस्यात्यवश्यकत्वेन प्रतिपाद्यते स्म । तदा काव्यशास्त्रिणो बाह्यसौन्दर्यप्रेम्णैव स्वरचितस्य लक्षणशास्त्रस्य नाम अलङ्कारपदयुक्तं कुर्वन्ति स्म । अलङ्काररीतिप्रभृतीनि बाह्यतत्त्वानि एव काव्यस्य सर्वस्वम्, अलङ्कारेण विना

काव्यत्वमेव न जायते इति प्रवदन्तः काव्यशास्त्रिणो बाह्यसौन्दर्यप्रकर्षमेव स्थापयन्ति स्म । अधुना त्वलङ्काररीतीत्यादीनि बाह्यसौन्दर्यतत्त्वानि काव्यात्मत्वेन स्थितस्य रसस्योपकारकत्वेन एव स्वीक्रियन्ते । काव्यस्य बाह्यसौन्दर्यतत्त्वेषु रीत्यलङ्कारौचित्यादीनि काव्यतत्त्वानि परिगृह्यन्ते । तेषामत्र दिङ्मात्रमुदाह्यते ।

### ५.२.२.१ अलङ्कारसौन्दर्यम्

ये धर्मा अङ्गद्वारेण अङ्गिनो रसस्याङ्गभूतौ शब्दार्थौ तदुत्कर्षजनकमुखेन तमङ्गिनं रसं सन्तं सम्भविनं कदाचित् तु न नियमेन उत्कर्षयन्ति ते धर्मा अनुप्रासोऽपमादयोऽलङ्कारा हारादिवत् यथा कण्ठाद्यङ्गोत्कर्षद्वारेण शरीरिणोऽप्युपकारका भवन्ति इत्यलङ्कारसौन्दर्यस्वरूपम्(मम्मटः, १९९० : २५४) ।

**तत्र शब्दद्वारेण रसोपकारकत्वमलङ्कारसौन्दर्यस्य यथा–**

अपसारय घनसारं कुरु हारं दूर एव किं कमलैः ।
अलमलमालिमृणालैरिति वदति दिवानिशं बाला ॥

(मम्मटः, १९९० : २५५)

अत्र रेफानुप्रासः शब्दमलङ्कुर्वन् विप्रलम्भशृङ्गारमुपकरोति । रेफस्य शृङ्गारव्यञ्जकत्वात् वाचकमुखेन रससौन्दर्यमुपकरोति अनुप्रासः । अतोऽत्र शब्दालङ्कारसौन्दर्यं राजते ।

**अर्थद्वारेण रसोपकारकत्वमलङ्कारस्य यथा–**

मनोरागस्तीव्रं विषमिव विसर्पत्यविरतं
प्रमाथी निर्धूमं ज्वलति विधुतः पावक इव ।
हिनस्ति प्रत्यङ्गं ज्वर इव गरीयानित इतो
न मां त्रातुं तातः प्रभवति न चाम्बा न भवती ॥

(मम्मट, १९९० : २५६)

अत्र विषमिवेत्यादिरूपमा, सा चार्थमलङ्कुर्वाणा रसमुत्कर्षयति । विषमिवेत्युपमावशेन विसर्पणादतिशयप्राप्त्या विप्रलम्भोत्कर्षात्तदेवोक्तं यत् वाच्यमुखेन अर्थद्वारेण उपमाया अर्थालङ्कारत्वात् । अतोऽत्रार्थालङ्कारसौन्दर्यम् । यथा वा–

एको जातः स्थितश्चैक एक एव प्रयाति च ।
हंसोऽन्यस्य प्रकाशेन कौतुकं जनयन् सदा ॥

(भट्टराई, २०६१ : २७४)

अत्र लोके मानवजीवनस्यावस्थितिर्वर्णयति कविः । अस्य पद्यस्यार्थो मानवस्योत्पत्तिः, अवस्थितिः, क्षतिश्च अद्वितीयत्वेन जायते । स अन्यस्य प्रकाशेन कौतुकं जनयतीति विद्यते । परं हंसस्याप्रस्तुतस्य वर्णनेनात्र अप्रस्तुतप्रशंसा अलङ्कारो विद्यते । अलङ्कारोऽयं 'ब्रह्मसत्यं जगत् मिथ्या' इति अध्यात्मतत्त्वप्रकाशनात् शान्तरसमुपकारोति ।

### ५.२.२.२ रीतिसौन्दर्यम्

शरीरेऽङ्गानामवस्थित्यनुरूपं काव्ये पदानां सङ्घटनमेव रीतिः कथ्यते । अर्थात् शरीरेऽङ्गानामनुकूलविनिवेशः सौन्दर्यं विस्तारयति परमननुकूलाङ्गसंरचना तु कुरूपाविष्कारिका भवति । तथैव काव्येऽपि पदानां रसानुकूल-समायोजनमतितरां सौन्दर्यमाविष्करोति ।

मधुरया मधुबोधितमाधवीमधुसमृद्धिसमेधितमेधया ।
मधुकराङ्गनया मुहुरुन्मदध्वनिभृता निभृताक्षरमुज्जगे ॥

(साहित्यदर्पणः)

अत्र वसन्तवर्णनार्थं प्रसादाभिव्यञ्जकवर्णैः यादृशी सौन्दर्यशालिनी पदरचना प्रस्तुता यस्मात् पाठकजनमनांसि पठनश्रवणसमकालमेव नितरां श्रवणसुखं समुत्पद्यते । अतोऽत्र रीतिसौन्दर्यं लसति । यथा वा–

निकुञ्जे खगा मञ्जु कूजन्ति मुग्धा अरण्ये रणन्ति स्फुटं जन्तवोऽपि ।
सुमस्था द्विरेफाश्च गुञ्जन्ति मन्दं नवागन्तुकस्वागतायेति मन्ये ॥

(भट्टराई, २०६१ : २२२)

पद्येऽस्मिन् समासरहिता माधुर्यगुणव्यञ्जिका रचना सुशोभते । अत्र निकुञ्जे-कूजन्ति-रणन्ति-जन्तव-जुञ्जन्ति-मन्दमित्यादीनि वर्गान्तवर्णयुतानि पदानि सन्ति । साईनाथाश्रमवर्णनप्रसङ्गे समागस्यास्य पद्यस्य कोमलपद-श्रवणात् सहृदयहृदयं द्रवीभवति ।

अनेनैव प्रकारेण वक्रोक्ति-औचित्यादीनि काव्यतत्त्वान्यपि काव्यस्य बाह्यसौन्दर्यं प्रकाशयन् आत्मतत्त्वं रससौन्दर्यमुपकुर्वन्ति ।

### ५.३ पाश्चात्यपौरस्त्यसौन्दर्यसिद्धान्तयोः समन्वयः

विश्ववाङ्मये काव्यशास्त्रस्येतिहासनिर्माणे पौरस्त्यपाश्चात्त्यविदुषा-मवदानमन्यूनानतिरिक्तं दृश्यते । काव्यसौन्दर्यविषये तु पाश्चात्त्यविदुषामध्ययनं

महनीयमेव समुपलभ्यते । ते सौन्दर्यशास्त्रमिति नाम्ना शास्त्रीयकोटौ संस्थाप्य सौन्दर्यतत्त्वं विवेचयन्ति । तत्र काव्यसौन्दर्यमेव नापितु सम्पूर्णमानवजीवनस्य सौन्दर्यं समायाति । पौरस्त्यकाव्यशास्त्रे तु सौन्दर्यस्य तादृशी विस्तृता चर्चा नोपलभ्यते । तत्र केवलं काव्यमेव लक्ष्यीकृत्य सौन्दर्यस्यापरपर्यायभूतान् शब्दानुल्लिख्य समालोचकाः स्वकीयान् विचारान् प्रस्तुतवन्तः । सौन्दर्यविषयिण्या पाश्चात्त्यधारणया सह पौरस्त्यसौन्दर्यस्य कतिपयपक्षानवलम्ब्य सम्बन्धं स्थापयितुं शक्यते । पाश्चात्त्ये क्रोचेसान्तायनकान्टप्रभृतयो विद्वांसोऽ-नुभूतिविषयत्वेन सौन्दर्यं स्वीकुर्वन्ति । तेषां विचारः पौरस्त्ये आनन्दवर्धनमम्मटविश्वनाथादिप्रतिपादितेन रसध्वनिरूपेण आभ्यन्तरसौन्दर्येण सह तुल्यमस्ति । एवमेव पाश्चात्त्ये काव्याङ्गसङ्घटकत्वेन वस्तुतत्त्वरूपेण च सौन्दर्यतत्त्वं स्वीकुर्वतां कलरिजमार्क्सप्रभृतीनां विदुषां विचारः पौरस्त्ये भामहवामनादिस्वीकृतेन रीत्यलङ्कारादिरूपेण बाह्यसौन्दर्येण सह साम्यं भजते । अतः सौन्दर्यतत्त्वस्य विवेचनपरिधौ पार्थक्येऽपि काव्यसौन्दर्यविषये पाश्चात्त्य-पौरस्त्यविदुषां विचारः साम्यं दृश्यते ।

### ६. निष्कर्षः

यस्य कस्यापि वस्तुनः सौन्दर्यं प्रति समाकर्षितं भवतीति मानवमनसः स्वभाव एव । यथा बालानां मनः सुन्दरं क्रीडनकं प्रति गच्छति, यौवनेनाक्रान्तजनानामन्तस्करणं कलासौन्दर्यम्, विपरीतलिङ्गीजनसौन्दर्यम् वा समाकृष्टं भवति । तथा च वृद्धानां मनः भगवत्कथासौन्दर्यश्रवणार्थं प्रसरति । तथैव काव्यसंसारेऽपि रसिकजनमनः काव्यसौन्दर्यमेवाभिलषति । पाश्चात्त्यवाङ्मये सौन्दर्यशास्त्रमिति समालोचनाशास्त्रमेव समुल्लिख्य जगतः स्थावरजङ्गमादिवस्तुस्थितं सौन्दर्यं विश्लिष्यते, परं पौरस्त्यवाङ्मये विद्वद्भिः केवलं काव्यमेवाधिकृत्य सौन्दर्यस्य पर्यायशब्दानुल्लिख्य सौन्दर्यचर्चा विहिता । पौरस्त्यसमालोचकाः काव्यस्याभ्यन्तरं बाह्यं च द्विविधं सौन्दर्यं स्वीकुर्वन्ति । यस्मिन् काव्ये बाह्येनाभ्यन्तरेण च सौन्दर्येण सुसज्जितं विषयवस्तु नास्ति, तत्र भावकजनमनसि निरुत्साहं जनयति । अतः काव्ये द्विविधमेव सौन्दर्यमावश्यकम् । काव्यस्य पठनश्रवणसमकालमेव सौन्दर्यचमत्काराभिव्यक्तिर्भवति, तत् बाह्यसौन्दर्यम्, यथा– रीत्यलङ्कारप्रभृतयः, तथा च काव्यस्याध्ययन-

मननचिन्तनपश्चात् लोकातिक्रान्तगोचरं सच्चिदानन्दस्वरूपम्, सहृदयहृदयसंवेद्यं तत्त्वमेवाभ्यान्तरसौन्दर्यमिति कथ्यते, यथा– ध्वनिरसप्रभृतयः। अतः काव्ये ध्वनिरसादिरूपमाभ्यन्तरसौन्दर्यम्, रीत्यलङ्कारादिरूपं बाह्यसौन्दर्यञ्चावश्यकमेव ।

**सन्दर्भसामग्रीसूची**

आनन्दवर्धनः **ध्वन्यालोकः**, वाराणसी : चौखम्बा संस्कृत सिरिज, २००६ ।

आचार्य बाबुराम, **नेपालको सांस्कृतिक परम्परा,** काठमाडौँ : श्रीकृष्ण आचार्य, २०५४ ।

उपाध्याय केशवप्रसाद, **साहित्यप्रकाश,** काठमाडौँ : साझा प्रकाशन, २०६७ ।

कान्तिचन्द्रः भट्टाचार्य : **काव्यदीपिका,** (टीका, वेणीमाधव) काठमाडौं : श्रीमती प्रभालक्ष्मी राणा, २०५७ ।

चतुर्वेदी सीताराम, **समीक्षाशास्त्र,** काशी : अखिल भारतीय विक्रम परिषद्, १९५४ ।

चैतन्य, **मार्क्सवादी सौन्दर्यचिन्तन,** काठमाडौँ : साझा प्रकाशन, २०६९ ।

जगन्नाथः,**रसगङ्गाधरः,** वाराणसी : चौखम्बा विद्याभवन, १९९७ ।

जैन निर्मला, **रस सिद्धान्त और सौन्दर्यशास्त्र,** (द्वि. आवृत्ति) दिल्ली : नेसनल पब्लिसिङ् हाउस, १९७७ ।

दीक्षित अप्पय, **कुवलयानन्द,** वाराणसी : चौखम्बा विद्याभवन सन् १९९७ ।

भरतमुनिः **नाट्यशास्त्रम्,** वाराणसीः मोतिलाल बनारसी दासः सन् १९६४ ।

भामहः **काव्यालङ्कारः,** वाराणसीः चौखम्बा संस्कृत संस्थान सं.२०३८

मम्मटः **काव्यप्रकाशः,** वाराणसी : सम्पूर्णानन्दविश्वविद्यालयः, १९९० ।

माथुर वीणा, **प्रसादका सौन्दर्यदर्शन,** जयपुर : बाफना प्रकाशन, १९७१ ।

माधवभट्टराईः, **सत्यसाईचरितम्,** काठमाडौँ : श्रीमती कान्ता भट्टराई, २०६१ ।

वामनः **काव्यालङ्कारसूत्राणि,** वाराणसीः चौखम्बा संस्कृत संस्थान सं. २०४७ ।

विश्वनाथः **साहित्यदर्पणः,** वाराणसी : चौखम्बा सुरभारती प्रकाशन सन् १९९५ ।

शङ्कराचार्यः, **ईशाद्योपनिषद्,** वाराणसी : मोतीलाल बनारसी दास, १९६४ ।

सहाय राजवंश, **अलङ्कारानुशीलन,** वाराणसी : चौखम्बा विद्याभवन, १९७० ।

सिग्द्याल सोमनाथ, **साहित्यप्रदीप,** काठमाडौँ : पुस्तक संसार, २०२८ ।

*

# ऐतिहासिक पृष्ठभूमिमा 'बसन्ती' उपन्यासको प्राप्ति

डा. घनश्याम दाहाल
सहप्राध्यापक
ने.सं.वि., पिण्डेश्वर विद्यापीठ

## सार

ऐतिहासिक सन्दर्भ र मान्यतालाई आत्मसात गरेर लेखिएको पहिलो आधुनिक नेपाली उपन्यास डायमण्ड शमसेरको 'बसन्ती' हो । यसले दरबारिया राजनीतिको सचित्र वर्णन गरेको छ । तत्कालीन राणाशासन र दरबारिया षड्यन्त्रको जालोलाई उदाङ्गो पार्ने प्रयास गरेको छ । तत्कालीन समयमा राजाका धेरै रानीहरू हुने गरेका, तिनीहरूका बीचको पारिवारिक विचलन, राजनीतिक छलछाम र होडबाजीलाई उपन्यासले मुख्य सन्दर्भ बनाएर उल्लेख गरेको छ । इतिहासको विषयलाई पुनर्ताजकीकरण गरेर नेपाली इतिहासको मर्म पाठकसमक्ष प्रस्तुत गर्ने प्रतिबद्धता यसको उदाहरणीय र उल्लेखनीय लक्ष्य बनेको छ । तत्कालीन नेपालको राजनीतिक परिस्थितिले आगत राजनीतिको दिशाबोध पनि गरेको छ । वर्तमान नेपालको राजनीतिक परिदृश्यमा उदाएको स्वार्थी र जालसाजीपूर्ण विडम्बनाको कथा र व्यथालाई पनि अप्रत्यक्ष रूपमा तादात्म्य बनाएर बुझ्न सकिन्छ । तत्कालीन राज्य व्यवस्थामा रानीसँग मिलेर गगन सिंहको मनमौजी शासन व्यवस्थालाई उल्लेख गरिएको छ । राजा राजेन्द्रविक्रम शाहकी कान्छी महारानी राजेन्द्रलक्ष्मीको स्वार्थी विचार र भोगविलासवादी सोचले उपन्यासको विषयलाई नयाँ स्वरूपमा मोडेको छ । मामा माथवरसिंहको हत्याको प्रतिज्ञापछि जङ्गबहादुरको उदय भएको नेपाली शासन व्यवस्थामा आएको पृष्ठभूमिलाई उपन्यासले प्रभावकारी ढंगले अभिव्यक्त गरेको छ ।

बसन्ती उपन्यास इतिहासको पाटो सँगसँगै दरबारिया जनजीवन र त्यसभित्रको विसङ्गतिपूर्ण अवस्था र त्यसभित्र पनि यौन मनोविश्लेषणलाई समेत उजागर गरेर लेखिएको छ । दरबारिया ऐस आराम र भोगवाद यसको मुख्य अभिष्ट बनेको छ । यसभित्र देखिएको निराशावादी, असङ्गत र अर्थहीन अवस्थाको खोजी र चिन्तनपक्ष पनि सबल बनेको कुरालाई आत्मसात गरिएको छ । दरबारिया भोग विलासको मुख्य साधन र माध्यम बनेको यौन मनोविश्लेषण पनि यसको मुख्य प्रतिपाद्य विषय बनेर आएको छ । तत्कालीन

राज्यव्यवस्था, त्यसले ल्याएको कोतपर्वको दुःखद परिणाम, उपन्यासका मुख्य नायक र नायिकाको पीडादायी दुःखान्त घटनाले राजनीतिक जीवनको दुर्गतिको भण्डाफोर गरेको छ । असल राजनीतिक चिन्तनले शासकको मनोबल उच्च बनेर जनतामुखी विकासको सोच सबल बन्ने आदर्श आग्रह उपन्यासको मुख्य अभिष्ट बनेको छ । उपन्यासमा अभिव्यक्त भएको ऐतिहासिक पृष्ठभूमि, दरबारिया परिवेश र स्वार्थीप्रवृत्तिले ल्याएको निराशापूर्ण जीवन भोगाइ नै उपन्यासको मुख्य साररहेको छ ।

**शब्दकुन्जी :** अभीष्ट, मनोबल, प्रकटीकरण, मियो, उत्तराधिकारी ।

## १ विषय परिचय

नेपाली उपन्यासमा डायमण्ड शमसेर राणा (१९७५-२०६७) सुप्रसिद्ध र सुपरिचित व्यक्तित्व हुन् । आधुनिक उपन्यासको विकासको ऐतिहासिक धाराको आमन्त्रण उनको बसन्ती उपन्यास (२००६) बाट भएको हो । नेपालको तत्कालीन सन्दर्भमा देखिएको दरबारिया जनजीवनको झाँकी बसन्ती उपन्यासमा प्रस्तुत गरिएको छ । तत्कालीन नेपालको दरबारिया जनजीवनलाई चित्रण गरेर यसभित्र देखिएको षड्यन्त्र, दाउपेच र बेथितिहरूलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको छ । उपन्यासको प्रमुख चरित्र गङ्गेबाट गगन सिंह भएको कुरा र मिठुबाट नायिका बसन्ती भएको विषयलाई सार्थक रूपमा प्रस्तुत गरिएको छ । जङ्गबहादुरको नेपाली राजीनीतिमा भएको उदयको सन्दर्भ पनि उपन्यासको विषय बनेको छ । यसभित्रको विसङ्गत जीवनको विश्लेषण र यौन मनोविज्ञानको चित्रण पनि सूक्ष्म र सबल रूपमा उजागर भएको देखिन्छ । विगतको इतिहासले आगतको सङ्केत गर्नु पनि बसन्ती उपन्यासको मुख्य लक्ष्य रहेको बुझिन्छ ।

डायमण्ड शमसेर राणाको नेपाली उपन्यास जगत्मा महत्त्वपूर्ण योगदान र विशिष्ट पहिचान रहेको पाइन्छ । उनको पहिलो ऐतिहासिक यथार्थवादी उपन्यास वसन्ती हो । यसले नेपाली औपन्यासिक साहित्यको विकासमा ऐतिहासिक धाराको आमन्त्रण र प्रतिनिधित्व गरेको छ । उनले सेतो बाघ (२०३०), प्रतिबद्ध (२०३४), सत्प्रयास (२०३८), अनिता (२०४३) र गृहप्रवेश (२०४९) महत्त्वपूर्ण उपन्यास लेखेर नेपाली उपन्यास साहित्यमा नयाँ आयाम थपेका छन् । जगदम्बाश्री पुरस्कारबाट सम्मानित राणाका बसन्ती लगायत उपन्यासहरू विश्वविद्यालय तहमा पठनपाठन हुने गरेको पाइन्छ । बसन्ती

उनको  नेपाली उपन्यास साहित्यको पहिलो ऐतिहासिक विषयवस्तुमा आधरित विशिष्ट कृति बन्न पुगेको छ ।

उपन्यासकार डायमण्ड शमसेर राणा  ऐतिहासिक उपन्यासकार हुन् । इतिहासको विषयवस्तुलाई टिपेर आफू पनि त्यही समयको हो भन्ने बनाउन सक्ने खुबी उनको ऐतिहासिक मर्म र मान्यता हो । उनका उपन्यास पढ्दा पाठकले इतिहासलाई आफैंले भोगेको जस्तो गरेर स्मरण गर्न सक्छन् । ऐतिहासिक घटनालाई उपन्यासको विषयवस्तुका माध्यमबाट पुनः ताजकीकरण गर्ने काम उनका उपन्यासले गरेको छ । उनका उपन्यासमा सामाजिक यथार्थको ऐतिहासिक उद्घोष पाइन्छ । दरबारिया जीवनमा आएका उतार चढावका यथार्थवादी घटनालाई मुख्य विषयवस्तु बनाएर उपन्यास लेख्नु उनको औपन्यासिक मान्यता र पहिचान हो । उनको बसन्ती उपन्यासमा समाजको यथार्थ जीवनलाई उजागर गरेको पाइन्छ ।बसन्ती उपन्यासमा गङ्गे मिठुका बीचमा भएको यौन मनोविज्ञान प्रभावकारी रूपमा अभिव्यक्त भएको छ । आफ्नो श्रीमान् डम्बरेको प्रतीक्षामा रहेकी मिठुले गङ्गेसँग गरेको सहवास यौन मनोविज्ञानको परिणाम हो । ऐतिहासिक तथ्यको उजागर गर्नु र दरबारिया जनजीवनको वास्तविकतालाई प्रकट गर्नु उपन्यासको मुख्य अभिष्ट रहेको छ ।

**२ समस्या कथन**

अनुसन्धान भाषाको सैद्धान्तिक सन्दर्भ र विषय हो । अनुसन्धानात्मक लेखका सन्दर्भमा लेखकले रोजेको गोरेटो र गन्तव्य समस्या हो । समस्यामा नै अनुसन्धानात्मक लेखले मूर्त स्वरूप ग्रहण गर्नु समस्यको मूल मियो हो । 'दरबारिया जीवनभित्रको ऐतिहासिक पृष्ठभूमिमा बसन्ती उपन्यासको प्राप्ति ' शीर्षकको यस लेखमा आएको मुख्य समस्या कथनलाई बूँदागत रूपमा उल्लेख गर्नु उपयुक्त ठानिन्छ ।

क) बसन्ती उपन्यासको ऐतिहासिक सन्दर्भ कस्तो रहेको छ ?

ख) बसन्ती उपन्यासले दरबारिया जनजीवनको प्रस्तुति के कसरी गरिएको छ ?

ग) बसन्ती उपन्यासभित्रको विसङ्गतिपूर्ण जीवनलाई कसरी चित्रण गरिएको छ ।

घ) बसन्ती उपन्यासभित्रको यौन मनोविज्ञानको सन्दर्भ के छ ?

प्रस्तुत लेखमा माथि उल्लेख गरिएका मुख्य समस्यालाई केन्द्रित गरेर विषयवस्तुको प्रतिपादन गरिएको छ ।

## ३. उद्देश्य निर्धारण

उद्देश्य यथार्थको वास्तविक लक्ष्य हो । विना उद्देश्य कुनै काम हुँदैन र गरिँदैन पनि । साहित्यिक अनुसन्धानको उद्देश्य र लक्ष्य सबल र सूक्ष्म देखिन्छ । कुनै पनि साहित्यिक अनुसन्धानले उठान गरेको मुख्य समस्या वा विश्लेषण गर्ने सूक्ष्म सन्दर्भलाई ठिक र सही गन्तव्यमा पुऱ्याएर एउटा निचोडलाई प्राप्त गर्नु उद्देश्यको मुख्य लक्ष्य र अभिष्ट हुन्छ र हुनु पनि पर्छ । यस लेखमा समस्या कथनमा उठेका मुख्य विश्लेषणीय बुँदाहरूलाई मूल मियो बनाएर व्याख्या, विश्लेषण र समीक्षा गरिएको छ । समस्या कथनले विषय प्रतिपादनलाई सुनिश्चितता प्रदान गरेको छ । समस्याले लेखनको सुमार्ग चित्रण गरेको छ । सुमार्गको सही गन्तव्य नै अनुसन्धानको मुख्य सार बनेको छ । 'दरबारिया जीवनभित्रको ऐतिहासिक पृष्ठभूमिमा बसन्ती उपन्यासको प्राप्ति' शीर्षकको यस लेखमा अभिव्यक्त भएको मुख्य उद्देश्यलाई बुँदामा निम्नानुसार राखिएको छ ।

क. बसन्ती उपन्यासको ऐतिहासिक सन्दर्भ देखाउनु,
ख. बसन्ती उपन्यासभित्रको दरबारिया जनजीवनको झाँकीलाई अभिव्यक्त गर्नु,
ग. बसन्ती उपन्यासभित्रको विसङ्गतिपूर्ण जीवनको चित्रण गर्नु,
घ. बसन्ती उपन्यासभित्रको यौन मनोविज्ञानको विश्लेषण गर्नु ।

शीर्षकमा उठान गरिएको मुख्य समस्या र ती समस्यामा केन्द्रित रहेर समाधानमुखी परिणामलाई प्राप्त गर्ने महान् योजना यसको उपलब्धि हो । समस्या र उद्देश्य एक अर्कामा अन्योन्याश्रित भएर लेखले सही गन्तव्यलाई आत्मसात गरेको छ ।

## ४ अनुसन्धान विधि

अनुसन्धान आफैंमा गहन र महत्त्वपूर्ण विषय हो । सैद्धान्तिक ज्ञान र सन्दर्भ अनुसन्धानको परिचय मानिन्छ । अनुसन्धान विधिको सहज प्रयोग र विन्यासले साहित्यक आराधना र समालोचना भव्य रसभ्य बन्नु स्वाभाविकै हो । यस लेखमा शीर्षकीकरण गरिएको 'दरबारिया जीवनभित्रको ऐतिहासिक पृष्ठभूमिमा बसन्ती उपन्यासको प्राप्ति' मा विश्लेषणका सन्दर्भमा वर्णनात्मक शैलीलाई आत्मसात गरिएको छ । यसमा द्वितीयक स्रोतका सन्दर्भ समग्रीलाई

प्रभावकारी रूपमा उपयोग गरिएको छ । पुस्तकालयीय विधिभित्रका मान्यता र पहिचानलाई यसले प्रभावकारी ढङ्गले अनुसरण गरेको छ । अनुसन्धेय विषयलाई समस्या र उद्देश्यसँग सहसम्बन्धमा जोडेर निष्कर्ष र उपलब्धिलाई प्राप्त गरेको छ । बसन्ती उपन्यासको तथ्य नै दरबारिया जनजीवनको अवस्थाबारेको चित्रण, त्यसभित्र देखिएका विसङ्गत अवस्था र यौनमनोविश्लेषणको चिन्तनपक्षलाई पनि वर्णनात्मक विधिका माध्यमबाट प्रस्तुत गर्ने काम यसको मुख्य गन्तव्य मानिन्छ । बसन्ती उपन्यासमा भएका तथ्यपूर्ण विचार र चिन्तनलाई मुख्य स्रोतसामग्रीका रूपमा उपयोग गरेर अनुसन्धान कार्यले सही गतिएवं गन्तव्य प्राप्त गर्नु यसको मुख्य अनुसन्धानात्मक ढाँचा र विधि रहेको मानिन्छ ।

## ५ बसन्ती उपन्यासको ऐतिहासिक पृष्ठभूमि

उपन्यासकार डायमण्ड शमसेर राणा उपन्यास जगत्का शिखर पुरुष हुन् । उनको बसन्ती आधुनिक नेपाली उपन्यासको ऐतिहासिक धाराको प्रवर्तन गर्ने पहिलो उपन्यास हो । यसभित्रको सम्पूर्ण घटना र कथा इतिहाससँग सम्बन्धित रहेको छ । राजा राजेन्द्र विक्रम शाहका जेठी रानी साम्राज्यलक्ष्मीदेवी र कान्छी राजेन्द्रलक्ष्मीदेवी र छेठी रानीको छोरो सुरेन्द्रशाह कान्छी रानीको छोरो रणेन्द्र शाह र तिनीहरूलाई राज्यको उत्तराधिकारी बनाउन गरिएका होडबाजीको कहानी इतिहासको प्रसिद्ध कथा हो । जेठी रानीको मृत्युपछि कान्छी रानीले राजाको सम्पूर्ण अधिकार आफ्नो हातमा लिएर आफ्नै छोरो रणेन्द्रलाई राज्यको उत्तराधिकारी बनाउने सोच उपन्यासको मुख्य ऐतिहासिक अभिष्ट हो । ऐतिहासिक अभिष्ट पूरा गर्ने सन्दर्भमा मुख्तियारीको परिवर्तन र हत्याको शृङ्खलाको घटना उपन्यासले अभिव्यक्त गरेको ऐतिहासिक सन्दर्भ हो । माथवर सिंहको हत्यापछि जर्नेल पदबाट जङ्गबहादुर उदाएको सन्दर्भ पनि उपन्यासमा देखिन्छ । बसन्तीको मृत्युको विक्षिप्तताले मृत्युवरण गरेको देखेर कान्छी रानीले गरेको कारुणिक अवस्था र त्यसको परिणामले आक्रोशित बनेकी रानीले गरेको कोतपर्व उपन्यासको प्रमुख ऐतिहासिक सन्दर्भ बन्न पुगेको देखिन्छ । ऐतिहासिक सन्दर्भभित्र उदाएका दराबारिया जनजीवन, विसङ्गतिपूर्ण जनजीवन, यौन मनोविश्लेषण यसका महत्त्वपूर्ण विषयगत सन्दर्भ र प्राप्ति हुन् ।

यो नै बसन्ती उपन्यासको ऐतिहासिक पृष्ठभूमि हो । दरबारभित्रका सूक्ष्म चिन्तन पक्षलाई उपन्यासले सहज रूपमा अभिव्यक्त गर्न खोजेको छ ।

**५.१ बसन्ती उपन्यासभित्रको दरबारिया जनजीवन**

डायमण्ड शमसेरको ऐतिहासिक बसन्ती उपन्यासमा दरबारिया जनजीवनको सजीव चित्रणले उपन्यासलाई जीवन्त बनाएको छ । उपन्यासमा माथवरसिंह फत्तेजङ्ग आदि मुख्तियारलाई स्वार्थ अनुकूल हुने गरी परिवर्तन गरिएको पाइन्छ । आफ्नो आकाङ्क्षा परिपूर्तिका लागि हत्या र आतङ्कको शृङ्खला सबल बनेको देखिन्छ । आफ्नै स्वार्थका लागि दरबारबाट महिलालाई भगाइएको छ । कान्छी महारानीको आफ्नो छोरो रणेन्द्रलाई उत्तराधिकारी बनाउने कपटीपूर्ण र षड्यन्त्रपूर्ण जालझेलपूर्ण गतिविधिलाई यहाँ अगाडि बढाइएको छ । शक्तिशाली आफू र बसन्तीका बीचको पत्नीत्वलाई सार्वजनिकीकरण गर्न नसकेको गगनले रानीकै हत्या गरेर आफू शक्तिशाली बनी बसन्तीलाई महारानी बनाउने सोच पनि उपन्यासमा अभिव्यक्त भएको छ । जङ्गबहादुरले आफ्नै मामा माथवर सिंहको हत्या गरेर जर्नेल पद प्राप्त गरी दरबारमा उदय हुन सफल भएको कुरालाई यहाँ प्रस्तुत गरिएको छ । बसन्तवागमा लगेर गान्धर्व विवाह गरी गगनले बसन्तीप्रति आत्मिक प्रेमपूर्ण जीवनलाई सफलीभूत बनाउने हरसम्भव प्रयास गरेको छ । उपन्यासमा भएका यी विभिन्न गतिविधिहरूले दरबारिया जनजीवनको वास्तविक मर्म र यथार्थलाई सबल रूपमा उजागर गरेका आधारमा बसन्ती उत्कृष्ट उपन्यास हो ।

**५.२ बसन्ती उपन्यासभित्रको विसङ्गतिपूर्ण जनजीवन**

डायमण्ड शमसेरको बसन्ती उपन्यासमा विसङ्गतिपूर्ण जनजीवनको झाँकी प्रस्तुत गरिएको छ । अस्तव्यस्त दरबारिया जनजीवनभित्र पात्रहरूको निराशापूर्ण जीवनको कुण्ठा अभिव्यक्त भएको पाइन्छ । उपन्यासको सहायक भूमिकामा केन्द्रित डम्बरेले आफ्नी विवाहिता श्रीमती मिठुलाई प्राप्त गर्न नसकेपछि आफ्ने सम्पूर्ण जीवनलाई नै अस्तव्यस्त निराशापूर्ण र दुःखद ठानेको छ । उपन्यासकी नायिका बसन्तीले आफ्नो विवाहिता लोग्ने डम्बरेलाई छोडेर सौन्दर्यको मातमा गङ्गेलाई रोजेकी छे । उसले सिलाङेको आक्रमणकी निशाना बनेर बसन्तवागबाट भागेर पशुपतिको शरणमा पुगी शिवको स्तोत्र पाठ गरेकी

छे । आफ्नो पारिवारिक दाम्पत्य जीवनलाई स्वतन्त्र रूपमा बिताउन पाएकी छैन । गगनले गार्न्ध विवाह गरे पनि गगनकी श्रीमतीका रूपमा दरबारमा सार्वजनिक गर्न नपाउनुको पीडा र व्यथाले उसको जीवनलाई निराशावादी बनाएको छ । पशुपतिमा गगनको प्रतीक्षा त्यहाँ उसको औंठीको चोरी बहुलाहीको आरोपले पनि बसन्तीको जीवन निराशा निराशामा नै टुङ्गिएको छ । उपन्यासको प्रमुख नायक गगनले पनि जीवनको विसङ्गत क्षणलाई सहज रूपमा आत्मसात गरेको बुझिन्छ । पशुपतिमा आफ्नो प्रतीक्षामा विक्षिप्त बनेर बसेकी बसन्तीको दर्शन पाइसकेपछि आफू निराशावादी र अपराधी भएको ठानेको छ । बसन्तीको हत्याको घटनाले विक्षिप्त बनेर निराश भई काठमाण्डौ दरबार फर्किएर विक्षिप्त अवस्थामा नै उसले मृत्युवरण गरेको छ । उपन्यासका पात्रमा देखिएको अर्थहीनता, असङ्गत परिस्थिति, निराशावादी चिन्तन रजीवनभोगाइका असफलताले बसन्ती उपन्यासको विसङ्तिपूर्ण चिन्तनलाई प्रभावकारी रूपमा अभिव्यक्त गरेको देखिन्छ ।

### ५.३ बसन्ती उपन्यासभित्रको यौन मनोविश्लेषण

डायमण्ड शमसेरको बसन्ती उपन्यासमा यौन मनोविश्लेषणका दृष्टिले सार्थक र सबल देखिन्छ । पात्रहरूका बीचको यौन मनोभावना र आकाङ्क्षाले उपन्यासलाई यौन मनोविश्लेषणवादी चिन्तनमा पुऱ्याएको छ । उपन्यासको सुरुमा गङ्गे र मिठुका बीच चौतारीमा भेट हुनु र त्यसको फलस्वरूप ज्ञानबहादुरको घरमा गएर एकमहिनासम्म बसेर बाहिरी रूपमा दाजु बहिनीको नाता जोडे पनि भित्री रूपमा मायाप्रीति गाँस्ने काम भएको देखिन्छ । मिठुले आफ्नो विवाहित लोग्ने डम्बरेलाई पूर्ण रूपमा त्यागेर हट्टाकट्टा नौजवान गङ्गेलाई रोजेको पाइन्छ । गङ्गेकै तारतम्यमा दबार छिरी दरबारबाट भागेर बसन्तवागमा पुगेर बसन्ती र गगनका बीच भएको आत्मिक प्रेम यौन मनोविश्लेषणको महत्त्वपूर्ण नमुना बनेको पाइन्छ । बसन्तीको सौन्दर्यले जङ्गबहादुरलाई समेत लट्ठ पारेको छ । उपन्यासमा कान्छी महारानी राजेन्द्रलक्ष्मी पनि गगनप्रति आशक्त भएको कुरालाई सङ्केत गरिएको छ । गगनले बसन्तीलाई दरबारमा आफनी पत्नीका रूपमा सार्वजनिक गर्न नसक्नुका पछाडि यौनमनाोविज्ञानले सशक्त र सबल भूमिका खेलेको देखिन्छ । यौन मानवीय संवेग हो । नैसर्गिक स्वरूप र परिस्थितिमा यौनका विकारहरू

अभिव्यक्त हुने गरेको परिस्थितिलाई उपन्यासका पात्र डम्बरे, मिठु र गङ्गेका माध्यमबाट बाह्‍य प्रकटीकरण भएको छ । ऐतिहासिक सन्दर्भ र पृष्ठभूमिभित्र यौन मनोविश्लेषणले पनि उपन्यासमा उचित स्थान निर्धारण गरेको छ । उपन्यासमा यौन मनोविश्लषणको उपस्थिति सबल नभए पनि उपन्यासको ऐतिहासिक सन्दर्भसँग जोडिएर प्रकट भएको बुझिन्छ ।

### ५.४ बसन्ती उपन्यासको ऐतिहासिक शीर्षकीकरण

बसन्ती उपन्यास ऐतिहासिक विषयवस्तुमा आधारित पहिलो आधुनिक उपन्यास हो । यसमा कथावस्तुको अन्योन्याश्रित सम्बन्ध शीर्षकसँग देखिन्छ । मिठुबाट दरबार छिरेर बसन्ती बनेकी नायिकाको सन्दर्भ इतिहासको विषय बनेको छ । उपन्यासको मुख्य शीर्षकीकरण नै बसन्ती बनेर आएको छ । उपन्यासमा विषयवस्तुको उठान झरी परेको समयमा चौतारामा ओत लाग्दा देखिएकी सुन्दरी युवती मिठुको रूपमा र पछि सिलाङेले हत्या गरिएकी भनिएकी र दाह संस्कार र सम्पूर्ण मृत्युसंस्कार पनि गरिसकिएकी प्रेमिकाको मृत्युकै कारणले भारी मन भएर विक्षिप्त बनेको गगन सिंह र उसलाई सान्त्वना दिँदै गर्दा उपस्थित बसन्तीको भूमिका उपन्यासमा प्रभावकारी र सफल बनेर रहेको छ । सिलाङेको दमन र आक्रोशका कारण पशुपतिको शरणमा पुगेर रानीको दर्शनपछि दाखचोकको महलमा वैद्यद्वारा उपचार गरिएकी पात्र पनि बसन्ती नै हो । बसन्तीसँग डम्बरेको कथा कहानी र व्यथा पनि गाँसिएको छ । बसन्तीलाई नै जङ्गबहादुरकी श्रीमती बन्न आग्रह पनि गरिएको छ । डम्बरेको बिन्तीपत्रले राजसभामा बसन्ती पाउने होडबाजीलाई मुख्य विषयवस्तु बनाएर छलफललाई समेत अगाडि बढाइएको देखिन्छ । कान्छी रानी राजेन्द्रलक्ष्मीले पनि सौन्दर्यकी खानी बसन्तीको रूप लावण्यलाई हेर्ने चाहना राखेकी छिन् । उपन्यासको प्रारम्भदेखि गगनको मृत्युले विक्षिप्त बनेकी महारानीको आक्रोशको सिकार भएर बसन्तीले जीवन गुमाउनु परेको दुःखान्त घटनासम्म बसन्तीको ऐतिहासिक सन्दर्भ उल्लेख भएको छ । उपन्यासमा ऐतिहासिक सन्दर्भलाई मुख्य प्राथकितामा राख्ने चरित्र नै बसन्ती हो । पाठकको अन्तर्हृदयलाई छुने र इतिहासको पाठ र कथालाई सहज रूपमा बुझ्न सकिने आधार पनि बसन्ती हो । तत्कालीन समयको यथार्थ इतिहासप्रति जिज्ञासा राख्ने जिज्ञासुले बसन्ती उपन्यासको अध्ययन आवश्यक हुने भएकाले पनि यसको शीर्षकीकरणमा ऐतिहासिक सन्दर्भ सबल र सूक्ष्म रूपमा जोडिएर आएको छ ।

## ६ निष्कर्ष र प्राप्ति

बसन्ती डायमण्ड शमसेरको ऐतिहासिक धाराको प्रारम्भिक उपन्यास हो । यसको मान्यता र पहिचान विकासको इतिहाससँगगाँसिएको छ । यसमा नेपालको इतिहासको दरबारिया घटनालाई उजागर गरिएको छ। राजदरबारमा हुने गरेका षड्यन्त्रपूर्ण छलछामलाई उपन्यासले बाह्य प्रकटीकरण गरेको छ। तत्कालीन समयमा दरबारको भूमिका र कानुनी राज्यको अवधारणालाई देखाइएको छ । राजा राजेन्द्र विक्रम शाहकी कान्छी रानीको मुख्य अभिष्ट र त्यो अभिष्ट असफल भएपछि भएको कोतपर्व ऐतिहासिक घटनाका रूपमा आएको छ । उपन्यासकी नायिका मिठु र बसन्तीका नाममा भएका गतिविधिहरूलाई आकर्षक रूपमा प्रस्तुत गर्ने महत्त्वपूर्ण कार्य पनि यसको नवीनताको खोजी नै हो । बसन्तीप्रति डम्बरेको सम्बन्ध, बसन्तीप्रति गगनको आशक्ति र प्रेमलाई उपन्यासले स्पष्ट रूपमा देखाउन खोजेको छ । गगनकै माध्यमबाट जङ्गबहादुरको दरबारमा प्रवेश भएको र आफ्नो महत्त्वाकाङ्क्षालाई उसले उच्च बनाउँदै लगेको वास्तविकतालाई उजागर गर्न पनि उपन्यास सफल बनेको छ । विगतका इतिहासका घटनाका क्रमहरूलाई आगतमा अनुभव गराउन र पाठ सिकाउने आधारहरू यसले तयार गरिदिएको देखिन्छ । मिठु र गङ्गेका माध्यमबाट अभिव्यक्त गरेको जीवनबोध इतिहासको सन्दर्भ बनेर उपन्यासमा अभिव्यक्त भएको बुझिन्छ ।

बसन्ती नेपालको इतिहासको एउटा महत्त्वपूर्ण कालखण्ड हो । यसले चित्रण गरेको जीवन नेपाली राजनीतिको एउटा चरण हो । नेपालको इतिहासमा राणाशासनको शासन व्यवस्थाको एउटा उदाङ्गो स्वरूप हो । यसमा अभिव्यक्त भएको राजनैतिक चिन्तनले षड्यन्त्र र दाउपेचको भण्डाफोर गरेको छ । राणाशासनको पतनपछि आजसम्म आएको राजनीतिक विकृतिको परिणाम यस उपन्यासले अभिव्यक्त गरेको छ । विगतको षड्यन्त्रपूर्ण राजनीतिक दाउपेच वर्तमान सन्दर्भमा पनि राजनैतिक फोहोरी खेलका रूपमा उदय र विकास भएको परिस्थितिलाई उपन्यासले सबल रूपमा आत्मसात गरेको छ । विगतको राणाशासनको राजनीतिक दाउपेचको शृङ्खला आगतमा पनि उचाइका साथ सबल भएको यसको सूक्ष्म अभिष्ट रहेको छ । जनतामुखी नेताको अभावले देश विखण्डन र विधिविहीन बन्न पुगेको ऐतिहासिक तथ्यलाई उपन्यासले उजागर गरेको छ । विगतकै जस्तो षड्यन्त्रपूर्ण अवस्थामा नै

नेपालको राजनीति रहिरहने हो भने यसले जनताको हित र असल शासनको प्रत्याभूति दिन नसक्ने अप्रत्यक्ष सङ्केत पनि उपन्यासले दिन खोजेको छ । असल राजनीति नै जनताको जीवन हो, जनतालाई अधिकार दिलाउने साधन र माध्यम पनि हो । खराब संस्कारको कुटिल राजनीतिले जनताको मनोबल कमजोर बनाई राजनीतिप्रति नै वैरभाव उत्पन्न हुने पनि उपन्यासको प्रतिपाद्य विषय बनेको छ ।

बसन्ती उपन्यासमा षड्यन्त्रको जालोले राजनीतिक दाउपेचलाई छिन्नभिन्न बनाएको छ । राजा राजेन्द्रविक्रम शाहकी जेठी रमाहिली रानीको कपटपूर्ण छल र स्वार्थी भावनाले जनताको हित हुने कुरा असम्भव देखिन्छ । आफ्नै छोरालाई मात्र उत्तराधिकारी बनाउनुपर्ने शासन सत्ताको लोभ अहिलेको राजनीतिमा पनि अनुशरणीय गलत विषय बनेर आएको देखिन्छ । आफू अनुकूल व्यक्तिको स्वार्थी प्रवृत्ति हाबी भएर राजनीतिक सन्दर्भ नै कुशासनमा रूपान्तरण भएको सन्दर्भलाई पनि उपन्यासले सूक्ष्म र सबल रूपमा चित्रण गरेको बुझिन्छ । आफ्नै स्वार्थको वशमा परेर गगन सिंहले सेनापतिको पद र जङ्गबहादुरले जर्नेलको पद हात पारेका छन् । जङ्गबहादुरबाट आफ्नै मामा माथवर सिंहको स्वार्थवश हत्या हुनु अमानवीय भावना र चिन्तनको पराकाष्ठा बनेको छ । सिलाङेले बसन्तीप्रति गरेको व्यवहार आतङ्ककारी, आवेश र उत्तेजनापूर्ण देखिन्छ । दरबारमा सुसारेहरू हराउनु, भाग्नु दरबारिया सुरक्षा र असुरक्षाको जटिल परिस्थितिलाई उपन्यासले उजागर गर्दै वर्तमान राजनीतिसँग जनप्रतिनिधिको अपहरण,किनबेच र बन्दी बनाउने अवस्था आउनुलाई परम्परागत चिन्तन मान्न सकिन्छ ।

बसन्ती उपन्यास डायमण्ड शमसेरको दरबारिया स्वार्थी चिन्तनबाट प्रेरित भएको उपन्यास हो । उपन्यासले नेपालको वर्तमान राजनीति र यसले ल्याएको नकारात्मक परिणामको सन्देश पनि छोडेको छ । जनदायित्वबाट पूर्ण रूपमा पन्सिएर स्वार्थी प्रवृत्ति हुनुले राजनीतिक संयन्त्र, असान्दर्भिक बन्न पुगेको कटुयथार्थलाई प्रकारान्तरबाट उपन्यासले अभिव्यक्त गरेको छ । राजनीतिकर्मीलाई असल र जनमुखी बन्न आग्रह र हौसला दिन खोज्नु पनि यसको अभीष्ट देखिन्छ । राजनीतिमा असभ्य संस्कार हावी हुँदै जाने हो भने नेपालको राजनीतिक भविष्य विसङ्गत र अन्धकारपूर्ण बन्न सक्ने सूक्ष्म तथ्य यस उपन्यासले उद्घाटन गरेको छ । राणाशासनले ल्याएको परिणाम र

वर्तमान र भविष्यमा आउने राजनीतिको सही गन्तव्यलाई जीवन्त बनाउने प्रयत्न र उपन्यासले दिने सार मर्म र मुख्य उपलब्धि बनेर उपन्यासमा सबल रूपमा देखिन्छ ।

**प्रमुख सन्दर्भ सामग्री**


कोइराला, कुमारप्रसाद (२०५८), *नेपाली आख्यानको अध्ययन,* विराटनगर वाणी प्रकाशन ।

थापा, हिमांशु (२०४७), *साहित्य परिचय* (ते.सं.), काठमाण्डौ : साझा प्रकाशन ।

थेगिम, शोभाकान्ति (सन् १९९२), *नेपाली समालोचनाको परम्परा : मूल्याङ्कन तथा विश्लेषण,* गान्तोक : सौरभ प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह, (२०५२), *नेपाली उपन्यास र उपन्यासकार* (ते.सं.), काठमाण्डौ : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), *नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि,* दार्जेलिङ : दीपा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर (२०५०), *नेपाली उपन्यासका आधारहरू* (दो.सं.) काठमाण्डौ : साझा प्रकाशन ।

राणा, डायमण्ड शमसेर (२००६), बसन्ती, काठमाण्डौ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मेहनराज (२०३४),*नेपाली साहित्यको संक्षिप्त इतिहास, काठमाण्डौ* : ने.रा.प्र.प्र. ।

शर्मा, तारानाथ (२०३९), *नेपाली साहित्यको इतिहास,* ललितपुर : साझा प्रकाशन ।

सुवेदी , राजेन्द्र (२०५३), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* वाराणसी : भूमिका प्रकाशन ।


*

# शब्द यानि आवाज

डा. चन्द्रमणि नेपालः
प्राध्यापकः
ने.सं.वि., पिण्डेश्वर विद्यापीठ

## विषय प्रवेश

शब्द भनेकोआवाज हो । यसलाई ध्वनि पनि भनिन्छ । न्यायवैशेषिक सूत्रकार गौतम र कणादलेशब्दलाई आकाश समवाय सम्बन्धले रहने एकमात्र कानबाट ग्रहण हुने विशेष गुणका रूपमा मानेका छन्,स्वीकार गरेका छन् । प्रशस्तपाद दार्शनिक अन्नं भट्टले शब्दको गुणलाई श्रोत्रा गृह्यतेश्रोत्रम् शब्दः गुण भनेर परिभाषित गरेका छन् । हाम्रा पाँचवटा ज्ञानेन्द्रियहरूघ्राण, रसना, त्वक्, चक्षु र श्रोत्र मध्ये घ्राणले गन्ध, रसनाले स्वाद, त्वक् (छाला)ले स्पर्श, चक्षुलेरूप र श्रोत्र (कान)ले शब्द वा अवाज थाहा पाउँछन् । पूर्वीय वाङ्मयमा शब्दको विस्तृत चर्चा व्याख्या गर्ने शास्त्र व्याकरण शास्त्र होतापनि यसका सैद्धान्तिक पक्ष केलाउने अरु अरु पनि दार्शनिक शास्त्रहरूविद्यमान रहेका छन् । ती हुन् - न्यायवैशेषिक र मीमांसा । यी दर्शनमा शब्दलाई के कस्तोरूपमा के कसरी विश्लेषण गरिएको छ भन्ने विषय प्रस्तुत गर्नुमा नै यो लेख केन्द्रित रहेको छ ।

## गुणका रूपमा शब्द

ब्रह्माण्डका पदार्थहरूको विश्लेषण गर्ने क्रममा महर्षि कणादले शब्दलाई गुणका रूपमा स्वीकार गरेका छन् । गुण भने सधैं द्रव्य वा पदार्थमा आश्रित हुने वस्तु हो र यसको स्वतन्त्र अस्तित्व हुँदैन । गुण सधैं द्रव्याको बुइ चढेर रहने गर्दछ । जस्तै रङ, गन्ध आदि फूलमा आश्रित छन् भने रस विभिन्न किसिमका फलफूल आदिमा आश्रित हुन्छ । तिनलाई निचोरेर निकाल्दा पनि रस पानीमा आश्रित रहेको हुन्छ । यी गुणहरू वस्तुमा नै उत्पन्न हुन्छन् र तिनमा रहँदा रहँदै नाश पनि हुन्छन् । त्यस्तै ध्वनि वा शब्द पनि आकाश द्रव्यमा आश्रित अवस्थामा उत्पन्न हुन्छ र अश्रित अवस्थामा नै नाश पनि हुने गर्दछ । पृथिवी, जल, तेज, वायु, आकाश आदि गुणवान् वस्तुहरूलाई न्यायवैशेषिकहरूले द्रव्य भन्ने गरेका छन् ।

## द्रव्यका रूपमा शब्द

मीमांसा दर्शनले शब्दलाई द्रव्य मानेको छ । शब्दको तारतम्यभाव र या मन्दता, उच्चता आदिलाई यसका गुणका रूपमा स्वीकार गरेको छ । शब्द नसुनिएको अवस्थामा पनि अव्यक्त अवस्थामा रहेको हुन्छ । त्यो अव्यक्त शब्द नै पछि कण्ठ तालु आदि ध्वनि उच्चारण अवयवको अभिघात या संयोग विभाग आदिबाट अभिव्यक्त हुन्छ । नभएको वस्तु हुनु उत्पत्ति हुनु हो भने अव्यक्त अवस्थामा रहेको वस्तु व्यक्त अवस्थामा आउनु भनेको अभिव्यक्ति हो । आकाशमा अनगिन्ती ताराहरू हुन्छन् तापनि ती दिउँसो अव्यक्त अवस्थामा रहन्छन् र रात परेपछि व्यक्त हुन्छन् । शब्द पनि त्यस्तै हो ।

## शब्दको नित्यता र अनित्यता

व्याकरण दर्शनका मतमा कण्ठ, तालु आदिको अभिघातबाट शब्दको उत्पत्ति वा अभिव्यक्ति हुन्छ । तर व्याकरण दर्शनको यस विचारलाई न्यायदर्शनले (नैयायिकहरूले ) दृढतापूर्वक खण्डन गरेका छन् । किनकि अभिव्यञ्जकका रूपमा मानिसको अभावमा पनि संयोग विभाग नहुँदा पनि शब्द व्यक्त रूपमा अस्तित्वमा रहेको हुन्छ । खोलापारि दाउरेले मूढामा बन्चरो हान्दा ठुटामा हानेर बन्चरो उचाल्दा पनि शब्द अभिव्यक्त भएको पाइन्छ । यहाँ बन्चरो र मूढाको संयोग नै शब्द अभिव्यक्तिका कारण हुन् । त्यस्तै पहरो थर्किएर पनि ट्वाक्कको आवाज सुनिन्छ, यसरी अभिव्यञ्जकको अभावमा पनि शब्दको स्पष्ट अस्तित्व हुने भएकाले त्या शब्दको अभिव्यक्ति नभएर उत्पत्ति नै हो भन्ने कुरा सिद्ध हुन्छ भनी स्वीकार गरेको छन् । अतः नैयायिकहरूका अनुसार शब्द उत्पत्तिशील र विनाशशील भएकाले अनित्य वा अस्थायी हुन्छ । न्यासूत्रकार गौतमले शब्द अनित्य एवं अस्थायी हुन्छ भन्ने विषयमा तीनवटा कारणहरू अघि सारेका छन् । ती निम्नानुसार छन् : **आदिमत्वादैन्द्रियकत्वात् कृतकवदुपचाराच्च ( न्यायसूत्र२-२-१३**) अर्थात् आदिमत्वात् १, ऐन्द्रियकत्वात् २, कृतकवदुचाराच्च ३ । अब यी कारणको विस्तार गरौं ।

**आदिमत्वात्** भनेको कारणत्वात् भनिएको हो । शब्द कारणबाट उत्पत्ति हुन्छ । शब्दको उत्पत्तिमा तीनवटा कारण रहेका हुन्छन् । ती तीन कारण हुन् संयोग, विभाग र शब्द । यसको विवेचना पछि प्रस्तुत गरिनछ ।

**ऐन्द्रियत्वात्** भनेको चाहिँ शब्द इन्द्रियबाट ग्राह्य हुन्छ । इन्द्रिय ग्राह्य भएका कारण यो अनित्य हुन्छ । कानले सुनिदै छ भने त्यो शब्द छ र छैन भने

शब्द छैन या नाश भयो भनेर बुझ्नु पर्दछ ।शब्द उच्चारण हुँदा उत्पत्ति भयो र त्यसपछि उच्चारण सकिएपछि नाश भयो । यसको विस्तार पछि गरौंला ।

**कृतकवदुपाचाराच्च** भनेको चाहिँ शब्द उत्पत्ति भयो र नाश पनि भयो भन्ने जुन व्यवहार छ यो स्वाभाविक पनि छ किनभने उत्पत्ति भएको वस्तु को नाश त अवश्य हुन्छ नै । यस्तो कहिले उत्पत्ति हुने र कहिले नाश हुने व्यवहारले गर्दा शब्द अनित्य हुन्छ भन्ने सिद्ध हुन्छ । उत्पत्ति पनि नहुने र नाश पनि नहुने भएमा मात्र नित्य हुनसक्छ । यसरी यहाँ शब्दलाई अनित्य मानिएको पाइन्छ ।

यसबाहेक शंकर मिश्रले शब्दको अनित्यताका विषयमा अरु पनि हेतु ( कारणहरू ) उल्लेख गरेका छन् । एक ठाउँमा उत्पन्न भएको शब्द दशौं दिशामा धेरै ठाउँमा सुनिनछ । यसको कारण एक शब्दबाट हजारौं शब्द सन्तानको उत्पत्ति हुन्छ र केही पछि सबैको नाश हुन्छ । उत्पत्ति हुने वस्तु अवश्शय नाश हुने भएकाले शब्द पनि अनित्य नै हुन्छ । नित्य वस्तु विकारी नाशवान् हुँदैन । तर, अनित्य वस्तु ....इ काठाउँमा य, उ का ठाउँमा व आदि हुनाले पनि विकारी हुन्छ । त्यसैले शब्द अनित्य हो भन्ने मिश्रको मत पाइन्छ ।

**उत्पत्तिका आधारमा शब्दका प्रकार**

अब शब्दका विषयमा दार्शनिक विचारहरूलाई क्रमशः उल्लेख गरिन्छ ।

**१) संयोगज शब्द**

शब्द संयोगबाट उत्पन्न भएको हुनाले यसलाई संयोगज भनिएको हो । दुईवटा वस्तुकोमिलनलाई संयोग भनिन्छ भने जुन वस्तुको संयोग वा मिलन हुँदा अवाज आउँछ त्यो अभिघात संयोग हो । जस्तै ताली पड्काउँदा दुई हातको संयोग अभिघात संयोग हो, जसबाट शब्दको उत्पत्ति हुन्छ । भेरी दमाहा र गजाको सम्बन्ध, हारमोनियमको हावा जिब्रीको सम्बन्ध, बाँसुरीमा हावा र बाँसुरीको सम्बन्धबाट आवाजको उत्पत्ति हुन्छ । यसरी संयोगबाट उत्पत्ति भएको शब्द नै संयोगज शब्द हो।

**२) विभागज शब्द**

विभागज शब्द वस्तुको विभागबाट उत्पत्ति हुन्छ । वस्तुहरू छुट्टिनु वा विभाजन हुनुलाई विभाग भनिन्छ । वस्तुहरू छुट्टिँदा उत्पन्न हुने शब्दलाई विभागज शब्द भनिन्छ । आवाज उत्पत्ति गर्ने यस्तो विभागलाई अभिघात र नोदन गरेर दुई भागमा विभिाजन गरिएको छ । जुन वस्तुको विच्छेद हुँदा

अवाज (शब्द) उत्पत्ति हुन्छ त्यस्तो विच्छेदलाई पनि आवाज उत्पत्तिका दृष्टिमा अभिघात विभाग भनिन्छ । जस्तो बाँस फुटाउँदा आउने आवाजमा बाँसको फक्लेटाको विभाग अभिघात विभाग हो, जसबाट शब्द उत्पत्ति हुन्छ । वृक्ष र पत्ताको विभाग पनि उस्तै विभाग हो । सुख्खा लागेर खेतमा धाँजा फाटेर त्यहाँ हावा सुसाउँदा आउने शब्दमा नादज विभाग हो । यसबाट स्पष्ट शब्द थाहा पाउन नसकिनेआवाज नआउने हावा र जमिनको विभागहुने कार्य नादज विभाग हो ।

**३. शब्दज शब्द**

शब्दबाट शब्दको उत्पत्ति हुन्छ । यसरी शब्दबाट उत्पन्न भएको शब्दलाई शब्दज शब्द भनिन्छ । माथि १ र २ मा उल्लेख गरिएको संयोग र विभागबाट शब्द उत्पन्न भएपछि त्यस शब्दले सन्तानकोरूप लिन्छवा सन्तान परम्परा प्रकट गर्न थाल्छ । खोला पारि पहिरो जाँदा वा बम विस्फोट हुँदा उत्पन्न भएको शब्दले खोलावारि वा दशै दिशामा आफनो सन्तानलाई विस्तार गर्दछ , फैलाउँछ । यसरी शब्दले शब्द उत्पन्न गरी फैलाउँदा उत्पन्न भएको शब्द हाम्रा कानले सुन्दछ । यस्तो शब्दलाई शब्दज शब्द भनिन्छ । यसरी शब्दाबाट उत्पन्न शब्दज शब्द हाम्रो कान सम्म आएपछिमात्र हामी सुन्न सक्छौं । आकाशमा विजुली चम्कँने र गड्याङ्गुडङ् गर्ने कार्य एकसाथ भएको हुन्छ । अर्थात् प्रकाश र अवाजको उत्पत्ति सँगै भएको हुन्छ । तर सुन्दा विजुली चम्किएको प्रकाश आएको केही समयपछि मात्र आवाज सुन्न  सकिन्छ । यहाँ प्रकाशको भन्दा शब्दको गति मन्द केही कम भएको हुनाले आवाज पछि सुनिएको हो । त्यो शब्द हाम्रा कान आउन समय लागेकाले पछि सुनिएको हो । विश्लेषकहरूले स्वरूपका आधारमा शब्दलाई दुई प्रकारमा विभाजन गरेका छन्, ध्वन्यात्मक र वर्णात्मक

**क) ध्वन्यात्मक शब्द**

दमाहा, बाँसुरी, हारमोनियम, चराचुरुंगी आदिको बोली आदिबाट प्कट हुने ध्वनि शब्दात्मक हुन्छन् । यस्ता ध्यनिबाट उत्पन्न भएका शब्दलाई ध्वन्यात्मक शब्द भनिन्छ । यी वस्तुबाट केवल ध्वनिमात्र प्रकट ुन्छ । यस्ता ध्वनिमा अ, आ, इ, ई क, ख, ग,घ आदि वर्णहरू प्रकट हुँदैनन् । मेघ गर्जन  पनि ध्वन्यात्मक शब्द हो ।

**ख) वर्णात्मक शब्द**

जुन शब्दमा स्पष्ट रूपमा अ, आ, इ र क,ख, ग,घ, अदि वर्ण स्पष्ट उच्चारण हुन्छन् त्यस्ता शब्द वर्णात्मक हुन् । यसमा वर्ण, पद, वाक्य आदिको स्पष्ट उच्चारण हुन्छ । वर्णात्मक शब्दको व्याख्या र विश्लेषण गर्ने आधिकारिक शास्त्र नै व्याकरण हो । व्याकरणशास्त्रलेशब्दलाई ब्रह्मकोरूपमा व्यख्या गरेको छ । यसलाई शब्दब्रह्म भनिन्छ । व्याकरणशास्त्रका मतमा शब्द नित्य र व्यापक छ । वास्तवमा अविनाशी अक्षबाट निर्मित शब्दतत्व नै अनादि निधन अविनाशी परब्रह्म हो र यो अर्थभावले वस्तुतत्वका रूपमा परिणत भएर जगत्को प्रक्रिया चलेको हुन्छ ।भर्तृहरिले यही विचार प्रकट गेरका छन् ।

अनादिनिधनं ब्रह्म शब्दतत्वं यदक्षरम् ।

विवर्ततेऽर्थभावेन प्रक्रिया जगतो यतः ॥ (वाक्यपदीयम् १.१)

स्पष्ट रूपमा अर्थ बुझाउन सक्ने शब्दलाई पद भनिन्छ । ब्रह्माण्डमा रहेका हरेक वस्तुलाई बुझाउन पद (शब्द) प्रयोग गरिन्छन् । त्यसैले संसारमा रहेका सबै वस्तुलाई पदार्थ भनिन्छ । पदार्थ शब्द पद र अर्थ शब्द मिलेर समास भई बनेको हो । पदजन्यज्ञानविषयत्वं पदार्थत्वम्  भनेर पदार्थलाई परिभाषित गरिएको पाइन्छ । अर्थात् पद सुनेर जुन वस्तुको बोध (ज्ञान) हुन्छत्यसलाई नै पदार्थ भनिन्छ । यसैले  सारा जगत् पदमय छ भन्ने कुरा पुष्टि हुन्छ ।

वर्णात्मक शब्द कण्ठ, तालु आदि अभिघातबाट उत्पत्ति हुने भए पनि यो विशेषतः जैविक प्रेरणाद्वारा प्रकट हुने भएकाले यसको उत्पत्तिमा चार चरण हुने कुरा विशेषकहरूले बताउका छन् । तती चार चरण हुन् परा, पश्यन्ती, मध्यमा र वैखरी ।तिनको परिचय क्रमशः यहाँ प्रस्तुत गरिएको छ :

**अ) परा**

शब्द उच्चारण गर्न प्रारम्भिक प्रेरणाबाट जागृत अविनाशी शरीको मूल आधारमा रहेको विन्दुरूप शब्द नै परा शब्द हो ।

**आ) पश्यन्ती**

शरीरको मूलाधारमा रहेको अग्निबाट अभिप्रेरित भई नाभिप्रदेशतिर आएकोवायुको झोक्का रूप रहेको शब्द नै पश्यन्ती हो । शब्बदका यी दुई रूपलाई चरणलाई प्रत्यक्ष रूपमा अनुभव गर्न सकिँदैन ।

**इ) मध्यमा**

मूलाधार चक्रबाट अभिपे्रित वायुको झोक्का रूप ररहेको वायु हृदय प्रदेशमा (मनमा) आएपछि त्यहाँ जपस्वरूपको सूक्ष्म कानले सुन्न नसकिने शब्दको स्वरूप प्रकट हुन्छ। यस्तो शब्दको उच्चारण चरणलाई मध्यमा भनिन्छ।

**ई) वैखरी**

मूलाधारचक्रबाट निसृत हृदयप्रदेश हुँदै आएको वायुको झोक्का शिरमा पुगेर ठक्कर खाई फर्किएरमुखमा आइपुग्छ र त्यहाँ रहेका कण्ठ, तालु, ओष्ठ, दन्तआदिमा ठोक्किएर पृथक् पृथक् वर्णभएका शब्दकोरूप लिएर उच्चरित हुन्छ। यस्तो उच्चारण कानले सबैले स्पष्टसँग सुन्न सकिन्छ।

यसरी शब्द उच्चारणका चार चरणहरू पूरा हुन्छन्। यिनै चार चरण पार गरेर नै वर्णात्मक शब्द उच्चरित हुन्छन्। यसरी नै अरुबाट स्पष्ट सुनिने गरी उच्चारण गरिने शब्दमा वर्णहरूको स्पष्ट उच्चारण भएको छ भने त्यो वर्णात्मक शब्द हो र छैन भने त्या ध्वन्यात्मक शब्द हो।

त्यसैले शब्दोत्पत्तिका विषयमा भनिएको पनि छ :

**परा वाङ्मूलचक्रस्था पश्यन्ती नाभिसंस्थिता।**

**हृदिस्था मध्यमा ज्ञेया वैखरी कण्ठदेशगा॥ (परमलघुमञ्जुषा, भूमिका)**

**शब्दको गति या स्वभाव**

यसरी संयोग वा विभागबाट उत्पत्ति भएको शब्द चाहे त्यो ध्यन्यात्मक हो वा वर्णात्मक, आफू प्रकट भइसकेपछि आकाशमा सन्तान (तरङ्ग) पैदा गर्न थाल्छ। त्यही सन्तानको विस्तारलाई नै ध्वनिो गति भनिन्छ। वास्तवमा नैयायिकहरूका मतमा ध्वनि या शब्दको गति नै हुँदैन। शब्दकाट सन्तानककोरूपमा तरङ्ग पैदा हुन्छ। त्यसबाट अर्को अर्को तरङ्ग हुँदै सर्वत्र ध्वनि तरङ्गहरूर फैलिएर वरपर पुग्ने क्रमलाई नै ध्वनि तरङ्ग वा ध्वनिको गति भनिएको देखिन्छ। एउटै शाब्दिक तरङ्गवरपर जाने होइन। यदि एउटै शाब्दिक तरङ्ग फैलने हो भने त शब्द प्कट भएको स्थान र दूरको स्थानमा समान किकसिमले शब्द सुनिनु पर्ने हो तर त्यसो हुँदैन॥ शब्द उत्पन्न भएका ठाउँमा सपष्ट र टाढा टाढा हुदै गएपछि अस्पष्ट र कम सुनिन्छ र सुनिदैन पनि। यसरी स्पष्ट सुनिने कम सुनिने र सुनिदै नसुनिने भएकाले के कुरा स्पष्ट हुन्छ भने यसरी फैलने शब्दका सन्तान (तरङ्ग) हुन्। त्यो सन्तान जति ताढा गयो त्यति कमजोर (मन्द)हुँदै शून्य हुन पुग्छ र रोकिन्छ पनि। सन्तान (

तरङ्ग) पैदा गर्न नसक्ने भएर नै शब्द विस्तारको क्रम रोकिएको हो । सांख्यलगायत अन्य केही बौद्ध दार्शनिकहरूले शब्दलाई वायुको पनि गुणमानेका छन् । शब्दले नै वायुका माध्यमबाट तरङ्ग फैलाउँछ ।

नैयायिकहरूले शब्दको सन्तान (तरं) फैलने क्रमलाई वीचितरङ्ग न्याय भनेका छन् । जसरी एउटा पोखरीको बीचमा ढुंगा फालियो भने ढुंगा पानीमा खसेको ठाउँबाट उत्पन्न भएका अनेकौँ तरङ्ग तलाउको वरिपरि सबैतिर किनारमा आइपुग्छन्, शब्दकोतरङ्ग फैलने प्रक्रिया पनि त्यस्तै हुन्छ ।

**शब्दको आयु**

एउटा शब्द कति समयसम्म रहन्छ भन्ने कुरा पनि नैयायिकहरूले विश्लेषण गरेका छन् । यस अर्थमा शब्दलाई उत्पत्ति भएको तेस्रो क्षणमा विनाश हुने भनिएको छ । त्यो यस प्रकारले सम्भव हुन्छ :

क्षण भनेको समयको एउटा सूक्ष्म (सानो) अणु हो । जसभन्दा छोटो समय नै हुँदैन । कुनै पनि काम छिटोभन्दा छिटो हुन्छ भने पनि त्यो का सम्पन्न हुन एक क्षण समय त लाग्छ नै । नैयायिकहरूका अनुसार कुनै पनि वस्तुको उत्पत्ति र विनाश केही कारणबाट नै हुन्छ, विना कारण हुँदैन । तसर्थ संयोग विभाग या कण्ठ, तालु आदिको अभिघातबाट उत्पन्न भएको प्रथम शब्द उत्पन्न हुँदा अभिघातबाट उत्पन्न हुन्छ । त्यसपछि त्यो प्रथम शब्दले सन्तान ( तरङ्ग) पैदा गर्छ अनि नाश हुन्छ, मर्छ ।यसरी विचार गर्दा कुनै पनि शब्दका तीन प्रक्रिया रहेका देखिन्छन् शब्द उत्पत्ति हुनु, सन्तान (तरङ्ग) जन्माउनु र मर्नु (नाश हुनु ।

**निष्कर्ष**

कुनै पनि विनाशशील वस्तुद्वारा प्रवाहित वस्तुकोविनाश पनि कयही प्रक्रियाबाट हुन्छ । शब्द पनि यिनै तीन प्रक्रियाबाट नै उत्पन्न हुन्छ, फैलिन्छ र मर्छ । उत्पन्न हुन फैलिन र मर्न कम्तीमा पनि एक एक क्षण समय त लाग्छ नै । यही कारणले नै ब्रह्माण्डमा भएको हरेक वस्तुलाई क्षणिक न्यामतमा क्षणिक भनिएको हो । तृतीयक्षण विनाशित्वं क्षणिकत्वम् यही भएको भनिएको हो । तेस्रो क्षणमा नाश हुनु नै क्षणिकता हो । नैयायिकहरूका विचारमा शब्द र ज्ञान क्षणिक हुन्छ । क्षणिकक कुरा तृतीय क्षणमा विनाश हुन्छन् । उपेक्षा बुद्धि जो दुइदेखि पछिका सङ्ख्याबोधको कारण हुन्छ । त्यो चाहिँ चार क्षणमा नाश हुन्छ ।

यसरी शब्द पूर्वीय दर्शनमा विशेषतः व्याकरण र मीमांसा दर्शनलेआ आफ्ना सिद्धान्त अनुसार व्याख्या र विश्लेषण गरेका छन् । शब्द श्रवणका लागि मीठो नमिठो या सुमधुर कठोर आदि हुन सक्छन् । त्यो शब्द चाहे ध्वन्यात्मक होस् या वर्णात्मक होस् । मधुर शब्दले गीत संगीतले हामीलाई आनन्द दिन्छ भने कठोर शुष्क वाणीले शब्दले हामीलाई निराश र दुःखी बनाउँछ ।

## टिप्पणीहरू

आदिमत्वादैन्द्रियकत्वात् कृतकवदुपचाराच्च ( न्यायसूत्र२-२-१३)
पृथिवीसलिलं तेजः पवमानस्तमस्तथा ।
व्योमकाल दिगात्मानो मनः शब्द इति क्रमात् ॥
एकादशविधं चैतत् कुमारिलमते मतम् । (प्रमेयप्रकरणम् ६-७)
श्रोत्रमात्रेन्द्रियग्राह्यः शब्दः शब्दत्व जातिमान् ॥
द्रव्यं सर्वगतो नित्यः कुमारिलमते मतः ।(२९ ऐ.)
वियद् गुणत्वं शब्दस्य केचिदुचुर्मनीषिणः ॥
प्रत्यक्षादिविरोधत्वात् यत्कृपालेरूपेक्षितम् । (३० ऐ.)
निराश्रयतयैव स्यान् प्रतीतिदर्शनारसम् ॥

*

# को आउन्न नेपालमा

टीका अधिकारी सुजन
शास्त्री द्वितीय
ने.सं.वि., पिण्डेश्वर विद्यापीठ

हिँड्ने यी हरठाउँका पथिकका भक्ती हरैको यहाँ
हर्दम् हम्किन खोज्छ वायुको नभको सूर्यप्रतापी जहाँ ।
हाँसो हाँस्छ हिमाल नाँच्छ मनमा डम्फू छटा तालमा
यस्तो भूमि रमेर हेर्न जन को आउन्न नेपालमा ?

आफ्नै गाउँ गुनेर गर्व गरने गर्वी प्रतापी कति
आफ्नै बुद्धि विवेक वीर्य बलको विश्वास झन् झन् उति ।
पारुन् स्वच्छ सफा सुशीतल थलो आफ्नो यही कालमा
यस्तो भूमि रमेर हेर्न जन को आउन्न नेपालमा ? ॥

मेची मातृ समान मान गर वात्सल्य छर्दै तिमी
काली काख कमाउँदै अतिथिलाई ख्वाउनू प्याउनू ।
संगीतादिक ताल दिन्छ झरना नाँच्छन् चरी डालमा
यस्तो भूमि रमेर हेर्न जन को आउन्न नेपालमा ?

जानुन् बुद्ध सुबद्ध शास्त्र जनक ज्ञानी तथा जानकी
मानुन् शान्त सुसभ्य प्राच्यनगरी यो फूलबारी भनी
माटो छ्याप्प दलेर हिँड्दछ यहाँ डाँफेसदा भालमा
यस्तो भूमि रमेर हेर्न जन को आउन्न नेपालमा ?

सारा विश्व म हो भनी र म सदा यो विश्व सारा भनी
हेर्छन् बन्धु समान प्यार भरिला आँखा उघारी यिनी ।
यस्ता पत्थरमा प्रबुद्ध मनने बस्छन् सदाचारमा
यस्तो भूमि रमेर हेर्न जन को आउन्न नेपालमा ?

# श्रीमद्भागवतमहापुराणको अष्टमस्कन्धमा पाइने केही वनस्पतिहरू

टीकाराम दहाल
उपप्राध्यापक
ने.सं.वि., पिण्डेश्वर विद्यापीठ

## १. विषय प्रवेश

श्रीमद्भागवतमहापुराण महर्षि वेदव्यसबाट रचना गरिएका १८ पुराणहरूमध्ये एक महत्वपूर्ण पुराण हो । यिनै व्यासलाईएउटै सिङ्गो रहेको वेदलाई विषयानुकुल चार भागमा विभाजन गरेका हुनाले वेदव्यास भनिएको पाइन्छ ।वेदको विभाजनसँगै महाभारत र १८ पुराण एवं १८ वटै उपपुराण पनि व्यासका रचना रहेको छन् । ती १८ पुराणहरूमध्ये श्रीमद्भागवत महापुराण एक महत्वपूर्ण पुराण हो  यसमा धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थ सिद्धिका लागि अनेको आख्यान उपाख्यान र इतिहासको वर्णन गरिएको छ । यसमा जम्मा १२ वटा स्कन्ध र ३३५ अध्याय रहेका छन् । उस पुराणमा थुप्रै प्राचीन, ऐतिहासिक आख्यान उपाख्यानको वर्णन पाइन्छ । यसमा तत्कालीन समाजका सामाजिक, ऐतिहासिक, नैतिक, धार्मिक, व्यावसायिक, भूगोल र वनस्पतिहरूको उल्लेख रहेको छ । यी सबै विषय अनुसन्धेय छन्  तापनि यहाँ यसको अष्टमस्कन्धमा (आठौं) अष्टमस्कन्धमा पाइने केही वृक्ष वनस्पतिहरूका नामलाई खोजी गरी तिनको नेपाली नामसमेत पत्ता लगाई तिनलाई चिनाउने प्रयास गरिएको छ । वनस्पतिहरूका प्राप्त नामहरू खोज गर्ने दृष्टिले पुरै ग्रन्थ नै अनुसन्धेय रहेको छ तापनि यस लेखमा अष्टमस्कन्धमा पाइएका वृक्षर वनस्पतिका नामहरूमात्र पहिल्याउने जमर्को गरिएको छ । यसै क्रममा अनुसन्धान गर्दा थुप्रै वृक्ष र वनस्पतिका नामहरू नेपाली भूमिमा पाइने नै यहाँ उल्लिखित रहेका देखिन्छन् ।

## २.महर्षि व्यास

वेदको विभाजन गर्ने महाभारत र पुराणहरूका रचयिता महर्षि व्यास संसारमै प्रसिद्ध छन् । उनका पिता पराशर मुनि र माता सत्यवती थिए । कुहिरो लागेको समयमा कुनै काम विशेषले नदी पारि जानलागेका मुनि पराशरलाई माझीकी छोरी सत्यवतीले नदी तारिदिइन् । त्यही क्रममा मुनि पराशर तिनै मत्स्यगन्धा सत्यवतीसँग मोहित भएपछि तिनैबाट व्यासको जन्मभएको हो । उनको शिक्षा दीक्षा कहाँ भयो ? यो स्पष्ट नभए पनि

नेपालमा उनले तपस्या गरेको उल्लेख सहित व्याससँग सम्बन्धित थुप्रै ठाउँहरू रहेका छन् । (व्यास गुफा, दमौली, व्यास हिमाल) व्यासको शिक्षा दीक्षा उनका पिता पराशरबाट नै भएको उल्लेख पाइन्छ ।

महर्षि व्यासको जीवनकालका विषयमा अनेकौं मतमतान्तर उपस्थित भएका देखिन्छन् । ती सबैमा कुनै न कुनै अन्तरङ्ग वा बाह्य प्रमाण प्रस्तुत गरिएको पाइन्छ । महाभारतमा उल्लेख भए अनुसार उनी कुरु र पाण्डवका बीचमा भएको महाभारत युद्धको समयमा उनी १५७ वर्षका थिए । यो युद्ध कलियुग शुरु भएको ६५३ वर्षमा भएको उल्लेख पाइन्छ । उक्त युद्ध समाप्तिको १८ वर्ष पछि उनले महाभारत तयार गरेको वर्णन पाइन्छ । आर्य ज्योतिषिहरूले वि.सं. शुरु हुनुभन्दा ३१५७ वर्ष अघि महाभारतको युद्ध भएको उल्लेख गरेको पाइनाले पनि यिनै मतको प्रामाणिकतालाई पछ्याउँदा विक्रम सम्वत् सुरुहुनुभन्दा करिब ५००० वर्ष पहिले व्यास यस धरतीमा रहेको समय स्पष्ट हुन आउँछ । यिनको पछिल्लो सीमा पनि ईशा पूर्व ५०० वर्ष रहेको छ । व्यास भगवान् विष्णुका २४ अंशावतार मध्ये एक मानिन्छन् । व्यासलाई हनुमान्, विभीषण, कृपाचार्य, परशुराम, अश्वत्थामा, बलीसँगै चिरञ्जीवी पनि भनिएको छ । यसबाट उनी दीर्घजीवी थिए भन्ने विषय प्रकट हुन आउँछ । उनका विशालकाय ग्रन्थले पनि उनको सुदीर्घ जीवनलाई पुष्टि गरेका छन् ।

**२.१ व्यासका रचना**

वेद शब्दको अर्थ ज्ञान हो । यो हिन्दूहरूको मूल धर्मग्रन्थ हो । वेद पहिले एउटै थियो । सिङ्गो वेदलाई त्यसको विषय र कार्य अनुसार ऋग्वेद, यजुर्वेद, सामवेद यी तीन भागमा विभाजन गरी त्यसरी नै आफ्ना शिष्यलाई उपदेश गर्नु तथा त्यसरी विभाजन गर्दा छुटेका केही ऋचालाई सङ्कलन गरी चौथो अथर्ववेद तयार गर्नु उनको महत्वपूर्ण कार्य हो । यही कामका कारणले उनलाई व्यासबाट वेदव्यासका रूपमा प्रसिद्धि दिलाएको पाइन्छ ।

महाभारत उनको धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थ प्राप्तिको विषय उल्लेख भएको ऐतिहासिक आख्यानात्मक कृति हो । श्लोकात्मक ढाँचामा लेखिएको एक लाख श्लोक संरचना भएको महाभारतलाई पाँचौ वेद पनि भनिएको पाइन्छ । वेदका छवटा अङ्गहरू छन् शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष । यिनै छ अङ्गहरूको उदाहरणसहितको प्रस्तुति नै महाभारतमा र पुराणहरूमा पनि पाइन्छ ।

पुराना ऐतिहासिक अख्यानलाई पुराण भनिन्छ । व्यासले धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थ प्राप्तिको विषय समेटेर १८ वटा पुराण र १८ वटै उपपुराणको पनि रचना गरेका छन् ।

**३.पुराणको परिचय**

पुराणहरू विभिन्न विषयसँग सम्बन्धित ऐतिहासिक आख्यानात्मक कृति हुन् । यिनले वेदको मर्मलाई सरल भाषा र शैलीमा व्यावहारिक उदाहरणसहित जनमानसमा पुऱ्याउने काम गरेका छन् । पुराना विभिन्न विषयका आख्यानलाई पुराण भनिन्छ । व्यासले धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थ प्राप्तिको विषय समेटेर १८ वटा पुराणहरू रचना गरेका छन् । व्यासले रचना गरेका ती १८ पुराणहरू निम्नानुसार रहेका छन् -

**मद्वयं भद्वयं चैव बत्रयं वचतुष्टयम् ।**
**अनापलिङ्गकूस्कानि पुराणानि प्रचक्षते ।**

| | | |
|---|---|---|
| १. मार्कण्डेयपुराण | २. मत्स्यपुराण | ३. भागवतपुराण |
| ४. भविष्यपुराण | ५. ब्रह्मपुराण | ६. ब्रह्मवैवर्तपुराण |
| ७. ब्रह्माण्डपुराण | ८. वराहपुराण | ९. वामनपुराण |
| १०. वायुपुराण | ११. विष्णुपुराण | १२. अग्निपुराण |
| १३. नारदपुराण | १४. पद्मपुराण | १५. लिङ्गपुराण |
| १६. गरुडपुराण | १७. कूर्मपुराण | १८. स्कन्धपुराण |

यी १८ पुराणमध्ये श्रीमद्भागवत पुराणलाई महापुराण भनिएको पाइन्छ । यी विशालकाय भएका आख्यानात्मक धेरै कृतिहरू भएकाले कतिपय विद्वान्हरूले व्यासलाई पदवी मानेर व्यासपदासीन अनेकौं व्यक्तिले यिनको रचना गरेका हुनसक्ने अनुमान पनि गरेका छन् । उनको सामर्थ्य, लेखनकलाविद् गणेजीको साथ अनि चिरञ्जीवी पनि मानिएको कारणले एउटै व्यासबाट यी सबै कृतिको रचना भएको भन्ने मत नै युक्तिसङ्गत देखिन्छ ।

पुराणका विषयका बारेमा भनिएको छ -

**सर्गश्च प्रतिसर्गश्च वंशोमन्वन्तराणि च ।**
**वंशानुचरिञ्चैव पुराणम् पञ्चलक्षणम् ॥**

सर्ग (संसारको सृष्टि प्रक्रिया), प्रतिसर्ग ( सृष्टिको लय वा समाप्ति), विभिन्न सूर्यवंशी र चन्द्रवंशी राजाहरूको विभिन्न ऋषि मुनिहरूको वंश र चरित्रको वर्णन, मन्वन्तरहरूको वर्णन नै पुराणका मुख्य विषय रहेको देखिन्छ ।

यिनै आख्यान र उपाख्यानका माध्यमबाट धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थ प्राप्तिको उपाय पुराणहरूमा पाइन्छ । व्यासका यी पुराणहरूमा तत्कालीन समाजका चिन्तन, स्वरूप, संस्कृति, वृक्षवनस्पतिसहित विभिन्न ऐतिहासिक विषयहरूपाउन सकिन्छ । पुराणमा आएका यी विषय निकै अन्वेषणीय छन् ।

## ४. श्रीमद्भागवतमहापुराणको परिचय

भागवतपुराणलाई नै श्रीमद्भागवतमहापुराण पनि भनिन्छ । यसमा १२वटा स्कन्धरहेका छन् र ती स्कन्धहरूमा ३३५अध्याय रहेका छन् । रामायण महाभारत आदि पूर्ववर्ति ग्रन्थमा उल्लेख भएका थुप्रै आख्यान उपाख्यान पनि यहाँ संक्षेपमा वर्णन गरिएका छन् । धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थ प्राप्तिका विषय, मोक्षप्राप्तिको विषय एवं विभिन्न दार्शनिक ज्ञानको पुट भएको हुनाले यो पुराण निकै महत्वपूर्ण एवं गहन रहेको देखिन्छ । त्यही भएर नै विद्वत् समुदायमा **विद्यावतां भागवते परीक्षा** अर्थात् विद्वान्हरूको पनि भागवतमा परीक्षा हुन्छ भन्नेसूक्ति प्रसिद्ध भएको पाइन्छ । यहाँ आएका सामाजिक, ऐतिहासिक भौगोलिक, ज्योतिषीय, तथा वृक्षवनस्पति आदि विषयहरूको अनुसन्धानआवश्यक छ र केही भइरहेका पनि छन् । यहाँ पुरै श्रीमद्भागवतमहापुराणमा उल्लेख पाइने वृक्ष र वनस्पतिहरूको खोज गर्न आवश्यक भए पनि केवल अष्टमस्कन्धमा पाइने वृक्षवनस्पतिका नामहरूको खोज गर्ने प्रयत्न गरिएको छ ।

## ५. श्रीमद्भागवतमहापुराणको अष्टमस्कन्धको विषयवस्तु

श्रीमद्भागवतमहापुराणको अष्टमस्कन्धमा (आठौं) चौबिस अध्याय रहेका छन् । यिनमा स्वायम्भुव आदि चार मन्वन्तरको उपाख्यान, गजेन्द्र र ग्राहको युद्ध तथा भगवान् विष्णुले ग्राहबाट छुटाएर गजेन्द्रको (हात्तीको) उद्धार र उनीहरूको पूर्वजन्मको वृत्तान्त, रैवत र चाक्षुष मन्तन्तरको वर्णन, देवासुर संग्राममा पराजित देवताद्वारा ब्रह्माजीको स्तुति, अमृत प्राप्तिका लागि समुद्र मन्थन गर्नका लागि पूर्व तयारी एवं समुद्र मन्थन, भगवान् विष्णुको कच्छपावतार, समुद्र मन्थनबाट विभिन्न रत्नादिसहित लक्ष्मी र अमृतको प्राप्ति, भगवान् विष्णुकबाट मोहिनी रूप धारण गरी अमृत वितरण, विष्णुबाट अमृत पाउन छद्म भेष धारण गरी देवताको पङ्क्तिमा घुसेका राहुको शिरच्छेदन, देवता र दानवको युद्ध र दानवको पराजय, भगवान् शङ्करलाई

मोहिनी रूपको दर्शन र मोह, पछि आउने सात मन्वन्तरका चरित्रको वर्णन, असल र शक्तिशाली सन्तानोत्पत्तिका लागि मुनि कश्यपद्वारा पयोव्रत नाम गरेको व्रतको उपदेश, बलीराजाको उपाख्यान तथा वामनावतारको कथा, मत्स्यावतारको वर्णन आदि विषयको प्रस्तुति अष्टमस्कन्धमा पाइन्छ । यहाँ उल्लेख गरिएका आख्यानलाई विस्तारगर्दा वन, वाटिका, उद्यान, सरोवर आदिको वर्णन गर्ने प्रसङ्गमा विशेष गरी गजेन्द्र र ग्राहको भेट सम्बन्धी चर्चाका प्रसङ्गमा दोस्रो अध्यायमा र अन्यत्र पनि धेरथोर वृक्षवनस्पतिका नामहरू उल्लेख भएका पाइन्छन् ।

**६. श्रीमद्भागवतमहापुराणको अष्टमस्कन्धमा उल्लिखित वनस्पतिहरू**

श्रीमद्भागवत महापुराणको अष्टमसकन्धमा माथि उल्लिखित विषय प्रतिपादनका क्रममा धेरथोर वृक्षर वनसतिका नामहरू उल्लेख भएका छन् । यी विभिन्न विषयको वर्णन गर्ने प्रसङ्गमा विशेष गरी गजेन्द्र र ग्राहको भेट सम्बन्धी चर्चाका क्रममा तलाउ र उद्यानको वर्णन गर्दा प्रसस्त र अन्यत्र थोरै भए पनि वृक्ष र वनस्पतिका नामहरू उल्लेख भएको देखिन्छ । ती नामहरू नेपाली भूमिमा पाइने भएकाले, व्यासको तपोभूमि पनि नेपाल भएकाले पनि यो प्रसङ्ग निकै रोचक बन्न पुगेको छ । यहाँ तिनै नामलाई चिनाउन, नामलाई पहिल्याउन प्रयास गरिएको छ । यहाँ तिनैकेही वृक्षवनस्पतिका नामलाई अकारादि क्रमले प्रस्तुत गरिएको छ ।

**शब्दनेपालीमा अर्थ र पहिचान विशेष**

अक्षःबर्रो, त्रिफला मध्येको एक घटक, वनौषधि वृक्ष

| | |
|---|---|
| अभया | १) हर्रो, त्रिफला मध्येको एक घटक, वनौषधि २) उशीर, कागतीको गन्ध आउने तृण । |
| अमला | अमला (बदर्यक्षाभयामलैः (बदरी च अक्षः च अभया च अमला च, द्वन्द्वसमास) फल-आमलकी |
| अरिष्टः | १) रिट्ठो २) नीम (दुवैलाई अरिष्ट भनिन्छ ।) |
| अर्जुनः | १) घाँसका लागि प्रयोग हुने खरी, २) साझ, ३) अशोक ( यी तिनैको नाम ) । |
| अशोकः | अशोक वृक्ष । |
| आम्रम् | आँप |
| आम्रातकः | अँमारो |

| | |
|---|---|
| उत्पलम् | रातमा फुल्ने कमल विशेष |
| उदुम्बरः | डुम्री, पञ्च पल्लव मध्येको एक, (आँप, वर, पीपल, डुम्री, पाखी यी पाँच पल्लव हुन् ।) |
| इक्षुः | उखु |
| इङ्गुदी | चिउरी |
| ऋक्षः | टटेलो, पहाडी भूभागमा पाइने । (टोटला) |
| कदम्बः | कदम (रुख), |
| कपित्थम् | कैथ (रुख) |
| कल्हारः | साँझमा फुल्ने सेतो कमल |
| किंशुकम् | किंशुकः पलाँस |
| कुटजः | ठूलो कुरो (तृण वर्ग) |
| कुन्दः | कुन्द, एक जातको सेतो सुगन्धित पुष्प बोट |
| कुमुदम् | रातमा फुल्ने सेतो कमल, (कुमुदः चन्द्रमा) |
| कुरबकः | रातो काठसरैया, रातो कपुरको रुख । |
| कोविदारः | कोइरालो |
| क्रमुकः | १) रातो लोध (रुख) २) सुपारीको बोट । |
| खर्जूरः | छोहरा, खजूर |
| चन्दनम् | श्रीखण्ड चन्दन वृक्ष । |
| चम्पकः | चमेली फूल (बुटो) |
| चित्रकः, चित्रद्रुमः | चितुको रुख, औषधिमा प्रयोग हुने साना बुटा हुने वनस्पति । |
| चूतः आँप | |
| जम्बीरः | १) मरुइ लहरो (तुलसीका जस्ता पात साना गोला सेता फूल फुल्ने बुटो ।)<br>२) ज्यामीर |
| जम्बू : | जामुन वृक्ष, जामुना |
| जाती | पहेँलो फूल फुल्ने जाहीको बोट, चमेलीकै वर्गको एक फुल (बुटो) |
| तमालः | १) रातो फूल पुल्ने झुप्पादार फल लाग्ने ठूला पात हुने अलगो एक रुख, |

| | |
|---|---|
| | २)सतिसाल, ३) तेजपातको रुख, ४) काँचोपात (सूर्ति) तृण वार्गको) (यसरीतमाल शब्दले धेरै वनस्पतिलाई बुझाएको पाइन्छ । ) |
| तालः | ताडको रुख, ताल वृक्ष, ठूला लाम्चा पात हुने र हाँगा नहुने रुख । (कागजको आविष्कार हुनुभन्दा पहिले यसैका पातमा आवश्यक सामग्री लेखेर राखिन्थे । तिनलाई ताडपत्र भनिन्छ ।) |
| द्राक्षा | अङ्गुर, दाख ( लहरो प्रजातिको बुटो) |
| नागः | केशरी (तृण वर्गको वनौषधि ) |
| नालिकेरः | नरिवल (नारिकेलः) |
| नीपः | कदम |
| पङ्कजः | हिलामा हुने कमल |
| पद्मम् | कमल |
| पनसः | कटहर |
| पारिजातकः | १) बकाइनु, २) पारिजात (रुख) |
| पिचुमन्दः | नीमको रुख, निमपत्ति |
| पुंनागः | चिलाउने (रुख) पहाडी भूभागमा हुने । |
| प्लक्षः | पाखरी पाँच पल्लव मध्येको एक वृक्ष । |
| प्रियालः | चिरौजी, रहरका जस्ता दाना फल्ने र खाँदा बदामको जस्तो स्वाद हुने मसला वर्गको रुख । |
| बदरी | बयर (बुटो) |
| बिल्वः | बेल (रुख) । |
| भल्लातकः | भलायो फल- भल्लातकी |
| मधुकम् | जेठीमधु ( यष्टिमधु) (तृण) |
| मन्दारः | १) आँक, (बुटो), २) बकाइनु (रुख) ३) धतुरो (बुटो) ४) पाजित (स्वर्गमा हुने फूल) । |
| मल्लिका | बेली फूलको बोट |
| माधवी | १) सेता सुगन्धित फूल फुल्ने बासन्ती लता, २) तुलसी |
| रम्भा | केरा |

| | |
|---|---|
| रसनम् (रसा) | गुधेर गानु, यसलाई बाटुला पाते पनि भनिन्छ । तृण वर्गको वनौषधि । |
| रसाल: | १) आँप २) उखु |
| वट: | वर, |
| वञ्जुल: | साँधन (गाडा, रथ आदिको धुर बनाउन काठ प्रयोग गरिने रुख) २) अशोक ३) वेत |
| वेतस् | वेत (बाँस वर्गको लेकमा हुने वनस्पति) वेत्र । |
| शतपत्रम् | कमल (धेरै पात हुने प्रजातिको) । |
| शिरीष: | सिरिस (रुख) |
| सरल:, सरला | निशोथ (वृक्ष) |
| साल: | सखुवा, साल वृक्ष । |
| सुरदारु: | देवादारु, देवार (रुख) । |

### ७. निष्कर्ष

श्रीमद्भागवत महापुराणको अष्टमस्कन्धमा उल्लेख पाइएका नामहरू मननीय र रोचक छन् । ती नामहरू नेपाली भूमिमा पाइने भएकाले, व्यासको तपोभूमि पनि नेपाल भएकाले पनि यो प्रसङ्ग निकै रोचक बन्न पुगेको छ । यहाँ उल्लेख गरिएका वृक्ष र वनस्पतिहरू केही फूल रहेका छन्,जस्तै पङ्कज, चम्पक:, जाती, उत्पल,माधवी, मल्लिकाकुन्द आदि । यहाँ उद्यानको वर्णन गरिएको हुनाले फुलका बोटका नाम प्रशस्त आएका छन् । एउटै फूलका पनि थुप्रै प्रजातिको उल्लेख पाइन्छ । कमलका उत्पल, कल्हार, शतपत्र, कुमुद, आदि अनेक प्रजातिको उल्लेख भएको पाइन्छ ।

फल उपयोग हुने रुख र बुटाका नामहरू पनि प्रसस्त रहेका देखिन्छन् । जस्तै : जम्बू, रम्भा, आम्र, आम्रातक, बिल्व, बदरी, रसाल, चूत, द्राक्षा, इङ्गुदी, नालिकेर, पनस (कटहर), मन्दार (सुपारी) आदि र बोट नै प्रयोग गरिने प्रसिद्ध उखुको पनि इक्षु, रसाल नाम यहाँ रहेका छन् ।यहाँ आँपका चूत, रसाल, आम्र यी तिन प्रजातिको उल्लेख रहेको देखिन्छ ।

तृण र लता  वर्गका कुटज, जम्बीर, मल्लिका, रम्भा, जाती अभया ( उशीर) आदिको उल्लेख रहेको पाइन्छ । काठ प्रयोग गरिने वेत, कदम्ब, शिरीष, कुरबक, पुंनाग (चिलाउने) भल्लातक (भलायो), कपित्थ, जम्बू, सरल (निशोथ), अशोक, तमाल, सतिसाल, साल, ताल, वट, उदुम्बर, अर्जुन (खरी, साझ,)

प्लक्षआदिकोर नाम नखुलाए पनि उद्यानमा ऋतु अनुसारका अन्यफूल र वृक्षहरूको रहेको वर्णन गरिएको छ ।

औषधिमा उपयोग हुने प्रसिद्ध त्रिफला अन्तर्गतका हर्रो, बर्रो र अमलाका वृक्षको यहाँ उल्लेख रहेको छ । जम्बीरः ( मरुइ लहरो), तमालः (सतिसाल), माधवी (तुलसी), चित्रकः, चित्रद्रुमः  चितुको रुख, मुसलिण्डी,(औषधिमा प्रयोग हुने साना बुटा हुने वनस्पति), मधूक (यष्टिमधु) आदि वनौषधिहरूको नाम पाइन्छ ।

यसरी यहाँ चयन गरिएका वृक्ष र वनौषधिहरू नेपाली भूमिमा पाइने रहेका छन् । त्यसैले पनि यो वर्णन नेपालका लागि अझ सान्भर्भिक भएकाले प्राचीन समयमा नेपालकै कुनै भागको वर्णन रहेको हुन सक्ने अनुमान पनि गर्न सकिन्छ । यसरी यहाँ उल्लेख भएका वृक्ष र वनस्पतिहरू निकै महत्वपूर्ण रहेका पाइन्छन् ।

## सन्दर्भसूची

अमर सिंह : **अमरकेश** (बालकृष्णश्रमी नेपाली टीकासहित), यशोदा पुस्तकालय, वारणसी, २०१७ ।

घटराज भट्टराई : **संस्कृतका अमर साहित्यकार** (ते.सं.), साझा प्रकाशन, काठमाण्डौ, २०५५ ।

बलदेव उपाध्याय : **संस्कृत शास्त्रौं का इतिहास**, शारदा मन्दिर, वारणसी, सन् १९६९ ।

भट्टोजी दीक्षित :  **वैयाकरणसिद्धान्तकौमुदी** (व्याख्याता गोपालदत्त), चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, २०३६ ।

वासुदेवशरण अग्रवाल :  **पाणिनि कालीन भारत वर्ष**,  चौखम्बा विद्या भवन, वाराणसी,  सन् १९६९ ।

वासुदेव त्रिपाठी र अन्य (सम्पा.) : **बृहत् नेपाली शब्दकोश**,(च.सं.) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी , काठमाण्डौ, २०५८ ।

सुभाषचन्द्र न्यौपाने : **संस्कृत साहित्यको सृजन र परम्परा**, वाङ्मय समाज, धरान, २०७१ ।

*

# आचार्यगौतमोक्तप्रमेयविवेचनम्

तुलसीपौडेलः
उपप्राध्यापकः
ने.सं.वि., पिण्डेश्वरविद्यापीठम्

**विषयप्रवेश**

न्यायसूत्रकारः गोतमः प्रमाणप्रतिपादनानन्तरं प्रमेयं प्रतिपादयति । प्रतिपादिताः वर्तन्ते । उक्तञ्च सूत्रकारेण यथा– **आत्मशरीरेन्द्रियार्थबुद्धिमनः-प्रवृत्ति दोषप्रेत्यभावफलदुःखापवर्गास्तु प्रमेयम्** *( न्या.सु* १-१-९ ) इति । आत्मा च शरीरञ्च इन्द्रियाणि च अर्थाश्च बुद्धिश्च मनश्च प्रवृत्तिश्च दोषाश्च प्रेत्यभावश्च फलञ्च दुखञ्चापर्वश्च एते आत्मादि अपवर्गान्ताः द्वादशपदार्थाः प्रमेयमिति । आत्मा ज्ञानवान् भवति । तस्य भोगाय आयतनं स्थानं वा शरीरमित्युच्यते । भोगार्थं साधनानि करणानि वा इन्द्रियाणि । इन्द्रियद्वारा विषयं गृहीत्वा आत्मा विषयोपभोगं करोतीत्यर्थः । तत्र भोक्तव्या विषयाः इन्द्रियार्थाः रूपरसगन्धशब्दस्पर्शा एव । सूत्रे प्रमेयमिति शब्देन मोक्षरूपवर्गप्रयोजकत्वेन गृहीतं वर्तते । न्यायसम्मतमोक्षरूपपुरुषार्थप्रयोजकहेतुभूतानां समेषामत्र क्रमेण विचार्यते ।

**प्रमेयविचारः**

अधुना आत्मादीनां प्रमेयाणां क्रमशः विचारः क्रियते । आत्मपदार्थ न प्रत्यक्षसिद्धः । तस्माद् अस्य पदार्थस्य तेषु द्वादशविधप्रमेयपदार्थेषु प्रथमं प्रमेयभूतआत्मरूपपदार्थस्य लक्षणमुक्तञ्च सूत्रकारेण यथा– **इच्छाद्वेषप्रयत्नसुख-दुखज्ञानान्यात्मनो लिङ्गम्** । *( न्या सू. १-१-१० )* इति । इच्छा च द्वेषश्च प्रयत्नश्च सुखञ्च दुखञ्च ज्ञानञ्च तान्येतानि षट् पदार्थाः आत्मनो लिङ्मिति । इच्छादि ज्ञानान्ताः पदार्थाः सदैव आत्मनि समवायसम्बन्धेन तिष्ठन्ति । मृतशरीरे सुखादीनामसत्वात् इच्छादिपदार्थाः आत्मन्येव तिष्ठन्तीत्युच्यते । अतः इच्छादयः पदार्थाः शरीरे नोपलभ्यन्ते । उक्तञ्च कारिकावलीकारेणापि **बुद्ध्यादिषट्कं, संख्यादिपञ्चकं भावना तथा । धर्माधर्मौ गुणा एते आत्मनः स्युः चतुर्दशः, इत्यादिः** *( करिकावली )* । तत्र इच्छादीनां पदार्थानामात्मनि उत्पत्तौ मनः करणं भवतीति ।

प्रमेयभूतशरीरपदार्थस्य लक्षणं कुर्वन् सूत्रकारः आह–**चेष्टेन्द्रियार्थाश्रयः शरीरम्** *(न्या.सू. १-१-११)* इति । चेष्टा च इन्द्रियाणि च अर्थाश्च तेषाम् यदाश्रयो तच्छरीरम् । तत्र चेष्टा प्रवृत्तिः, घ्राणादीनीन्द्रियाणि, गन्धादयश्चार्थाः ।

शरीररत्वं नाम अन्त्यावयवित्वे सति चेष्टाश्रयत्वमिति । चेष्टा च हिताऽहितप्राप्तिपरिहारानुकूला क्रिया विद्यते । तदाश्रयत्वञ्च स्थाबरादि जङ्गमादिपर्यन्ताः पदार्थाः भवन्ति । पार्थिवं शरीरञ्च पुनः द्विविधं भवति, योनिजमयोनिजञ्चेति । एवं विधया अस्य शरीरस्य प्रतिपादनं न्याशवैशेषिक-शास्त्रे विस्तृततया क्रियते । तदनन्तरं तृतीयः प्रमेयपदार्थः इन्द्रियं वर्तते । तथा च न्यायसूत्रकारः गोतमः **घ्राणरसनचक्षुःत्वक् श्रोत्राणीन्द्रियाणि भूतेभ्यः** । (*न्या. सू. १-१-१२*) इति । अर्थात् घ्राणञ्च रसनञ्च चक्षुश्च त्वक् च श्रोत्रञ्च तानीमानि पञ्चेन्द्रियाणि, पृथिव्यादिपञ्चभूतेभ्यो जायन्ते । तत्र घ्राणेन्द्रियं पार्थिवम्, रसनेन्द्रियं जलीयम्, चक्षुरेन्द्रियं तैजसम्, त्वगिन्द्रियं वायवं, श्रोत्रेन्द्रियमाकाशमिति । एवञ्च क्रमेणात्र सूत्रकारः अर्थं विभज्य लक्ष्ययति गन्धरसरूपस्पर्शशब्दाः पृथिव्यादिगुणास्तदर्थाः । अर्थात् पृथिव्यादीनां गुणाः । तेषां विशेषगुणाः गन्धादयः इत्यर्थः । तेषां घ्राणादीनां इन्द्रियाणामर्था इति । एवञ्च अस्योदाहरणं घ्राणेन्द्रियस्य गन्धः। रसनायाः रसः । एवविधया अन्येषामपि बोधव्यम् । अर्थं निरूपयाधुना बुद्धि निरूपयते । तथा च सूत्रकारः **बुद्धिरूपलब्धि-र्ज्ञानमित्यनर्थान्तरम्** (*न्या. सू., १-१-१५*) इति । न्यायमते बुद्धिरूपलब्धि-र्ज्ञानमित्येतत् त्रयमर्थान्तरं न भवति । एतत् त्रयं समानार्थकस्वीकृतत्वात् सांख्यशास्त्रस्य अध्यवसायो, बुद्धिः,धर्मो ज्ञानम् इत्यादिपरिणामवादः स्वतः निरस्क्रियते ।

**युगपज्ज्ञानानुत्पत्तिर्मनसो लिङ्गम्** । ( *न्या. सू १-१-१६* ) इति । सूत्रेण मनसः लक्षणं कृत्वा तस्य सद्भावे प्रमाणञ्चोक्तम् । आत्मना सह इन्द्रियार्थसंयोगसत्यपि रूपरसादीनां युगपत् ज्ञानं न भवति । तत्र युगपत् ज्ञानमनुत्पत्तौ तु मनः एव कारणं वर्तते । मनश्च अणु वर्तते । मनसः एकस्मिन् काले अनेकैः इन्द्रियैः सह संयोगो न भवति । तस्माद् एकस्मिन् क्षणे एकेनैव इन्द्रियेण सह संयुक्तत्वात् एकस्यैवार्थस्य ज्ञानं भवति नान्यस्य इति भावः ।

प्रवृत्तिश्च **प्रवत्तिर्वाग्वुद्धिशरीरारम्भः** । ( *न्या. सू १-१-१७* ) इति । वाक् च बुद्धिश्च शरीरञ्च तेषां आरम्भो व्यापारो वा प्रवृत्तिः भवति । अस्मिन् सूत्रे बुद्धिकथनेन मनसः ग्रहणं भवतीति न्यायभास्यकारस्याभिप्रायः । आरम्भश्च शरीरेण वाण्या मनसा च पुण्यपापश्च भवतीति न्यायभाष्ये प्रपञ्चितमिति ।

**प्रवर्तनालक्षणा दोषाः** ( न्या.सू. १-१-१८ ) इति । प्रवर्तना नाम प्रवृत्तिहेतुत्वम् । प्रवृत्तिकारणमिति । ज्ञातारं पुरुषं रागादायोदोषाः प्रवर्तयन्ति शुभाशुभकर्मसु इति ।

**पुनःरुत्पत्तिः प्रेत्यभावः** *( न्या. सू.१-१-९)* इति । प्रेत्य-मृत्वा भाव–उत्पत्तिः इति प्रेत्यभावः । देहेन्द्रियमनोवुद्धिवेदनाभिः आत्मनो वियोगः–मरणं, संयोगश्च जन्म, तयोः यः पुनः पुनरभ्यासः अनादिरपवर्गान्तः स प्रेत्यभाव इत्युच्यते ।

**प्रवृत्तिदोषजनितोऽर्थः फलम्** *(न्या. सू.१-१-२० )* इति । प्रवृत्तिद्वारा अर्थात् धर्माधर्माभ्यां रागद्वेषदोषैश्च जनितः–समुत्पन्नः, अर्थः– सुखदुःखरूपभोगपदार्थ एव फलम् भवति ।

**बाधनालक्षणं दुःखम्** *(न्या. सू.१-१-२१ )* इति । बाधना नाम पीडा, सा यत्र भवति तदेव दुःखमिति । **प्रतिकूलवेदनीयं दुःखमि**ति इति तर्कसंग्रहकारः । सर्वेषां प्रतिकूलतया वेदनीयः अनुभव एव दुखमिति प्रतिपाद्यते ।

**तदत्यन्तविमोक्षोऽपबर्गः** *(न्या. सू.१-१-२२)* इति । दुःखेन जन्मना अन्त्यन्तविमुक्तिरपवर्गः (न्या.भा ) अत्र दुःखस्य अत्यन्तनिवृत्तिः कथं भवति चेद् उपात्तस्य दुःखस्य हानम् अन्यस्य दुखस्य चानुपादानम् इति । तां अवस्थामेव अपवर्ग इति शब्देन व्यवहारः । न्यायमते दुःखात्यन्तनिवृत्तिरेव मोक्षशब्देनोपश्यिते । मोक्षदशाायां लेशमात्रेणापि सुखस्यानुभवो न भवति । यदि सुखस्यानुभवो भवति चेत् तस्य मोक्षानुभवो न भवति । सुखस्य प्रवृत्तिरागद्वारैव भवति । रागस्तु बन्धनावस्थायां प्रवर्तते । साधकस्य नकुत्रापि बन्धनावस्थासु मुक्तः इत्युपपादितुं शक्यते, अतः मोक्षदशायां सुखस्य अन्त्यन्तविश्लेशो भवति इति न्यायमते प्रतिपाद्यते । अन्येषु दर्शनेषु मोक्षदशायां सुखस्यानुभवो भवति इति यत् प्रतिपादितं वर्तते तदत्र न स्वीक्रियते ।

**उपसंहारः**

प्रमाणैः यद्वस्तु ज्ञेयं भवति तदेव प्रमेयमित्युच्यते। तच्च प्रमेयं खलु शरीरेन्द्रियार्थबुद्धिमनः प्रवृत्तिदोषप्रेत्यभावफलदुःखापवर्गभेदेन द्वादशविधम् । 'आत्मशरीरेन्द्रियार्थबुद्धिमनःप्रवृत्तिदोषप्रेत्यभावफलदुःखापवर्गास्तु प्रमेयम्' इति । अत्र सर्वेषां प्रमेयाणां संक्षिप्तस्वरूपमुक्तम् । तदतिरिक्तं न्यायमते नव द्रव्याणि, चतुर्विंशति गुणाः, पञ्चकर्माणि, द्विविधं सामान्यं, विशेषाः, समवायः, अभावाश्च एते पदार्थाः ज्ञानविषयाकाः, परन्तु येषां पदार्थानां मिथ्याज्ञानेन आत्मा संसारावस्थां प्राप्नोति, अतः ते पदार्थाः न प्रमेयम् । सूत्रकारेण तेषामेव पदार्थानां

निरूपणं कृतम् येषां पदार्थानां यथार्थज्ञानेन अपवर्गप्राप्तिर्भवति । उक्तशरीरादिद्वादशविधपदार्थानां यथार्थज्ञानं मोक्षाय कारणं भवति । अतः अनेनैव एते द्वादश पदार्थाः एव प्रमेयमिति, इदमपि सिद्ध्यति ।

**सन्दर्भग्रन्थाः**

शास्त्री, आचार्य ढुण्डिराज - वि.सं.२०५७) **न्यायभाष्यम्,** वाराणसी : चोखम्बा सस्कृत सस्थानम् ।

आचार्य, श्रीकृष्णवल्लभाचार्य, (वि.सं.१९५७) **न्यायसिद्धान्तमुक्तावली**, मुम्बई : श्रीवेंकटेश्वर प्रेस ।

गौतम, **न्यायदर्शन, (छज्जुरामवृत्तिः**) दिल्ली : सद्धर्मप्रेस ।

आचार्य, श्रीकृष्णबल्लभ, **तर्कसंग्रहः** वाराणसी : चौखम्बा विद्याभवन ।

शास्त्री, वासुदेव, (ई.सं.१९९२) **न्यायकोशः** मुम्बई : निर्णयसागर मुद्रणालय ।

*

# परिभाषासूत्रविमर्शः

नवराजढुङ्गाना
आंशिकप्राध्यापकः
वी.पी.-संस्कृतविद्यापीठम्

**सारसङ्क्षेपः**

*व्याक्रियन्ते व्युत्पाद्यन्ते असाधुशब्देभ्यः विविच्य साधुत्वेन बोध्यन्ते शब्दाः अनेनेति व्युत्पत्या वि-आङ्-उपसर्गपूर्वकात् करणार्थकडुकृञ्धातोः करणार्थकः ल्युट्प्रत्यययोगेन सिद्ध्यति व्याकरणशब्दः । साधुशब्दज्ञानमेव व्याकरणाध्ययनस्य मुख्यप्रयोजनमस्ति । पाणिनिना व्याकरणग्रन्थस्य पूर्णतायाः कृते अष्टाध्याय्यां सूत्रपाठः, धातुपाठः, गणपाठः (प्रातिपदिकपाठः), उणादिपाठः, लिङ्गानुशासनञ्चेति पञ्चावयवपूर्णस्य व्याकरणशास्त्रस्य रचनाविहिता । सम्पूर्णसंस्कृतवाङ्मयेष्वाचार्यपाणिनिकृताष्टाध्यायीमात्रं पञ्चावयवयुक्तो ग्रन्थोऽस्ति । तत्राष्टाध्याय्यां सञ्ज्ञा-परिभाषा-विधि-नियम-अतिदेश-अधिकारभेदात् षड्विधानि सूत्राणि समुपलभ्यन्ते । तेष्वत्र परिभाषाविधायकसूत्राणामेवपर्यालोचनं क्रियते ।*

**शब्दकुञ्जी -** *सञ्ज्ञा, परिभाषा, विधिः, नियमः, अतिदेशः, अधिकारः, परिभाषासूत्रम्, अष्टाध्यायी, पाणिनि ।*

**शोधसीमाङ्कनम्**

*पाणिनीयमतमेवमनुसृत्य तत्राष्टाध्यायचां प्रयुक्तानां परिभाषाविधायकसूत्राणां परिशीलनमस्य शोधकार्यस्य सीमा वर्तते ।*

**शोधविधिः**

शोधकार्येऽत्र प्रचलितानां विधीनां समुपयोगः कृतो वर्तते । तेषु प्रामुख्येन पुस्तकालयविधिरेवात्र सामग्रीसङ्कलने प्रयुक्तः । शोधविश्लेषणक्रमे च स्थापितसिद्धान्तानां सम्बद्धविषयक्षेत्रादुदाहरणानि गृहीत्वा पारस्परिक समन्वयसम्पादनं प्रकाशनं वा यत्र विधीयते तत्र प्रयुज्यमानो विधिर्निगमनात्मक इति विदुषां समयः । अत्राऽपि पाणिनीयाष्टाध्यायचां प्रयुक्तानां परिभाषाविधायकसूत्राणां परिशीलनं क्रियते ।

**आमुखः**

सूत्रविदो जानन्ति यत् स्वल्पाक्षरयुक्तं सन्देहरहितं सारवद् विस्तृतविवरणकारकं दोषरहितम् अस्तोभं श्रद्धेयं वा पदं सूत्रं भवति । पाराशरोपपुराणे सूत्रस्य परिचयप्रदानक्रमे उक्तञ्च-

**अल्पाक्षरमसन्दिग्धं सारवद्विश्वतोमुखम्**

**अस्तोभमानवद्यञ्च सूत्रं सूत्रविदो विदुः ॥**[२१]

सञ्ज्ञा-परिभाषा-विधि-नियम-अतिदेश-अधिकार भेदात् सूत्राणि षड्विधानि समुपलभ्यन्ते ।

तथा हि-

**सञ्ज्ञा च परिभाषा च विधिर्नियम एव च ।**

**अतिदेशोऽधिकारश्च षड्विधं सूत्रलक्षणम् ॥**[२२]

वृद्धि-गुण-संयोगादि सञ्ज्ञाविधायकानि सूत्राणि सञ्ज्ञासूत्राणि कथ्यन्ते । **अनियमे नियमकारिणी परिभाषा,**[२३] सा च अव्यवस्थायां व्यवस्थामापादयति । *इको गुणवृद्धी, तस्मिन्नितिनिर्दिष्टे पूर्वस्य* इत्यादीनि परिभाषासूत्राणि कथ्यन्ते । आदेशादिविधायकानि *इको यणचि, एचोऽयवायावः* इत्यादीनि सूत्राणि विधिसूत्राणि कथ्यन्ते । प्राप्तस्यविधेः नियामकानि । *कृत्तद्धितसमासाश्च, नलोपः सुप्स्वरसञ्ज्ञातुग्विधिषु कृति* इत्यादीनि नियमसूत्राणि कथ्यन्ते । अन्यतुल्यत्वविधानानि । *स्थानिवदादेशोऽनलविधौ, अन्तादिवच्च, गोतो णित्* इत्यादीनि अतिदेशसूत्राणि मन्यन्ते । एकत्र उपात्तस्य अन्यत्र व्यापारः । *प्राग्रीश्वरान्निपाताः, पूर्वत्रासिद्धम्, कारके, प्रत्ययः, परश्च* इत्यादीनि सूत्राणि अधिकारसूत्राणि कथ्यन्ते ।

तत्र विधिसूत्राणि तावन्मुख्यानि तदुपकारकाणि चेतराणीति । तत्र सञ्ज्ञाशास्त्राणां विधिसूत्रघटक-पदशक्तिग्रहे उपयोगः । यथा वृद्धिरेचि इति विधिसूत्रघटकवृद्धिपदस्य आकार ऐकार औकारेषु शक्तिरिति वृद्धिरादैच् इति सञ्ज्ञासूत्रेणाऽवगम्यते । एवञ्च सञ्ज्ञासूत्रसाहाय्येन विधिसूत्रेण विधानं भवति । आचार्यपाणिनिकृताष्टाध्याय्यां ३९९६ सूत्राणि समुपलभ्यन्ते ।

उक्तञ्च–

**त्रीणि सूत्रसहस्राणि तथा नव शतानि च ।**

**षण्णवतिञ्च सूत्राणां पाणिनिः कृतवान् स्वयम् ॥** [२४]

---

[२१] पाराशरोपपुराणम्, १८।१३॥, कपिलदेवत्रिपाठी (सम्पा.), वाराणसी : सम्पूर्णानन्दसंस्कृतविश्वविद्यालयः, वि.सं. २०४६, ९० पृ. ।

[२२] वररुचिः, **कविकल्पद्रुमः**, १।१।१॥

[२३] नागेशभट्टः, **परिभाषेन्दुशेखरः,** वाराणँसी, सम्पूर्णनन्दसंस्कृतविश्वविद्यालयः, १९८७ ।

[24] श्रीशचन्द्र सरस्वती, **न्यास १,** प्रस्तावनायाम्, पृ. क ।

अत्रानुसन्धाने सङ्क्षेपतया अकारादिवर्णक्रमेण पाणिनीयाष्टाध्यायच्यां प्रयुक्तानां परिभाषाविधायकसूत्राणां परिशीलनं क्रियते ।

**विषयपरिचयः**

नियमस्याभावे नियमव्यवस्थापनमेव परिभाषासूत्रस्योद्देश्यं वर्तते । अनियमे नियमकारिणी परिभाषा इति शास्त्रकारेण कथितम् । परिभाषायाः व्युत्पत्तिलभ्यमर्थमपि तत्सदृशमेवास्ति । परितः सर्वतो भाष्यन्ते नियमाः याभिः ताः परिभाषा इति । परितः सर्वतो भाष्यन्ते नियमा याभिस्ताः परिभाषाः । अर्थात् येन सम्पूर्णनियमस्य स्थिरताक्रियते तानि परिभाषासूत्राणि । परिभाषासूत्रं विधिसूत्रस्याङ्गम् । अष्ट्याध्यायाः प्रथमाध्याये पठितसन्धिकार्येषु उपयोगिपरिभाषायाः सङ्कलनं भट्टोजिदीक्षितमहोदयेन परिभाषाप्रकरणे विवेचितम् वर्तते ।

**१. इको गुणवृद्धी १।१।३॥**

गुणवृद्धिशब्दाभ्यां यत्र गुणवृद्धी विधीयेते तत्र इकः इति षष्ठ्यन्तं पदमुपतिष्ठते । अर्थात् यत्र गुणवृद्धिः पदाभ्यां गुणवृद्धिः विधीयते तत्र इक् इत्यस्य स्थाने गुणवृद्धिः इत्यस्य स्थाने गुणवृद्धिः इत्यस्य विधानं बोद्धब्यम् । परिभाषायाः उपयोगिता मिदेर्गुणः ७।३।८२॥ मृजेवृद्धिः ७।२।११४॥ इत्यादि सूत्रैः विधीयमान गुणवृद्धि पदे स्थानस्य निर्देशाभावे इक् इत्यस्य उपस्थितेः कारणात् मिद् धातोः इक् इत्यस्य गुणः (इ=ए) तथा च मृज् धातोः इक् (ऋकार) इत्यस्य वृद्धिः (ऋ आर्) भवन्ति । अदेङ्गुणः इत्यतः अनुवृत्तं गुणपदं तथाच वृद्धिरादैच् सूत्रतः अनुवृत्तं वृद्धिपदं स्वशब्दस्वरूपे एव स्थितं भवति । प्रकृतसूत्रे उच्चारितौ गुणवृद्धिः शब्दौ अर्थबोधकत्व कारणात् क्रमशः अ, ए, ओ एवं आ, ऐ, औ इत्यादीनां परिचायकौ भवतः ।

**२. आद्यन्तौ टकितौ १।१।४६॥**

टित्कितौ यस्योक्तौ तस्य क्रमादाद्यन्तावयवौ स्तः । अर्थात् टकार इत्संज्ञक एवं ककारइत्संज्ञकागमः यं आगमं विधीयमानं स्यात् तौ क्रमशः टित् इत्यस्य आद्यवयव कित् इत्यस्य अन्तावयवौ भवतः । टश्च कश्च टकौ, टकै इतौ ययोः तौ टकितौ । द्वन्द्वगर्भित बहुव्रीहिः । आदिश्च अन्तश्च आद्यन्तौ । इतरेतर द्वन्द्वः । उदाहरणार्थः टित्, षट्त्सन्तः, षट् सन्तः अत्र डः सि धुट् ८।३।२९॥ इत्यनेन धुट् (ध्) सकारस्य आदि अवयवः, चर्त्व (ध् त) षड् त् सन्तः । कित् भीषयते अत्र भी णिच् इ इति स्थितेः भियो हेतु भये इति ।

**३. मिदचोऽन्त्यात्परः १।१।४७॥**

अचः इति षष्ठ्यन्तम् । अचां मध्ये योऽनत्यस्तस्मात्परस्तस्यैवान्तवयवो मित्स्यात् । सूत्रे चत्वारि पदानि मित्, अचः, अन्त्यात् परः सन्ति । सूत्रेऽस्मिन् अच इति निर्धारणे षष्ठी । अर्थात् सन्निविष्टानामन्त्यादयः परो मिद् भवति । स्थानेयोग प्रत्ययपरत्वस्य अयमपवादः । उदाहरणानि मुञ्चति, पयांसि, विरुणाद्धि इत्यादि । मित्प्रदेशाः रुधादिभ्यः श्यन् इत्येवमादयः ।

**४. षष्ठी स्थानेयोगा १।१।४९॥**

अनिर्धारितसम्बन्धविशेषा षष्ठी स्थानेयोगा बोध्या । स्थानं च प्रसङ्गः । सूत्रेऽस्मिन् षष्ठीप्रथमैकवचनान्तम्, स्थाने सप्तम्येकवचनान्तम् । इदं परिभाषासूत्रं योगनियमार्थम् । इह शास्त्रे या षष्ठी अनियतयोगा श्रूयते सा स्थानेयोगैव भवति । यथा अस्तेर्भूः इति अस्तेः स्थाने भूर्भवति । तेन भविता, भवितम्, भवितव्यम् इति ।

**५. स्थानेऽन्तरतमः १।१।५०॥**

प्रसङ्गे सति सदृशतम आदेशः स्यात् । यत्रानेकविधमान्तर्यं तत्र स्थानत आन्तर्यं बलीयः । अत्र स्थाने, अन्तरतमः द्वे पदे स्तः । कुतः शब्दस्यान्तर्यम् ? स्थानार्थगुणप्रमाणतः । यथा दध्यत्र इत्यत्र इकारस्य स्थाने यकारः कथम् ? इति जिज्ञासायां सूत्रमिदं नियमनं करोति तयत् तालुस्थानीयस्य इकारस्य स्थाने सादृश्यात् तालुस्थानीयो यकारो भवति नान्यः । एवमेव दण्डाग्रम् यूपाग्रम् इत्यत्राऽपि द्वयोरकारयोः कण्ठ्य एवाकारो भवति । अकः सवर्णे दीर्घः इति सूत्रेण । अर्थतः आन्तर्यम् पाद शब्दस्य पदादेशः । गुणतः आन्तर्यम् वाग्घरिः ॥

**६. अलोऽन्त्यस्य १।१।५२॥**

षष्ठीनिर्दिष्टस्यान्त्यस्याल आदेशः स्यात् । अर्थात् षष्ठी निर्दिष्टस्य स्थाने जायमानः आदेशः अन्त्यस्य अलः स्थाने भवति । उदाहरणाय संयोगान्तस्य लोपः इत्यनेन षष्ठ्यन्त संयोगान्त सुद्ध्य् इत्यस्य स्थाने लोपादेशः भवति, प्रकृतसूत्रेण अयं लोपादेशः तस्य अन्तिमवर्णयकारस्य भविष्यति ।

**७. ङिच्च १।१।५३॥**

अयमप्यन्तस्यैव स्यात् । सर्वस्य इत्यस्य अपवादः । ङकारः इत् यस्य स ङित् । ङकार इत् येषां ते आदेशाः अन्त्य अल् वर्णस्य स्थाने भवति । इदं सूत्रं अनेकाल् शित्सर्वस्य सूत्रस्यापपादकः । उदाहरणाय सखि सु अत्र अनङादेश प्राप्तो

भवति । प्रकृतसूत्रेण सखि इत्यस्य अन्तिम वर्ण इकारस्य स्थाने भवति । सख् अन् सु सखा इति ।

**८. आदेः परस्य १।१।५४॥**

परस्य यद्विहितं तत्तस्यादेर्बोध्यम् । अलोऽन्त्यस्य इत्यस्यापवादः । परस्य क्व कार्यं शिष्यते ? अत्र पञ्चमीनिर्देशः । अर्थात् परस्य स्थाने विहितकार्यं तस्यादे अल् वर्णस्य स्थाने भवति । आदेः परस्य पष्ठ्येकवचनान्तम् । तद्यथा ईदासः, आसीनः । एवं च उत्थानम् अत्र उद् स्थानम् इति सस्य थः । पञ्चमीविभक्तिः निर्देशात् पर इत्यस्य स्थाने विधीयमानादेशः पर इत्यस्यादेः भवति ।

**९. अनेकाल्शित्सर्वस्य १।१।५५॥**

स्पष्टम् । अर्थात् षष्ठी इत्यस्य स्थाने विहितादेशः यदि अनेकवर्णयुक्ता श्रा शित् शकार इत्संज्ञका स्यात् तर्हि सः आदेशः सम्पूर्णषष्ठीनिर्दिष्टस्य स्थाने भविष्यति । यथा राम भिस् अत्र भिस् स्थाने ऐस् सम्पूर्णषष्ठ्यन्तपदस्य स्थाने भविते सति राम ऐस् रामैः । ज्ञानानि ज्ञान जस् अत्रापि जस् इत्यस्य स्थाने शि इ आदेशः भवति । प्रकृतसूत्रेण शित् सम्पूर्ण जस् इत्यस्य स्थाने भविते सति ज्ञानानि सिध्यति ।

**१०. तस्मिन्निति निर्दिष्टे पूर्वस्य १।१।६६॥**

सप्तमीनिर्देशेन विधीयमानं कार्यं वर्णान्तरेणाव्यवहितस्य पूर्वस्य बोध्यम् । अर्थात् सप्तम्यर्थ पदेन निर्दिष्ट विधीयमानं कार्यं अव्यवहितपूर्वस्य स्थाने भवति । उदाहरणार्थं सुधी उपास्यः इत्यत्र त्रयो इक् सकारोत्तरवर्ती उकारः, धकारोत्तरवर्ती ईकारः, उपास्यः इत्यस्य आदि उकारः समुपस्थिते सति कस्य इकः इत्यस्य स्थाने यण् स्यात् ? अस्या वार्तायाः निर्णयार्थ अस्य परिभाषासूत्रस्यावश्यकता वर्तते । परिभाषासूत्रं सूत्रार्थं व्यवस्थापयति तेन अव्यवहितपूर्वस्य सुधी इत्यस्य धकारोत्तरवर्तिनः ईकारस्य इकः यण् भवति । सकारोत्तरवर्तिन उकारस्य न यण् मध्ये धकारस्य व्यवधानात् ।

**११. तस्मादित्युत्तरस्य १।१।६७॥**

पञ्चमीनिर्देशेन क्रियमाणं कार्यं वर्णान्तरेणाव्यवहितस्य परस्य ज्ञेयम् । सूत्रेऽस्मिन् तस्मात् पञ्चम्येकवचनान्तम् । इतीति अव्ययपदम् । उत्तरस्य पष्ठ्यैकवचनान्तम् । तदनुसारेण सूत्रस्यायमर्थः । यथा उद स्थानम् उद् थ् थानम् इत्यत्र उदः स्थास्तम्भोः पूर्वस्य इति सूत्रेण प्राप्तः पूर्वसवर्णः कस्य स्थाने स्यादिति जिज्ञासायाम् अस्य परिभाषासूत्रबलेन उदः परस्य स्थेत्यस्याकारस्य

स्थाने प्राप्तः, तं प्रबाध्य आदेः परस्य इति परिभाषासूत्रबलात् विवारमहाप्राणप्रयत्नवत् सकारस्य स्थाने तादृश थकारो भवति । इति नियमनं करोति । सप्तम्यन्त पञ्चम्यन्तञ्च पदयोः निर्दिश्यमानयोः एव अन्वयो भवति । निर्दिश्यमानस्यादेशा भवन्ति । इति ।

**१२. अचश्च १।२।२८॥**

ह्रस्वदीर्घप्लुतशब्दैर्यत्राज्विधीयते तत्र अचः इति षष्ठ्यन्त पदमुपतिष्ठते । सूत्रे केवलं द्विपदमस्ति अचः, च । ऊकालोऽज् ह्रस्वदीर्घप्लुतः १।२।१७॥ सूत्रतः अच् ह्रस्वदीर्घप्लुतः इत्यनुवर्तते । ह्रस्वदीर्घप्लुतः पदस्य प्रथमाविभक्तिः तृतीयाविभक्तेः विपरिणमितं भवति । तदनुसारं ह्रस्वदीर्घप्लुतशब्दानां द्वारा अच्कार्यस्य विधानं भविते सति सः कार्यः अच् इत्यस्य स्थानोपरि स्यात् इत्यर्थः भविष्यति । ह्रस्वस्य उदाहरणं ह्रस्वो नपुंसके प्रातिपदिकस्य १।२।४७॥ सूत्रतः ह्रस्वस्य विधानं अच् इत्यस्य स्थाने विहितकारणात् अतिरिकुलम् अतिक्रान्तं रायं यत् कुलम् । अतिरै पदावयव ऐ इत्यस्य अच् कारणात् एच इग् ह्रस्वादेशे १।१।४८॥ इत्यस्याधारोपरि ए इ भविष्यति । दीर्घस्य उदाहरणं चीयते चि य ते अत्र अकृत्सार्वधातुकयोर्दीर्घः इत्यनेन सार्वधातुकपरे दीर्घः चि इत्यस्य इकारं भविष्यति । प्लुतस्य उदाहरणम् देवदत्त३ अत्र वाक्यस्य टि इति प्लुतस्य विधानफलस्वरूपमन्तिमम् अकारं अज् वर्णम् एव प्लुतो भविष्यति ।

**१३. स्वरितेनाधिकारः १।३।११॥**

स्वरितत्वयुक्तं शब्दस्वरूपमधिकृतं बोध्यम् । अस्मिन् परिभाषासूत्रे स्वरितेन तृतीयैकवचनान्तम्, अधिकारः प्रथमैकवचनान्तम् । स्वरितो नाम स्वरविशेषो वर्णधर्मः । तेन चिह्नेन लिङ्गेनाधिकारो वेदितव्यः । स्वरितगुणयुक्तं शब्दरूपमधिकृत्यत्वादुत्तरत्रोपतिष्ठते । प्रतिज्ञास्वरिताः पाणिनीयाः तदेतदुक्तम्भवति यत्रैव ते आचार्याः स्वरितत्वं प्रतिजानते तत्रैवास्य सद्भावो भवति । स्वरिते सति पूर्वाधिकारूपार्थ अग्राह्यो (न अधिकारः) भवति ।

**१४. विप्रतिषेधे परं कार्यम् १।४।२॥**

तुल्यबलविरोधे सति परं कार्यं स्यात् । विप्रतिषेधः तुल्यबलविरोधः अन्यत्रान्यत्र लब्धावकाशयोरेकत्र समावेशः तुल्यबलविरोधः तथा च अत्रैव रोरि सूत्रं हरी रम्य इत्यादौ लब्धावकाशं हशि च इति च शिवो वन्द्यः इत्यत्र लब्धावकाशं, तयोर्द्वयोश्च मनोरथः इत्यत्र समावेशः । तुल्यबलविरोधे परं परशास्त्रविहितं कार्यं स्यादिति परिभाषासूत्रस्यार्थः । अयं भावः मनस् रथः इति

स्थितौ ससजुषोरुः इति सूत्रेण सकारस्य रुत्वे कृते सति हशि च इत्यनेन रोः उत्वं प्राप्नोति, रोरि इति सूत्रेण च पूर्वरेफस्य लोपः प्राप्नोति । तयोः मध्ये कतरेण भाव्यम् इति विवादे विप्रतिषेधे परं कार्यम् इति नियमेन सूत्रक्रमे परत्र पठित्वात् रोरि इति सूत्रेण रेफस्य लोपो प्राप्नोति । किन्तु असिद्धत्वेन हसि च इति सूत्रेण उत्वे कृते सति मन उ रथः इति स्थिते आद्गुणः इति सूत्रेण गुणे जाते मनोरथः इति ।

**१५. वाऽसरूपोऽस्त्रियाम् ३।१।९४॥**

अस्मिन्धात्वधिकारेऽसरूपोऽपवादप्रत्यय उपसर्गस्य बाधको वा स्यात् स्त्र्याधिकारोक्तं विना । स्त्रियाम् ४।१।३॥ इत्यधिकारे विहितप्रत्ययं विहाय धातोः इत्यधिकारे कथित असरूप भिन्नरूप प्रत्ययः विकल्पेन भवति । अत्र उपसर्गा सामान्य विधयः अपवादाश्च विशेषविधयः । प्रकृल्प्यचापवादविषयं तत् उत्सर्गः प्रवर्तते । इति नियमानुसारम् अपवादः उत्सर्गस्य सामान्यनियमस्य सर्वत्र नित्यं बाधको भवति । तथाऽत्र प्रकरणेऽपि अपवादेन उत्सर्गस्य नित्यं बाधे प्राप्ते सूत्रेणाऽनेन विकल्पेन बाधो व्यवस्थाप्यते वाऽसरूप इति । तेन अचो यत् ऋलोर्ण्यत् इत्याद्यपवादविषये उत्सर्गाः (सामान्याः) तव्यदादयोऽपि प्रवर्तन्ते भव्यम् भवितव्यम् कार्यम् कर्तव्यम् वाच्यम् वक्तव्यम् इत्यादि ।

**१६. परनित्यातरङ्गापवादानामुत्तरोत्तरं बलीयः** (परिभाषा ३९)

परश्च, नित्यश्च अन्तरङ्गश्च, अपवादश्च परनित्यान्तरङ्गापवादाः, तेषां परादीनां मध्ये पूर्वपूर्वादुत्तरोत्तरं बलीयो भवति इति परिभाषाया अर्थः । अयमाशयः परापेक्षया नित्यान्तरङ्गापवादाः नित्यापेक्षयापि अन्तराङ्गापवादौ, अन्तरङ्गापेक्षयापि अपवाद इतयेवं क्रमेण पूर्वपरापेक्षया उत्तरोत्तरबलवत्त्वमिति फलितोऽर्थः ।परशास्त्रं तु विप्रतिषेधसूत्रात् बलवत् । परन्नित्यं यथा तुदति अत्र नित्यस्य बलवत्त्वे बीजम् । अन्तरङ्गत्वादपवादो यथा दैत्यारिः श्रीशः परमपि अकः सवर्णे दीर्घः इति दीर्घं बाधित्वा अन्तरङ्गत्वाद् गुणे यणि च प्राप्ते अपवादत्वात्सवर्णदीर्घः तथा सुल्वौ सुल्वः इत्यादौ अन्तरङ्गत्वादियङि उवङि च प्राप्ते अपवादत्वात् यण् । यद्यपि अपवादोऽन्यत्र चरितार्थः स तर्हि परान्तरङ्गाभ्यां बाध्यत एव ।

अकृतव्यूहाः पाणिनीयाः (परिभाषा ५७)

न कृतः अकृतः व्यूहः प्रकृतिप्रत्ययविवेचनं यैः ते अकृतव्यूहाः पाणिनिशिष्या इत्यक्षरार्थः । तर्हि सर्वस्य शास्त्रस्य वैयर्थ्यमित्यतोऽध्याहृत्य व्याचष्टे-

निमित्तमित्यादिना । सेदुष इत्याद्युदाहरणम् । तच्च शब्दाधिकारे सेदिवस्शब्दनिरूपणावसरे मूल एव स्पष्टीभविष्यति । इयं परिभाषा निमूर्ला निष्फला चेति परिभाषेन्दुशेखरे स्पष्टम् । निमित्तं विनाशोन्मुखं दृष्ट्वा तत्प्रयुक्तं कार्यं न कुर्वन्तीत्यर्थः ।

**निष्कर्षः**

पाणिनीयादिशास्त्रेषु सूत्ररूपेण पठिताः, अन्यसूत्रादितो ज्ञापिताः न्यायसिद्धप्रभृतयः, लोकविदितत्वात्ताः सूत्रवत् प्रमाणत्वेन स्वीकृताः परिभाषाः विधिसूत्रेषु यथास्थानं प्रयुज्यन्ते । पाणिनिना अष्टाध्याय्यां शब्दानुशासनं नियमयितुं प्रायेण पञ्चाशन्मितानि परिभाषासूत्राणि प्रणीतानि, तानि विविधेषु अध्यायेषु पादेषु च विकीर्णनि । वार्तिककारेण कात्यायनेन प्रायेण एकचत्वारिंशन्मितानि वार्तिकानि प्रणीतानि । यानि परिभाषाप्राकृतिकवचनानि स्वीकर्तुं युज्यन्ते । इति दिक् ।

**सन्दर्भसामग्रीसूची**


आचार्यः शिवराज कौण्डिन्न्यायनः, **पाणिनीयशिक्षा,** वाराणसी : चौखम्बा विद्याभवन, २००४ ।

**ऋग्प्रातिशाख्यम्** श्रीपादशर्मा, (सम्पा.), औन्ध्रनगर : स्वाध्यायमण्डलः, १९४० ।

कैयटः, **भाष्यप्रदीपः,** गुरूप्रसादशास्त्री (संस्क.), नन्दकिशोर शास्त्री (सम्पा.), दिल्ली : प्रतिभा प्रकाशन, सन् १९९९ ।

चतुर्वेदी, श्रीरामाधीनः, **संस्कृतभाषाविज्ञानम्,** वाराणसी : चौखम्बा विद्याभवन २००५ ।

दीक्षित, भट्टोजि, **वैयाकरणसिद्धान्तकौमुदी,** बालमनोरमा टीका, भाग १, सम्पादक गोपालदत्त पाण्डेय, वाराणसी : चौखम्वा सुरभारती प्रकाशन, चतुर्थ संस्करण १९९९ ।

द्विवेदी, जानकीप्रसादः, **कात्रन्त्रव्याकरणविमर्शः,** वाराणसी : सम्पूर्णानन्दसंस्कृतविश्वविद्यालयः, वि.सं. २०३२ ।

नागेशभट्टः, **परिभाषेन्दुशेखरः,** वाराणसी, सम्पूर्णनन्दसंस्कृतविश्वविद्यालयः, १९८७ ।

पतञ्जलिः, **व्याकरणमहाभाष्यम्,** नवाह्निक, सम्पादक, मधुसुदन प्रसाद मिश्र, वाराणसी : चौखम्वा विद्या भवन, पुनर्मुद्रित संस्करण २००३ ।

---------- **व्याकरणमहाभाष्यम्,** कैयटप्रणीतेन *भाष्यप्रदीपेन,* नागेशविरचितेन *भाष्योद्द्योतेन,* भाष्यव्याख्यानभूतेन भट्टोजिदीक्षित-विरचितेन *शब्दकौस्तुभेन* च विराजितः, संस्कर्ता– गुरूप्रसादशास्त्री, (सम्पा.) नन्दकिशोरशास्त्री, दिल्ली : प्रतिभा-प्रकाशनम्, १९९९ ।

पाणिनिः, **अष्टाध्यायी**, सरलव्याख्याटीकालङ्कृत्य, गुरूप्रसाद शास्त्री, वाराणसी : भार्गव पुस्तकालय, सन् २००२ ।

--------- **अष्टाध्यायीसूत्रपाठः**, सं. पण्डितश्रीरामगोविन्दशुक्लः, वाराणसी : वाराणसेयसंस्कृतसस्थनम्,वि.सं. २०४०।

**पाराशरोपपुराणम्** कपिलदेवत्रिपाठी (सम्पा.), वाराणसी : सम्पूर्णानन्दसंस्कृतविश्वविद्यालयः, वि.सं. २०४६ ।

भट्टोजिदीक्षितः, **सिद्धान्तकौमुदी,** *बालमनोरमाटीका,* (च.सं.), गोपालदत्तपाण्डेयः (सम्पा.) वाराणसी : चौखम्वा-सुरभारती-प्रकाशनम्, १९९९ ।

-------- **सिद्धान्तकौमुदी,** *तत्त्वबोधिनिव्याख्यासंवलिता* (व्याख्या.) वासुदेवशर्मा, नयाँदिल्ली : लालबहादुरशास्त्रिराष्ट्रियसंस्कृतविद्यापीठम्, २००९ ।

-------- **सिद्धान्तकौमुदी,** *लक्ष्मीटीका,* (व्याख्या.) सभापतिशर्मा (प्र.सं) द्वितीयांशः, बालकृष्णशर्मा (सम्पा.), वाराणसी : मोतीलाल बनारसी दास, १९६६ ।

भट्टः, नारायणः **प्रक्रियासर्वस्वम्,** अनन्तशयने श्रीसेतुलक्ष्मीमहारज्ञीशासनेन राजकीयमुद्रणालये लदध्यक्षेण मुद्रयित्वा प्रकाशितम्, सन् १९३१ ।

मिश्रः, नारायणः, **अष्टाध्यायीसूत्रपाठः,** आभानामकभाषावृत्युपस्कृतः, वृत्तिकारः, वाराणसी : चौखम्भा पब्लिशर्स, तृतीय संस्करण २००६ ।

*

# पूर्वीय दर्शन र विजय मल्लको कोसँग जुधौं नाटक

नित्यानन्द खतिवडा
विद्यावारिधि
ने.सं.वि., पिण्डेश्वर विद्यापीठ

***सारसङ्क्षेप***

*साहित्यका विभिन्न विधाहरूमध्ये नाटक महत्त्वपूर्ण विधा हो । नटनटीका अभिनयका माध्यमबाट नाटकको प्रस्तुति हुन्छ । लोकनृत्य, लोकगीत आदिबाट नाटकको जन्म भए पनि धेरै समयपछिमात्र नाटकले पूर्ण जीवन पाएको देखिन्छ र नेपालमा भने शक्तिवल्लभ अर्यालको १८५५ को 'हास्यकदम्ब' देखि नाटक लेखनको क्रम थालनी भएर आजसम्म कायम रहेको देखिन्छ । विजय मल्ल नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । मल्लले नेपाली नाटकको उन्नयनमा ठूलो योगदान गरेका छन् । पूर्वीय, पाश्चात्य साहित्य, दर्शनका अध्येता मल्लले सानैदेखि पूर्वीय दर्शन, संस्कृतिप्रति नजिकिने अवसर पाए । खासगरी पारिवारिक एवम् सामाजक जीवन भोगाइ, अध्ययन तथा सम्पर्कमा आएका व्यक्तिहरूका कारण आफूमा पूर्वीय दार्शनिक चेतना विकास गरेका मल्लका नाट्यकृतिहरूमध्ये कोसँग जुधौँ एउटा प्रसिद्ध लघु नाट्यकृति हो । वि.सं.२०२८ सालमा प्रकाशित यस नाटकको कथावस्तु, पात्र र उद्देश्यमा पूर्वीय दर्शनको प्रेरणा र प्रभाव पाउन सकिन्छ । मानवमनोविज्ञानसँगै मृत्युविषयक विषय समेटिएको नाटकमा जीवन छँदै सत्कर्म गर्नुपर्ने कथ्य रहेको छ । मराइको तरिका फरक भए पनि मृत्यु अन्तिम सत्य भएका कारण जीवन छँदै सत्कर्म गरी भोलिको जीवन सार्थक बनाउनुपर्ने लक्ष्य नाटकको देखिन्छ । मुख्य पात्र विक्रमको चिन्तन र जीवनव्यवहार पूर्वीय दर्शन प्रभावित रहेको छ । ब्रेनट्युमर पीडित विक्रम मृत्युलाई कुरेर बसेको छ । शरीरसँगै आत्मा पनि मर्छ भन्ने दार्शनिक मान्यता बोकेको विक्रममा मर्नु परे पनि मृत्यु केका लागि र किन हुन्छ भन्ने शून्यत्वको चेत जागृत रहेको छ । मृत्युविषयक मानवीय चिन्तन उद्देश्य रहेको नाटकमा आस्तिक र नास्तिक दुवै दर्शनको प्रेरणा र प्रभाव रहेको छ । बौद्ध शून्यवादी, गीता, न्याय, मीमांसा, चार्वाक्जस्ता पूर्वीय दर्शनको वैचारिक प्रेरणा र प्रभावका कारण यो उच्चस्तरको दार्शनिक नाटक बन्न पुगेको छ ।*

***बीज शब्द*** : षड्दर्शन, शून्यवाद, मानवता, परमतत्त्व, शाश्वत, वैदिक ।

**१.विषयप्रवेश**

'नट्' धातुमा 'अक' प्रत्यय लागेर 'नाटक' शब्दको निर्माण भएको छ । नाटक शब्दको सामान्य अर्थ नट वा अभिनेताको कार्य भन्ने हुन्छ । पूर्वीय साहित्यमा नाटकका अर्थमा 'रूपक' शब्द प्रचलित रहेको पाइन्छ । जसको अर्थ नटहरूमा वास्तविक पात्रको आरोप गर्नु भन्ने हुन्छ । नेपालीमा रूपकभन्दा नाटक शब्द बढी प्रचलनमा रहेको पाइन्छ । अङ्ग्रेजीमा नाटकलाई म्चकब वा उबिथ भनिन्छ, जसको अर्थ 'केही गर्नु' भन्ने हुन्छ । नाटक अभिनयप्रधान साहित्य हो । पूर्वीय आचार्य भरत, विश्वनाथ, धनञ्जय आदि तथा पाश्चात्य चिन्तनहरू अरिस्टोटल, सिसेरोसँगै नेपाली केशवप्रसाद उपाध्याय, मोहनराज शर्मा प्रवृत्तिहरूले नाटकलाई सुगठित र निश्चित आयाम भएको, पात्रहरूद्वारा संवादात्मक शैलीमा जीवन र जगत्का विभिन्न विषयमा रही गरिएको कलापूर्ण अभिनय हो भनी चिनाएका छन् । वि.सं.१८५५ को शक्तिवल्लभ अर्यालको 'हास्यकदम्ब' बाट थालनी भएको नेपाली नाटकको विकासक्रम प्राथमिक काल १९४३, माध्यमिक काल १९५८ र आधुनिक काल १९८६ हुँदै आजसम्म कायम रहेको छ । १९८६ देखि आजसम्मको आधुनिक नेपाली नाटक पनि १९८६-२०१२ प्रथम मोड र २०१३- आजसम्म द्वितीय मोड गरी दुईवटा मोडमा विभाजित रहेको छ ।

दर्शन एउटा विचार हो । पूर्वीय र पाश्चात्य जगत्मा प्रचलित जीवन र जगत् विषयक गहन चिन्तन नै दर्शन हो । पूर्वमा प्रचलित दर्शनलाई पूर्वीय वा पौरस्त्य दर्शन भनिन्छ । खासगरी पूर्वमा प्रचलित वैदिक (साङ्ख्य, योग, वेदान्त, मीमांसा, न्याय, वैशेषिक) र अवैदिक  (बौद्ध, चार्वाक् र जैन) आदि चिन्तनद्वारा जीवन र जगत्को सम्यक् हेराइ नै दर्शन हो । साहित्यका विभिन्न विधाहरू दर्शन अझ पौरस्त्य दर्शनका विभिन्न विचारहरूबाट प्रेरित र प्रभावित रहेका छन् । साहित्यको नाटक विधा पनि यसबाट अछुतो देखिँदैन । पूर्वीय षड्दर्शनले आत्मसात् गरेका (ईश्वर, जीवन, मृत्यु, आत्मा, मोक्ष, मन, कर्म आद) विभिन्न विचारहरूबाट नाटककार विजय मल्ल पनि प्रेरित र प्रभावित देखिन्छन् । पारिवारिक र सामाजिक जीवन भोगाइसँगै स्वाध्यायनबाट पौरस्त्य दर्शनको ज्ञान हासिल गरेका मल्लको 'कोसँग जुधौं'  नाटकमा जीवन र जगत्सँग जोडिएका पौरस्त्य दर्शनका विभिन्न मान्यताको प्रभाव देखिन्छ । मल्लको पौरस्त्य दार्शनिक चिन्तन कुनै एउटा वाद वा सिद्धान्तभन्दा समन्वयमा आधारित देखिन्छ । अध्यात्मकेन्द्रित भौतिकवादी चिन्तन मल्लको वैचारिक स्वर बन्न पुगेको छ ।

## २. पूर्वकार्यको विवरण

चैतन्यप्रकाश प्रधानले त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय शिक्षण विभाग कीर्तिपुरअन्तर्गत रहेर 'एकाङ्कीकार विजय मल्ल (२०४६)' शीर्षकमा स्नातकोत्तरस्तरीय शोधकार्य गरेका छन् । यस अध्ययनमा मल्लका २०४० सालअघि प्रकाशित एकाङ्कीहरूको सङ्क्षेपमा अध्ययन गरिएको छ । मल्लको एकाङ्कीयात्रालाई प्रथम चरण (२००१-२०१७), द्वितीय चरण (२०१८-२०३२) र तृतीय चरण (२०३३-२०४०) मा विभाजन गरी प्रत्येक चरणको एकाङ्कीगत प्रवृत्तिबारे अध्ययन गरिएको यस शोधको मुख्य उद्देश्य मल्लको एकाङ्कीको अध्ययनसँगै एकाङ्कीगत प्रवृत्तिको सामान्य निर्क्योल गर्ने देखिन्छ ।

केशवप्रसाद उपाध्यायको नाटक एक अध्ययन (२०६०) ग्रन्थ प्रकाशित छ, जसमा 'एकाङ्कीकार विजय मल्ल' लेख प्रकाशित छ । यस लेखको लक्ष्य पनि नाटककार विजय मल्लको एकाङ्कीगत व्यक्तित्व र प्रवृत्तिबारे सामान्य चर्चा गर्नु रहेको छ । २००१ राधा मान्दिनदेखि २०४८ सृष्टि रोकिँदैनसम्म फैलिएका मल्लका एकाङ्कीहरूमा सामाजिक यथार्थ, मनोविज्ञान, प्रयोगशील, ऐतिहासिक, दन्त्य कथामूलक विषय र प्रवृत्ति पाइने कुरा यहाँ समेटिएको छ ।

नित्यानन्द खतिवडाले 'विजय मल्लको प्रयोगशील नाट्यकृतिको विश्लेषण (२०६४)' शीर्षकमा त्रि.वि. नेपाली केन्द्रीय विभागअन्तर्गत रहेर शोधकार्य गरेका छन् । यस अध्ययनको उद्देश्य प्रयोगशीलताबारे जानकारी गराउँदै मल्लको जीवनी र कृतित्वबारे सामान्य चिनारी गराएर उनको नाट्ययात्रा र प्रयोगशील (पत्थरको कथा, पुराणको हराएको पाना, नाम नभएको मानिस, दोभानजस्ता) नाट्यकृतिको विश्लेषण गरी निष्कर्षमा पुग्नु रहेको छ । यहाँ उल्लिखित नाट्यकृतिहरूमा प्रतीकात्मकता, मिथकीयता, नामहीन पात्र, विसङ्गतिजस्ता प्रयोगशील प्रवृत्तिहरू देखाइएको छ ।

व्रतराज आचार्यको आधुनिक नेपाली नाटक (२०६६) ग्रन्थ प्रकाशित छ । यस ग्रन्थमा नाटककार विजय मल्लका प्रकाशित नाट्यकृति र नाट्यप्रवृत्तिबारे सङ्क्षेपमा चर्चा गरिएको छ । मल्लका कोसँग जुधौँ, पाहुना, भित्तेघडीजस्ता नाट्यकृतिहरू विचारमूल्यका दृष्टिले निकै महत्त्वपूर्ण रहेको देखाइएको छ ।

विजय मल्ल स्मृति समाजले विजय मल्ल स्मृति ग्रन्थ (२०६६) प्रकाशित गरेको छ । यस ग्रन्थमा अन्य लेखकहरूसँगै व्रतराज आचार्यको 'विजय मल्लको उत्तरयथार्थवादी नाट्ययात्रा', खगेन्द्रप्रसाद लुइँटेलको 'विजय मल्लको एकाङ्की

शिल्प' र कृष्ण शाह यात्रीको 'विजय मल्लको नाट्यकारिता रङ्गमञ्चीय दृष्टिमा' शीर्षकीय लेखहरू प्रकाशित रहेका छन् । यिनमा पनि विजय मल्लको नाट्यकारिता र मञ्चनीय पक्षबारे प्रकाश पार्ने उद्देश्य राखिएको छ ।

नित्यानन्द खतिवडाले २०७४ सालमा ने.सं.वि. अनुसन्धान केन्द्रअन्तर्गत 'विजय मल्लका नाट्यकृतिमा पौरस्त्य दर्शन' शीर्षकमा विद्यावारिधि गरेका छन् । यहाँ पौरस्त्य दर्शनको सैद्धान्तिक चर्चासँगै मल्लको जीवनी, व्यक्तित्व, कृतित्वसँगै पौरस्त्य दर्शनको प्रेरणा र प्रभाव रहेका लघु र पूर्ण नाट्यकृतिहरूको अध्ययन गरिएको छ । कुनै एउटा नाट्यकृतिभन्दा समग्रमा मल्लका पौरस्त्य दर्शन प्रभावित नाट्यकृतिको अध्ययन गरिएको यस प्रबन्धमा विजय मल्ल पौरस्त्य दर्शनको प्रेरणा र प्रभावका दृष्टिले नेपाली नाट्यसाहित्यका अब्बल दार्शनिक नाटककार हुन् भन्ने निष्कर्ष नकालिएको छ ।

यहाँ प्रस्तुत गरिएका पूर्व अध्ययनहरूमध्ये कुनैमा विजय मल्लको जीवनी, कुनैमा कृतित्व, नाट्ययात्रा र प्रवृत्ति तथा कुनैमा एकाङ्की र पूर्णाङ्की नाट्यकृतिहरूको विश्लेषण गरिएको छ । मल्लको पूर्वीय दार्शनिक चिन्तन र चासो यहाँ समग्रतामा आएको देखिन्छ । कुनै कृतिविशेषमा केन्द्रित भएर मल्लको दर्शनसचेत व्यक्तित्वलाई यहाँ समेटिन सकेको देखिँदैन । तसर्थ मल्लको नाट्यप्रवृत्तिको महत्त्वपूर्ण विषय बनेको पूर्वीय दर्शनको प्रेरणा र प्रभावलाई कोसँग जुधौँजस्तो एउटा नाटकका परिप्रेक्ष्यमा विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य यस लेखमा भएको छ ।

## ३. समस्या, उद्देश्य र अध्ययन पद्धति

विजय मल्लमा पूर्वीय दर्शनप्रतिको प्रेरणा र प्रभाव कसरी प्राप्त भयो ? तथा कोसँग जुधौं नाटक पूर्वीय दर्शनको प्रेरणा र प्रभावका दृष्टिले के कस्तो देखिन्छ ? भन्ने मूल समस्यालाई लिएर त्यसैको समाधानलाई यस लेखले मुख्य उद्देश्य बनाएको छ । यहाँ द्वितीयक सामग्री सङ्कलन विधिसँगै वर्णनात्मक अध्ययन पद्धतिको प्रयोग गरिएको छ ।

## ३. पूर्वीय दर्शन र विजय मल्ल

विजय मल्लमा दर्शनसचेत व्यक्तित्व रहेको पाइन्छ । मल्लको यसप्रकारको दार्शनिक व्यक्तित्वको विकासमा सहयोग पुऱ्याउने कारकहरूमा उनको जीवनको अनुभव र  अवधारणा, प्रभावित र उत्प्रेरित गर्ने कृतित्व एवम् व्यक्तित्वका साथै पारिवारिक तथा सामाजिक जीवनका कतिपय घटनाहरू पनि रहेका छन् ।

## ३.१ पारिवारिक तथा सामाजिक जीवनभोगाइमा पूर्वीय दर्शन

विजय मल्लको जीवन पारिवारिक र सामाजिक रूपमा सांस्कृतिक परम्परागत संस्कृति र सभ्यताले सम्पन्न परिवेशमा बितेको देखिन्छ । आफ्नी आमाको नित्य भगवान्को सेवाभावले मल्लमा बाल्यकालदेखि नै पौरस्त्य संस्कारको सकारात्मक छाप परेको पाइन्छ । ईश्वरभक्तिका भजनहरूसँगै काठमाडौंका नेवारहरूमा दैनिकजसो देखिने धार्मिक, सांस्कृतिक उत्सवको सान्निध्यले मल्लमा पौरस्त्य धर्म, दर्शन, संस्कृतितिर रुचि बढेको देखिन्छ । मल्लकी छोरी (बन्दना श्रेष्ठ) र उनलाई दागबत्ती दिने भतिजो छोरो (रमेश मल्ल) ले उल्लेख गरेअनुसार मल्लमा दान, धर्म, ज्योतिषतर्फ गहिरो अभिरुचि रहेको थियो । उनलाई अनुशासन, सभ्य, इमान्दार, नैतिकवान्, परोपकारी वा मानवसेवी बनाउन उनको संस्कारी परिवारको ठूलो हात रहेको देखिन्छ, जुन विषयलाई उनले आफ्ना साहित्यिक रचनाहरूमा कुनै न कुनै रूपमा प्रस्तुत गरेका छन् । मल्ल नाट्यसृजनामा संलग्न रहँदाको समाज परम्परित मूल्यमान्यतामा बढी विश्वास गर्दथ्यो । अर्कातिर राणाहरूको भेदभावजन्य गतिविधि पनि निरन्तर कायम देखिन्छ । राणाहरूले सर्वसाधारण जनतामाथि गरेको थिचोमिचो, शोषणसँगै देखापरेको अशान्त वातावरणका कारण मल्लमा जनताका पक्षमा उभिने र शान्ति, सद्भाव, सत्कर्म तथा परहितमा लाग्न प्रेरणा मिलेको देखिन्छ । सामाजिक विभेदको अन्त्य भई नीतिमा आधारित समाजको निर्माण होस् भन्ने चिन्तनको विकासमा उनले प्राप्त गरेको पारिवारिक र सामाजिक जीवनभोगाइले कार्य गरेको देखिन्छ

## ३.२ अध्ययन तथा अन्य व्यक्तिहरूको प्रेरणाद्वारा निर्मित पूर्वीय दर्शन

कुनै व्यक्तिविशेषभित्र प्रतिभा भए पनि त्यसले उद्बोधन पाई प्रस्फुटित भएर बाहिर निस्कने अवसर पाउनु आवश्यक हुन्छ । त्यसरी हुने प्रतिभाको प्रस्फुटनका निम्ति वैयक्तिक प्रभाव र अध्ययनगत प्रभावमध्ये कुनै एक वा दुई कारण (काव्यहेतु वा साहित्यहेतु) बन्न  सक्छन् । परिवार र समाजका आत्मीय जन, आदर्श पुरुष तथा मार्गदर्शकहरूको सम्यक्, सुसङ्गत एवम् महान लेखकहरूका कृतिको गहन चिन्तनमननले कुनै व्यक्तिलाई पार्ने प्रभाव र तिनबाट प्राप्त हुने प्रेरणा उनको जीवनको पनि गन्तव्य बन्न पुग्छ । यस्तै प्रकारको प्रेरणा र प्रभाव विजय मल्लको व्यक्तित्व निर्माणको एक कारक तत्त्व बनेको पाइन्छ ।

विजय मल्लको प्रथम साहित्यिक उद्बोधनमा 'आफ्ना घरमा आएका बालकृष्ण सम, पुष्कर शमशेर, भवानी भिक्षु, शुक्रराज शास्त्रीहरूको सङ्गतसँगै 'मुनामदन' का सर्जक देवकोटाको मुखबाट नै उक्त कृति सुन्न पाएपछि ममा साहित्यतर्फ रुचि बढेका हो' भन्ने भनाइहरू विभिन्न अन्तर्वार्ताहरूमा पढ्न पाइन्छ । पिता तथा दाजुको अनुकरण गर्दागर्दै मल्लमा कविता लेख्ने लत बसेको जानकारी पाइन्छ । समको 'मुकुन्द-इन्दिरा' को प्रदर्शन तथा 'भक्त भानुभक्त' नाटकमा गरेको अभिनयले पनि नाट्यलेखनलाई अघि बढाउन प्रेरित गरेको स्वीकारोक्ति मल्लको रहेको छ । बाल्यकालका भारतीय शिक्षक नागिनाप्रसादको सङ्गतले हिन्दी भाषा र साहित्यबारे बुझ्न थप सहयोग पुऱ्याएको तथा दरबार हाईस्कुलमा पुगेपछि अङ्ग्रेजी भाषा, साहित्यसँग नाता जोडिएको विचार व्यक्त गरेका मल्लमा विवाह गरेपछि श्रीमतीको सहयोगबाट नेवारी भाषामा थप सुधार भएको र नेवारी भाषाका साहित्यिक रचनातर्फ आकृष्ट भएको जानकारी पाइन्छ । बुबाको 'शर्मिष्ठा' (१९८५) जस्तो चर्चित उपन्यासको राम्रो अध्ययन गर्न पाएका मल्लको लेखनमा आफूले पढेको, देखेको पौरस्त्य संस्कार, संस्कृति र चिन्तनको प्रभावले कार्य गरेको देखिन्छ ।

स्वाध्ययनलाई प्रमुखता दिने विजय मल्लको पौरस्त्य धर्म, दर्शनप्रतिको आफ्नै धारणा रहेको देखिन्छ । विभिन्न अन्तर्वार्ता, लेख, रचनाहरूमा मल्लले पौरस्त्य चिन्तनसँग सम्बन्धित धारणा, मान्यताहरू अभिव्यक्त गरेका छन् । उनीद्वारा व्यक्त केही विचारहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ-

"जन्म, मृत्यु र विश्वब्रह्माण्डसँग मनुष्यको ज्यादै निकटतम सम्बन्ध रहेको हुन्छ । ....म जीवनप्रति नकारात्मक दृष्टिकोण राख्दिन । सुख-दुःखलाई मानसिक समवेदना स्वीकार्दछु । .....तृष्णा, इच्छा आदि शारीरिक चाहनाहरू हुन् । शारीरिक धर्म, शारीरिक कर्म शरीरको सत्तामा निहित छ, जसलाई निराकरण गर्नु र निष्क्रिय तुल्याउनु आत्महत्या गर्नु हो, चेतनासमेतको हत्या हो । भक्ति वा निर्वाणलाई सिद्धान्तः स्वीकार नगरे पनि म आफ्नो चेतनायुक्त सत्तालाई सर्वप्रथम स्वीकार गर्छु र यसको सिलसिला मेरो शरीरसँगै टुङ्गिन्छ भन्ने मान्यतालाई पनि सत्य हो भनेर स्वीकार गर्न अफठ्यारो मान्दिनँ (कुँवर, २०५० : १५८) ।" मल्लद्वारा व्यक्त यी दार्शनिक चिन्तनबाट उनमा पौरस्त्य दार्शनिक चेतना थियो भन्ने देखिन्छ । उनी चेतनाको उपलब्धिलाई शङ्का गर्दछन् र जीवनबाट आफूलाई अलग रहेको ठान्दछन् । जीवनमा सार्थकताको

खोजी गर्ने मल्ल मानिस जब सबै सम्बन्धबाट टाढिएर चेतन रूपमा मनन र चिन्तन गर्न थाल्दछ, तब उसमा हुनुको भाव र मृत्युमात्र खडा हुन आउने ठान्दछन् । धर्म र पापबारे पनि उनको आफ्नै धारणा देखिन्छ । पापलाई सङ्कुचित विषय ठान्ने उनी धर्म पनि काटमारमा सीमित हुँदा सङ्कुचित हुनपुग्ने स्वीकार्दछन् । मनुष्यको संरक्षण गर्ने कार्यलाई धर्म तथा मनुष्यको सर्वनाशलाई पाप ठान्ने उनले ज्ञान, दृष्टिकोण, दर्शन र साहित्यलाई एकै मानेको देखिन्छ । उनका विचारमा दर्शन भनेको मूलभूत कुराहरू, जुन सङ्गतिपूर्ण आवरणमा रहेका छन्, त्यो नै दर्शन हो । मल्लका विचारमा मानव र उसको कर्म नै दर्शन हो र मानवीय सेवामा रमाउनु उसको धर्म हो ।

चैतन्यप्रकाश प्रधानले 'विजय मल्ल स्मृतिग्रन्थ' (२०६६) मा विजय मल्लको पौरस्त्य दार्शनिक मान्यताबारे उल्लेख गर्दै- "सान्दर्भिक कुराकानीमा यो पंक्तिकारले ईश्वर छ या छैन ? तपाईंको ईश्वरप्रति आस्था छ कि छैन ? भन्ने प्रश्न गर्दा उनले जवाफ दिएका थिए 'ईश्वर छ यदि भने म जस्तै हुनुपर्छ' । यसैले विजय मल्लको पनि ईश्वरप्रतिको मान्यता महाकवि देवकोटाको जस्तै मानवतावादभित्र ईश्वरीय खोज र उनी पनि मानवतावादी नै रहेको प्रस्ट हुन्छ" भनेका छन् । 'विजय मल्ल स्मारिका' (२०६६) ग्रन्थमा ठाकुरप्रसाद पोखरेलले विजय मल्लको दार्शनिक मान्यतालाई यसरी प्रस्तुत गरेका छन्-

"रहस्यमय जीवन बुझ्न खोजे पनि त्यो सम्भव छैन । मृत्यु अज्ञानताको स्वरूप धारण गरेर मानव चैतन्य नस्ट गर्न लागिपरेको हुँदा त्यसबाट जीवन मुक्त हुन सम्भव छैन । अज्ञात अवस्थाको मृत्यु अनिवार्य जान्दाजान्दा पनि आनन्दित र अस्तित्वयुक्त तुल्याउन सक्नुमै जीवन सार्थक हुन्छ । .......क्षणिक तृप्तिको लालसामा भोगवादी बन्नुभन्दा मृत्यु विजयी बनेर सिर्जनाद्वारा अमरत्व प्राप्तितर्फ केन्द्रित हुनुमै जीवनको अर्थ रहन्छ (पोखरेल, २०६६ : ७४) ।" मल्लका निबन्धबारे टिप्पणी गर्ने सन्दर्भमा पोखरेलले जीवनका हरेक क्षणमा विसङ्गतिको मेल आए पनि त्यसलाई सत्कर्मका माध्यमबाट पराजित गर्दै सन्तुष्टि प्राप्त गर्नु मानवको महानता र विजय हो भन्ने आध्यात्मिक चिन्तन मल्लमा रहेको पाइन्छ भनेका छन् ।

विजय मल्लका दार्शनिक चिन्तनहरूको अध्ययन गर्दा उनी कुनै एउटा दर्शन वा सम्प्रदायमा विश्वस्त रहेको पाईंदैन । पौरस्त्य वैदिक र अवैदिक दर्शनसँगै पाश्चात्य भौतिकवादी चिन्तनहरू पनि मल्लका दर्शन बन्न पुगेका

छन् । जीवनलाई कुनै एउटा विचारमा मात्र सीमित गर्न नसकिने विचार बोकेका मल्लको चिन्तन समन्वय वा मध्यमार्गमा आधारित देखिन्छ । सुख-दुःख, जीवन-मृत्यु, कर्म, ईश्वर, मनविषयक चिन्तनको प्रस्तुतिबाट मल्लमा रहेको अध्यात्मवाद र भौतिकवादको मध्यमार्गमा आधारित दृष्टिचेत नै उनको मुख्य दार्शनिक चिन्तन बनेको देखिन्छ ।

## ४. 'कोसँग जुधौं' नाटकमा पूर्वीय दर्शन

कोसँग जुधौं नाटकमा रहेको पूर्वीय दर्शनको चिन्तन र चासोबारे निम्न शीर्षकहरूमा चर्चा गरिएको छ ।

### ४.१ कथावस्तुमा पूर्वीय दर्शन

'कोसँग जुधौँ' मानवमनोविज्ञानको प्रयोग गरेर लेखिएको सुन्दर लघुनाटक हो । नाटकमा ब्रेन ट्युमरले ग्रस्त विक्रम अस्पतालमा भर्ना भएको छ ।श्रीमतीको निधनले व्यथित यो पात्र आफैँ पनि मृत्युको सङ्घारमा पुगेको छ । डाक्टरले विक्रमको परिवारलाई 'अब बाँच्ने आशा कम छ त्यसैले जेमा विश्वास छ, फेथ छ त्यसमा भर गर्नोस्' भनेर मृत्युको सङ्केत दिएका छन् । विक्रम बाँच्न चाहे पनि अब ढिला भैसकेका कारण एक दुई दिन बाँच्नुको अर्थ नरहेको बताउँछ । मान्छे मृत्युको मुखमा परेपछि अर्थहीन र शून्य बन्ने रहेछ भन्ने निष्कर्ष विक्रमको देखिन्छ । जीवन रहुँन्जेल आफैँमा भर परेर कर्म गरियो तर मर्न लाग्दा अर्केको भर पर्नुपर्ने कारण मान्छे चरम निराशामा पुग्ने रहेछ भन्ने विक्रमको विचार नाटकमा पाइन्छ । विक्रम परिवारका कुनै पनि सदस्यलाई आफू मर्न लागेको बताउन चाहँदैन । मृत श्रीमतीलाई एकोहोरो सम्झने यो पात्र आफ्नी सालीमा पनि सोही रूप देख्दछ । आफ्नो मृत्युको खबरले परिवारमा चोट पुग्ने भयले विक्रम चुपचाप मर्न चाहन्छ । छोराछोरी र आमालाई 'म निको भएँ अब घर गएर सुखी जीवन बाँचौंला' भन्ने आश्वासन दिने विक्रमको कुनै बाँच्ने आधार देखिँदैन । मृत्युबाट उत्पन्न वियोग पीडादायी हुने भएकाले यस खबरले कसैलाई असर नपरोस् भन्ने कामना यस पात्रले गरेको छ । जीवन बाँचून्जेल म पनि धेरै गर्न चाहन्थेँ तर मृत्युको मुखमा पुगेपछि मान्छे लाचार बन्दोरहेछ भन्ने आशय व्यक्त गर्दागर्दै विक्रमको निधन हुन्छ र नाटकको कथावस्तु पनि अन्त्य हुन पुग्दछ । मृत्युको अन्तिम प्रहरमा पुगेको विक्रमको जीवन र जगत्प्रतिको चिन्तनलाई नै यस नाटकले मुख्य कथ्यवस्तु बनाएको देखिन्छ ।

हिमाद्रिमहिमकाव्यस्य प्रणेता गोपालवैद्यो वर्तते । अयं हि किञ्जल्कनाम्ना प्रसिद्धोऽस्ति । कविरयं बागलुङमण्डले जनिं लब्ध्वा कास्कीमण्डलान्तर्गतायां पोखरानगर्यां निवसति । अनेन सम्पूर्णध्यमपरीक्षां समुत्तीर्य आयुर्वेदविषयिण्युच्चशिक्षा गृहीता । स्वपूर्वजैरिवायुर्वेदमाध्यमेनानेनापि जनानां सेवा विधीयते । शतायुरप्ययं संस्कृतवाङ्मयस्य श्रीवृद्धये निरन्तरं कार्यं कुर्वाणो विद्यते । कविरयं प्राय ईश्वरभक्तिमेव सर्वस्वं मनुते । रामायणमहाभारतादीनि भक्तिमयानि काव्यान्यधित्यैव समयं यापयता कविना सकारात्मकचिन्तनं सभ्यजीवनं सन्तुलितदिनचर्या च दीर्घजीवनस्य कारणत्वेन स्वीक्रियते । दुर्गाकवचादौपचारिकीं शिक्षां प्रारब्धवता तेन रामायणमहाभारतादयो ग्रन्थाः कालिदासतुलसिदासलेखनाथपौड्यालचक्रपाणिचालिसेयुद्धप्रसादमिश्रादयश्च कवयः माधवधिमिरेमाधवप्रसाददेवकोटाप्रभृतयश्च समकालिका विद्वांसः साहित्यसृजनायां प्रेरकत्वेन गृह्यन्ते ।

अनेन हि संस्कृतभाषायां विद्यमानानामनेकेषां ग्रन्थानां नेपाल्यां तत्समच्छन्दसि छायानुवादो विहितः । तेषु विष्णुसहस्रनामस्तोत्रम्, शिवमहिम्नःस्तोत्रम्, उपमन्युकृतशिवस्तोत्रम्, भर्तृहरेर्नीतिशतकम्, चाणक्यनीति-दर्पणश्चेत्यादयः सन्ति । अस्य किञ्जल्ककणिका नामको नानादेवस्तवपरकः पद्यसङ्ग्रहः प्रथमो मौलिकग्रन्थो वर्तते । हिमाद्रिमहिमा द्वितीयो मौलिकः काव्यप्रबन्धोऽस्ति । काव्येऽस्मिन् विघ्नहर्तुर्गणेशस्य स्तुतिमूलकानि चत्वारि मङ्गलपद्यानि सन्ति तथैवान्यानि विंशत्युत्तरद्विशतपद्यानि विद्यन्ते । साकल्येन काव्येऽस्मिन् चतुर्विंशत्युत्तरद्विशतपद्यानि दृश्यन्ते ।

हिमाद्रिमहिम्नः काव्यस्वरूपम्

कविना किञ्जल्केन हिमालयमेव प्रमुखविषयत्वेनावलम्ब्य ग्रथितं मङ्गलाचरणसहितं चतुर्विंशत्युरद्विशतपद्यात्मकं काव्यमिदं राष्ट्रियमहत्त्वप्रकाशने सांस्कृतिकगौरवाभिव्यञ्जने च महत्त्वपूर्णं स्थानं बिभर्ति । अनुष्टुबिन्द्रवज्रोपेन्द्रवज्रोपजातिश्चेति पञ्चषु छन्दस्सु निर्मितमिदं काव्यं विद्वद्भिः खण्डकाव्यकोटौ गणितमस्ति । संस्कृतकाव्यशास्त्रानुसारेण स्वरूपदृष्ट्या काव्यकृतिरियं लघुकाव्यस्य मध्यमकाव्यस्य वा कोटौ गणनीयं भवति । संस्कृतकाव्यशास्त्रिभिः पद्यकाव्यं प्रथमतोऽनिबद्धं निबद्धञ्चेति द्विधा विभक्तम् (भामहः काव्यालङ्कारः १।१८) । कथावस्तुशृङ्खलारहिता कवितानिबद्धकाव्यत्वेन तथैव कथावस्तुनः शृङ्खलाबद्धा कृतयस्तु निबद्धकाव्यत्वेन परिभाषिताः सन्ति । आचार्यो रुद्रटो निबद्धकाव्यस्यापि महल्लघु चेति द्विधा विभाजनं विभाजनं विधाय महाकाव्यस्य गणनां महत्काव्यकोटौ विहितवान् । यत्र चतुर्णां पुरुषार्थानां सर्वेषां रसानां सन्धीनामर्थप्रकृतीनां कार्यावस्थादीनाञ्च सर्वेषां काव्याङ्गानां समावेशो भवति, तन्महाकाव्यम् (रुद्रटः काव्यालङ्कारः १६।५) । लघुकाव्यकोटावपि वर्गद्वयं दृश्यते । प्रथमवर्गस्य काव्येषु धर्मार्थमोक्षेषु कस्याप्येकस्य पुरुषार्थस्यानेकेषां रसानामभिव्यक्तिर्भवति । द्वितीयवर्गस्य काव्येष्वेक एव पुरुषार्थ एक एव च रसोऽभिव्यज्यते (रुद्रटः काव्यालङ्कारः १६।५) । एतेन प्रथमं महाकाव्यतो न्यूनत्वान्मध्यमकाव्यकोटौ द्वितीयञ्च खण्डकाव्यकोटौ गणयितुं शक्यते । आचार्येण विश्वनाथेनापि रुद्रटस्य लघुकाव्यस्य प्रथमा कोटिः काव्यसंज्ञया द्वितीया कोटिश्च खण्डकाव्यसंज्ञया व्यवहृता (साहित्यदर्पणः ६। ३२८) ।

निष्कर्षरूपेणैतद् वक्तुं शक्यते यद् कथावस्तुनिबद्धपद्यकृतिराकारदृष्ट्या त्रिधा विभक्तुं शक्यते - महाकाव्यं काव्यं यद्वा मध्यमकाव्यम्, खण्डकाव्यञ्चेति । कथावस्तुनो योजनयाऽऽकारदृष्ट्या च हिमाद्रिमहिमकाव्यं विदुषां कथनानुसारेणैव खण्डकाव्यकोटौ गणयितुं शक्यते । कविनापि स्वयमेव काव्यमिदं खण्डकाव्यकोटौ गणितमित्यस्य खण्डकाव्यत्वमेव सिद्ध्यति ।

## हिमाद्रिमहिमकाव्यस्य सौन्दर्यम्

संस्कृतवाङ्मये छन्दसां महत्त्वपूर्णं स्थानं वर्तते । काव्यं रमणीयं माधुर्यञ्च सम्पादयितुं छन्दसां प्रयोगो विधीयते । छन्दसः गेयात्मकतायाः कारणात् काव्यं सङ्गीतमयं मधुरं समुत्कृष्टञ्च भवति । अस्मिन् काव्येऽपि सङ्गीतात्मकानां माधुर्यव्यञ्जकानां समुत्कर्षाधायकानां मूलतया पञ्चानां छन्दसां प्रयोगो विद्यते । तत्र मङ्गलाचरणेऽनुष्टुब्मालिन्योर्द्वयोरेव छन्दसोस्ततश्चेन्द्रवज्रोपेन्द्रवज्रे तयोरूपजातिश्चेति त्रयाणामेव छन्दसां प्रयोगो वर्तते । तत्राप्युपजातेः कीर्तिर्वाणी माला शाला हंसी माया जाया बालार्द्रा भद्रा प्रेमा रामा ऋद्धिः सिद्धिश्चेति चतुर्दशसु भेदेषु सर्वेषां भेदानां प्रयोगः कविना समीचीनतया विहितो वर्तते । एवमेवानुष्टुब् मालिनीन्द्रवज्रोपेन्द्रवज्रोपजातिश्चेति साकल्येन पञ्च छन्दांसि काव्येऽत्र प्रयुक्तानि विद्यन्ते । कविना गणेशस्तुतौ प्रस्तुतं मालिनीवृत्तं समीचीनं हृदयावर्जकञ्च परिलक्ष्यते-

अभयवरददेवस्तुण्डिलश्चैकदन्तः
सघनमदसुगन्धोन्मत्तनीलालिमालः ।
कमलमुकुलवक्त्रो मञ्जुशुण्डाञ्चिताङ्गः
स जयति नितरां सन्मङ्गलः श्रीगणेशः॥

(हिमाद्रिमहिमामङ्गलाचरणम्)

तथैव हिमालयवर्णने प्रेमानामक उपजातिभेदो मनोहारितया प्रयुक्तोऽस्ति -

धृतिप्रसादोन्नतिसाहसानां समष्टिरूपा खलु दिव्यमूर्तिः ।
सौभाग्यतारा जनजीवनस्यहिमालयो विश्वहितेऽधिसंस्थः ॥

(हिमाद्रिमहिमा, १०)

काव्यशास्त्रे प्रसिद्धेषु षट्सम्प्रदायेष्वलङ्कारसम्प्रदाय एको वर्तते । यद्यपि काव्यतत्त्वज्ञैः काव्येऽलङ्काराणामपरिहार्यत्वं न मन्यते तथापि काव्ये शोभाधायका रसोपकारका अलङ्काराः प्रयुक्ता दृश्यन्ते, तेषां प्रयोगेण काव्यमुत्कर्षमायाति । हिमाद्रिमहिमकाव्येऽप्यनुप्रासोपमारूपकोत्प्रेक्षोदात्तादीनामनेकेषामलङ्काराणां प्रयोगो दृश्यते । निदर्शनार्थं कानिचिदुदाहरणानि प्रस्तूयन्ते -

पुरा किल ज्ञानवतां जनानां तपःस्थली देवमुनीश्वराणाम् ।
गन्धर्वकिम्पौरुषयक्षभूमिर्धन्यो धुरीणो धरणीधरेन्द्रः ॥ (हिमाद्रिमहिमा, ३)

अत्र ह्यनुप्रासोदात्तालङ्काराभ्यां कविनिष्ठा हिमाद्रिविषयिणी रतिरूपस्कृतेति काव्यशोभा परिपुष्टा विद्यते । कस्यापि वस्तुनो लोकातिशयसमृद्धेर्कथनं महापुरुषचरितं वा यदि वर्ण्यस्य वस्तुनोऽङ्गं भवति तदोदात्तालङ्कारो सम्पत्स्यते । (साहित्यदर्पणः १०/९४-९५)

भेत्तुं महाशून्यपथं किलाऽसौ समुन्नतस्तिष्ठति शैलराजः ।
किं वा महाकाशगवेषणाय शतावधानश्च सुदूरदृष्टिः ॥

(हिमाद्रिमहिमा, ११)

अत्राप्युत्प्रेक्षालङ्कारो भावध्वेनेरूपष्कारको काव्यसौन्दर्यवर्धकश्च वर्तते । उपमेयस्योपमानरूपेण सम्भावनमुत्प्रेक्षालङ्कारो भवति ।

दुर्जेयदुर्भेद्यसुदीर्घदुर्गः प्रभावपूर्णोऽप्रतिमप्रतापः ।
विसह्यमानाऽऽतपवातवृष्टिर्मूर्द्धन्यधन्यः प्रहरी हिमाद्रिः ॥

(हिमाद्रिमहिमा, ८)

अत्र वर्णनीय उपमेये हिमाद्रावुपमानस्य प्रहरिणोऽभेदारोपाद् रूपकालङ्कारो वर्तते । अनेन रूपकालङ्कारेण हिमाद्रिरतिरूपो भाव उपष्क्रियते । निषेधं विनैवोपमेय उपमानस्यारोपो रूपकं भवति । (साहित्यदर्पणः, १०/२८)

संस्कृतकाव्यास्त्रानुसारेण काव्येष्वेको रसः प्रधानतया, अन्येषाञ्च रसानां गौणतया प्रयोगः कर्तव्यः । अस्मिन् हिमाद्रिमहिमकाव्ये को रसोऽङ्गित्वेन प्रयुक्तो वर्तत इति प्रश्नः समुदेति । यद्यपि काव्येऽत्र शृङ्गारादिषु नवसु रसेषु कस्याप्येकस्य रसस्य प्रबन्धव्यापितयाङ्गीत्वेन प्रयोगो न दृश्यते तथापि काव्यशास्त्रिभिर्भावादीनामपि रसेष्वेव परिगणना विहिता वर्तते । रसभावरसाभास भावाभासभावोदयभावशान्तिभावसन्धिभावशबलताः सर्वेऽपि रसनाद् रस इति व्युत्पत्त्यनुसारेण रसनात्मकत्वाद् रसेष्वेव गण्यन्ते (साहित्यदर्पणः ३/२५९-२६०) । अतोऽत्र कविनिष्ठा स्वभूमिविषयिणी रतिरर्थाद् हिमालयविषयिणी रतिभावः प्रबन्धव्यापितयाभिव्यक्तो वर्तते । "रतिर्देवादिविषयाव्यभिचारी तथाञ्जितः, भावः प्रोक्तः (काव्यप्रकाशः, ४/३५-३६)" इत्यत्र प्रयुक्तेनादिपदेन मातृपितृपुत्रपुत्री देशपर्वतनद्यादीनाञ्च ग्रहणं भवति । तेन हिमाद्रिमहिमकाव्ये कविः किञ्जल्कनिष्ठा हिमालयविषयिणी रतिरङ्गित्वेनाभिव्यक्तास्तीति भाव एवात्र विद्यते । हिमालयं प्रति कवेर्या भक्तिर्वतते, तेन सर्वेषां हृदयमावर्जितं भवति, यथा -

सदाऽनवद्या हृदयाऽभिनन्द्या नूत्नैव नित्यं प्रतिभातिशोभा ।
भूयोऽवलोक्यापि न तुष्टिपुष्टिर्लोकोत्तरोल्लास इलाधरेशः ॥

(हिमाद्रिमहिमा, २०)

अत्र हि कविनिष्ठा हिमाद्रिविषयिणी रतिरभिव्यक्ता वर्तते । एवमेव-

अत्यद्भुतं नृत्यमनौपमेयं सङ्गीतमानन्दि समूर्च्छनञ्च ।
अनादितः सम्प्रभवत्यजस्रं हिमालयात् सत्यशिवाभिरामात्॥

(हिमाद्रिमहिमा, २६)

अत्र सत्यशिवसुन्दररूपेण प्रस्तुते हिमालये कवे रतिः प्राधान्येनाभिव्यज्यत इति भावध्वनिरस्ति ।

कवेः किञ्जल्कस्य हिमाद्रिमहिमकाव्यमतीव मनोहरं सुललितं प्रसादगुणगुम्फितं वैदर्भिरीत्यञ्चितञ्च वर्तते । अत्रत्या भाषातीव सरला परिमार्जिता च वर्तते । कविनात्र हिमाद्रिवणर्नरूपमेकमेव वस्तु गृहीतमस्ति । अत्र काव्यनायकत्वेन हिमालय एव प्रस्तुतो वर्तते । कविना हिमालयस्य सुषमाम्, तस्य संरक्षणीयत्वम्, तेन च बहवो लाभा भवन्तीति सूक्ष्मतया प्रकृतेः वैभवमैश्वर्यञ्चात्र प्रस्तुतमस्ति । प्रकृतिचित्रणप्रधानेऽप्यस्मिन् काव्ये हिमालयस्तत्क्रोडे स्थिता नेपालभूमिरत्रत्या जातिभाषाधर्मसंस्कृत्यादयः सामाजिक्यो व्यवस्थाः वर्णिताः सन्ति । हिमालयवर्णक्रमे क्वचित् क्वचित् स्थानीयानां शब्दानां प्रयोगेणार्थावगमे दुरूहता परिलक्ष्यते ।

**निष्कर्षः**

पोखरावास्तव्येन कविना किञ्जल्केन रचितं चतुर्विंशत्युत्तरद्विशतपद्ययुतं हिमाद्रिमहिमकाव्यमतीव मनोरमं वर्तते । हिमाद्रिसम्बद्धं प्रमुखविषयमादाय विरचितेऽस्मिन् काव्ये पञ्चानां छन्दसां प्रयोगेण काव्यस्यास्य गेयात्मकत्वं वरीवर्ति । अनुप्रासोपमारूपकोत्प्रेक्षोदात्तादिभिरनेकैरलङ्कारैः परिपुष्टः कविनिष्ठो हिमाद्रिविषयको रतिभावः प्रधानतया प्रबन्धव्यापितया चाभिव्यज्यत इत्युत्तमकाव्यमिदं हिमालयस्य सौन्दर्याकलनेन जनमनांसि रञ्जयति । एकमेव विषयं हिमालयमभिलक्ष्य सरलया परिमार्जितया भाषया रचितं माधुर्यादिगुणैर्गुम्फितं वैदर्भिरीतिसमञ्चितं विषयाकारदृष्ट्या च खण्डकाव्यकोटौ परिगणितमिदं काव्यं संस्कृतसाहित्यजगति महत्त्वपूर्णं स्थानं बिभर्ति ।

**सन्दर्भग्रन्थसूची**

किञ्जल्कः २०६१ वि.सं., हिमाद्रिमहिमापोखरा : अनिलवैद भैषज्यसदनम् ।

मम्मटः २००४ ई., काव्यप्रकाशःवाराणसी : ज्ञानमण्डललिमिटेडः ।

भामहः २०५९ वि.सं.,काव्यालङ्कारः (तृ.सं.) वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

रुद्रटः २०२३ वि.सं., काव्यालङ्कारःवाराणसी : चौखम्बा संस्कृतसंस्थान ।

विश्वनाथः २००० ई., साहित्यदर्पणःदिल्ली, मुम्बई कलकत्ता पुणे पटना : मोतीलालवनारसीदास ।

रेग्मी, जगन्नाथः २०७३ वि.सं., रजस्थल (अन्तर्वाताविशेषाङ्कः) २०:६९, स्याङ्जा : स्याङ्जा साहित्य प्रतिष्ठान ।

*

# तोदा उपन्यासको विश्लेषण

रोमनाथ ढुङ्गेल
एम्. ए., नेपाली
धरान-१४, सुनसरी

**सार**

*नारी विषयवस्तुमा आधारित भए पनि* ***तोदा*** *उपन्यासले नेपाली समाजका विभिन्न यथार्थपक्षहरूलाई उजागर गरेको छ । उपन्यासकी प्रमुख पात्र पार्वतीकै वरिपरि घुमेको यस उपन्यासको कथावस्तुमा नारी समस्या, नारी विषयवस्तु, नारी चरित्र धेरै मात्रामा आएका भए तापनि यसमा दोस्रो विश्वयुद्ध र नेपालमा भएको १० वर्षे माओवादी द्वन्द्वको उत्कृष्ट ढङ्गबाट चित्रण गरिएको छ । द्वन्द्व, हत्या र हिंसाले नारीहरूलाई पारेको प्रभाव र नारीमनलाई त्यसले के कति दुःखमा जेलेको छ भन्ने कुरालाई प्रस्तुत कृतिमा पात्रका माध्यमबाट छर्लङ्ग देखाइएको छ भने यस कृतिमा युद्धको सन्दर्भ सँगसँगै उपन्यासमा बन्धुत्वको भावना, प्रकृति चित्रण, कारुणिकता र सामाजिक यथार्थ आदि प्रवृत्तिलाईसमेत उठान गरिएको छ । सन्दर्भअनुसार उपयुक्त पात्र खडा गरी त्यसैका माध्यमबाट उपन्यासकारले आफ्ना धारणा राख्न सफल भएको यो कृतिले द्वन्द्वबाट प्रभावित भएको समग्र नेपाली समाज र त्यो समाजका मानिस, त्यसमा पनि नारीहरूको वास्तविक अवस्थालाई प्रष्ट्याएको छ । विशेषतः प्रस्तुत आलेखमा यस उपन्यासको विषयवस्तु, पात्रप्रयोग, भाषिक संरचना र देशकाल परिस्थिति आदिलाई उपन्यासमा के कसरी उतारिएको छ भन्ने सन्दर्भलाई तत्त्वगत अध्ययनमा आधारित भएर स्पष्ट पार्ने प्रयत्न गरिएको छ ।*

## १ पृष्ठभूमि :

उमा सुवेदीद्वारा लिखित तोदा २०७० सालमा प्रकाशित भएको उपन्यास हो । २१४ पृष्ठको लमाइमा संरचित प्रस्तुतउपन्यासमा २६ ओटा उपशीर्षकहरू भए तापनियो मध्यम आकारको उपन्यास हो । उपशीर्षकबाटउपन्यास भित्र के कस्तो कथा समेटिएको छ भन्ने कुरा बुझ्न सकिने हुनाले यसको बाह्य स्वरूप पनि आकर्षक छ । उपन्यासको कथावस्तुमा ऐतिहासिक घटनाहरू भएकाले ती घटना र तिनका प्रभावहरू पात्रका स्मृतिमा आएका छन् । कथावस्तुमा फ्ल्यासब्याकको प्रयोग गरिएकाले कथानक क्रमबद्ध छैन तथापि औपन्यासिक संरचना सरल छ । उपन्यासमा कथावस्तु स्पष्ट बुझिने नै छ । यस उपन्यासमा नेपाली समाजले भोगेको १२ वर्षीय द्वन्द्व र हिटलरको आतङ्कले

इजरायलीहरूलाई दिएको पीडालाई उतार्ने प्रयास सुवेदीबाट भएको छ । यसमा द्वन्द्वले निम्त्याएको परिस्थितिसँग जुध्न विवश महिलाहरूको दुर्दशा चित्रित गरिएको छ।विधातात्त्विक आधारमा तोदा उपन्यासको निम्नअनुसार अध्ययन गरिएको छ :

**२ कथानक :**

तोदा उपन्यास इजरायली यहुदी वृद्धा इनेसको फ्ल्यासब्याकबाट सुरु भएको छ । उपन्यासकी प्रमुख पात्र पार्वतीले नै कथानक अगाडि बढाएकीछे। पार्वतीकै जीवनमा घटित घटनामा उपन्यास केन्द्रित भए तापनि उपन्यासको मूल विषयवस्तु भने ऐतिहासिक र समसामयिकबाट लिइएको छ । उपन्यासको मूलमर्म भने पनि ती घटना र यिनले नारीलाई पारेको प्रभाव हो । कथानकहरूको स्रोत मूलतः ऐतिहासिक घटना, सामाजिक यथार्थता, वर्तमान अवस्थिति, समसामयिक समस्या र यथार्थमूलक अनुभव नै हो ।

कथानकलाई आदि, मध्य र अन्त्य भागमा विन्यास गरिएको छ । पार्वती आर्थिक अवस्था कमजोर भएर कामको खोजीमा इजरायल जानु, इजरायलमा आफूजस्तै दुःखी साथीहरू थिरकुमारी, रोशनी, नीति आदि भेट्नु उनीहरूबाट सहयोग पाउनु, इजरायलमा यहुदी वृद्धाहरू इनेस, खाया, मालिया आदिसँग केयर गिभरमा काम गर्नु, हिटलरको आतङ्कले ग्रसित उनीहरूको व्यथा सुन्नु कथानकको आदि भाग हो ।

पार्वतीले स्वदेशमा रहँदा आफ्नै प्रेमी समुद्रले दिएको धोका सम्झिनु, शङ्खरेले सहयोग गर्ने निउँमा इज्जत लुटेको सम्झिनु, यहुदी वृद्ध-वृद्धाहरूको माया ममता पाउनु, उनीहरूको प्रेम देख्नु, आफ्नै साथीहरू थिरकुमारी, रोशनी, नीति, भावना आदिको दुःखद् स्थिति देख्नु, सुन्नु, इजरायलमा रमाउने कोशिस गर्नु, पार्वती नेपाल फर्केर इनिस्पेक्टर सागरसँग बिहे गर्नु र फेरि पारिवारिक अवस्था र पतिको चाहनाले गर्दा इजरायल जान बाध्य हुनु, केही महिनामै पतिको माओवादी आक्रमणमा मृत्यु हुनु कथानकको मध्य भाग हो भने पार्वती आफू सम्हालिने कोसिस गर्नु, इनेस, साराले सम्झाउनु, अझ बढी माया दिनु, फेरि जिउने प्रयत्न गर्नु, पार्वती स्वदेश फर्किन चाहनु तर कमाएको पैसा सबै दाजुले सकिदिनाले इजरायलमै बस्नुपर्ने परिस्थिति देखापर्नु नै कथानकको अन्त्य भाग हो । यसरी तोदा उपन्यासको कथानक आदि, मध्य र अन्त्यको क्रममा संरचित देखिन्छ ।

**३ पात्र/चरित्र :**

तोदा उपन्यासमा प्रमुख, सहायक र गौण तीनै किसिमका पात्रहरूको प्रयोग पाइन्छ ।उपन्यासमा पात्रको महत्त्वपूर्ण भूमिका हुन्छ । चरित्रचित्रणकै माध्यमबाट उपन्यास पात्रहरूका व्यक्तिगत, सामाजिक, जातीय तथा वर्गीय विशेषताहरू एवम् मानवीय विशेषताको शाश्वत सत्यको उद्घाटन गरिन्छ ( प्रधान २०५२: ८) ।

पार्वतीको जीवनकै सेरोफेरोमा नै यस उपन्यासको कथानक घुमेको छ । यसमा पार्वती र इनस दुई महत्त्वपूर्ण पात्र रहेका छन् । दुवैको भूमिका पनि झण्डै उत्तिकै देखिन्छ तथापि पार्वती नै यस उपन्यासकी प्रमुख चरित्र हो । थिरकुमारी, रोशनी, पार्वतीकी आमा, सागर, सारा, समुन्द्र, शङ्कर, सुहाम, जुलियत, रिना, भक्तराज, भिमा, दावित आदि सहायक पात्रहरू हुन् भने नीति, पार्वतीकी सासु, अब्राहम, मिसेल, राखेल, दिना, पार्वतीका बुबा, दाजुभाउजू, भाइ आदि उपन्यासका गौण पात्रहरू हुन् । उपर्युक्त चरित्रहरूको निम्नानुसार चित्रण गरिएको छ :

**३.१ प्रमुख पात्र पार्वती :**

पार्वती यस उपन्यासकी प्रमुख पात्र हो । उसकै केन्द्रीयतामा उपन्यासको कथानक घुमेको छ । कथानकलाई गतिदिने पात्र पनि पार्वती नै हो । उपन्यासका हरेक घटनासँग उसको सम्बन्ध जोडिएकाले पार्वती यो उपन्यासकी नायिका हो ।पार्वती प्रवृतिका आधारमा अनुकूल पात्र हो । ऊ कसैको कुभलो चिताउँदिन । सबैसँग मित्रवत् व्यवहार गर्छे । पार्वतीलाई उपन्यासमा कतै छोरी, बहिनी, कतै पत्नी, प्रेमिका त कतै साथी र सेविका जस्ता विभिन्न रूपमा उभ्याइएको छ । कतै कसैसँग पनि नमिठो र फितलो, नराम्रो व्यवहार नगर्ने पार्वती आफ्नो पीर/व्यथा लुकाएर बाहिर सबैसँग मिलेकी छ । आफ्नो परिवारमा छोरो भएर नजन्मेकै कारण बाबुको आवश्यक माया नपाएकी उसले आफ्नै जिद्धी र रुचीका कारणले स्कुल पढेर राम्रो नम्बरमा पास हुँदै अगाडि बढेकी छ । दाजुभाउजूले हेला गरेपछि पार्वती आमालाई पालेर बस्छे । इजरायल गएपछि पनि आमाकै खातामा पैसा पठाइदिने हुनाले पार्वती असल छोरीका रूपमा उपस्थित छे ।

आइपरेका बेला बोल्न नडराउने निडर एवं साहसी नारीका रूपमा पनि पार्वती उपस्थित छे । सानैमा जब स्कूल जान पाउँदिन ऊ भागेर स्कूल जान्छे । इजरायलमा पनि सुरुमा इनेसलाई मानसिक रोगले सताउँदा उसले काम

छोडेकी हुन्छे र एजेन्सी पनि ढिलो पुग्छे। एजेन्सी प्रमुखले काम खोज्न नसकिने कुरा गर्दा पार्वतीले साहसै गरेर भन्छे -"कसरी काम दिन्नौं ? त्यो बहुलाही बुढीको एकोहोरो कुरा सुनेर फैसला गर्ने ? पहिले मेरो कुरा सुन, अनि जे मन लाग्छ गर" (सुवेदी, २०७०:५२) । पार्वतीमा सहनशिलता छ धैर्यता छ । प्रेमीले धोका दिँदा किन नहोस्, पैसा खाइदिँदा किन नहोस् पार्वती सम्हालिएकी छे । पतिको मृत्युमा आफूलाई एक्ली, बेसहारा ठानेकी ऊ आफैं विस्तारै अगाडि बढेकी छ। जीवनको सार बुझेकी छ।

अभिवृत्तिका आधारमा पार्वती बहिर्मुखी पात्र हो । ऊ सबैसँग अपनत्व र मित्रत्वको भावना राख्छे । सबैसँग सम्पर्कमा रहने सामाजिक पात्र पनि हो । आफूलाई परेको दुःख सुख साथीसँग नजिकको मान्छेसँग बाँडिहाल्ने पार्वती अरुको दुःख पनि सुन्ने, सल्लाह दिने गर्छे। उपन्यासको आरम्भदेखि अन्त्यसम्म उसको उपस्थिति छ । मूलतः यो पार्वतीकै कथा हो । पार्वतीको अभावमा कथानकको निर्माण हुँदैन । सबैको कथा बताउने पनि पार्वतीद्वारा नै भएकाले पार्वती बद्ध पात्र हो। उसको अनुपस्थितिमा उपन्यासको संरचना भत्किने हुनाले उपन्यासमा उसको भूमिका सशक्त र अपरिहार्य छ। जीवन चेतनाका आधारमा पार्वती प्रतिनिधि पात्र हो । उसले सम्पूर्ण नेपाली चेलीको प्रतिनिधित्व गरेको छे । नेपाली चेलीहरू विदेश जाने, विदेशमा पनि उनीहरूले भोगेका तितामिठा घटनाहरू पार्वतीकै माध्यमबाट व्यक्त भएकाले पार्वतीले समग्र नेपाली समाजका नारीहरूको प्रतिनिधित्व गरेकी छे । पैसाको अभाव, विदेशमा रहन, बस्न, काम गर्न भएको गाह्रोपन, आर्थिक कमजोरी भएकै कारण सबैबाट हेपिनुपर्ने अवस्थाहरू वर्गगत हुन् ।

विदेशी रमझम र सुखसुविधामा जति नै रमे पनि पार्वतीमा देशप्रेम पनि झल्किन्छ -"जे भए पनि देश भनेको देशै हो । त्यहाँ मलाई चोट लाग्दा, म कराउन सक्छु, आफ्नो मातृभाषामा । जति नै टाढा भए पनि आखिर नेपाल मबाट कहिले पो टाढा भयो र ? कहिले पो मेरो सपनामा आउन छाडे र स्वदेशका बाटाघाटाहरू, गाउँटोलहरू " (सुवेदी, २०७०: २०२० । यसरी पार्वतीमा स्वेदश प्रेम भेटिन्छ। आफ्नो गाउँ, ठाउँ र देश नै प्यारो हुन्छ भन्ने सन्देश उसको चरित्रबाट पाइएको छ।

### ३.२ सहायक पात्रहरू :

प्रस्तुत उपन्यासमा इनेस, थिरकुमारी,रोशनी, पार्वतीकी आमा, समुद्र, शङ्कर र हिटलर जस्ता सहायक पात्रहरू रहेका छन् । उपन्यासमा उक्त सबै पात्रहरूले आफ्नो भूमिका बखूवी निभएका छन् । उनीहरूको स्वभाव, कार्यशैली, कार्य व्यापार र चारित्रिक विशेषताहरू फरक फरक रहेको हुनाले यिनको चरित्र चित्रणलाई पनि फरक रूपमै नियाल्नु उचित देखिन्छ ।

### ३.२.१ इनेस :

सन् १९२५ मा जन्मिएकी इनेस इजरायली यहुदी बृद्धाका हो । उपन्यासमा इनेसको स्थान प्रमुख पात्र जत्तिकै महत्त्वपूर्ण भएको हुनाले ऊ यस उपन्यासकी सह-नायिका पनि हो । उसले उपन्यासकी प्रमुख पात्र पार्वतीलाई अघि बढ्न सघाएकी छे । इनेस हिटलरको आक्रमणको पीडादायी बर्बरताकी भुक्तभोगी तथा प्रत्यक्षदर्शीआम यहुदी बृद्धाहरूकी प्रतिनिधि पात्र हो ।हिटलरको यातना र आक्रमणबाट बच्न सफल भए पनि ऊ मानसिक रोगी बनेकी छ । उमेर सँगसगैँ अशक्त बनेकी इनेसले समग्र यहुदी महिलाहरूको प्रतिनिधित्व गरेकीले ऊ वर्गीय पात्र हो । दोस्रो विश्वयुद्धबाट यहुदीहरूमा परेको असर, तिनले अझसम्म निम्त्याएका समस्यालाई इनेसमार्फत् व्यक्त गरिएको हुँदा इनेस सामाजिक पात्र पनि हो । सबैको भलो चाहने, सबैलाई माया गर्ने हुनाले इनेस प्रस्तुत उपन्यासमा अनुकूल पात्रकारूपमा देखापरेकी छ ।

इजरायली भए पनि पार्वतीलाई भरपूर स्नेह दिएकी इनेस सबैको भलो र राम्रो सोच्ने असल मित्र र छिमेकी पनि हो । आफूजस्तै हिटलरको आतङ्कले ग्रसित बृद्धा सुहामकी असल मित्र हुन् । यसैगरी कसैले नरुचाउने अपार्टमेन्ट भरी हल्लिखल्ली मच्चाइरहने झगडालु जुलियतप्रति पनि इनेस उदार देखिएकी छ । सबैको भित्री पीडा र सफापनलाई बुझेकी हुनाले नै असल छिमेकी, असल मित्र, असल आमाका साथसाथैइनेस एक असल रोजगारदाताका रूपमा समेत उपन्यासमा चित्रित भएको पाइन्छ ।

इनेसले उपन्यासमा आफूलाई निडर, साहसी नारीका रूपमा पनि उभ्याएकी छ । दोस्रो विश्वयुद्धका बेला “मान्छे भएर मान्छेलाई सिध्याई कुनचाहिँ सभ्यता स्थापित गर्न खोजिरहेछौ तिमी ? ए हिटलर बन्द गर यो होलोकास्ट, यो नरसंहार । बन्द गर आफ्ना यातना गृहहरू र बन्द गर कन्सन्ट्रेसन क्याम्प तथा यी ग्याँस च्याम्बरहरू । बन्द गर मानवहरूको संहार गर्ने हतियार र ग्याँसहरूको आपूर्ति (सुवेदी, २०७०:१०) भनेर हिटलरलाई

प्रतिप्रश्न गर्ने इनेसलाई साहसी, निडर तथा नारी शक्तिका रूपमा पनि हेर्न सकिन्छ । जसको नाम सुन्ने बित्तिकै विश्व थर्कमान हुन्थ्यो उसैका अगाडि साहसका साथ प्रश्न तेर्स्याउनु उसमा रहेको साहसीपन नै हो । इनेसमा अभिभावकत्व पनि झल्किन्छ । पार्वतीलाई आफ्नै आमाले झैँ सम्झाउँनु, पार्वती दुःखमा भुलेर नबसोस् भन्ने चाहनु, आफैँ छोरी सारा मार्फत्मनोरञ्जन दिन अघि सर्नु, पार्वतीलाई जीवनको मूल्य बुझाउँनु जस्ता कुराले उसको व्यक्तित्त्वलाई उजिल्याउने काम गरेको छ । सबैको भलो र राम्रो चिताउने इनेसको उपन्यासको अन्त्यतिर साधारण किसिमले मृत्यु भएको देखाइएको छ ।

**३.२.२ थिरकुमारी :**

प्रस्तुत उपन्यासमा सहायक पात्रका रूपमा देखिने थिरकुमारीको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । यहाँ ऊ सत् पात्रका रूपमा चित्रित छे । समाजबाटै टपक्क टिपेर कथानकमा राखेजस्तो लाग्ने उसको कथाव्यथाले गर्दा ऊ सामाजिक, वर्गीय पात्र हो । आफ्नै लोग्नेबाट धोका पाउने सोझा नारीहरूको प्रतिनिधित्त्व थिरकुमारीले गरेकी छ ।

घरसल्लाहमा इजरायल पुगेकी भए पनि घरमा बसेर श्रीमतीले कमाएर पठाएको पैसा उडाएर अर्कैसँग लागेपछि थिरकुमारीले श्रीमान्सँग सबै नाता तोडेर छोराछोरीको भविष्यको लागि मात्र विदेशमा मेहनत गर्ने निर्णय गरेकी छ । नयाँ, पुराना, दुःखी सबै चेलीहरूलाई आफ्नै अपार्टमेन्टमा आश्रय दिने थिरकुमारी इजरायलमा नेपाली महिलाहरूकी अभिभावक बनेकी छ । आपत् विपत् पर्दा खुलेर सहयोग गर्ने ऊ सहयोगी तथा मायालु स्वभाव भएकी पात्रका रूपमा देखापरेकी छ । पतिले धोका दिए पछि पनि कत्ति हरेस नखाइसन्तानका लागि बाँच्ने असल आमा पनि हो । लोग्नेसँगको नाता छुटाएर स्वतन्त्र भएकी उसमा जीवनमा जे भयो भयो तर अब त्यस्तो गल्ती हुन दिन्नँ भन्ने विचार पलाएको छ । इजरायलमा आपत् परेका नेपाली चेलीहरूलाई निस्वार्थ रूपमा सहयोग गर्नेऊ श्रीमतीलाई धोका दिने, उसकै कमाइमा रमाउने अनि २/४ शब्द मायाको कुरा गरेर फसाउने धोकेबाज लोग्नेलाई विश्वास गर्ने, सोझी नारीका रूपमा समेत उभिएकी छ । श्रीमतीको कमाइ खान पल्केको श्रीमान्को कर्तुत थाहा पाएपछि केही आँटिली, निडर र साहसी भएकी थिरकुमारी सबैसँग मित्रवत् व्यवहार गर्ने ऊ इजरायलमा पनि असल साथी र सबैकी अभिभावक बनेकी छ ।

### ३.२.३ रोशनी :

रोशनी प्रस्तुत उपन्यासकी अर्को सहायक नारी पात्र हो । इजरायलमै भेटिएर इजरायलमै हराएकी रोशनीको कथानकअनुसार बद्ध पात्रका रूपमा उपस्थिति रहेको छ । रोशनीलाई कथानकबाट झिक्दा संरचना नै भत्किन्छ । त्यसैले रोशनीको स्थान उपन्यासमा महत्त्वपूर्ण छ । रोशनीले माओवादी द्वन्द्वबाट नेपाली नारीहरूमा परेको असरको प्रतिनिधित्व गरेकी छ भने युवावर्गमा पारेको प्रभावलाई बहन गरेकी छ ।

एकदमै चञ्चले स्वभाव भएकी रोशनी विन्दास खालकी पात्र हो । सबैलाई हसाँइ राख्ने ऊ पनि केयर गिभरमा कामदमर भई इजरायल गएकी छ । छिट्टै नै घुलमिल हुने ऊ मनमा लागेका कुरा भनिहाल्ने उसले आफ्नो जीवनलाई मस्तीपूर्वक इजरायलमा बिताएकी छ । रोशनीको बाहिरी रूप हेर्दा उसले जीवनमा दुःख भोगेकी छैनजस्तो लागे तापनि उस्तै समस्या र उस्तै पीडामा थोपरिएकी छ । उसको पनि आफ्नै दुःखको पोको छ । आफ्नो आर्थिक अवस्था र दर्दनाक घटनाले गर्दा इजरायल आएकी ऊ निम्न मध्यमवर्गीय परिवारमा जन्मिएकी, पढाइमा अब्बल भएपनि पढाइमा आर्थिक सहयोग गर्ने दाजुको साउदीमा मृत्यु भएपछि पढ्न नपाएर माओवादी द्वन्द्वमा सहभागी भएकी र सबै आफन्तहरूको मृत्युपछि विरक्तिएर इजरायल आएकी चरित्र हो ऊ । यसरी विन्दास रोशनी नै बनिसकेकी ऊ निडर छे । वि टु भिसा नबनाईकन घुम्न निस्कने आँट गर्नु, प्रमोदले घरमा श्रीमती छोराछोरी हुँदाहुँदै ऊसँग बिहे गरेकाले प्रतिशोध लिनु, समुद्रमा आँधी आएर सङ्कट पर्दा पनि नआत्तिनु उसको आँटिलो पक्ष हो । यस उपन्यासमा रोशनीको उपस्थिति विन्दास, खुलापन बोकेकी, चन्चले केटीका रूपमा आए तापनि उत्तिकै गम्भीर एवं दुःखी पात्र पनि हो ।

समग्रमा रोशनीभित्र असल मित्र, खुला विचार र निडर स्वभाव पाइन्छ । रोशनीमार्फत् द्वन्द्वकालमा द्वन्द्वले युवावर्गमा के कस्ता असर र समस्या पार्‍यो भन्ने कटु यथार्थलाई प्रस्तुत गरिएको छ । द्वन्द्व र गरिबीले देशका युवावर्ग विदेशिन बाध्य छन् भन्ने वर्तमान समस्यालाई ऊमार्फत् उजागर गरिएको छ । यसैगरी आफूलाई धोका दिनेलाई धोकै दिनुपर्छ, प्रतिशोध लिनुपर्छ भन्ने अहमता पनि रोशनीबाट प्राप्त गर्न सकिन्छ । राम्रोसँग राम्रै व्यवहार र नराम्रोसँग नराम्रै गर्नुपर्छ भन्ने मान्यता रोशनीमा पाइन्छ । पार्वतीकी घनिष्ट बनेकी रोशनी असल मित्र पनि हो । दुःख पीडालाई भुल्नुपर्छ, जीवनमा खुसी

हुनुपर्छ भन्दै सबैलाई हसाइँ राख्नु उसको विशेषता नै मानिन्छ । समग्रमा आम नेपाली नारीकी प्रतिनिधिका रूपमा आएकी रोशनी गरिबी, राजनीतिक अस्थिरताले बिदेशिन बाध्य महिला पात्रका रूपमा उपन्यासमा देखापरेकी छ ।

**२.२.४ पार्वतीकी आमा :**

आम नेपाली आमाहरूको प्रतिनिधित्त्व गर्ने पार्वतीकी आमा प्रस्तुत उपन्यासकी सहायक नारी पात्र हुन् । पुरानो रुढीवादी मान्यताले जकडिएकी उनी ग्रामीण समुदायकी प्रौढ महिलाहरूको प्रतिनिधि तथा अनुकूल पात्र हुन् । कसैसँग वादविवाद नगर्ने, धेरै घर बाहिर ननिस्कने, घरकै काममा लागिरहने उनी छोराछोरी प्रति मायालु छिन् । छोरा बुहारीले वास्ता नगर्दा पनि खासै मन नदुखाएकी उनीले तिनै छोराबुहारीले आफ्नो पैसा देखेर मिल्न आउँदा पनि उत्तिकै माया गरेकी छन् । पार्वतीकै सहारामा बाँचेकी उनी छोरीको विवाह नहुँदा आम आमाहरूले झैं चिन्ता मानेकी छन्। आमालाई जति तिरस्कार र असहयोग गरे पनि आमाले चाहिँ सधैं आफ्ना छोराछोरीको भलो होस् भन्ने चिताउँछन् भन्ने कुरा पार्वतीकी आमाबाट देखाउन खोजिएको छ । पार्वतीले आमाको नाममा पठाएको पैसा छोराले बिजनेस गर्छु भन्दै मागेपछि उनले दिनुले नै यस कुराको पुष्टि हुन्छ ।

पार्वतीकी आमामा लाचार प्रवृत्ति भेटिन्छ । उनमा श्रीमान्का अगाडि कुरा काट्न नसक्ने, जति अत्याचार भए पनि बोल्न नसक्ने, ग्रामीण बुढाबुढी एवं अशिक्षित नारीहरूको रूप भेट्न सकिन्छ । छोरीले दुःख पाए नि, कुटाइ खाए नि चुप लागेर बस्नुले उनी पुरुषप्रधान समाजमा चेपिएकी, पेलिएकी कमजोर नारी पात्रका रूपमा उपन्यासमा चित्रितछिन् । सम्पूर्ण आमाहरू माया र दयाका खानी हुन्छन्, सोझा, मायालु हुन्छन् भन्ने प्रमाण पार्वतीकी आमामा पाउन सकिन्छ । सामाजिक यथार्थलाई उनीमार्फत् यहाँ देखाउन खोजिएको पाइन्छ ।

**३.२.५ समुद्र :**

तोदा उपन्यासमा असत् चरित्र निर्वाह गर्ने समुद्र पनि सहायक पात्रका रूपमा चित्रित छ । समुद्र स्वभावका आधारमा गतिशील पात्र हो । उपन्यासकोआरम्भमा राम्रो र सत् पात्रका रूपमा आए तापनि पछि गएर ऊ प्रतिकूल भएर देखापरेको छ ।

आफ्नी प्रेमिकालाई अरूले बलात्कार गरेको कुराले चटक्कै छाड्नु, पार्वती इजरायल गएर २/४ पैसा कमाउन थालेपछि फेरि जोडिन आउनुलेउसलाई स्वार्थी र अवसरवादी व्यक्तिका रूपमा चिनाएको छ । आफ्नो स्वार्थका लागि

उसले प्रेमको नाटक रचेको छ । सुरुमा राम्रो चरित्रमा देखा परेपनि समुद्रले आफ्नो रूप फेरेको छ । पार्वतीलाई मायाको झुटो सपना देखाएर उसले पैसा असुल्नुका साथै बिहेको आस देखाएर पार्वतीलाई बलात्कार गर्ने शङ्खरेकी बहिनीसँग बिहे गरेको छ । यसकारण समुद्र प्रस्तुत उपन्यासमा खलपात्रको भूमिकामा उपस्थित रहेको छ ।

समुद्रको चरित्रमा अवसरवादी प्रवृत्ति भेटिन्छ । ऊ स्वार्थी प्रेमी हो । आफू अगाडि बढ्न पार्वतीले कमाएको पैसालाई पनि बाँकी छाड्दैन । पैसाकै लागि प्रेमको नाटक गर्न पछि नपरेको ऊ धोकेबाज प्रेमी हो । समुद्रको चरित्र वर्तमान परिस्थितिमा मौलाएको धोका, प्रेम, पैसासँग सम्बन्धित रहेको छ । वर्तमान समयमा समाजमा रहेका युवाहरू जो पैसाको पछि लागिरहेका छन् ती वर्गको प्रतिनिधित्व समुद्रले गरको हुनाले ऊ जीवनचेतनाका आधारमा वर्गगत पात्र हो ।

**३.२.६ शङ्कर :**

प्रस्तुत उपन्यासमा शङ्करको उपस्थिति असत् पात्रमा रूपमा रहेको छ । ऊ अनुकूल मौकाको नाजायज फाइदा उठाउने घृणित पात्र हो । शङ्कर पनि पार्वतीकै गाउँ/ठाउँको मान्छे हो । उसले काठमाण्डौँ आएकी पार्वतीलाई जागिर लगाइदिने आश्वासन देखाएरे इज्जत लुटेको छ त्यसैले स्वभावका आधारमा गतिशील पात्र हो । पार्वतीलाई दुर्व्यवहार गरे पनि पत्रपत्रिकामा भने ऊ सज्जन व्यापारीका रूपमा छाएको छ । यी र यस्ता पात्रहरू हाम्रो समाजमा पनि प्रशस्तै भेटिने हुँदा ऊ सामाजिक तर असत् पात्रका रूपमा चित्रित भएको छ । समाजमा प्रतिष्ठित र इज्जतिलो देखिए पनि भित्री रूपमा भने फोहोरी घृणित पात्र हो । उसले अहिलेको वर्तमान अवस्थामा अवसरवादी प्रवृत्तिलाई अङ्गीकार गर्ने युवावर्गको प्रतिनिधित्त्व गरेको छ । सम्पत्ति र शक्तिका आडमा सोझासाझा मानिसहरूलाई आफ्नो इच्छा र दुर्व्यवहारको शिकार बनाउने प्रवृत्ति देखापरेको छ । पैसा र शक्तिले नाम प्रतिष्ठा कमाउने तर भित्री रूपमा राक्षसी प्रवृत्ति देखाउने शङ्करे समाजको घृणित तथा तिरस्कृत प्रतिनिधि पात्र हो । शङ्रको चरित्रबाट पैसाले सबैथोक किन्न पाइने मनोवृत्तिलाई प्रष्ट पारिएको छ ।

**३.२.७ हिटलर :**

हिटलर तोदा उपन्यासमा ऐतिहासिक पात्रका रूपमा आएको खलपात्र हो । यहुदी वृद्धाहरूको फ्ल्यासब्याकमा आएपनि हिटलरको उपस्थिति प्रत्यक्ष रूपमा रहेकोले उसको भूमिका महत्त्वपूर्ण रहेको छ । हिटलरको अनुपस्थितिमा कथानकको संरचना भत्किने मात्र होइन कथाको रूप नै फरक हुन्छ ।

उपन्यासकारले हिटलरलाई प्रस्तुत उपन्यासमा औपन्यासिक पात्रका रूपमा प्रयोग गरेको भए तापनिऊ वास्तविक ऐतिहासिक पात्र हो । दुवैमा उसको रूप असत् भएकोले ऊ प्रतिकूल पात्र पनि हो ।

हिटलरले दोस्रो विश्वयुद्धको प्रतिनिधित्व गरेको भए पनि ऊ स्वभावका आधारमा गतिहीन र प्रवृत्तिकका आधारमा प्रतिकूल पात्र हो । सुरुदेखि अन्त्यसम्म नै असत् भूमिकामा रहेको हुनाले हिटलर वर्गीय पात्र पनि हो । समाजमा हिटलरजस्ता राक्षसी प्रवृत्तिका मानिसहरूको कमी नभएको हुँदा हिटलरले क्रूर आतङ्वादीको प्रतिनिधित्त्व गरेको पाइन्छ । पृथ्वीको हितमा नै यहुदीहरूको मृत्यु जरूरी छ भन्दै छानी छानी मारेको घटनालाई उपन्यासमा देखाइएकाले ऊ उपन्यासको बद्ध पात्र हो । आफ्नो निजी स्वार्थका लागि क्रूर मान्छेहरू कतिसम्म घृणित काम गर्न सक्छन्, आफ्नो प्रभुत्व जमाउन ज्यान लिन पछि पर्दैनन् भन्ने आत्मघाती प्रवृत्ति हिटटलरको चरित्रबाट प्रष्ट पारिएको छ । भलै हिटलर ऐतिहासिक पात्र हो तर उसले समसामयिक समाज, युद्ध, आतङ्क आदिको प्रतिनिधित्त्व गरेको छ । ऊ जस्ता विचार भएका क्रूर विद्रोही अझै देश समाजबाट हटेका छैनन् । त्यसैले हिटलर सामाजिक विद्रोही पात्र हिटलरबाट आफ्नो सत्ता जमाउन मान्छेहरू कतिसम्म निच र निठूर हुन्छन् भन्ने प्रष्ट्याएको छ ।

यसै गरी प्रस्तुत उपन्यासमा सागर, सारा, दावित, लालबहादुर, दिलबहादुर, रिना, भक्तराज, भिमा, सुहाम जुलियत, प्रमोद, अब्राहम, मिसेल, क्षितिज, आकाश मालिया, लिया, पार्वतीका बा, दाजुभाउजू, भाइ, शान्ति, सिता, खाया, सविखा, भावना, पासाङ, इभा ब्राउनजस्ता पात्रहरू रहेका छन् । यी सबैको चित्रण गरिरहनु आवश्यक छैन । मुख्य पात्रहरूका प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोगी बनेका यिनीहरूले पनि उपन्यासमा महत्त्वपूर्ण भूमिका भने खेलकै छन् ।

यसै गरी गौण पात्रहरूमा नाजी सेना, इनेसकी छोरी, पति, आमा, बाबा, दाजुभाइ, नीति, पार्वतीकी सासु, राखेल, दिना, प्रतिमा, सञ्जय, भुजेल्नी कान्छी, धर्मी, इजरायली पुलीस, हिब्रु पुरुष, साधुटारे फुपु, शिक्षक, भू.पू. सांसद, आन्द्रे, पार्वतीकी सासु, देवर, सालाख, धनेमाल्दाई, लाहुरेकाका आदि पर्दछन् । कथानक निर्माणमा यिनीहरूको भूमिका पनि उल्लेखनीय देखा पर्दछ ।

### ३.३ परिवेश :

**तोदा** उपन्यासमा सम्झनामै भए तापनि नेपालको पूर्वी झापा, बुधबारे, होक्से, काठमाण्डौंको डिल्लीबजार, जर्मनीको म्युनिख सहर आदि व्पाजक कार्यस्थल बनेका छन् । उपन्यासको प्रमुख कार्यस्थल भने इजरायल भूमि नै छ । इजरायलमा पनि थिरकुमारीको आपार्टमेन्ट, समुद्र छेउः (भूमध्यसागर), होलोन सहर, सिङ्कार रोड स्थित इनेसको घर, हार्चियोन रोड, लेभिन्स्की पार्क, सोकोलोभ, किकार वाइजमेन पार्क, तखाना मार्कजित आदि मुख्य मुख्य कार्यस्थल हुन् ।

उपन्यासमा प्रमुख पात्र पार्वती इजरायलमै रहेकी हुँदा इजरायलको परिवेश धेरै आउँछ भने उसका स्मृतिमा पनि नेपालको वातावरण परिवेशलाई ल्याइएको हुनाले उपन्यासको कार्यस्थल व्यापक रहेको बुझिन्छ । पार्वती केयर गिभरमा इजरायल गएकी हुन्छे । त्यसैले स्थानिक परिवेश धेरैजसो इजरायली भूमिको छ । "यही सागरको किनारै किनार उत्तर दक्षिणतर्फ लामो र पूर्व पश्चिम चौडाइ साँगुरो भएर इजरायल बसेको छ (सुवेदी २०७० : १९) ।" यसरी पुरै इजरायलको नक्सा बताइएको छ । लेभिन्स्की पार्क विदेशी भूमिमा नेपाली चेलीहरूको भेटघाट स्थल बनेको छ । किकार वाइजमेन पार्क इजरायली बृद्धाहरूलाई डुलाउने घुमाउने ठाँउ बनेको छ । "फूलैफूलका पार्कहरू र आहोरदोहोर गरिरहेका बाक्लै मानिसहरूको समूहलाई छिचोलेपछि बल्ल ऊ समुद्रको किनारमा पुगी" (सेवेदी, २०७० : १८) । यस प्रकार समुद्रलाई पनि परिवेशमा देखाइएको छ ।

उपन्यासको देशकाल परिस्थिति अन्तर्गत राज्यसत्ताले निम्त्याएको अस्थिरताले गर्दा युवालाई परेको असरको यथार्थ चित्रण छ । पार्वती जन्मेदेखि २६ वर्षकी भइन्जेलसम्मको कार्यकालमा भोगेका, देखेका र सुनेका घटनाहरू उपन्यासमा आएका छन् । छोरी भन्दा छोरालाई माया गर्ने नेपाली समाजमा हुर्केकी पार्वती छोरीभएकै कारण बाबुको माया नपाएको परिस्थिति, माओवादी द्वन्द्वले नेपाली युवालाई गाउँघरमा बस्न नसक्ने स्थिति, गाउँबाट सहर विस्थापित भएका सोझा युवाहरूलाई शोषक सामन्तीवर्गले गरेको अत्याचार, दुर्व्यवहार **तोदा** उपन्यासमा यथार्थपरक ढङ्गले उतारिएको छ । त्यस्तैगरी हिटलर र उसका राक्षसी प्रवृत्तिका कारणले यहुदीहरूमा पारेको असर र पीडालाई जस्ताको तस्तै देखाइएको छ । सम्पत्ति हुँदा आफ्नो ठान्ने, नजिक हुने, जब समस्या र दुःख पर्छ टाढा हुने स्वार्थी प्रवृत्तिलाई यथार्थपरक तरिकाले

उतारिएको छ । उपन्यासमा धार्मिक कुप्रथाको पनि चित्रण पाइन्छ । श्रीमान्को मृत्युमा पार्वतीकै दोष मान्ने पार्वतीकी सासू, माइती र समाजद्वारा कुप्रथा व्यक्त गरिएको छ । "मैले त्यतिखेर केटीका ग्रहदशा के कस्ता छन् । चिना टिपन नमिलाइ बिहे गर्नु हुँदैन भनेकी थिए । आज यो दिन देख्नु परो (सुवेदी, २०७० : १८३)", भन्दै पार्वतीकी सासूले आफूभित्र भएको रुढीवादी विचार पोखेकी छन् ।

हिटलरको आक्रमण र नाजीसेनाले युहदीहरूलाई भेट्ने बित्तिकै मार्नु, गोली हान्नु, टुक्राटुक्रा पार्नु, शङ्करेले पार्वतीलाई बलात्कार गर्नु, माओवादी र प्रहरी बिचमा भएको आक्रमणमा प्रहरीहरू मारिनु, कमरेड आकाशले क्षितिजलाई रोशनीकै अगाडि गोली हान्नु जस्ता घटनाले नेपालको तत्कालीन राष्ट्रिय एवम् सामाजिक परिस्थितिको यथार्थ झल्कोलाई देखाउँछ । नकरात्मक विद्रोहले गर्दा यहुदीहरूमा हिटलरप्रति घृणाभाव पैदा हुनु, इनेसले हिटलरप्रति रिस पोख्नु, पार्वतीले आफूमाथि भएको अत्याचार नसहने विचार गर्नु, रोशनीले आफ्नै अगाडि आफ्नै साथीले क्षितिजलाई मारेको देख्दा जनयुद्ध र राजनीतिप्रति नकरात्मक सोच पलाउनु, रोशनीले प्रमोदसँग प्रतिशोध लिने निर्णय गर्नु जस्ता मनोस्थितिले उपन्यास दुःखद् बनेको छ ।

**तोदा** उपन्यासमा नारीहरूले मात्रै दुःख, पीडा पाएको परिवेश छ । विश्वयुद्ध  होस् या माओवादी द्वन्द्व जसको चपेटामा पनि महिलाहरूलाई पारेर उनीहरूको हाँसो खुसी खोसिएको देखिन्छ । उपन्यासको आदि, मध्य र अन्त्य सबैतिर दुःखात्मक घटना र परिस्थिति सिर्जना भएको पाइन्छ । समग्रमा भन्दा उपन्यासको वातावरण दुःखान्त कथानकलाई सघाउने खालको छ ।

उपन्यासमा दिन, रात, साँझ, बिहान अनि मौसम परिवर्तनका प्राकृतिक परिवेशको पनि चित्रण गरिएको छ । "जैतुनका बोटमा फूलहरू फूल्न थाले, किबुज,पाकेका अनार र सुन्तलाले रातै र पहलै भए" (सुवेदी २०७० : १३६) । यसरी मौसम परिवर्तनको चित्रण गरिएको छ । कैले समुद्री तटमा जाँदा होस् या कैले दशैंमा भेला भएर गफगाफ गर्दा होस् केही मात्रमा वातावरण रोमाञ्चक बनेको पाइन्छ । समुद्रले पार्वतीलाई धोकै दिएपनि उसँगका प्रेममय गफ होस् वा सागरसँगका पतिपत्नी बिचको वार्तालाप नै त्यसले केही मात्रामा उपन्यासमा प्रेमपूर्ण वातावरण छाएको पाइन्छ । "अब यो न्यानोपनलाई जस्तोसुकै परिस्थितिमा पनि आफूबाट अलग हुन दिन्नँ" (सुवेदी, २०७० : १५८) । यसरी पार्वतीको भनाइबाट पनि प्रेममय वातावरण रहेको बुझ्न सकिन्छ ।

### ३.४ उद्देश्य :

तोदा उपन्यासको प्रमुख उद्देश्य सामाजिक यथार्थको प्रकटीकरण नै हो । सामाजिक यथार्थमा रहेर नारी संवेदनामा, नारी समस्यामा केन्द्रित भएर लेखिएकाले यो उपन्यास नारी समस्या र सङ्घर्षको समष्टिगत रूप हो ।

**तोदा** उपन्यासले युद्धको विरोध गरेको छ । हिटलरको आतङ्कले यहुदीहरूमा पारेको असर र तिनले पाएको दुःख, हण्डरलाई उनीहरूकै मुखबाट सुनाइनु, उनीहरूमा डर, त्रास अझै बाँकि रहनु युद्धको क्रूरताप्रतिको विरोध हो । माओवादी द्वन्द्वले नेपाली समाज अनि युवावर्गमा पारेको नकारात्मक प्रभावलाई उपन्यासमा देखाइएको छ । नेपाली नारीहरू कसरी आफन्तबाटै लुटिन्छन्, कसरी हेपिन्छन्, उनीहरूले गरेका सङ्घर्षहरू प्रष्ट्याउनु **तोदा** उपन्यासको अर्को उद्देश्य रहेको पाइन्छ । उपन्यासकी प्रमुख पात्र पार्वतीका माध्यमबाट नेपाली नारी पनि पुरुषभन्दा कम छैनन् । छोरीहरूले पनि आफ्नो परिवार, आमाबुवाप्रति आफ्नो कर्तव्य पूरा गर्छन् भन्ने देखाइएको छ । हाम्रो समाजमा नेता भनौदाहरूले शंकरजस्ता अपराधीहरूलाई संरक्षण गरी राखेको तीतो यथार्थलाई उपन्यासकारले व्यङ्ग्य गरेकी छन् । आफ्नो अस्मिता लुँटिदा पनि न्याय पाउन नसक्नु हाम्रो समाजको यथार्थ हो । आफ्नो श्रीमतीको भावनासँग खेलवाड गर्ने थिरकुमारीको पतिजस्ता अझै पनि हाम्रो समाजमा बग्रेल्ती छन् । आफ्नो श्रीमान् हो भन्दैमा विश्वास गरिहाल्नु हुँदैन भन्ने कुरा थिरकुमारीबाट देखाउन खोजिएको छ । जीवनमा जस्तोसुकै पीडा, दुःख, यातना सहेर पनि बाँच्नुपर्छ, केही गर्नुपर्छ भन्ने बिचार यहुदी वृद्धाहरूको कथाबाट प्रष्ट्याइएको छ । आफ्नो परिवार, सन्तान गुमाए पनि नयाँ शिराबाट आफ्नो नयाँ जीवन थालनी गरेका यहुदी महिलाबाट अस्तित्ववादी जीवनदृष्टि प्रस्तुत गरिएको छ । पुरुषहरू जति नै सज्जन भए तापनि आफ्नो यौन आवेगका अगाडि सात वर्षीया बालिकालाई पनि नछाड्ने प्रवृत्ति नीतिको जेठाजुद्वारा देखाइएको छ । नारीमाथि जति दुःख पीडा र कष्टहरू आइपर्छ अप्रत्यक्ष रूपमा ती सबै पुरुषद्वारा नै प्राप्त भएको हो भन्ने यस उपन्यासमा देखाउन खोजिएको छ । जात, भाषा, संस्कृति, भेषभुषा, रहनसहन नमिले पनि विदेशमा आत्मीयता प्राप्त गर्न सकिन्छ भन्ने कुरा इनेस र उनकी छोरी साराले पार्वतीलाई दिएको स्नेहबाट प्रष्ट हुन्छ ।

समग्रमा **तोदा** उपन्यासमा नारी समस्या दुःख र सङ्घर्षलाई यथार्थपरक ढङ्गले देखाइएको छ । आज पनि नेपाली चेलीहरू किन विदेशिन बाध्य

हुन्छन् ? त्यसको कारक को हो भन्ने यथार्थलाई प्रस्तुत गर्नु उपन्यासको उद्देश्य रहेको देखिन्छ ।

**३.५ भाषाशैली :**

**तोदा** उपन्यासको भाषाशैली सरल, सहज र रोचक रहेको छ । यस उपन्यासमा हिब्रु भाषा र हिन्दी भाषाको पनि प्रयोग भएको पाइन्छ । हिब्रु भाषाको नेपालीमा अनुवाद पनि गरिएकाले पाठकलाई बुझ्न कठिन भने हुँदैन । उपन्यास पढ्दै गर्दा उपन्यासको भाषाशैली सरल गतिमा बगेको अनुभव हुन्छ । उपन्यासका बिच बिचमा उखानटुक्काको प्रयोगले झन् बढी रोचकता थपेको छ । सामाजिक यथार्थलाई प्रमुख केन्द्रविन्दुमा राखेर उपन्यास सिर्जना भएकाले भाषाशैलीमा झन् मिठास पाइन्छ । भाषिकाको प्रयोगले झन् उपन्यासमा रोचकता थपेको छ । नेपाली झर्रो शब्द प्रयोग गरी वाक्य गठनमा विशेषता थपेको छ भने कहीँ कतै काव्यात्मक वाक्यले भाषामा विविधता ल्याएको छ । थोरै मात्रामा भएपनि उपन्यासमा प्रयोग गरिएको प्रतीक र बिम्बले भाषाशैलीलाई झन् प्रभावशाली बनाएको देखिन्छ ।

**तोदा** उपन्यासको शीर्षक नै हिब्रु भाषामा छ । जसको नेपाली अर्थ 'धन्यवाद हुन्छ । उपन्यासको कार्यस्थल इजरायल नै रहेको हुँदा र कथानकलाई अझ सार्थक बनाउन हिब्रु भाषाको प्रयोग केही मात्रामा गरिएको छ । "आत यल्दा सेली खामुदा (तिमी मेरी प्यारी छोरी हौ)" (सुवेदी, २०७० : १३९) । "एजे ! गदिम याफ्फे (कति राम्रो लुगा)" (सुवेदी, २०७० : १३१) । "लामा आत लो पताखात देलेत माहेर (ढोका खोल्न किन ढिला गरेकी) ?" (सुवेदी, २०७० : ९१) । "इ निफतारा (उनी बितिन्)"(सुवेदी, २०७० : २१३) । यसरी उपन्यासमा आएका हिब्रु भाषा र तिनका नेपाली अर्थले भाषामा विशेषता थपेको छ । उपन्यासमा हिन्दी भाषाको पनि प्रयोग भएको पाइन्छ । जस्तै "हिन्दी आता है ?" (सुवेदी, २०७० : १५३) । यसैगरी पार्वती इजरायल पुगेर पहिलो चोटि केयर गिभरका रूपमा जब मालिया जस्ती ६० वर्षे जवान आइमाई फेला पार्छे तब उसलाई मालियाको हर्कतले "नखाऊँः भने दिनभरिको सिकार, खाऊँ त भने कान्छा बाको अनुहार" (सुवेदी, २०७० : २९) भने झैँ हुन्छ । थिरकुमारीको लोग्नेले धर्मीलाई सप्पै पैसा दियो भन्दै आमा चाहि धर्मीको घरमा गएर उसलाई नै दोष दिए पछि धर्मीले ठाडै जवाफ फर्काउँछे । धर्मीका कुरा सुन्न नसकेर "हिलो चलाई मुखमा छिटा" (सुवेदी, २०७० : १२५) भन्दै उनी फर्किन्छिन् । यसरी उपन्यासमा प्रयोग भएको उखानटुक्काले भाषामा मौलिकता

थपेको छ । “तेरो लोग्नेको तुरी यतिन्जेलमा त जमेर छुर्पी भैसक्यो होला” (सुवेदी, २०७०: १२६) ।,“मेरो जाँठो लोग्नेले मलाई कहिल्यै माया गरेन”(सुवेदी, २०७० : १२७) । यसरी उपन्यासमा शालीनता भङ्ग भएको छ । इजरायलमा केयर गिभरका रूपमा गएकी हुँदा पार्वतीले स्याहार गर्ने इजरायली वृद्धा एवम् अन्य इजरायलीहरूको नाम पनि विदेशी नै राखेर भाषामा विशिष्टता थपेको छ । जस्तै इनेस, मालिया, खाया, सुहाम, दिला, सुना, जुलियत, दावित, सविखा, सालाख, आन्द्रे आदि इजरायली नामहरू उपन्यासका पात्रहरूको नाम राखिएको छ । उपन्यासमा काव्यात्मक भाषा पनि प्रशस्तै पाइन्छ - “ए युद्धका महानायकहरू हो, युद्धमा बग्ने रगतले भन्दा बढी युद्धका चोटहरूका कारण बग्ने आँसुले बढी पिरोल्छ । रगत त युद्धस्थलमै सुकेर जान्छ । तर आँसुको त समुद्र बन्छ”(सुवेदी, २०७० : १३) । उपन्यासमा स्थानीय भाषिका पनि प्रयोगमा आएको पाइन्छ - “एक कप चियाको दुई रूपयाँ तिर्नु परो”(सुवेदी, २०७० : ५०) । “अलिक कुनु परो तर केही छैन । यत्तिको ठाउँमा त गरि खाइन्छ नि हौ” (सुवेदी, २०७० : ५०) । यसरी गाउँघरमा बोल्ने भाषा प्रयोग भएको छ । माओवादी द्वन्द्व र राजनीतिक परिवेशलाई पनि उपन्यासमा देखाइएको हुँदा “लाल सलाम कामरेड”(सुवेदी, २०७० : ५१) भन्दै राजनीतिक गतिविधिलाई देखाइएको छ ।

यसरी विभिन्न भाषाको प्रयोग भए पनि सामान्य पाठकले पनि बुझ्न सक्ने यस उपन्यासको महत्त्वपूर्ण विशेषता हो । सामाजिक यथार्थवादी परिवेशमा कथानक घुमेकाले भाषाशैलीमा खासै कठिनाइ छैन । सरल अनि सहज रूपमा विस्तारित भाषा जो कोहीलाई पनि प्रभाव पार्ने खालको देखिन्छ । खासै कठिन शब्द, कवितात्मक भाषा, प्रतीकात्मक वाक्यहरू नभएकाले उपन्यास पठनमा कुनै असहजता आइपर्दैन । समग्रमा **तोदा** उपन्यासको भाषाशैली सरल छ ।

**३.६ दृष्टिविन्दु :**

“यो फ्ल्यासब्याक एउटी इजरायली यहुदी वृद्धाको फ्ल्यासब्याक थियो र यो फ्ल्यासब्याक सुनिरहेकी थिई इजरायलदेखि हजारौँ किलोमिटर टाढा नेपालको पूर्वी छेउबाट आएकी पार्वतीले” (सुवेदी, २०७० : १२) भन्ने वाक्यबाट उपन्यासको प्रारम्भ भएको छ । यसको समापन भने “नरोऊ पार्वती ।” तर अब उसलाई यसो भन्ने इनेस पनि त यो संसारमा थिइनन् (सुवेदी, २०७० : २१५) ।” भन्ने वाक्यबाट भएको छ । यसकारण **तोदा** उपन्यासमा तृतीय पुरुष (बाह्य) सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग गरिएको देखिन्छ ।

उपन्यासको सम्पूर्ण कथानकको कथयिता लेखक स्वयम् हुन् । उपन्यासभन्दा बाहिर बसेर उनी सबै पात्रको कथा भनिरहेकी छन् । पात्रहरूलाई आफैँले चलाएकी छन् । सबै पात्रका जीवनको घटना थाहा पाई प्रस्तुत गर्ने र हरेक घटनालाई आफैँ टिप्पणी तथा विश्लेषण समाख्याता आफैँले गरेकी हुँदा पात्रहरू स्वतन्त्र रूपले घुमेका छैनन् । पात्रको वर्णन गर्दागर्दै उसको पूर्वस्मृतिलाई पनि जस्ताको त्यस्तै वर्णन गर्दागर्दै उसको पूर्व स्मृतिलाई पनि जस्ताको त्यस्तै राखिदिएको हुनाले कथयिता एउटा पात्रतिर ढल्किन खोजेको जस्तो त लाग्छ तर वर्णनका अरू पाटाहरू पनि तत्कालै उद्घाटन भइदिनाले त्यसबाट नकरात्मक प्रभाव भने परेको देखिँदैन । उपन्यासको आरम्भदेखि अन्त्य सम्म नै यसमा तृतीय पुरुष सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग भएको छ ।

**३.७ प्रतीक र बिम्ब :**

**तोदा** उपन्यास प्रतीकात्मक उपन्यास नभए पनि यसमा केही मात्रामा प्रतीकहरूको प्रयोग गरेर घटना र क्रियाकलापलाई रोचक एवम् यथार्थमय बनाइएको छ । पार्वती र रोशनी पानी जहाज चढेर समुद्र घुम्दा घुम्दै आँधी आएर झण्डै मर्नु, रोशनीले पार्वतीलाई समुद्रको साच्ची विश्वास नहुने रहेछ भन्नु अनि त्यही दिन पार्वतीको प्रेमी समुद्रले अर्कैसँग बिहे गरेको फोटो फेसबुकमा हाल्नु, पार्वतीलाई धोका दिनु एकै दिनमा घटेका घटना हुन् । यहाँ प्राकृतिक समुद्रले प्रतीकात्मक रूपमा विश्वास गर्न नहुने कुरा प्रतीकका रूपमा देखाइएको छ । अर्कोतिर हिटलरले पार्कमा फुलिरहेको फूललाई चुँडेर भुँइमा फाल्नु अनि बुटले किचिमिची पार्नु र त्यसको लगत्तै यहुदीहरूलाई मार्नु पनि प्रतीकात्मक रूपमा आएको छ ।

जीवनमा आइपरेका जस्तोसुकै कठिन परिस्थितिसँग जुँधेर अगाडि बढ्नुपर्छ भन्ने उद्देश्यलाई बिम्बात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ । उपन्यासमा प्रयुक्त बिम्बात्मक वाक्यले आफ्नो घर परिवारका वा आफ्नै जीवन साथीको निधन भए पनि आफ्नो जीवन यथावत् रूपमा अगि बढिरहन्छ भन्ने कुरा निकै हृदयस्पर्शी किसिमले व्यक्त गरिएको छ । प्रकृतिको चित्रणमा उपन्यासमा मार्मिक बिम्ब यसरी उपस्थित भएको छ । "एकातिर भू-मध्यसागरको विशाल छाती छ । आर्कातिर भौतिक सम्पन्नताले अग्लिएको इजरायल छ । यी दुबैले जस्तोसुकै पीडालाई पनि निको पार्न सक्छन्" (सुवेदी, २०७० : २०१) । जस्ता उल्लिखित सन्दर्भले पार्वतीको मनको अशान्ति झन् बढेको देखाइएको छ । थोरै

मात्रामा भए तापनि बिम्ब र प्रतीकले उपन्यासलाई अझ उत्कृष्टता प्रदान गरेको देखिन्छ ।

**३.८ निष्कर्ष :**

प्रस्तुत उपन्यासले सिङ्गो नेपाली समाजको चित्र उतारेको छ । प्रेमको बहाना बनाएर महिलाका कोमल भावनामाथि खेलबाड गर्ने र नारीलाई केवल क्रीडाको साधन ठान्ने पुरुषप्रधान नेपाली कुरूप प्रवृत्तिको विरोध गरिएको छ । समुद्रका माध्यमबाट पुरुषप्रधान नेपाली समाजको यथार्थलाई चित्रण गरिएको छ । यसर्थ उपन्यासकार उमा सुवेदीको प्रस्तुत कृति सफल मान्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा नेपाली समाज र काठमाडौँ उपत्यकाको अवस्थालाई देखाउनुका साथै पुरातन पुरुषवादी सामाजिक परिवेश, चिन्तन र विद्यमान समस्याको सुधार चाहनेहरूप्रति गरिने तुच्छ एवम् घृणित व्यवहारलाई मार्मिकताका साथ प्रस्तुत गरिएको छ । समाजमा चाकडी, चाप्लुसी गर्नेदेखि शिक्षित, योग्य र क्षमतावान महिलाले पनि अयोग्य पुरुषहरूप्रति नतमस्तक हुनुपर्ने, जानाजान गलत इसारामा चल्नुपर्ने बिडम्बनाको उत्खनन् तोदामार्फत् देखाइएको छ ।तोदा उपन्यासमा आम नेपाली नारीका सन्दर्भमा आजको वर्तमान समयको नेपालको वस्तुगत स्थिति कस्तो छ ?नेपाली महिलाहरूको सोझोपनलाई गलत ढङ्गले प्रयोग गरी उनीहरूलाई नै नारकीय जीवनप्रति घसेटिइ रहेको नेपाली पुरुषवादी समाजको प्रवृत्तिगत यथार्थलाई सरल, सहज र सरस ढङ्गमा प्रस्तुत गरिएको छ ।

आफ्नै आफन्त र आम नारीसमाजभित्रै नारीसमाज बिरोधी काम गर्ने र गराउने प्रवृत्तिको विकास भएको थाहा हुँदाहुँदै पनि त्यसको खुलेर विरोध गर्न नसक्नु, सत्कर्मलाई लत्याउँदै दुष्कर्मको पछि लाग्न बाध्य हुनु र छोरा र छोरीप्रतिको व्यवहारमा भिन्नता रहनु पनि समस्याको मुख्य जड भएको कुराको पुष्टि गरिएको छ ।आफ्नो ज्यानै जानेसम्मका दानवीय हरकत हुँदासमेत मौन भएरबस्नुपर्ने आम नेपाली नारीको हविगत देखाउँदै अब चुपलागेर बस्नु हुँदैन भन्ने सन्देश पार्वतीमार्फत् दिइएको छ । यो सकारात्मक कार्यको थालनीमा विदेसी महिलाहरूले धेरै सहयोग गरेका छन् । जसले उपन्यासलाई पूर्ण बनाउन मद्दत गरेको छ ।

ग्रामीण नेपाली समाजका आम नेपाली चेलीहरू सहर पसेर सोशित हुनुपर्ने, आशाभन्दा बढी निराश हुनुपर्ने र सामाजिक जीवनको अभिभारा उठाउन आफ्नो देशदेखि टाढा विदेशसम्म पुगेर आफ्ना सपनाहरू साकार

बनाउन खोज्दा समेत उसले आफ्नै आफन्तबाट पुनः ताडित हुनुपर्ने यथार्थलाई पनि पार्वतीको चरित्रबाट प्रष्ट्याइएको छ ।प्रस्तुत उपन्यासले सिङ्गो नेपाली समाजको चित्र उतारेको छ । प्रेमको बहाना बनाएर महिलाका कोमल भावनामाथि खेलबाड गर्ने र नारीलाई केवल क्रीडाको साधन ठान्ने पुरुषप्रधान नेपाली समाजको कुरूप प्रवृत्तिको विराध गरिएको छ । समुद्रका माध्यमबाट पुरुषप्रधान नेपाली समाजको यथार्थलाई चित्रण गरिएको छ ।यस अर्थमा उपन्यासकार उमा सुवेदीको प्रस्तुत कृति सफल मान्न सकिन्छ ।

**सन्दर्भग्रन्थ सूची :**

पराजुली, राजेन्द्र (२०७०/४/२७ गते), **हिमाल खबर** डटकम,अनलाइन पत्रिका ।

पोखरेल, बालकृष्ण (२०५५), **नेपाली बृहत् शव्दकोश**,काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, दुर्गा (२०७०/४/२६ गते शनिबार), **राजधानी दैनिक** खबर पत्रिका ।

प्रसाद, कालिका र अन्य (सन् १९९७), **बृहत् हिन्दी शव्दकोश**, नयाँ दिल्ली : राधा प्रकाशन ।

बराल, ऋषिराज (२०५६), **उपन्यासको सौन्दर्यशास्त्र**, ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** ( दो.सं.) ललितपुर : साझा प्रकाशन ।

बजगाइँ, रामशरण (२०७०/१/२८ गते), **सौर्य दैनिक** खबर पत्रिका ।

भण्डारी, भूमि (२०७०/२/६ गते, सोमबार) **हिमाल खबर** डटकम, अनलाइन पत्रिका ।

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल (२०६६), **शोधविधि** (चौ.सं.), ललितपुर : साझा प्रकाशन ।

शाहा, सगुना (२०७०/५/५ गते, बुधबार), **अन्नपूर्ण पोष्ट**दैनिक खबर पत्रिका ।

सुवेदी, उमा (२०७०), **तोदा**, काठमाडौँ : साङ्ग्रिला बुक्स प्रा.लि. ।

*

# व्याकरणप्रयोजनं मुनित्रयं धातूपसर्गप्रत्ययाश्च

विमलचन्द्रदाहालः
नव्यव्याकरणाचार्यः
अर्जुनधारा - ६, लक्ष्मीपुरम्

## १. व्याकरणम्

व्याक्रियन्ते व्युत्पाद्यन्ते शब्दा अनेनेति विग्रहात् वि आ उपसर्गपूर्वात् **डुकृञ् करणे** इति धातोः **करणाधिकरणयोश्च** (पा.सू.३।३।११७) इति सूत्रेण करणे ल्युट्प्रत्ययेऽनादेशे च कृते व्याकरणशब्दो निष्पद्यते । व्याकरणेन शब्दानां शुद्धाशुद्धी निरूप्येते । व्याकरणं विना संस्कृतभाषाया ज्ञानमपूर्णमेव । शब्दानुशासनं व्याकरणस्य पर्यायवाचकशब्दोऽस्ति । असाधु शब्दान् विविच्य साधुशब्दानां निर्वचनमेव व्याकरणं निगद्यते । विश्वेऽस्मिन् सर्वप्राचीनं शास्त्रं वेदो विद्यते । वेदस्य षडङ्गानि सन्ति । तेषु व्याकरणं मुखमिव मुख्यमस्ति । पाणिनिनोक्तञ्च-

मुखं व्याकरणं तस्य ज्यौतिषं नेत्रमुच्यते ।
निरुक्तं श्रोत्रमुद्दिष्टं छन्दसां विचितिः पदे ॥
शिक्षा घ्राणं तु वेदस्य हस्तौ कल्पान् प्रचक्षते ॥

*(पाणिनीयशिक्षा ४१, ४२ )*

अनेन ज्ञायते यत् वैदिककालादेव व्याकरणशास्त्रं प्रादुर्भूतम् । शास्त्रेऽस्मिन् सम्प्रदायाधिक्यादप्याधुनिके काले संस्कृतव्याकरणपदेन पाणिनीयव्याकरणमेवावगम्यते । अतः संस्कृतवाङ्मये व्याकरणस्य सर्वोच्चं स्थानं विद्यते । व्याकरणेन विना वेदार्थस्य, स्मृतेः, पुराणेतिहासस्यः, काव्यकोशादिशास्त्रान्तराणामपि ज्ञानमसम्भवः प्रतीयते । अतः संस्कृतसाहित्यस्य ज्ञानप्राप्तये व्याकरणशास्त्रज्ञानं नितान्तमेवावश्यकम् (खतिवडा,२०७०:१)

### १.१ व्याकरणप्रयोजनम्

प्रयोजनं विना मन्दोपि कस्मिँश्चिद् कार्ये न प्रवर्तते । कस्यचन कार्यस्यापि प्रयोजनन्तु भवत्येव । तथैव व्याकरणशास्त्रस्य प्रयोजनविषये महाभाष्यकारः पतञ्जलिः कथयति **रक्षोहागमलघ्वसन्देहाः प्रयोजनम्** (महाभाष्यम्, आ.१) इति । यद्यप्यन्येऽपि सन्ति गौडप्रयोजनानि व्याकरणस्य बहूनि परमत्र एतेषां मुख्यप्रयोजनानामेव चर्चा क्रियते सौविध्याय ।

#### १.१.१ रक्षार्थम्

वेदानां रक्षणाय व्याकरणस्याध्ययनं कर्तव्यम् । अवैयाकरणा वेदान्

रक्षयितुं न शक्नुवन्ति । साधारणतया सर्वा भाषा अतीते काले परिवर्तिता भवन्ति, अथवा अपभ्रंसत्वं प्राप्नुवन्ति भाषायाः व्यवस्थाभावात् । तेन शतवर्ष-पूर्वस्य भाषेदानीन्तना अवगन्तुं न शक्नुवन्ति । प्रायः विश्वेस्मिन् सैव दशा सर्वासां भाषाणाम् । परन्तु संस्कृतभाषायाः स्वरूपं पाणिनीयव्याकरणद्वारा रक्षणेन कदापि परिवर्तितं न भवति । सर्वत्र एकरूपता विद्यतेऽत्र अत इदानीमपि वयं वेदार्थमवगन्तुं पारयामः । तस्मात् वेदानां रक्षणाय व्याकरणमेकं शरणम् ।

### १.१.२ ऊहार्थम्

यथास्थानं विभक्तिप्रत्ययादीनामूहा कर्तव्या भवति शब्दार्थज्ञानाय । व्याकरणमेका व्यवस्था विद्यते । सूत्रकारेण सर्वेषां शब्दानां व्युत्पत्तिविज्ञानं प्रति-पादयन् काश्चन युक्तयः प्रदर्शिताः विद्यन्ते । कतिपय स्थलेषु साधुशब्दज्ञानाय पूर्वापरप्रसङ्गात् शब्दानामर्थोऽन्वेष्टव्यो भवति । विभक्तिपरिवर्तनं वाच्यपरि-वर्तनादिकं कार्यमूहया सम्पादनीयं भवति तेन प्रयोजनमिदं व्याकरणस्य महत्वभूतम् ।

### १.१.३ आगमज्ञानाय

आगमो नाम वेदः । ब्राह्मणेन निष्कारणो धर्मप्राप्त्यर्थं षडङ्गो वेदोऽध्येयो ज्ञेयश्च । अतो वेदार्थज्ञानमपि व्याकरणाध्ययनस्य प्रयोजनमस्ति । वेदानाम् षडङ्गानि सन्ति । षडङ्गेषु  व्याकरणं मुखमिव प्रधानमस्ति । प्रधाने च कृतो यत्न फलवान् भवति । अतः सरलतया वेदार्थज्ञानायाध्येयं व्याकरणम् ।

### १.१.४ लघ्वर्थम्

लघुनोपायेन शब्दज्ञानाय व्याकरणाध्ययनमावश्यकम् । व्याकरणाध्ययन-प्रयोजननिरूपणावसरे प्राह - भाष्यकारो लाघवेन शब्दज्ञानमस्य व्याकरणाध्ययनस्य प्रयोजनम् । व्याकरणं विना लघुनोपायेन शब्दा ज्ञातुमशक्याः । प्रतिपदपाठेन शब्दज्ञानं न प्रतीयते । श्रूयते च **वृहस्पतिरिन्द्राय दिव्यं वर्षसहस्रं प्रतिपदोक्तानां शब्दानां शब्दपारायणं प्रोवाच परन्तु नान्तं जगाम** (पूर्ववत् पृ...) । अद्यत्वे ये सर्वदा जीवन्ति ते वर्षशतपर्यन्तमेव । अत आगमकालादेव साधुशब्दज्ञानेन लघुनोपायेन प्रकृतिप्रत्ययकल्पनेन व्याकरण-शास्त्रानुसारेण शब्दज्ञानं कर्तव्यम् । तस्मादध्येयं व्याकरणम् ।

### १.१.५ असन्देहार्थम्

असन्देहार्थं व्याकरणज्ञानमावश्यकं विद्यते । शब्दार्थयोरसन्दिग्धत्वस्य यत्र प्रतीतिर्भवति तत्र व्याकरणद्वारा साधुशब्दज्ञाने सहायता प्राप्यते । शास्त्रे यदुक्तं

तदेव वास्तविकं ज्ञानं तस्मात् ब्राह्मणेन निष्कारणो धर्मः षडङ्गो वेदोऽध्येयो ज्ञेयश्चेति । षडङ्गेषु व्याकरणं प्रधानं विद्यतेऽतो व्याकरज्ञानमावश्यकं भवति । एतदपि गौणप्रयोजनं व्याकरणस्य उल्लेखनीयं विद्यते ।

**१.१.६ दुष्टशब्दापसारणार्थम्**

स्वरतो वर्णतो वा दुषितः शब्दो मा प्रयुङ्क्ष्महीत्येतदर्थमध्येयं व्याकरणम् । तेन दुष्टशब्देन शब्दार्थज्ञानेऽसमर्थो भवति । दुषितशब्दो वाग्वज्रो भूत्वा यजमानं हिनस्ति । यथा इन्द्रशत्रुशब्देन स्वरतोपराधाद्यजमानस्य विनाशो जातः । अतो दुष्टशब्दोऽस्माभिर्न प्रयोक्तव्यस्तस्मादध्येयं व्याकरणम् ।

पूर्वमप्युक्तमासीद्यत् व्याकरणपरम्परायां यद्यपि सम्प्रदायसंख्या अधिका विद्यते तथाप्यद्यत्वे शाब्दिकाः पाणिनिकात्यायनपतञ्जलीनां मतं प्राधान्येन स्वीकुर्वन्ति । अत्र नास्ति पौरस्त्यपाश्चात्यविदुषां वैमत्यम् । अतः तेषां परिचयोऽपि ज्ञेयो भवति ।

**२. पाणिनिः**

आचार्यः पाणिनिर्व्याकरणस्य सर्वोत्कृष्टः प्रवक्ता वर्तते । अस्य पितुर्नाम पाणिन (पणिनि) आसीत्, माता च दाक्षी आसीत् । शालातुरो नाम ग्रामः सोऽभिजनोऽस्यास्तीति शालातुरीयः तत्र भवान् पाणिनिरिति व्युत्पत्तेर्ज्ञायते यदस्य जन्मस्थानं शालातुरो ग्राम आसीदिति । यो ऽधुना पाकिस्तानदेशे लाहौरनाम्ना प्रसिद्धो वर्तते । अस्य कालनिर्धारणे विदुषां मतभेदो विद्यते । पाणिनीयाष्टाध्यायां श्रमणयवनशब्दोल्लेखात् बुद्धात् यवनसम्राजः सिकन्दराच्च परवर्ती मन्यते । ऐतिह्यविद्युधिष्ठिरमीमांसकस्तु सप्रमाणम् २८०० विक्रमपूर्वं पाणिनेः कालमुपस्थापयति । पाणिनेर्गुरोर्नामोपवर्षाचार्य आसीत् । अनेन प्राचीनस्य भारतवर्षस्य नालन्दाविश्वविद्यालयाद्विद्या प्राप्ता । अनेन विद्याप्राप्तये हिमालयं गत्वा कठिनतमं तपः कृतम् ।

पाणिनेः कालविषये सुस्पष्टं कापि सामग्री नोपलभ्यते । पाश्चात्या विद्वांसोऽनुमानेन पाणिनेः कालनिर्णयाय प्रयत्नं कृतवन्तः । स्पष्टानां प्रमाणानामभावे पाणिन्यादीनां कालगणनायामनुमानमेवाऽऽश्रयितुं शक्नुमः । वेबरमैक्समूलरप्रभृतयः पाणिनेः कालं क्रिस्तात् पूर्वं चतुर्थे तृतीये वा शतके दृष्टवन्तः । परन्तु भारतीयानां पण्डितानामभिप्रायेण ततोऽपि बहुकालात् पूर्वं चतुर्विंशतितमस्य शतकस्य समीपेऽन्वेषणं कुर्वन्ति ।

